CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो ब्रह्मचर्य
एक चिन्तन

जितेन्द्र बस्न्यात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. 2620
दर्ता नं. ९३५३३

LIBRARY SCIENCE

वाल्मीकि विद्यापीठ-पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :
लेखक स्वयम्
पकनाजोल, काठमाडौं

पहिलो संस्करण २०४० आश्विन
सामाजिक दिवसको उपलक्ष्यमा प्रकाशित

सर्वाधिकार लेखकमा सुरक्षित ।
लेखकको सही नभएको पुस्तक चोरीको मानिनेछ ।

सही जितेन्द्र

मूल्य रु. ५०।– पचास

दर्ता नं.
९६५२३२

मुद्रक :
रोजन प्रिन्टर्स,
थँहिटी, काठमाडौं ।

आवरण चित्र र स्केच :
लेखक आफैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



धर्मप्राण श्री ५ महाराजाधिराज वीरेन्द्र वीर
विक्रम शाहदेव सरकारका करकमलमा–
यो 'ग्रन्थ' भक्तिपूर्वक चढाउँछु ।

–तावेदार लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



"हाम्रा भावनाका तन्तु, हाम्रा विचारका शृङ्खला, हाम्रा व्यवहार र सम्पूर्ण सामाजिक ढांचा र कार्यकलाप धर्मबाटै सञ्चालित छन्। नेपाली समाजलाई धर्मले नै सुरक्षाको भाव, सच्चाइको पाठ ईमान्दारीको आवश्यकता, कर्तव्यपरायणताको बोध, अनुशासन, संयम, विवेक अनि जीवनमा न्याय र निष्ठा जस्ता अनेक सामाजिक, सांस्कृतिक मूल्य र मान्यताहरू प्रदान गरेको छ। संक्षेपमा, सनातन हिन्दू धर्मकै परिवेशभित्र हामी जन्मन्छौं, हिड्छौं र हामीले फेर्ने सासको स्वच्छ हावाले झैं यसले हामीलाई जीवन पर्यन्त घेरेको हुन्छ। हाम्रो विचारमा, हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्दछ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं। हाम्रो आफ्नोपन र हाम्रो विलक्षणताको चिनारी हाम्रो धर्मले नै दिइ आएको छ।"

श्री ५ वीरेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संमाननीय सभापति,
राजसभा स्थायी समिति
सहायक रथी भूपालमानसिंह कार्की

विश्वको एकमात्र हिन्दूराष्ट्र नेपाल तपोभूमि तथा पूण्यभूमि हो। धर्म शब्द "धृ" धातुवाट बन्छ। यसको अर्थ "धरतीति धर्मः" वा "येनेतद्धार्यते स धर्मः" जसले संसार धारण गर्दछ, जसले संसारको धारण (रक्षा) गर्दछ, त्यही धर्म हो। धर्मको लक्षण वेदमा लेखिएको छ, धर्म नै संसारको स्थितिको मूल हो। संसारमा मानिसहरू धर्मातमा पुरुषको अनुसरण गर्दछन्, धर्मबाटै पाप हट्दछ, धर्ममै सबै अडेको छ, यसैले हाम्रा पूज्य ऋषि-महर्षिहरूले धर्मलाई परम पदार्थ भनेका छन्।

हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट हाम्रो धर्मलाई नयाँ गति, मूल्य र मान्यता बक्सेको छ। मौसूफ सरकारबाटै "विराट् हिन्दू सम्मेलन"को समुद्घाटन गरीबक्सँदा हुकुम भएको सन्देशले हाम्रो सनातन धर्मको परिचय र विश्वका हिन्दू सम्राटको गौरवमय अनुभूति प्रष्ट भएको छ।

हिन्दूधर्ममा प्रमुख वेदमा वर्णन गरिएको तथा धर्म शास्त्रहरूमा सम्पादित गरिएको "ब्रह्मचर्यव्रत" हो। यो ब्रह्मचर्यको पालनवाट जनसंख्याको भयावह स्थितिको सामना गर्न मद्दत मिल्छ। यो ब्रह्मचर्य-विधि पहिलाको युगको परिवार नियोजन गर्ने विधि वा ज्ञान हो भने पनि हुन्छ। यसलाई आज पनि हामी हाम्रो जीवन तथा व्यवहारमा उतार्न सक्छौं। के हामी हाम्रो यस प्राचीन विधिमा विश्वास नगर्ने ? यसतर्फ पनि हाम्रो ध्यान जानु पर्‍यो।

श्री जितेन्द्र बस्न्यातले वेदमा तथा हिन्दू धर्म शास्त्रमा उल्लेख गरिएको ब्रह्मचर्यको विस्तृत गहन चिन्तन मनन गरी "हाम्रो ब्रह्मचर्य" मौलिक ग्रन्थ लेखेर आजको समाजमा ठूलो सेवा गर्नु भएको छ। आजको मानव समाजमा आध्यात्मिक चेतना जगाउने तथा नैतिकतामा बल दिने ग्रन्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभाव परिरहेको समयमा "हाम्रो ब्रह्मचर्य" नामक यस पुस्तकको स्वागत हुनेछ भन्ने मैले विश्वास लिएको छु। लेखकले निकै परिश्रम गरी यस्तो खोजपूर्ण ग्रन्थ लेखेकोले म धन्यवाद नदिई रहन सक्दिनँ। यस्तो ग्रन्थबाट समाजमा सदाचार, सच्चरित्रता र सद्ज्ञानको विकास हुनेछ र समाजमा फैलिएको उच्छृङ्खलता, अनाचार र व्यभिचार रोक्नमा पनि यस्तो पुस्तकको भूमिका गहन हुन सक्छ। म रचनात्मक विचारको सदा प्रशंसा गर्दछु। राम्रो पुस्तक लेखेकोमा लेखकलाई बधाइ पनि छ।

सहायक रथी भूपालमान सिंह कार्की
सभापति,
राजसभा स्थायी समिति

वालुवाटार,
काठमाडौं, नेपाल।
मितिः– २०३८।११।१९।३

□

राजसभा
सम्मानीय सदस्य,

श्री जितेन्द्र वस्न्यातले धर्म शास्त्रहरूको आधार पक्षमा गहन चिन्तन गरी–'हाम्रो ब्रह्मचर्य एक चिन्तन' पुस्तक लेखी मलाई पाण्डुलिपि देखाई मन्तव्य पाउन आग्रह गर्नु भयो।

हिजोआज 'ब्रह्मचर्यव्रत' तर्फ उपेक्षा गरिन्छ, तर हाम्रा पूर्वजहरूले मनुष्य-निर्माणको निति वनाएको चार आश्रमहरू मध्ये पहिलो आश्रमको नाम 'ब्रह्मचर्याश्रम' हो, मुख्य कुरो जीवनमा संयमलाई ठाउँ नदिउन्जेल सफलता पाइँदैन। यो व्रतलाई पालन नगरी मोक्ष पाइँदैन भने यो वेगर जीवनमा अनुशासन पनि रहँदैन। यस्तो धर्मशास्त्रहरूमा आधारित महत्त्वपूर्ण ग्रन्थ–'हाम्रो ब्रह्मचर्य : एक चिन्तन' लेखेकोमा लेखक धन्यवादका पात्र हुनुहुन्छ।

श्रीमती धन्न राज्य लक्ष्मी शाह

कमलपोखरी,
काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बडा गुरुज्यू
राजदरबार

श्री बस्न्यातज्यूले 'हाम्रो ब्रह्मचर्य एक चिन्तन' नामक पुस्तक लेख्नु भएर समाजको ठूलो उपकार गर्नु भएको ठान्दछु । हिन्दू सनातन वैदिक धर्म ब्रह्मचर्यको जगमा उभिएको छ । वस्तुतः यसैलाई केन्द्रविन्दु मानेर हिन्दूहरूका सबै सामाजिक, आर्थिक र धार्मिक विधिविधान बनेका छन् भन्नु अत्युक्ति हुँदैन ।

'धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ' गीताको भगवान्को यस उक्तिले वासनालाई धर्मको विपरीत जान दिँदैन । 'मातृवत्परदारेषु' यस नीति बचनबाट समाजमा ब्रह्मचर्यको आंशिक स्तुति पनि उपकारक बन्ने स्पष्ट छ । ब्रह्मचर्यको महिमा नबुझेर अपेय पान, अभक्ष्यभक्षण जस्ता दुर्व्यसनबाट बचनलाई आजको समाजले ध्यान दिएको छैन । यसबाट हुने धनराशिको अपव्यय समाजलाई घातक सिद्ध भैरहेछ । हाम्रो हिन्दू समाजमा, यसै अर्थले उत्तमवर्ग, जसले राष्ट्रको, समाजको दायित्व वहन गरेको छ, उत्तेजक, उद्दीपक पदार्थहरूबाट टाढा रहन्छन् । सुरा र सुन्दरी आजको अर्थराशिको चुनौतीको रूपमा खडा छन् ।

भक्ष्याभक्ष्यको व्यवस्था ब्रह्मचर्य रक्षाका निमित्त निकटतम उपाय मानिन्छ । हिन्दू समाजमा सर्वजसो आश्रम ब्रह्मचर्यव्रतमा पल्लवित छन् । ब्रह्मचर्याश्रम वासनालाई घटाउने एक अभ्यास हो । यस आश्रमलाई आजको हिन्दू समाजले उपेक्षा गर्दा समाज कमजोर पर्न गयो । वर्णसाङ्कर्यको निन्दा 'ब्रह्मचर्य'व्रतको पुष्टिका निमित्त गरिएको हो । हिन्दू समाजको जात–पातको सुनिरूपित व्यवस्था ब्रह्मचर्यको रक्षामा बल पुऱ्याउने एक अमोघ अस्त्र हो । स्वास्थ्य, मेधा र शरीरको कान्तिलाई यस ब्रह्मचर्यगुणले बढाउँछ भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वसाधारण जनतालाई पनि प्रत्यक्ष ज्ञान छ। धर्म, कर्म, व्रतहरू ब्रह्मचर्य परिपालनबाट नै सम्पन्न हुन्छन् भने सच्चा डाक्टर, वैद्यहरू यस बिना आफ्नो उपचार असफल हुने मान्दछन्।

आठ प्रकारका मैथुनबाट बच्नु ब्रह्मचर्यव्रत भनिन्छ। यो एक स्वतः तप हो।

'ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति'

'ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत'

इत्यादि वेदवाक्यमा गम्भीर ध्यान दिने हो भने हामी बुझ्न सक्नेछौं कि किन वेदले यस्तो अभिव्यक्ति गऱ्यो।

गृहस्थाश्रम बाहेक अरू आश्रममा अष्टाङ्ग ब्रह्मचर्य पालन गर्न सकिन्छ। गृहस्थ चाहीं-'षोडशर्तुनिशाः स्त्रीणां तस्मिन् युग्मासु संविशत्, ब्रह्मचर्येव पर्वाण्याद्याश्चतस्रस्तुवर्जयेन्' अर्थात् स्त्री जातिका ऋतुकालमा चार पहिलेका दिन, विषम दिन, पर्व दिन (अमावास्या, पूर्णिमा, अष्टमी, चतुर्दशी, रविसंक्रान्ति) एवं अरू व्रत दिन छोडेर स्त्री सहवास गर्ने ब्रह्मचारी नै ठहर्छ भनिएको छ।

परिवार नियोजन गर्ने यो सरल पद्धतिलाई अघिका आर्यहरूले अपनाए झैं आज हामीहरू पनि त्यस साधन मार्गमा किन नजुटौं ?

यिनै कुरालाई प्रस्तुत पुस्तकले विवेचन गरेको छ। यस्तो गम्भीर सोचाइलाई स्थान नदिएसम्म समाज या व्यक्तिको उत्थान या सुखशान्ति मृगतृष्णा मात्र हो। यस पुस्तकलाई आद्योपान्त पढ्दा सत्र र एकसट्ठी प्रकरण विशेष मननीय जस्तो लाग्यो। जेहोस्, लेखकले विभिन्न स्थलबाट वचनहरू र आफ्ना विचार समाजोपयोगी बनाई देखाउनु भएकोमा उहाँ धन्यवादका पात्र हुनुहुन्छ। यो प्रयासले सर्वसाधारण जनताको आँखा अवश्य खोल्नेछ। विवेचक विद्वान्हरू पनि नेपाली साहित्योद्यानमा यसलाई नयाँ किसिमको पुष्प सम्झेर स्वागत गर्नु हुनेछ भन्ने ठान्दछु।

अन्त्यमा लेखकलाई कार्यमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

प्रा० जुन्नाथ पण्डित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोच्च अदालत
रामशाह पथ ।

हिन्दूधर्मको आधारशिलाका रूपमा अवस्थित "ब्रह्मचर्य"को सर्वोपरि महिमालाई लेखकको तिखो कलमले ज्यादै राम्रोसँग प्रस्तुत गरेको रहेछ । अरू तप, योग, कर्तव्य, सत्य जस्ता शाश्वत तत्त्वहरूको तुलनात्मक अध्ययनले गर्दा यो पुस्तकले आफ्नो गरिमालाई अरू बढाएको छ ।

ब्रह्मचर्यलाई तप एवम् यज्ञका रूपमा प्राचीनकालदेखि नै अंगीकार गर्दै आएको हाम्रो संस्कारलाई यस्ता प्रयासहरूले सधैं मार्ग निर्देशन दिइरहन्छन् । विकासले जतिसुकै आधुनिकतालाई निम्त्याए पनि नैतिकता परिवर्तनीय वस्तु होइन । यो अविभाज्य छ, अखण्डित छ र यही नैतिकताको आधारमा मानवताको चरमप्राप्ति निर्भर गर्दछ । फन् भौतिकवादले नकारात्मक रूपमा चेप्दै गइरहेको अशान्तमय वातावरणका निम्ति त नैतिक मूल्यको खाँचोको अनुभव हामी सबैले गरिरहेकै छौं । यस स्थितिमा, लेखकको ब्रह्मचर्य सम्बन्धी विस्तृत विश्लेषणात्मक अध्ययनयुक्त प्रयास ज्यादै सराहनीय छ । यस पुस्तकले सात्त्विक वातावरणको सिर्जना गर्दै हाम्रो नैतिकतालाई सदा कायम राख्न सफलता हासिल गरोस् भन्ने हार्दिक शुभ–कामना व्यक्त गर्दछु ।

नयन बहादुर खत्री
प्रधान न्यायाधीश

२०४०।५।२१।३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लैनसिह बाङ्गदेल
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

श्री जितेन्द्र बस्न्यातले ठूलो परिश्रमसाथ लेख्नु भएको "हाम्रो ब्रह्मचर्य : एक चिन्तन" नामक पुस्तक प्रकाशमा आउन लागेको सुनेर मलाई ज्यादै खुशी लागेको छ ।

हाम्रो हिन्दू समाजमा यस्ता पुस्तकहरूको खाँचो म महसूस गर्दछु । आशा छ, यस पुस्तकले आध्यात्मिक र नैतिक चेतना जगाउन तथा मानव चरित्र निर्माण गर्ने दिशातर्फ ठूलो सहयोग प्रदान गर्नेछ, साथै यस्ता धर्म–ग्रन्थ सम्बन्धी अभावलाई पनि यसले परिपूर्ति गर्नेछ भन्ने मेरो धारणा छ । यस्ता उपयोगी पुस्तक लेख्नु हुने लेखक महोदयलाई मेरो हार्दिक वधाइ छ ।

कमलादी, काठमाडौं, नेपाल ।
मिति: २०४०।४।२४

लैनसिंह बाङ्गदेल
कुलपति

□

नयराज पन्त
सदस्य
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

म अहिले ७० वर्ष पुगें । वि. सं २०११ मा मेरी पत्नीको देहावसान भयो । मेरा २ छोरा र ३ छोरी थिए तथा अहिले पनि छन् । पाँचवटा सन्तान भइसकेकाले मैले दोस्रो विवाह गर्न उचित सम्झिनं । त्यसकारण ब्रह्मचर्यमा रहनु अपरिहार्य नै भयो । वि. सं. २०११ मा मेरो नली खुट्टो (गोली-गाँठानिर) बूढी औंला र माझी–औंलाको चक्का बनाई नाप्दा बूढी-औंलाको माथिल्लो जोर्नीसम्म आइपुग्दथ्यो, आजभोलि त्यसरी नाप्दा टम्म चक्का बन्दछ । मेरो शरीरमा मैले देखेको प्रत्यक्ष सुफल यो हो ।

श्री जितेन्द्र बस्न्यातज्यूले लेख्नु भएको ब्रह्मचर्य नामक पुस्तकको पहिलो अध्याय उहाँकै मुखबाट सुन्दा मलाई आफ्नो कामना सन्तोष भयो । उहाँको पुस्तक पढेर दुनियाँले आफ्नो हित गर्न सकून् भन्ने मेरो शुभ-कामना छ ।

कमलादी, काठमाडौं, नेपाल ।
वि सं २०४०।८।१५।१

नयराज पन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालय
उपकुलपति
त्रिपुरेश्वर, काठमाडौं

ब्रह्मचर्य आर्यजातिको जीवन व्यवस्थाको एक भाग हो। प्राचीन कालमा ऋषिकुलमा पढ्न जाने वटुकहरूले आफ्नो अध्ययनकाल २५ वर्षसम्म ब्रह्मचर्य जीवन विताउँथे। जीवनमा ब्रह्मचर्य पालनको परंपरा वैदिककाल-देखि नै शुरु भएको पाइन्छ। उपनिषद् र पौराणिक कालमा पनि यसप्रकारको जीवन अपनाई अध्ययन गरेको हामी पाउँछौं।

कालक्रमको कारणले ब्रह्मचर्यविधिको परंपरा र मान्यतामा शिथिलता आउँदै गए पनि ब्रह्मचर्यको महिमा एवं ब्रह्मचर्य पालनको महत्व कम भएको छैन। वर्तमान समयमा पनि खासगरी हिन्दू समाजका अध्ययनरत विद्यार्थी-हरू ब्रह्मचर्य पालन बारे विधि र मान्यताको कारणले नभएपनि मानसिक कारणले विशेष सचेष्ट रहेका हुन्छन्। वर्तमान शिक्षा प्रणालीमा पनि अध्यय-नको समाप्ति प्रायः २५ वर्ष जति नै हुन्छ। वैदिककालदेखि प्रचलित हुँदै आएको हाम्रो आर्य संस्कार आज पनि जीवित नै छ र त्यस प्रति हाम्रो धारणा आस्थावान् र अनुकूल नै छ। यसै परिप्रेक्ष्यमा हाम्रो समाज ब्रह्मचर्यको सम्वन्धमा अनभिज्ञ नभएको मात्र होइन त्यसप्रति व्यक्तिगत रूपले प्रयत्नशील रहँदै आएको छ भन्नु अत्युक्ति हुने छैन।

ब्रह्मचर्य विधान, मान्यता र यसबाट जीवनमा प्राप्त हुने ओजस्वीता आदि आर्य जातिको निति चिरपरिचित नै छ भने संसारका अन्य विकसित जातिहरूले समेत यसको महत्त्व र उपादेयतालाई हृदयंगम गर्दै आएका छन्।

लगभग २५ वर्षसम्म अविवाहित रही ब्रह्मचर्यमा रहेर अध्ययन गर्ने हाम्रो शास्त्रीय विधिको आधारलाई साधारणतया हामी ब्रह्मचर्य मान्दछौं। तर आजीवन ब्रह्मचर्यमा रहेका योगी तथा कर्मयोगी हाम्रो आर्यसमाजमा आज पनि नभएका होइनन्। वास्तवमा ब्रह्मचर्यलाई व्यापक दृष्टिले हेर्ने हो भने ब्रह्मचर्य भनेको केवल अविवाहित जीवन अवधिमा मात्र सीमित रहँदैन। ब्रह्मको अस्तित्व स्वीकार गरी ब्रह्मको अध्ययन, चिन्तन र अभ्यास गर्दै सोही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिकोणबाट समाजलाई र विश्व ब्रह्माण्डलाई ब्रह्मभावको सूक्ष्मरूपबाट हेर्न सक्ने शक्ति नै ब्रह्मचर्य हो भन्न सकिन्छ । वैदिक विधि र साहित्यले अनुप्राणित हाम्रो समाजमा ब्रह्मचर्यको चिन्तन र अभ्यासको क्रमलाई अझ बढाई यसको महिमा र उपादेयतालाई अंगीकार गर्दै जाने वातावरण पैदा गर्दै जानु समाज प्रति गरिने सात्विक सेवाको परिचय हो ।

यस सन्दर्भमा श्री जितेन्द्र बस्न्यातले लेख्नु भएको 'हाम्रो ब्रह्मचर्य : एक चिन्तन' नामक पुस्तकले समाजमा ब्रह्मचर्य प्रति पुनर्जागरण पैदा गर्न निकै मद्दत गर्नेछ भन्ने मेरो विश्वास छ ।

प्रो० रामचन्द्र बहादुर सिंह

२०४०।५।२२

□

प्रहरी प्रधान कार्यालय

प्रहरी महानिरीक्षक

मिति : २०४०।३।१

सेवा गर्नु नै धर्म हो, कर्तव्य हो । सेवा गर्नकै लागि मनुष्य योनि पाएका छौं । अनित्य तथा नाशवान हुने जीवनमा असत्य वस्तुका लागि अरूलाई अनाहकमा दुःख दिएर सत्यलाई गुमाएर वढी शोषण गरेर यस्तो वस्तु वढी संग्रह गर्नु उचित छैन । यहाँ सद्भावपूर्वक जीवन निर्वाहसम्मको आवश्यकताका लागि ईमान्दारीपूर्वकको श्रमले पुग्छ । सरल शान्त जीवन र उच्च विचारका लागि हाम्रो धर्मशास्त्रले बाटो देखाएको छ ।

हाम्रो धर्मको पालन नगरी आफ्नो जिम्मेवारी तथा कर्तव्य पूरा गर्न सकिन्न। यसैले धर्ममुखी वनेर आफ्नो शुद्ध आचरण तथा सत्यनिष्ठा राखी कर्तव्य पूरा गर्न प्रत्येक प्रहरी कार्यालयहरूमा श्री दुर्गा, भगवतीको मन्दिर स्थापना गराई सकेको छु । धर्म प्रति जागरूक वन्न प्रहरीहरूलाई निर्देशन दिएको छु । यस्तो "हाम्रो ब्रह्मचर्य : एक चिन्तन" पुस्तक लेखेर जितेन्द्र बस्न्यातज्यूले एउटा राम्रो सेवाको काम गर्नु भएको छ, सबै प्रहरीहरूले पनि यो पुस्तक पढेर लाभ उठाउने आशा लिएको छु । लेखकलाई बधाइ ।

डी बी. लामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिह वस्न्यात, काका प्रधानसेनापति सिंहबहादुर बस्न्यात, दाजुहरू स. र. हुमानसिंह बस्न्यात र स. र. डा. वीरेन्द्र बहादुर बस्न्यात आदि बस्न्यात वंशले राजमुकुट र देश प्रतिको ईमान्दारीपूर्ण कर्तव्यनिष्ठा सदा कायम राखेका छन्। यो ग्रन्थ पनि आफ्नो धर्मप्रतिको लेखकको ईमान्दारीपूर्ण लेखनी हो।

पीडा–दर्द-व्यथाको अनुभूति छन् दुई–चार शब्दहरू लेखनमा ... ...

कुनै कुरो जन्मने वेलामा पीडा-दर्दको व्यथा हुन्छ। लगभग तीन वर्ष अस्पताल घर र ओछ्यानमा विरामी भएर रहँदा मेरा लागि अहोरात्र राजा र श्री पशुपतिनाथको नाउँ जप्नु बाहेक अरू केही बाँकी रहेन। संकटवाट मोचन गर्ने शक्ति यिनै नामहरूमा छ। यही अनन्त विश्वासमा रहँदा यो ग्रन्थ लेखें। मृत्युको डरलाग्दो रूप ढोकामा आइपुगेपछि बढी धर्ममा मन जाँदो रहेछ।

ब्रह्मचर्य दुरुह शास्त्रोक्त विषयमा नेपाली भाषामा आजसम्म कुनै पुस्तक छैन। मलाई कसैले यो पुस्तक लेखन आदेश दियो, त्यो आदेश दिने को हो, मलाई थाहा छैन तर म त्यसको आदेश पालन नगरी रहन सकिन, यो मलाई राम्ररी थाहा छ। मेरै ब्रह्मले मलाई लेखन आदेश दियो। मैले यो पुस्तक लेख्दा तीनवटा विचारलाई आत्मसात् गरेको छु— १. वीर्य रक्षा, २ वेदाध्ययन र ३. ईश्वर चिन्तन। राजा–रानी पनि ईश्वरको अवतार ठानेर चर्चा गरेको छु। यो पुस्तकमा धेरै त्रुटीहरू भएको छ - म अल्पज्ञ क्षुद्र जीवमाथि त्यस्ता त्रुटीहरू तर्फ क्षमादान पाउने पूर्ण विश्वास लिई निवेदन गर्दछु। म संस्कृतको पण्डित तथा विद्वान् होइन। केही शास्त्रोक्त अध्ययन गरेर अनुभव तथा संस्कारका आधारमा यति ठूलो ग्रन्थ लेख्नु मेरा लागि माता श्री सरश्वतीको ठूलो वरदान हो। म माता सरश्वतीलाई वन्दना गर्दछु।

यो पुस्तकको पाण्डुलिपि लिएर चारैतिर प्रकाशक खोजें। तर यो पुस्तक छाप्ने प्रकाशक पाइनँ। के यो ग्रन्थ त्यति नराम्रो स्तरहीन भएर हो त ? आजको परिप्रेक्ष्यमा यो पुस्तकको विषय काम नलाग्ने अरुचिकर भएर हो कि ? जसलाई यो ग्रन्थ देखाएँ, सबैले प्रशंसा चाहिं गरे। मेरो धर्मप्रति मेरो अटल आस्था र विश्वास रहेकोले यो पुस्तक प्रकाशित गर्नमा पनि मेरो दत्तचित्तता, मेरो उकुसमुकुस र मेरो नैतिक चरित्रले उत्प्रेरित गऱ्यो। म कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्था वा विचारभित्र बाँधिएको छैन । धर्मका लागि स्वतन्त्र भएरै आफ्नो धर्मको पालन हुन सक्दछ । यसैले पनि यो ग्रन्थ मैले आफैले प्रकाशित गरें ।

कृतज्ञताको अनुभूति छ यो दुई–चार शब्द लेखनमा ... .

श्रद्धेय श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह सरकारबाट बिरामी भएर रहँदा केही सहयोग निगाहा बक्स भएको मेरो स्मृतिमा सदा ताजा रहिरहनेछ । मौसूफ सरकारको जयजयकार सदा गरेको छु । श्री ५ अधिराजकुमारी प्रेक्षा राज्य लक्ष्मी देवी शाह सरकारबाट केही सहयोग निगाहा बक्स भएको स्मृतिमा ताजा छ । श्री ५ अधिराजकुमारी शान्ति सिंह सरकारबाट पनि लेखक कलाकारमाथि निगाहा राखिदिइबक्सेको स्मृतिमा सुरक्षित छ । मौसूफ सरकारहरूमा श्रद्धा भक्तिसहितका पुष्पहरू चढाउँछु ।

यो ग्रन्थको पाण्डुलिपि देखाउँदा अध्ययन गरी सम्माननीय राजभाका सभापति स. र श्री भूपालमानसिंह कार्कीज्यू र सम्माननीय बडा गुरुज्यू प्रा. श्री जुननाथ पण्डितज्यूबाट मन्तव्यहरू पाएकोले मलाई ठूलो प्रेरणा प्राप्त भयो । सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायधीश श्री नयन बहादुर खत्रीज्यू, ने. रा. प्र. प्र. का कुलपति श्री लैनसिंह बाङ्गदेलज्यू, त्रि. वि. वि. का उपकुलपति प्रा. श्री रामचन्द्र बहादुर सिंहज्यू, राजसभाका सदस्य सम्माननीय श्रीमती धनराज्य लक्ष्मी देवी शाहज्यूबाट सारगर्भित मन्तव्यहरू पाएकोले मलाई ठूलो प्रोत्साहन मिल्यो । आई. जी. पी. श्री डी. बी. लामाज्यूले दिनु भएको प्रोत्साहन उल्लेखनीय छ । त्रि–चन्द्र मिलिटरी अस्पतालका हाकिम स. र डा० वीरेन्द बहादुर बस्न्यातज्यू, ले. क. डा० मदनमान मल्लज्यू र वीर अस्पतालका डा० ज्वालाराज पाण्डेज्यू प्रति पनि मन्तव्य र पुस्तक प्रकाशनमा अभिरुचि पाएकोमा कृतज्ञ छु ।

यो पुस्तकको प्रकाशनमा श्री वसन्त चौधरीज्यूको चोखो सद्‌भावना रहेको छ ।

यो पुस्तकको प्रकाशन चाँडै गराउन श्री हुलासचन्द्र गोल्छाज्यूले धेरै पटक आग्रह गर्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो पुस्तकको प्रकाशन हुन लागेकोमा सनातन धर्म सेवा समितिका अध्यक्ष प्रा० श्री खेमराज केशवशरणज्यूले शुभेच्छा व्यक्त गर्नुभयो । सूचना विभागका निर्देशक कथाकार श्री परशु प्रधानज्यू, ब्लक शाखाका इन्चार्ज श्री पशुपति जोशीज्यू र यो पुस्तकको प्रूफ गाह्रो नमानेर हेरिदिने प्रसिद्ध कथाकार तथा उपन्यासकार श्री शंकर कोइरालाज्यू आदिको ऋणबाट म कहिले मुक्त हुन सक्दिनँ । रोजन प्रिण्टर्सका प्रोपाइटर श्री नन्द बहादुर शाक्यज्यू र कम्पोज गरी सहयोग दिने श्री महेन्द्र रत्न शाक्यज्यूले पनि ठूलो गुण लगाएका छन् । उहाँहरू प्रति मेरो हृदयमा ठाउँ रहनेछ ।

मलाई सदा सद्भावना दर्शाउने राष्ट्रिय खेलकूद परिषद्का सदस्य–सचिव श्री शरद्चन्द्र शाहज्यू, अखिल नेपाल फुटबल संघका अध्यक्ष तथा युवक संगठनका सभापति श्री कमल थापाज्यू, नेपाल परिवार नियोजन संघका महासचिव श्री यादव खरेलज्यू प्रति पनि अनुगृहीत छु ।

चाँडो छाप्न पर्दा केही त्रुटीहरू रहन गएकोमा क्षमा पाउन निवेदन गर्दछु । दोस्रो संस्करणमा यो ग्रन्थका सम्बन्धमा थप पछिका कुरा सहित सच्याई राख्ने नै छु । धर्मको सदा जय होस्, श्रद्धेय राजा-रानी र राजपरिवारका सदस्य सरकारहरूको जय होस् । नेपालीको शुद्ध अन्तःकरणको पुकार यही हो ।

—जितेन्द्र बस्न्यात

□

साहित्यकार श्री जितेन्द्र बस्न्यातद्वारा वैदिक, ऐतिहासिक, नैतिक र सामाजिक सबै दृष्टिबाट अत्यन्तोपयोगी विषय 'ब्रह्मचर्य'मा एक पुस्तक लेख्न लाग्नु भएको सुनेर मलाई अत्यन्त हर्ष लागेको छ । ब्रह्मचर्य हाम्रो संस्कृति, सभ्यता, सदाचार र धर्मको प्रतीक हो र श्री जितेन्द्रज्यूको पुस्तकले विभिन्न पक्षको विश्लेषणात्मक विवेचना गरेर ब्रह्मचर्यको महत्त्व बारे गहन पठन–सामग्री प्रस्तुत गर्ने कुरामा म विश्वस्त छु । वहाँको शैली र विषय–वस्तु जहिले पनि रोचक र शिक्षाप्रद हुन्छ । यो पुस्तकले पनि हाम्रो समाजको टेवा स्वरूप रहेको नैतिकताको डगडगिएको स्तम्भलाई बल प्रदान गर्ने नै छ । वहाँको यो पुस्तकको सफलताको निति शुभकामना दिनुको साथै वहाँलाई यो प्रयासको निति पनि भूरि–भूरि धन्यवाद दिन चाहन्छु ।

वीर अस्पताल, काठमाडौं । **डा० ज्वालाराज पाण्डे**

२०३८।१२।२०, रामनवमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयक्रम

१. ब्रह्मचर्यको परिचय १	२७. ब्रह्मचर्यबाट स्वास्थ्यरक्षा १००
२. ब्रह्मचर्यको महिमा ६	२८. ब्रह्मचर्यबाट सुसन्तान १०२
३. ब्रह्मचर्यको शास्त्रोक्त महिमा १३	२९. ब्रह्मचर्यबाट रोगनास्ति १०४
४. प्राचीन ब्रह्मचर्य २१	३०. ब्रह्मचर्यबाट ब्रह्मज्ञान १०६
५. ब्रह्मचर्यको आविष्कार २३	३१. ब्रह्मचर्यबाट मुक्ति... १०८
६. धन्वन्तरीको ब्रह्मचर्योपदेश २५	३२. ब्रह्मचर्यमाथि प्राचीन मत ११०
७. प्राचीन आर्य र ब्रह्मचर्य २७	३३. ब्रह्मचर्ययुक्त अन्याश्रम ११३
८. सदाचार र ब्रह्मचर्य ३०	३४. ब्रह्मचर्याश्रम ११४
९. तप र ब्रह्मचर्य ३२	३५. गृहस्थाश्रम ११५
१० योग र ब्रह्मचर्य ३५	३६. वानप्रस्थाश्रम ११६
११. सत्य र ब्रह्मचर्य ३८	३७. सन्यासाश्रम ११७
१२. कर्तव्य र ब्रह्मचर्य ४०	३८ ब्रह्मचर्ययुक्त वर्ण .. ११८
१३. यम, नियम र ब्रह्मचर्य ४२	३९. गुरुकुल-ऋषिकुल १२०
१४. यज्ञ र ब्रह्मचर्य ४५	४०. उपनयन संस्कार १२२
१५ आदर्श ब्रह्मचारीहरू ४७	४१. आचार्यको दिव्योपदेश १२४
१६. ब्रह्मचर्यका दुइटा .. ५३	४२. पढ्ने र पढाउने आदेश १२६
१७. हाम्रो धर्म र धर्मप्राण श्री ५ वीरेन्द्र ५५	४३. गुरु महिमा १२८
१८. अथर्ववेदमा ब्रह्मचर्य सूक्त ६६	४४. आदर्श शिष्य १३०
१९. त्रिविध ब्रह्मचर्य ८१	४५. ब्रह्मचर्य : तीन प्रकार १३२
२०. मानसिक ब्रह्मचर्यको .. ८३	४६. मरुत साध्यपद . १३४
२१. ब्रह्मचर्यबाट विद्याध्ययन ८५	४७. ब्रह्मचारीलाई भिक्षा १३५
२२. ब्रह्मचर्यबाट शक्ति... ८७	४८. ब्रह्मचारी तीन प्रकार १३७
२३. ब्रह्मचर्यबाट सम्पत्ति-सेवा ८९	४९. ब्रह्मचारीका लागि... १३८
२४. ब्रह्मचर्यबाट अपूर्व मेधा ९१	५०. ब्रह्मचारीको कर्तव्य-कर्म १४०
२५. ब्रह्मचर्यबाट दीर्घायु ९४	५१. आचार्यका कर्तव्यहरू १४२
२६. ब्रह्मचर्यबाट उत्साह... ९८	५२. अष्ट मैथुन निषेध १४३
	५३. वेदाध्ययन विचार १४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५४ ब्रह्मचारी-भेद १४७
५५. गुरुदक्षिणाको प्रकरण १४९
५६. समावर्त्तन-संस्कार १५१
५७. विवाह विधान १५३
५८. गृहस्थ ब्रह्मचर्य १५६
५९. कन्या र ब्रह्मचर्य १५८
६०. ब्रह्मचारिणीको विवाह १६१
६१. धर्मनिष्ठ श्री ५ बडामहारानी ऐश्वर्य र ब्रह्मचारिणी देवीहरू १६३
६२. पतिव्रत र ब्रह्मचर्य १७०
६३. महिलाहरूको महत्त्व १७१
६४. आदर्श माता १७३
६५. ब्रह्मचर्ययुक्त गर्भाधान १७५
६६ अखण्ड ब्रह्मचारिणी... १७७
६७. वेदवतीको अपूर्व... १७८
६८. सर्वोच्च ब्रह्मचारिणी... १८०
६९. गृहस्थ ब्रह्मचारिणी... १८२
७०. स्त्री जातिको पतन १८४
७१. वीर्य शरीरको सार १८६
७२. वीर्यको उत्पत्ति १८९
७३. ओज र वीर्य १९१
७४. वैज्ञानिकको कसीमा वीर्य १९३
७५. वीर्य तयार रहने काल १९५
७६. वीर्यको स्थान र परिमाण १९७
७७. सम्भोगबाट वीर्य स्खलन १९९
७८. वीर्यको कार्य २०२
७९. जरा र मृत्यु २०४
८०. वीर्य क्षयको स्वास्थ्य पक्ष २०६
८१. वीर्यरक्षाबाट हुने लाभहरू २१३
८२. अमोघवीर्य र ऊर्ध्वरेता २१५
८३. वीर्यनाशका मुख्य... २१६
८४. वीर्य नाश हुने... २१९
८५. एक नारी सदा... २२१
८६ महाराज विद्वान्... २२३
८७. सन्त कवि तुलसीदास... २२५
८८. काम विकाररूपी कीचक २२७
८९. व्यभिचारिणीको दुर्दशा २२९
९०. ब्रह्मचर्य पालनका... २३१
९१. कामशमन गर्ने उपदेश २३३
९२. महात्मा गान्धीको... २३४
९३. दुराचारी प्रवृत्ति २३६
९४. भांगको तृष्णा २३७
९५. विद्वान्हरूको विचार २३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यको परिचय

:१:

हिन्दूधर्म शास्त्रको प्रमुख आधार सबै वेदले परमपद प्राप्त गर्नका लागि तप गर्ने उपदेश दिन्छन्, त्यो परमपद प्राप्तिको इच्छागर्ने मानिसले ब्रह्मचर्य व्रतको पालन गर्नु पर्दछ।

सबभन्दा पहिले ब्रह्मचर्य भनेको के हो, यो कहाँबाट आयो, आदि कुराहरू यहाँ बुझ्ने जान्ने चेष्टा गरौं। जति बेलासम्म यसको सरल, सर्वोपयोगी अर्थ बुझिदैन, त्यतिबेलासम्म यसलाई पालन गरी चरित्र तथा व्यवहार उतार्न सकिदैन। यसको सामाजिक पृष्ठभूमि, मनोवैज्ञानिक र नैतिक पृष्ठभूमि पनि छ, जसलाई बेग्ला–बेग्लै रूपले यस अध्यायमा केही चर्चा गर्ने छु। ब्रह्मचर्य अति प्राचीन कुरो भएकोले र समाजका व्यवहारदेखि लोप भइसकेकोले गर्दा यसको महत्त्व तथा उपलब्धिदेखि आजका धेरै मानिसहरू अनभिज्ञ छन् भने कति मानिस त यो ब्रह्मचर्यको पालना जोगी, साधु, सन्तहरूको लागि हो, गृहस्थीहरूको लागि होइन भन्ने राय दिन पनि चुक्दैनन्। उनीहरूले नजानेर यसो भन्ने गरेका हुन्। यसको प्रचार पटक्कै नभएकोले गर्दा यस्तो जीवनोपयोगी विषयदेखि वञ्चित हामी रहिरहन परेको छ। यो यस्तो महत्त्वपूर्ण लोक कल्याणकारी विषय हो, जसको प्रतिपादन तथा आविष्कार हाम्रा प्रातःस्मरणीय ऋषि, महर्षिहरूले त्यतिबेला गरेका थिए, जसको वेदमा चर्चा छ, त्यसलाई पन्छाएर जन जीवनदेखि आज अलग राख्न हिन्दू राष्ट्रमा सकिन्न। आज पनि यो जन जीवनको चासोको विषय छ, जिज्ञासाको विषय छ, श्रद्धाको विषय छ— ब्रह्मचर्य।

---

[1] सर्वे वेदा यत्पद मामनन्ति
तपांऽसि सर्वाणि च यद्वदन्ति।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति
तत्ते पदं संगहे ब्रवीम्योमित्येतत्॥ (कठोपनिषद्० २।१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साँच्चै, 'ब्रह्मचर्य' एउटा शब्द होइन, यो दुइटा शब्दको योगबाट बनेको छ-एउटा 'ब्रह्म', अर्को 'चर्य'। यी दुइटै शब्दहरूको भिन्न-भिन्न स्थानहरूमा अनेक अर्थ हुन्छन्। 'ब्रह्म' शब्दले ईश्वर, वेद, वीर्य, मोक्ष, धर्म, सूर्य, ब्राह्मण, गुरु, योग, सत्य आत्मा, मन्त्र, अन्न, द्रव्य, जल, महत्त्व, साधन र ज्ञान आदिको बोध हुन्छ भने 'चर्य' शब्दले चिन्तन, अध्ययन, रक्षण, विवेचन, सेवा, नियम, उपाय, हित, ध्येय, प्रगति, प्रसार, संयम, साधना र कार्य आदिको बोध हुन्छ।

'ब्रह्मचर्य' ज्यादै प्राचीन एवं प्रभावोत्पादक शब्द हो भन्ने कुरो विद्वान्हरूले स्वीकार गरी सकेका छन्। यसका धेरै अर्थहरू भएतापनि वैदिक साहित्यमा यसको तीनवटा प्रधान अर्थहरू छन्। यिनै तीनवटा प्रधान अर्थलाई ध्यानमा राखेर यो शब्दको प्रायः व्यवहार भइरहन्छ र यो ग्रन्थमा पनि ती तीनै अर्थहरूलाई दृष्टिगत गरी लेखिएको छ।

'ब्रह्म' शब्द वीर्य, वेद र ईश्वरवाचक छ। 'चर्य' रक्षण, अध्ययन र चिन्तनको द्योतक छ। यसरी ब्रह्मचर्यको यी तीनवटा प्रधान अर्थ सम्झिनु पर्छ—(१) वीर्य रक्षा, (२) वेदाध्ययन, (३) ईश्वर चिन्तन। यी तीनवटाको अर्थ अलग-अलग भएपनि ती तीनवटैको मूल अर्थ एउटै मूलभूत 'ब्रह्मचर्य' मा सन्निहित छ।

'ब्रह्मचर्य'को पहिलो अर्थ हो-'वीर्य रक्षा'। प्राचीनकालमा ब्रह्मचर्यको नाउँ लिनासाथ वीर्य रक्षाको कुरोलाई लिइन्थ्यो तर आजकाल पनि त्यसरी नै हेरिन्छ, सोचिन्छ भन्ने कुरो छैन। 'ब्रह्मचर्य' पालन गर्नाले वीर्य खर्च नभएर संचित ढुकुटीमा जम्मा भइराखदछ। वीर्यलाई ढुकुटीमा जम्मा गरेर राख्दा चोरी डकैती नहोस् भनेर सतर्क पनि रहनुपर्छ। वीर्य जीवनको महत्त्वपूर्ण बस्तु हो। यसैले यसको रक्षा गर्नुपर्छ।

'ब्रह्मचर्य'को दोस्रो अर्थ हो-'वेदाध्ययन'। यो पनि प्राचीनकालदेखि व्यवहारमा आएको कुरो हो। वेदाध्ययन जिन्दगीमा एउटा महत्त्वपूर्ण प्रधान कार्य मानिन्थ्यो। समयले कोल्टे फेरेकोले गर्दा औंलामा गन्न सकिने विद्यालयहरू छोडेर वेदाध्ययन कार्य लोप भइसकेको भएपनि प्राचीन विद्यामा वेदको प्रभाव कुनै न कुनै रूपमा सर्वत्र कायम छ। वेदभूमि नेपालमा वेदाध्ययन कार्यलाई प्रोत्साहन मिल्नुपर्दछ।

'ब्रह्मचर्य'को तेस्रो अर्थ हो-'ईश्वर-चिन्तन'। सृष्टिको शुरूदेखि जिन्दगीको उद्देश्य- थियो ईश्वर चिन्तन। अनेकौं भक्त तथा सन्तहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको चिन्तन गरेको शास्त्रहरूमा उल्लेख छ। ईश्वरीय सत्तामा मानिस बाँच्न चाहन्छ। यसरी बाँच्दा जन्म-मृत्युको संसारिक चक्रदेखि तथा पापदेखि मुक्ति पाइन्छ भनेर दृढ विश्वास लिन्छन्।

मानिसहरू वीर्य रक्षा र वेदाध्ययनको परिपाटीसँगै ईश्वर चिन्तन पनि गर्दथे, ज्यादै थोरै मानिसहरू आजसम्म पनि गर्दछन्। आज पनि मानिसहरू देवताको पूजा, आराधना, मन्त्रोच्चारण, उपवास आदि धार्मिक संस्कारयुक्त व्यवहार गर्दछन्। तर ब्रह्मचर्य पालन गर्ने विधिमा वीर्य-रक्षा, वेदाध्ययन र ईश्वर-चिन्तन धेरैजसोले एकसाथ गर्दैनन्। यी तीनवटा जसले पालन गर्दछ, त्यसैले ब्रह्मचर्य पालन गरेको देखाउँछ। यिनै तीनवटा शक्तिशाली प्रयोजनहरूको निम्ति ब्रह्मचर्यको उत्पत्ति भएको हो। यहाँ जुन आधारमा अर्थ गरिएको छ, त्यसको पुष्टि तथा प्रमाणको लागि शास्त्रको विचारहरू उल्लेख गर्दछु।

कठोपनिषद्मा लेखिएको छ-"त्यही वीर्य हो, त्यही परमात्मा हो, त्यसैलाई अमृत भनिन्छ।"[1]

यजुर्वेदमा लेखिएको छ-"त्यही वीर्य हो, त्यही ईश्वर हो, त्यही जीवन हो र त्यही सृष्टिकर्ता पनि हो।"[2]

ऐतरेयो पनिषद्मा लेखिएको छ-"वेद साक्षात् परमेश्वर हो।"[3]

मनुस्मृतिमा लेखिएको छ-"वेदको अध्ययन गरेर सदा अपरिमित सुख पाइन्छ।"[4]

कैवल्योपनिषद्मा लेखिएको छ-"जो परब्रह्म छ, सर्वात्मा छ, र त्यही संसारको श्रेष्ठ धाम छ।"[5]

वेदान्त दर्शन भन्छ-"अब हामी परमात्मतत्त्वको विवेचना गर्दछौं।"[6]

ब्रह्मचर्यको अर्थ इन्द्रियहरूलाई नियन्त्रण गर्ने पनि भनिन्छ।

श्री शंकराचार्य भन्नुहुन्छ-"जुन व्यक्तिले ब्रह्मचर्यको पालन गर्दैन वा जो वासनावाला तथा अभिमानी हुन्छ त्यसले शास्त्रहरूको अर्थ सम्झिन

---

1 तदेव शुक्रं तदब्रह्म, तदेवामृतमश्नुते।

2 तदेव शुक्रं तदब्रह्म, ता आप: स प्रजापति:।

3 प्रज्ञानं वै ब्रह्म।

4 ब्रह्म भ्यासेन चाजस्रमनन्तसुखमश्नुते।

5 यत्परब्रह्म सर्वात्मा, विश्वसायतनं महत्।

6 अथातो ब्रह्म जिज्ञासा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दैन । त्यसले चाहे कति नै वेदशास्त्र किन पढेको नहोस्, त्यो विषयी व्यक्तिले कहिले पनि मोक्ष पाउन सक्दैन।"

अणुशास्ता आचार्य श्री तुलसी भन्नुहुन्छ–'इन्द्रिय मन, वृत्ति र बस्तिको संयम नै ब्रह्मचर्यको अर्थ हो। काम वासनाको मूल स्रोत मोहको संस्कार हो, शरीर होइन। शरीर र मन त्यसको अभिव्यक्तिको साधन हो। मोह संस्कारले तानेपछि ब्रह्मचारी बन्न सकिन्न। इन्द्रिय र मनमाथि छाउने मोह संस्कारको कालो छाया नहटाई ब्रह्मचारी हुन सकिन्न।'

अब ब्रह्मचर्यका विषयमा शारीरिक, मानसिक, बौद्धिक, नैतिक, आध्यात्मिक, आर्थिक र सामाजिक पक्षहरूमा केही चर्चा गरेर यो अध्याय समाप्त गर्दछु –

(१) **शारीरिक**–ब्रह्मचर्यको पालनबाट स्वास्थ्य राम्रो हुन्छ। ब्रह्मचर्यको पालनबाट शरीरले विभिन्न प्रकारका रोगहरूसँग संघर्ष गर्न सक्दछ। ब्रह्मचर्यको पालनबाट मानिसको शारीरिक, कार्य क्षमता तथा कार्योत्साह बढ्दछ। यसैको फलस्वरूप आशा, खुशी, सहिष्णुता, धैर्य आदि सद्गुणको वृद्धि हुन्छ।

(२) **मानसिक**–ब्रह्मचर्यको पालनाले मानिसको संकल्पमा दृढता आउँदछ र मनोबल (Will Power) बढाउँदछ। यसरी मानिसले स्थूल तथा सूक्ष्म कठिनाइलाई नाघ्दै सफलता निश्चय पाउँदछ।

(३) **बौद्धिक**-ब्रह्मचर्य नै बुद्धिको प्रकाश हो। सात्त्विक बुद्धिको विकासले मनुष्यको निर्णयशक्ति तथा विवेकशक्ति जाग्दछ। सन्तोष, सद्भावना र सत्यतालाई चिनेर महान् बन्दछ।

(४) **नैतिक**–ब्रह्मचर्य नै नैतिक जीवनको जग हो। दृष्टि र वृत्ति शुद्ध बनाउँछ, इन्द्रियहरूलाई लगामले कसेर स्वतन्त्र भएर डुगुर्न दिंदैन। यसरी नैतिकताको हिमाली चोटीमा पुऱ्याई दिन्छ।

(५) **आध्यात्मिक**–ब्रह्मचर्य आध्यात्मिक प्रगतिको लागि एउटा सिंढीको पहिलो खुड्किला हो। ब्रह्मचर्यको पालन नगरी आत्मानुभूति तथा ईश्वरानुभूति कहिले हुन सक्दैन। शरीरको आकर्षण तथा मोह रहुञ्जेल विवेक तथा ज्ञान आउँदैन। यदि मानिसलाई ज्ञान आयो भने ब्रह्मचर्य निश्चय पालन गर्दछ। विवेकको उदय भएपछि पतनकारी प्रवृत्तिहरू रोकिन्छन्।

(६) **आर्थिक**–मानिसले वासना भोगद्वारा आफ्नो शक्ति नष्ट गर्दछ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कमजोर बन्छ । कमजोरी हटाएर फेरि शक्तिशाली हुन शक्तिवर्द्धक खाद्य पदार्थहरू धेरै लिने आवश्यकता ठान्दछ भने वैद्य तथा डाक्टरहरूकहाँ गएर टनिक (Tonic) वा भिटामिन (Vitamins)को औषधि वा इञ्जेक्शन लगाउँदछ । धेरै सन्तान हुनाले र धेरै विलास मनोरञ्जन गर्नाले खर्च बढ्दछ । रोग लागेमा औषधिमा धेरै पैसा छुट्याउनुपर्ने हुन्छ । ब्रह्मचर्य पालन गर्नेलाई यो पैसा खर्च गर्नुपर्ने झंझटदेखि मुक्ति मिल्छ ।

(७) **सामाजिक**-ब्रह्मचर्यको पालनाले विशेष सामाजिक लाभ हुन्छ, व्यक्ति सुखी हुन्छ, परिवारमा थोरै सन्तान हुन्छन् । मनुष्य एक सामाजिक प्राणी हो । समाजमा रहेर नै मनुष्यले आफ्नो दैनिक व्यवहार तथा कर्तव्य पूरा गर्दछ । ब्रह्मचर्य व्रत असामाजिक विधि होइन । ब्रह्मचर्य व्यक्ति र परिवारले सुख-शान्ति प्राप्त गर्ने विधि वा नियम हो । हाम्रो हिन्दूशास्त्रले त्यसको प्रतिपादन गरेको छ । बढ्दो जनसंख्या, विदेशीहरूको बढ्दो प्रवेश, बढ्दो महँगी र बढ्दो गरीबीको चोटले विह्वल भएको मानिसहरूको लागि ब्रह्मचर्यको पालन पनि एउटा त्राण पाउने उपाय होइन भन्न सकिंदैन । अरू समाजमा विभिन्न प्रकारका अपराधहरू फैलिएर जाँदो छ । अशान्ति र तनाव वोकेर आजको मानिस दगुरिरहेको छ । वातावरण तथा वायुमण्डल दूषित छ । यस्तो जटिल स्थितिमा मनुष्यले आफ्नो सामाजिक दायित्व ईमान्दारीपूर्वक पूरा गर्नुपर्दछ ब्रह्मचर्य पालन गरेर । योभन्दा अर्को उपाय वा विकल्प नै छैन । ब्रह्मचर्यलाई पर सारेर कुनै कुरा सोच्न र गर्न सकिन्न । यो हाम्रो आचरण र व्यवहारबाट देखाउने संयम विधि हो ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यको महिमा

:२:

ब्रह्मचर्य भनेको के हो ? –म सोध्दछु ।

"खै ब्रह्मचर्य भनेको के हो, हामीलाई थाह छैन ?" –विद्यार्थीहरू मसँग उल्टो सोध्दछन् ।

मनमनै विचार गर्दछु, कस्ता स्वाँठे, ल्वादे, अबुझहरू, अज्ञानीहरू ! यस्तालाई जवाफ दिनुपर्‍यो । ब्रह्मचर्य भनेको के हो रे ! वेदभूमि तथा धर्मभूमि नेपालमा बस्नेहरू सोध्दछन्– ब्रह्मचर्य भनेको के हो ? कस्तो विडम्बना ! यिनीहरूले बुझ पचाएका त होइनन् ? मेरो ज्ञानलाई चुनौती दिन खोजेका हुन् कि ? यी हिजोआजका उरन्ठेउला तन्नेरी विद्यार्थीहरू ! हरे शिव, आफ्नो धर्म तथा संस्कृतिमा झुकाउ छैन, अभिरुचि छैन, श्रद्धा छैन । कसरी चोखो भएर बाँच्छन्, शिर ठाडो पारेर बाँच्छन् यो हिन्दू धर्म तथा संस्कृतिको विषयमा । यसरी त धर्म र संस्कृतिका कुराहरू प्राचीन पुस्तकमा मात्र सीमित हुन पुग्नेछ । यो त आजका मानिसका आचरण व्यवहारबाट प्रत्येक क्षण देखिनुपर्दछ । विश्वमा हामीले देखाउने, 'हाम्रो' भनेर चिनाउने हाम्रो धर्म र संस्कृति बाहेक हामीसँग केही छैन । हाम्रो यति ठूलो सम्पत्तिको हामीलाई नै ज्ञान छैन । विद्यार्थीको प्रश्नले म भित्रभित्रै रीसले तिलमिलाउँछु । मभित्रको गुरुत्व कक्षा कोठादेखि परपरसम्मको वायुमण्डलमा गुञ्जिन्छ—

ब्रह्मचर्य एउटा सूर्य हो, जसरी सूर्यको उज्यालो, तातो आदिले जीवन चलवलाउन पाउँदछ, त्यसरी ब्रह्मचर्यको पालनले मनुष्यले दीर्घायु तथा आरोग्यता पाई अन्त्यमा मुक्ति पाउँदछ ।

वैदिक साहित्यमा ब्रह्मचर्यको अद्‌भुत महत्त्व दर्शाइएको छ । वेदमा वर्णन गरिएकोले ब्रह्मचर्य वेद जतिनै पुरानो छ । रामायण र महाभारतमा ब्रह्मचर्यको पालनको रोचक कथाहरू भएकोले पनि यो अति प्राचीन र हिन्दूहरूको लागि महनीय हुन पुगेको छ । ऋग्वेदमा दुई तथा अथर्ववेदमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

११ औं काण्डको ५ औं सूत्र 'ब्रह्मचर्य सूक्त' छ । यसमा २६ वटा मन्त्रहरू छन् । यसमा ब्रह्मचारीको अद्भुत महिमा गाइएको छ । ब्रह्मचर्यलाई नै जगत् तथा विश्व सञ्चालन कार्यको आधार मानेको छ–

ब्रह्मचारी''' स दाधार पृथिवीं दिवं च ।

(अथर्व. ११।५।१)

ब्रह्मचारीलाई ब्रह्माभन्दा पनि श्रेष्ठ मानेको छ । (११।५।५) ब्रह्मचर्यद्वारा नै राजा राष्ट्रको संरक्षण तथा संवर्धन गर्न सक्दछन् । ब्रह्मचर्यद्वारा नै देवता अमर बने र उनीहरूले मृत्युलाई जितेका थिए–

ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति ।
ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नत ।।

(११।५।१७–१९)

शतपथ ब्राह्मण ११।३।३ तथा गोपथ ब्राह्मण २।६ ब्रह्मचारी ब्राह्मण नै छन् । ब्रह्माले मृत्युको हातमा सारा प्रजालाई दिए तर एउटा ब्रह्मचारीलाई दिएनन् भनेर लेखिएको छ ।

ब्रह्म वै मृत्युवे प्रजाः प्रायच्छत् तस्मै ब्रह्मचारिणमेव न प्रायच्छत् ।

(शतपथ ब्रा० ११।३।३१, गोपथ)

ब्रह्मचारीले निरालस्य तथा नृत्य गीतादि परित्यागी हुनुपर्दछ ।

न गायनो न नर्तना न सरण : (गोपथ २।७)

छान्दोग्य. २।२३।१ मा ब्रह्मचारीलाई अमर भनिएको छ– 'ब्रह्मसस्थोऽमृतत्वमेति' ।

मुण्डकोपनिषद् मा–'ब्रह्मचर्यबाटै भगवत्प्राप्ति र परमात्म साक्षात्कार हुन्छ' भनिएको छ–

सत्येन लभ्यस्तपसा ह्येष आत्मा
सम्यग्ज्ञानेन ब्रह्मचर्येण नित्यम् ।

अब दर्शन– शास्त्रहरूमा पनि ब्रह्मचर्यको महत्त्वमाथि धेरै प्रकाश पारिएको छ । योग दर्शनमा-ब्रह्मचर्यबाटै समस्त सिद्धिहरू पाइन्छन् भनेको छ । योग वार्तिककार श्री विज्ञान भिक्षुले यसको बडो विस्तृत व्याख्या गरेका छन् । वाचस्पति मिश्रले केवल ब्रह्मचर्यले अणिमा–महिमा आदि सिद्धिहरू तथा तारादि अष्ट सिद्धिहरू पाइने कुरो लेखेका छन्–

अणिमादीनुपचिनोति, सिद्धश्च तारादिभिरष्टाभिः सिद्धिभिरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ह्याप नामभिरूपेतः । (सांख्य दर्शन, कारिकादिमा यसको व्याख्या छ),
(तत्त्व वैशारदी व्याख्या– योगदर्शन, साधनपाद, सूत्र ३८)

'साख्यकारिका' २३ को माठरभाष्यमा ब्रह्मचर्य शब्दको सर्वोत्तम व्याख्या पाइन्छ ।

यथा–

स्त्रीपुरुषसंयोगे '''' शब्दस्पर्शरसरूपगन्धेषु यः सङ्गव्युदासः श्रोताद्युपरतिः असंकल्पश्च मनसः उपरति स अष्टांङ्ग ब्रह्मचर्यम् । एवं ह्याहुः संयोगशब्दस्पर्शरसरूपगन्धसंकल्प-स्मृति धर्मफलत्यागाद्यण्टाङ्ग ब्रह्मचर्यमिति ।

अथवा–

ब्रह्म वीजं रेतस्तच्चरति–तं न मुञ्चति इति ब्रह्मचारी ।

अथवा–

ब्रम्ह वेदं वा गुरुणा प्रदत्तं चरति ।

अथवा–

ब्रह्मास्वयंभूस्तस्यायं दण्डकमण्डलुधारणरूप आकारो ब्रह्मवत चरति इति वा । ब्रह्मपरमात्मानं अभिमुखं वा चरति इति ।।

यसरी यसमा स्त्रीलाई सबै प्रकारले विर्सन, मनमा पूर्ण विरक्त, उपरत, शून्य शान्त गर्ने, ईश्वर तथा वेदलाई स्मरण गर्ने आदिलाई ब्रह्मचर्य भनिएको छ ।

अव पुराणहरूमा ब्रह्मचर्यको अर्थ खोजौं–

हरिवंशका ४५ औं अध्यायमा ब्रह्मचर्यको ठूलो महिमा छ । उर्व मुनि ऋषिहरूलाई व्यार्दै भन्छन्– सुरक्षित ब्रह्मचर्यले ब्रह्मालाई पनि विचलित गर्न सक्दछ । (ब्रह्माणमपि चालयेत्) ब्रह्मचर्यमा नै धर्म तथा तपको प्रतिष्ठा छ । योग विना सिद्धि हुँदैन, सिद्धि विना यश हुँदैन तर ब्रह्मचर्य विना योग, तप, यश केही पनि हुँदैन ।

अब्रह्मचर्या चर्या च त्रयं स्याद्दम्भसंज्ञितम् ।।
क्व दाराः क्व च संयोगः क्व च भाव विपर्ययः ।

विना योग साधना टाउको खीराउनु, विना संकल्प व्रतानुष्ठान गर्नु र विना ब्रह्मचर्य तप, स्वाध्यायादि धर्मानुष्ठानको साधना गर्नु दम्भ मात्र नै छ । (हरिवंश ४५)

ब्रह्मचर्ये स्थितो धर्मो ब्रह्मचर्ये स्थितं तपः ।
ये स्थिता ब्रह्मचर्ये तु ब्रह्मणा दिवि ते स्थिताः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नास्ति योगं विना सिद्धिर्नास्ति योगं विना यशः ।
नास्ति लोके यशोमूलं ब्रह्मचर्यात् परंतपः ।।
यो निगृह्येन्द्रियग्राम भूतग्रामं च पञ्चकम् ।
ब्रह्मचर्यं समाधत्ते किमत परं तपः ।।

पद्मपुराण सृष्टिखण्ड ४३।८२–११ मा पनि यिनै श्लोकहरू दोहो-र्‍याएको छ । स्कन्दपुराण रेवाखण्ड १९४।२४–२५ मा ब्रह्मचर्यलाई नै सबै धर्म, साधन, सिद्धि, श्री एवं कीर्ति आदिको कारण भनिन्छ ।

यथा—

मूलं हि सर्वधर्माणां ब्रह्मचर्यं परं तपः ।
मूलश्रीः प्रोच्यते ब्राह्मी ब्रह्मचर्यस्वरूपिणीं ।।
सर्वयोगमयी पुण्या सर्वपापापहारिणी ।
शुभा समस्तसिद्धीनां हेतुः सेयं प्रकीर्तिता ।।

(स्कन्द. रेवा. १९४।४।२५)

श्रीमद्भागवत २।६।१९ मा यसलाई 'वृहद्व्रत' तथा ८।३।१७ मा 'आलोकव्रत' भनिएको छ ।

पद्मपुराणको उत्तरखण्ड २२२ औं अध्याय (पूनाको संस्करणमा यो २७४ औं अध्यायमा छ) केवल ब्रह्मचर्य-महिमापरक छ । श्री विष्णु धर्मोत्तर पुराणमा त ब्रह्मचर्यका विषयमा कतिपय स्वतन्त्र अध्यायहरू छन् । यसैअनुसार ब्रह्मचर्य भन्दा ठूलो अरू केही कुरो छैन । शुद्ध ब्रह्मचारीका सारा कामनाहरू चाँडै पूरा हुन्छन् । उसले चाह्यो भने देवता पनि अदेवता र तुच्छातितुच्छ प्राणीलाई पनि देवता वनाउन सक्दछ–

यथा भीष्टमवाप्नोति ब्रह्मचर्येण मानवः ।

(विष्णु धर्म. ३।२५८।४;।२६१।१-६)

नेपालीहरूको घरघरमा रहने तथा पाठ गरिने रामायण र महाभारतका पुस्तकहरू हुन् । यी रामायण र महाभारतमा ब्रह्मचर्यको महत्त्व जसरी जुन रूपमा वर्णन गरिएकोछ त्यसलाई चिन्तन मनन गर्नुपर्दछ । रामायणमा हनुमान र लक्ष्मणको सम्पूर्ण शक्तिको स्रोत ब्रह्मचर्य भएको प्रत्यक्ष देखिन्छ । हनुमान र लक्ष्मणले समस्त उपकरणहरू तथा अस्त्रशस्त्र सुसज्जित रावण मेघनाद आदि वैज्ञानिक योद्धाहरू माथि विजय प्राप्त गरेको आधार ब्रह्मचर्य नै छ । यसमा कत्ति पनि अतिरञ्जित छैन । स्वयं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराम तथा जनक नन्दिनी सीताले ब्रह्मचर्य व्रत पालन गरेको रामायणमा उल्लेख छ। अग्नि- परीक्षाका लागि होस् वा रावणका कब्जाभित्र अशोक वाटिकामा रहँदा पनि सीताको लागि आत्म- विश्वासको स्रोत ब्रह्मचर्य नै थियो। यसै ब्रह्मचर्य माथि लक्ष्मण तथा हनुमानको दृढ आस्था थियो र आफ्नो आचरणबाट पालन गरी देखाउँदथे। हनुमानजी स्वयं श्रीमुखद्वारा सीताजीसँग निवेदन गर्दछन्-

अर्चिष्मानर्चितोऽत्यर्थं ब्रह्मचर्यव्रते स्थितः ।

(वाल्मीकि. सुन्दरकाण्ड. ३५।१२)

महाभारत शान्ति पर्वको अधिकांश अध्यायहरूमा ब्रह्मचर्यको महिमा वर्णन गरीएको छ। ब्रह्मचर्य व्रतका अवच्छिन्न पालनकर्ता पितामह श्री भीष्मको दीर्घ जीवन र शूरताको पनि आफ्नै विशिष्ट स्थान र महत्त्व राख्दछ। पाण्डवहरू पनि भगवान श्रीकृष्णका भक्त तथा अनुयायी भएकोले ब्रह्मचर्यको पालन गर्दछन्।

रावण तथा दुर्योधनको नाश हुनु भोगवादी, असत्योन्मुख, अब्रह्मचर्य आदिको हेतु मान्नुपर्दछ। महाभारतका राजधर्म तथा शुक्र, कामन्दक सोमदेव तथा कौटिल्य आदिको नीति ग्रन्थहरूमा त रावण कराल भोजक दण्डक आदिको नामोल्लेखपूर्वक यसै दोषलाई विनाशको कारण भनी लेखेका छन्—

रावणः परदारानप्रयच्छन्। भोजो ब्राह्मणकन्यामभिमन्यमानः सबन्धुराष्ट्रो विननाश। करालश्च वैदेहः।

(कौटि. अर्थ. १।६।६-८)

नहुष, वेन, सुदा, सुमुख आदिको उदाहरण पनि यसप्रकार छ-

वेनो विनष्टो विनयान्नहुषश्चैव पार्थिवः ।
सुदाः यैजवनश्चैव सुमुखो निमिरेव च ॥

(मनु. ७।४१)

प्रायः समस्त राजनीति शास्त्रहरूमा 'विनय' को अर्थ 'जितेन्द्रियता' नै रहेको छ।— 'विनयो हीन्द्रियजय'। यसरी सबै शास्त्रकारहरूले भोग प्राप्ति प्रति अपेक्षा भोगत्यागलाई नै विशेष सुखकर र आनन्दकर मानेको छ-

प्रापणात् सर्वकामानां परित्यागो विशिष्यते ।

(मनुस्मृति. २।५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

न सुखं सार्वभौमस्य न सुखं चक्रवर्तिनः ।
सुखमस्ति विरक्तस्य मुनेरेकान्तजीविनः ।।

(महा. शा.)

स्मृतिहरूमा ब्रह्मचर्यका सम्बन्धमा धेरै लेखिएको छ—

मनु. ५।२५९ तथा दक्ष स्मृति ७।३१-३३ मा ब्रह्मचर्यको महिमा, लक्षण, परिभाषादि द्रष्टव्यमा लेखिएको छ । वृद्ध गौतमस्मृति ३।१६ मा 'ब्रह्मचर्यबाटै आयु, तेज, बल, प्रज्ञा, लक्ष्मी, विशाल यश, परमपुण्य तथा भगवत्कृपा प्रसाद पाइन्छ भनेर लेखिएको छ ।

आयुस्तेजो बलं वीर्य प्रज्ञा श्रीश्च महायशः ।
पुण्यं च मत्प्रियत्वं च हन्यते ब्रह्मचर्यया ।।

आयुर्वेदमा पनि ब्रह्मचर्यको विषयमा धेरै लेखिएको छ–

आयुर्वेदमा तथा अन्य सबै प्रकारका चिकित्सा पद्धतिहरूमा पनि ब्रह्मचर्यलाई सर्वस्व मानिएको छ । भाव प्रकाश ३।१९८ मा 'ब्रह्मचर्यको पालन नगरी वीर्यनाश हुँदा प्राणनाश हुन्छ' भनेर लेखिएको छ । अष्टाङ्ग हृदयकार वाग्भटको भनाइ छ–'ब्रह्मचर्य नै ओज, बल, तेज, तुष्टि, पुष्टि आदिको कारण छ । यसको नाशले उपर्युक्त वस्तुहरूको क्षयको साथै प्राणको पनि क्षय हुन्छ । ब्रह्मचर्यबाटै प्रतिभाको उदय हुन्छ । यस्तो 'योगरत्नाकर', 'चरक', 'सुश्रुत' आदिको वचन छ ।

ऐतिहासिक उदाहरणहरूको चर्चामा हामीले रामायण र महाभारतको प्रसङ्गको चर्चा गरी सकेका छौं । हनुमानजीलाई ब्रह्मचर्यको प्रतिमूर्ति मानिएको छ । सबै वानरहरूको बीच एक्लै हनुमानले समुद्रोल्लङ्घन, अशोक वाटिका–विध्वंश, अगाणित राक्षस–समूहको मर्दन, लंकादाह, अक्षयकुमार वध, रावण–मेघनाद प्रघर्षण, विचार–वार्तालाप आदिमा अद्भुत बुद्धि कौशल प्रदर्शन, पुनः समुद्रोल्लङ्घन, मधुवन-ध्वंसन आदि पराक्रम शूरता तथा वीरता देखाउँदा लेश मात्र पनि श्रमले शिथिलताको अनुभव नहुनु महा आश्चर्यको कुरो छ । तर यो सत्य छ, यो सबै ब्रह्मचर्यको फल हो । परशुरामजीले धेरै पटक अद्भुत पराक्रमद्वारा वीर क्षत्रीय योद्धाहरू विहीन पृथ्वी तुल्याएको उहाँको ब्रह्मचर्य रूपी तपले नै सम्भव भएको हो । पितामह भीष्म वृद्ध वेलामा पनि युवा जोश, स्फूर्ति र रणकलाको शक्ति तथा ज्ञान सुरक्षित हुनु, जगद्गुरु शंकराचार्यसँग अद्भुत प्रतिभा, मेधा, स्मृति तथा बौद्धधर्मको समुन्मूलन आदिको कार्य ब्रह्मचर्यकै चमत्कार थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनत्कुमार, सनत्सुजात, नारद, पराशर, व्यास, शुकदेव, कपिल, पञ्चशिख आदि असंख्य ऋषि मुनि महात्माले ब्रह्मचर्यको पालनले अद्वितीय ग्रन्थहरू लेखेर पूर्ण सिद्धि पाएका थिए। जगद्गुरु शंकराचार्य, स्वामी दयानन्द सरस्वती, रामकृष्ण परहंस, विवेकानन्द, रवीन्द्रनाथ टैगोर, सत्य साइ बाबा, आचार्य तुलसी, विनोवा भावे आदिले आध्यात्मिक जागरण ल्याउन जुन प्रयत्न गरेका थिए, त्यसको पृष्ठभूमि पनि ब्रह्मचर्य नै थियो। महात्मा गाँधीले ब्रह्मचर्यलाई नयाँ आयामका रूपमा गृहस्थीहरूको लागि अनिवार्य भनेर जुन गति तथा मूल्य दिनु भएको थियो, त्यसलाई कदापि विर्सन सकिन्न।

पहिले पाश्चात्य देशहरूमा पनि ब्रह्मचर्यको ज्यादै महत्त्व थियो। रोमन चर्चहरूमा माथिदेखि तलसम्म सबै पूजारीहरूले ब्रह्मचर्य पालन गर्दछु भनी शपथ लिनु पर्दथ्यो। यूनानको स्पार्टा देशमा ब्रह्मचर्य पालन गर्ने मानिसहरू निकै भएकोले खूबै अघि बढेको थियो। त्यहाँका केवल ३०० ब्रह्मचारीहरूले इरानी बादशाह खुशरोका ३ लाख सैनिकहरूको सामना गरे र उनीहरूलाई अगाडि बढ्नबाट रोकिदिएका थिए।

हाम्रो विश्वप्रसिद्ध बहादुर पराक्रमी गोरखा पल्टन (शाही नेपाली सेना)ले कसरी लडाइँको मैदानमा शत्रुको सेनालाई जितेर सफलता पायो भनेर विचार गर्दा संयममा ब्यारेकमा रहनाले नै हो। भोग विलासमा डुबेर रहँदा न अनुशासन, न कर्तव्यको ज्ञान, न जोस स्फूर्ति रहन्छ। जीवनमा एक प्रकारको मृत्यु भइसक्दछ।

एथिक्सका विभिन्न ग्रन्थहरूमा तथा इन्साइक्लोपीडियाको 'Calibacy' शब्दको अर्थ 'ब्रह्मचर्य' हुन्छ। हीनयान वा महायान दुवै बौद्ध धर्ममा पनि 'ब्रह्मचर्य पालन गर्नुपर्छ' भनेर प्रष्ट लेखिएको छ।

□

जसरी पानी राख्ने भाँडोमा प्वाल भएको कारणले त्यहाँबाट सबै पानी बगेर जान्छ, त्यसरी नै इन्द्रियहरूको समूहहरू मध्ये कुनै पनि एउटा इन्द्रिय विषयमा आसक्त भएपछि मनुष्यको बुद्धि नष्ट हुन्छ।

इन्द्रियाणां तु सर्वेषा यद्येकं क्षरतीन्द्रियम्।
तेनास्य क्षरति प्रज्ञा हृतेः पादादिवोदकम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यको शास्त्रोक्त महिमा

:३:

शास्त्रहरूमा ईश्वरानुभूति अथवा प्रभु–प्राप्तिको लागि यज्ञ र तप आदि साधन हो भनी उल्लेख गरिएको छ। तर ब्रह्मचर्यको महिमा वर्णन गर्दै त्यसलाई सबभन्दा ठूलो 'तप' र सबभन्दा ठूलो 'यज्ञ' भनिएको छ। उदाहरणको लागि तन्त्रशास्त्रमा लेखिएको छ–'जुन मानिसहरू 'तप' भन्छन्, त्यो साधारण कुरो हो। वास्तविक तथा उत्तम तप त ब्रह्मचर्य नै हो। जसले ब्रह्मचर्यको पालन गर्दै 'उर्ध्वरेता' भयो, त्यो मनुष्य होइन, देवता मान्न पर्छ।'[1]

ब्रह्मचर्यलाई पालन गर्ने मानिस देवता बन्न सक्दछ। प्रश्नोपनिषद्मा लेखिएको छ–'ब्रह्मचर्यलाई पालन गर्ने तपस्वी स्वर्ग जान सक्दछ।[2] यसको भाव पनि त्यही हो, ब्रह्मचर्य पालन गर्ने व्यक्ति देवता बन्न सक्दछ।

यसरी आत्म–स्थिति अथवा ईश्वरानुभूति प्राप्त गर्नेवाला 'यज्ञ' पनि ब्रह्मचर्य मानिन्छ। उदाहरणको लागि छान्दोग्य उपनिषद्मा लेखिएको छ– ''यज्ञ' भनिने कुरो वास्तवमा 'ब्रह्मचर्य' नै हो। ब्रह्मचर्य पालन गर्ने ज्ञानी हुन्छ, ईश्वरानुभूति हुन्छ, जसलाई 'इष्ट' भनिन्छ। यो पनि ब्रह्मचर्य नै हो। त्यसैबाट मनुष्यले आफ्नो इष्टको अनुभव गर्दछ।[3]

---

[1] न तपस्तप इत्याहु ब्रह्मचर्य तपोत्तमम्।
उर्ध्वरेता भवेद्यस्तु स देवो न तु मानुषः॥
–(तन्त्रशास्त्र)

[2] तेषामेवैष स्वर्ग लोको येशां
तपो ब्रह्मचर्य येशु सत्यं प्रतिष्ठितम्।

[3] अथ यद्यज्ञ इत्याचक्षते ब्रह्मचर्य मेव
तद ब्रह्मचर्यणे ह्य व यो ज्ञाता त विन्दन्तेऽयं
यदिष्टमित्याचक्षते ब्रह्मचर्य मेव।
तद ब्रह्मचर्येण ह्यं व इष्ट्वाऽऽ त्मानेमनुविन्दते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपनिषद्हरूमा आत्मानुभूतिका लागि वारम्वार ब्रह्मचर्य पालनको महत्त्व दर्शाइएको छ। उपनिषद्मा लेखिएको छ–'शरीरभित्र ज्योतिस्वरूप आत्मा विराजमान छ, त्यो तपस्याद्वारा पवित्र वनेपछि देख्न सकिन्छ र त्यसका लागि सत्य, ज्ञान तथा नित्य निरन्तर ब्रह्मचर्यलाई पालन गर्ने आवश्यकता पर्दछ।'[1]

'ब्रह्मचर्य पालन गर्नाले वीर्य लाभ हुन्छ। ब्रह्मचर्य पालन गरी रक्षा गर्ने मनुष्यलाई दिव्यता प्राप्त हुन्छ र साधना पूरा भएपछि परम गति मिल्छ।'

ब्रह्मचर्य पालन गर्नु एउटा अलौकिक वस्तु प्राप्त गर्नु हो। यसको पालनवाट विषय वासना तर्फ मन सपनामा पनि जाँदैन। मन वलियो भएपछि चञ्चलता नाश हुन्छ। प्राणि–शास्त्र अध्ययन गर्नेहरू यो विचार व्यक्त गर्छन्– पशुहरूले जति मनुष्यले ब्रह्मचर्यको पालना गर्दैन। ऋतुकालमा मात्र वा सन्तानको आकांक्षाले मात्र उनीहरू सहवास गर्दछन्, तर मनुष्य चाहिँ चौवीसैँघण्टा, हर महिना, हर वर्ष सम्भोगको कामना राख्दछ। अज्ञानता र असंयमताले गर्दा जनसंख्या वृद्धि, रोगको वृद्धि, गरीवी तथा संकटको वृद्धि भइराखेको छ।

यसरी ब्रह्मचर्यको महिमा अपरम्पार छ। लेखनीवाट त्यसको वर्णन गर्नु सूर्यको अगाडि वत्ती देखाउनु जस्तै छ। ब्रह्मचर्यरूपी व्रत पालन गरेर मानिस नारायण झैं अलौकिक शक्तिको स्फुरण शरीरमा भएको अनुभव गर्दछ। यसलाई पालन गरेर कैयौं मानिसहरू देवताको कोटीमा गनिएका छन्। यसैले भगवान् शिवले आफ्नो मुखारविन्दवाट यस्तो उपदेश दिनु भएको छ—'तप केही होइन, ब्रह्मचर्य नै उत्तम तप हो। जसले आफ्नो वीर्यलाई वशमा गरेको छ, त्यो देव स्वरूप छ, मनुष्य होइन।'[3]

---

1 अन्तः शरीरे ज्योतिर्मयो ही शुभ्रो
यं पश्यन्तियततः क्षीण दोषाः।
सत्येन लभ्यस्तपसा ह्येष आत्मा
सम्यक् ज्ञानेन ब्रह्मचर्येण नित्यम्॥

2 ब्रह्मचर्य–प्रतिष्ठायां वीर्य लाभो भवत्यपि।
सुरत्वं मानवोयाति चान्तेयाति परांगतिम्॥

–(सूक्ति)

3 न तपस्तपइत्याहुर्ब्रह्मचर्य तपोत्तमम्।
उर्ध्वरेता भवेद्यस्तु स देवो नतुमानुषः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'एकातिर चारै वेदका उपदेश र अर्कोतिर ब्रह्मचर्य, दुवैलाई एउटै तराजुमा राखेर तौलिएर हेरेको खण्डमा दुवैतिर वरावर हुन्छ। ब्रह्मचर्यको महत्त्व वेदहरूभन्दा कम छैन।[1]

शास्त्रमा लेखिएको छ, 'ती मानिसहरूले स्वर्ग भेट्छन्, जसले ब्रह्मचर्य जस्तो तपको अनुष्ठान गरेका छन् र जसको हृदयमा ब्रह्मचर्यरूपी सत्य विराजमान छ।'[2]

'ब्रह्मचर्य पालन गर्न योग्य छ। देवताहरूलाई पनि ब्रह्मचर्य दुर्लभ छ। वीर्यको रक्षा राम्रोसँग गर्दा सवै लोकहरूको सुखहरूको सिद्धि स्वयं मिल्छ।'

अखण्ड ब्रह्मचारी भीष्मले धर्मराज युधिष्ठिरलाई ब्रह्मचर्य पालनका सम्वन्धमा सारगर्भित उपदेश दिंदै भने–'म ब्रह्मचर्यको गुण वताउँदछु, तिमी स्थिर बुद्धिले सुन। जो आजीवन ब्रह्मचारी भएर वस्छ, त्यसलाई यो संसारमा केही पनि दुःख हुँदैन। हे राजन्! त्यो पुरुषका लागि कुनै दुर्लभ वस्तु छैन। यो कुरो तिमी निश्चय सम्झ! ब्रह्मचर्यको प्रभाववाट करोडौं ऋषिहरू ब्रह्मलोकमा वास गर्दछन्। सत्यसँग सदैव प्रेमगर्ने निर्मल ब्रह्मचारीको ब्रह्मचर्य व्रत, हेराजन्! त्यसले समस्त पापहरूलाई नष्ट गर्दछ।'[4]

आध्यात्मिक पुरुषार्थ प्राप्तिको लागि केवल नियमहरू पालन मात्र

---

1 एकतश्चतुरो वेदा ब्रह्मचर्य तथैकतः।

–(छान्दोग्योपनिषद्)

2 तेषामेवैष स्वर्गलोको येषां तपो
ब्रह्मचर्यं, येषु सत्यं प्रतिष्ठितम्।

–(प्रश्नोपनिषद्)

3 ब्रह्मचर्य पालनीयं देवानामपि दुर्लभम्।
वीर्ये सुरक्षिते यान्ति, सर्वलोकार्थ-सिद्धय॥

–(सूक्ति)

4 ब्रह्मचर्यस्य सुगुणं शृणुत्वञ्च सुधाधिया।
आजन्म भरगाद्यस्तु ब्रह्मचारी भवेदिह॥
न तस्य किञ्चिदप्राप्यमिति विद्धि नराधिप!
वहु-कोटी ऋषीणाञ्च, ब्रह्मलोके वसन्त्युत॥
सत्येरतानां सततं दन्तानामूर्ध्व-रेतसाम्।
ब्रह्मचर्य दहेद्राजन्! सर्वं पापान्युपासितम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आवश्यक भएन, वरु यमको पालनको पनि अनिवार्य आवश्यकता पऱ्यो, अर्थात् ब्रह्मचर्य व्रतको पालन गर्नु पऱ्यो । यसैका लागि विद्वान् मनुले स्पष्ट भनेका छन्–'जसले ब्रह्मचर्यादि यमहरूलाई छोडिदिन्छ त्यो पतित हुन्छ ।'[1]

महाभारतमा स्पष्ट लेखिएको छ-'ब्रह्मचर्य नै परम धर्म हो। ब्रह्मचारीले जीवनभरि आरोग्यता पाउँछ । अझ उर्ध्वरेता ब्रह्मचारीको सबै पापहरू पनि नाश हुन्छ ।'[2]

सांख्य दर्शनका रचयिता कपिल मुनि भन्नुहुन्छ–'ब्रह्मचर्यबाटै सबै प्रकारको बल प्राप्त हुन्छ ।'[3] यहाँ धेरै के उल्लेख गरौं ! छांदोग्य उपनिषद पनि एउटा मुख्य उपनिषद् हो, त्यहाँ लेखिएको छ- चारवटै वेदहरूको जुन फल तथा माहात्म्य छ, त्यो एउटै ब्रह्मचर्यको बराबर छ। अर्थात् चारवटा वेदहरूलाई पढेर मनुष्यले जति इन्द्रियसंयम तथा मनोवल बढाउँदछ, जति आत्मिक पवित्रता पाउँदछ, त्यति एउटै ब्रह्मचर्यबाट पाउँदछ ।[4]

सबै धर्म-संस्थापकहरूले ब्रह्मचर्यको महिमा तथा महत्त्व आ–आफ्नै धर्ममा विशेष उल्लेख गरेका छन् । उहाँहरूले उल्लेख गरेको सम्पूर्ण अंश यहाँ राख्न नसके पनि संक्षेपमा मात्र भएपनि यहाँ तपसील बमोजिम राखिएको छ :

१. ईसाई धर्मका संस्थापक ईसा मसीह स्वयंले ब्रह्मचर्यको पालन गर्नु भयो। उहाँले सबैलाई त्यो पालनगर्ने उपदेश दिनु हुन्थ्यो । उहाँ भन्नु हुन्थ्यो –'अविवाहित तथा पवित्र जीवनलाई भगवान्ले प्रेम गर्दछन्, र संयम पवित्रताका साथ रहनु ईश्वरीय आदेश हो ।'

२. नेपालमा जन्मेका महात्मा बुद्धले पनि बौद्ध धर्ममा उपासक र उपासिकाहरूले तथा भिक्षुहरूले ब्रह्मचर्य पालन गर्नुपर्ने भनी जोड दिएको देखिन्छ। बुद्धले तरुणी महारानी छोडेर वैराग्य लिएर तपस्या गरी संसारलाई उपदेश दिए। यदि कामवासना तथा लोभ मोहको चक्करमा परेको भए बुद्ध कहिले पनि बुद्ध बन्ने थिएनन्, न त्यस्तो विचारको प्रतिपादन गरेको भए बुद्ध धर्म व्यापक भएर जान सक्दथ्यो। त्यस्तो कलुषित विष

---

[1] यमान् सेवेते सततं न नियमान केवलान् वुधः ।
यमान् पतत्य कुर्वाणो नियमान केवलान् भजन् ।।

[2] ब्रह्मचर्य परमो धर्मः ।

[3] ब्रह्मचर्य प्रतिष्ठायां वीर्य लाभः ।

[4] एकतश्चतुरो वेदा ब्रह्मचर्यं तथैकतः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्याग्न सकेकोले नै बुद्ध धर्मको महत्त्व राखेको छ ।

३. जगग्दु गुरु शंकराचार्यले 'ब्रह्मचर्य पालन गर्दै कामरूपी विषलाई छोड्न' पटक-पटक सन्देश दिनु भएको थियो–'ब्रह्मचर्यको अखण्डताबाट सजिलोसँगै परमात्म दर्शन हुन्छ । काम विकार सर्पको विषभन्दा पनि डरलाग्दो हुन्छ । विष खाएपछि मनुष्य मर्दछ तर 'काम' रूपी विष त यस्तो उग्र छ कि त्यो तिर हेर्दा नै मनुष्य मर्दछ ।'[1]

४. भगवान श्री कृष्णले गीतामा अमृतरूपी वचनमा आज्ञा भएको छ–'परमात्मा पाउन इच्छुकहरू ब्रह्मचर्यको पालन गर्दछन् ।'

५. अखण्ड ब्रह्मचारी भीष्म पितामहको विचार छ–'ब्रह्मचारीलाई कहिले दुःख हुँदैन र उसले सबै कुरो पाउँदछ ।'

६. स्वामी महावीर लेख्नुहुन्छ–'मन, वाणी र शरीरदेखि सम्पूर्ण संयममा रहने नाउँ नै हो ब्रह्मचर्य ।'

७. स्वामी रामकृष्ण परमहंसले भन्नु भएको छ–"ब्रह्मचर्य पालन गर्न सहज र स्वाभाविक कुरो छ । यो विश्व मातृमय छ । फेरि वासना अथवा कुभावनाको लागि ठाउँ कहाँ ? फेरि ब्रह्मचर्यको पालनामा कष्ट र कठिनाइ नै के छ ?'

८. स्वामी विवेकानन्द भन्नुहुन्छ–'हामीलाई यस्तो ब्रह्मचारी मनुष्य चाहिएको छ, जसको शरीरको नसा फलामको होस्, स्नायु–तंतु इस्पातको जस्तो सुदृढ होस् र तनमा मन इन्द्रको वज्रबाट बनेको होस् ।'

९. प्रसिद्ध योगी अरविन्दले भन्नु भएको छ–'ब्रह्मचर्य र योग नै सुखको बाटो हो ।'

१०. आर्य समाजका प्रवर्त्तक ऋषि दयानन्दले पनि ब्रह्मचर्यको महिमा वर्णन गर्दै यसबाटै आरोग्य, बुद्धि, बल र पराक्रम बढ्दै गई ज्यादै सुख पाइन्छ भन्नु भएको छ ।

११. अणुव्रत अनुशास्ता–आचार्य श्री तुलसी भन्नुहुन्छ–

१. भोग–विरतिको साधना गर्नु ।
२. पवित्रताको अभ्यास गर्नु ।
३. खाद्य–संयम गर्नु ।

---

[1] दोषेण तीव्रो विषय, कृष्ण सर्प बिषादपि ।
विषं निहन्ति भोक्तारं चक्षु पाप्यहन् ।।
–(विवेक चूडामणि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. स्पर्श- संयम गर्नु ।

५. चक्षु-संयम गर्नु ।

अणुव्रतको घोषणा छ—'संयम नै जीवन हो ।' (संयमः खलु जीवनम्) 'हाम्रो जीवन संयममय होस् ।'

१२. परमपिता परमात्मा शिवले दिनु भएको ज्ञान-दृष्टिमा पनि ब्रह्मचर्यको पालन अनिवार्य प्रमाणित गरी काम, क्रोध र लोभलाई 'नरकको ढोका' मानेर ब्रह्मचर्यको पालन गरी स्वर्गको ढोकाभित्र प्रवेश गर्ने पुरुषार्थ गर्नुपर्दछ भन्ने सन्देश छ ।

१३. महात्मा गांधीको विचार छ-'ब्रह्मचर्य ब्रह्मको सत्यको, सोधमा चर्चा अर्थात् तत्सम्बन्धी आचार। ब्रह्मचर्यको अर्थ हो- मन, वचन र शरीरबाट समस्त इन्द्रियहरूको संयम। कामवासनाको नियन्त्रण नै ब्रह्मचर्य हो ।'

१४. सन्त विनोवा भावे लेख्नुहुन्छ—'आदर्श अगाडि राख्नु र त्यसैको लागि संयमी जीवनको आचरण, यही ब्रह्मचर्य हो ।'

१५. प्रसिद्ध साहित्यकार टालसटायको मन्तव्य छ-'मनुष्य जातिमा सुख-शान्ति स्थापना गर्नको लागि नर-नारी दुवैले सम्पूर्ण ब्रह्मचर्य पालन गर्ने पुरुषार्थ गर्नु पर्दछ ।'

१६. शिख धर्ममा पनि ब्रह्मचर्यको महिमा लेखिएको छ ।

१७, इस्लाम धर्ममा पनि ब्रह्मचर्यको परिपालनको महत्त्व दर्शाइएको छ ।

शास्त्रहरूमा लेखिएको छ-'चरित्रको मूल आधार ब्रह्मचर्य नै हो । यो योग तथा ईश्वरमा एकाग्रताको साधन पनि हो, जुन मनुष्यले ब्रह्मचर्यको पालन गर्दछ, त्यसले पूज्य पद अर्थात् पवित्रता तथा देव पदलाई प्राप्त गर्दछ ।[1]

आज घोर कलियुगको प्रभाव चारैतिर छ, स्त्री लम्पटी तथा पराइ नारीहरू माथि दृष्टि दिनेहरूको संख्या बढ्दो छ । यो वेला स्त्रीहरूको शील त पुरुषको पौरुषत्वको रक्षा कसरी गर्ने— गम्भीर प्रश्न छ ? ब्रह्मचर्यको पालन गरेको खण्डमा यो संकटबाट बचन सकिन्छ । ब्रह्मचर्य र चरित्र यो पर्यायवाची शब्द हो । ब्रह्मचर्य सर्वश्रेष्ठ ज्ञान हो । ब्रह्मचर्य नै सर्वश्रेष्ठ वल

---

[1] प्राणभूतं चरित्रस्य, परब्रह्मैककारणम् ।
समाचरन् ब्रह्मचर्य, पूजितैरपि पूज्यते ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो । यो आत्मा नै ब्रह्मचर्यमय छ, किनभने, ब्रह्मचर्य पालन गर्दा आत्माको स्वयं स्थिति हुन्छ र शरीर पनि दीर्घकालसम्म रहन्छ ।[1]

अथर्ववेदमा लेखिएको छ–'आचार्य अनिवार्य रूपबाट ब्रह्मचारी हुन्थे ।[2] यस्तो हुनु स्वाभाविक थियो, किनभने यो संसार सागरबाट पारि तार्ने डुंगा ब्रह्मचर्यलाई मानिन्थ्यो [3]

जुन मानिसहरू विधिवत ब्रह्मचर्य पालन गर्दछन् तिनीहरू चिरायु, सुन्दर, स्वस्थ्य शरीर, दृढ कर्तव्य, तेजस्वीतापूर्ण र ठूला पराक्रमी हुन्छन् ।[4]

ब्रह्मचर्य सच्चरित्रताको प्राण स्वरूप छ । यसको पालन गर्दै मनुष्य सुपूजित हुन्छ र मनुष्यहरूबाट पनि पूजा पाउँदछ ।[5]

यो आत्मा निरन्तर सत्यबाट, तपबाट, यथार्थ ज्ञानबाट पाइन्छ । पापरहित र प्रयत्नशील मानिसहरू यो निष्कलंक र प्रकाश स्वरूप आत्मालाई आफ्नो अन्तःकरणमा देख्न सक्दछन् ।[6]

उपर्युक्त शास्त्रोक्त प्रमाणहरूबाट ब्रह्मचर्यको महिमा तथा महत्त्व कति रहेछ, जान्न बुझ्न सकिन्छ । आजको समयको परिप्रेक्ष्यमा ब्रह्मचर्यको महत्त्व झन् बढेको छ । जो यसलाई निरर्थक ठान्छन्, उनीहरूले एक पटक आफ्नो

---

1 ब्रह्मचर्य परम् ज्ञानं, ब्रह्मचर्यं परं बलम् ।
ब्रह्मचर्यमयो ह्यात्मा, ब्रह्मचर्येण तिष्ठिति ।।

2 आचार्यो ब्रह्मचारी ।

–(अथर्ववेद० ११।५।१६)

3 समुद्रतरणे यद्वत उपायो नौ प्रकीर्तिता ।
संसार तरणे तद्वत ब्रह्मचर्यं प्रकीर्तितम् ।।

4 चिरायुषः स संस्थानां, दृढसंहनानरा ।
तेजस्वीनो महावीर्या, भवेयुर्ब्रह्मचर्यतः ।।

–(हेमचन्द्र सुरि)

5 प्राणभूतं चरित्रस्य, परब्रह्मैककारणम् ।
समाचरन् ब्रह्मचर्यं, पूजितैरपिपूज्यते ।।

–(हेमचन्द्र सुरि)

6 सत्येन लभ्यस्तपसा ह्येष आत्मा
सम्यग ज्ञानेन् ब्रह्मचर्येण नित्यम् ।
अन्तः शरीरे ज्योतिर्मयो हि शुभ्रो
यं पश्यन्ति यतयः क्षीणदोषाः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्माको शब्द सुन्ने प्रयास गरून् । ती मानिसहरूले आफ्नो विषयमुखी आचरणलाई सुधार्ने संकल्प गरून् । यो 'ब्रह्मचर्य' उनीहरूलाई निरोगी तुल्याउन रामवाण जस्तो अचूक औषधि हुन सक्दछ । हामी सबैले ब्रह्मचर्य-लाई बुझेर पालन गरौं– यही समयको माग छ ।

□

ब्रह्मचर्यको अर्थ हो– मन, वचन र शारीरिक समस्त कार्यहरूको संयम । विषय मात्रको निरोध नै ब्रह्मचर्य हो । ईश्वर दर्शनको लागि ब्रह्मचर्य अनिवार्य छ । चाहिएको सन्तान उत्पन्न गरेर स्त्री–पुरुष दुवैले ब्रह्मचर्य व्रतको पालन गर्न सकेमा सत्ययुगको परिवार नियोजन त्यसै भइहाल्छ ।

□

मत्स्य पुराणमा लेखिएको छ–

"अद्रोह, अलोभ, वाह्येन्द्रिय, निग्रह, प्राणिप्रति दया, तपस्या, ब्रह्मचर्य, सत्य, करुणा, क्षमा र धैर्य— यी सनातन धर्मका दुर्लभ मूल हुन् ।"

□

सिद्धे विन्दौ महारत्ने किं न सिद्धयति भूतले:
यस्य प्रसादान्महिमा ममाप्येताद्‌शोऽ भवत् ।

भगवान् शिवले यहाँसम्म भन्नु भएको छ—"ब्रह्मचर्यको पालनवाट सबै सिद्धिहरू पाइन्छ, वरु यो त बताउ कि त्यसवाट के पाइदैन ।"

–(शिव संहिता)

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन ब्रह्मचर्य

:४:

ब्रह्मचर्य पालन गर्ने कुरो वेदहरूमा उल्लेख भएकोले यो वेदकालीन समयदेखि रहेको देखिन्छ। सबैजसो धर्मशास्त्रहरूमा यसको उल्लेख भएकोले यो व्यवहारिक जीवनोपयोगी धर्मका रूपमा रहेको प्रष्ट देखिन्छ। 'ब्रह्मचर्यको तपोवलदेखि देवताहरूले मृत्युमाथि विजय प्राप्त गरे र इन्द्रलाई यसै ब्रह्मचर्यको पूण्यको प्रतापबाट सुरहरूमा उच्च आसन मिल्यो।'[1]

वास्तवमा हाम्रो वेदकालीन आर्यहरूले यसको पूर्णरूपबाट पालन गरे तथा प्रचार गरे, त्यो बेलाको आश्रम प्रणालीबाट यही कुरा झल्किन्छ। यो निश्चय हो, यो प्रथा पौराणिक कालसम्म ज्यादै मर्यादित रूपमा रह्यो तर पूर्वीपश्चिमी देशको सभ्यता तथा शिक्षा फैलिएर गएपछि यो उपेक्षित तथा तिरस्कृत हुँदै गयो र आज जे जस्तो अवस्थामा छ, त्यो सबैका सामू नै छ।

सृष्टि सम्वत्‌माथि धेरै विद्वान्‌हरूको मतभेद छ। विद्वानहरूले वैदिक सभ्यताको समय ८००० वर्षहरूभन्दा पनि अगाडिको वेला मानेका छन्; यसैले यो ब्रह्मचर्य प्रथा योभन्दा पनि अगाडिको विशेष प्राचीन ठहरिन्छ। वेदहरूमा ब्रह्मचर्य विषयको मन्त्रहरू उल्लेख छ। पहिलो तीनवटा वेदहरूमा सूक्ष्म रीतिबाट ब्रह्मचर्यको वर्णन गरिएको छ र चौथो वेद (अथर्ववेद)मा यसको उल्लेख सारगर्भित रूपमा गरिएको छ, जसलाई यो पुस्तकमा उल्लेख गरिएको छ।

हिन्दू धर्मको प्रमुख वेदपछि उपनिषद्‌हरूको पालो आउँदछ। हाम्रो कतिपय उपनिषद्‌हरूमा ब्रह्मचर्य विषयको आख्यायिकाहरू उल्लेख छ र त्यसै अन्तरगत अनेकौं मनोहरकारी उपदेशहरू लेखिएका छन्, जसलाई हामी प्रसङ्ग-प्रसङ्गमा लेखेर हृदयग्राही बनाई आतमतत्त्वको विवेचना गर्ने छौं। वेद

---

1 ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत्।
इन्द्रोह ब्रह्मचर्येण देवेभ्य स्वराभरत्॥

–(अथर्ववेद० ११।५।१९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र उपनिषद्पछि पुराण, रामायण, महाभारत धर्मशास्त्रका प्रामाणिक ग्रन्थहरू हुन्— ती ग्रन्थहरूमा ब्रह्मचर्यका कथाहरू, पालन गर्नु पर्ने शिक्षाहरू तथा ब्रह्मचर्य सर्वमान्य विधिहरू उल्लेख भएको पाइन्छ। यसैकारणले शास्त्रहरूमा यस्तो उल्लेख हुँदाहुँदै पनि यसको प्राचीनतामा कुनै सन्देह रहँदैन। प्राचीन ग्रन्थहरूमा यस्तो कुनै विरलै नै ग्रन्थ होला, जसले ब्रह्मचर्यका सम्बन्धमा आफ्नो भिन्न मत राखोस् र केही न केही उपदेश नदेओस्।

रामायण र महाभारत कालमा पनि अनेक आदर्शवान पुरुष तथा महिलाले ब्रह्मचर्यको पालन गरी देखाएका थिए। ब्रह्मचर्य–व्रतको पुरुष र महिला दुबैले पालन गरेको धर्मशास्त्रहरूमा प्रर्याप्त चर्चा छ। जसलाई राम्ररी पढेको खण्डमा हाम्रो हृदयमा त्यो छापिन्छ, अनि हाम्रो आचरण व्यवहार ब्रह्मचर्यमुखी हुन्छ।

ब्रह्मचर्य कति पुरानो छ ? यो यति पुरानो छ भनेर कुनै साल वा सम्वत् खोजेर देखाउन सकिँदैन। ईश्वरीय सत्ता जत्तिकै यो प्राचीन तथा अनादिकालदेखि चलेर आइरहेको छ। वेद, रामायण, महाभारत, उपनिषद् रहुन्जेल यो पुस्तकमै भएपनि सुरक्षित भएर रहन्छ। यसको अति प्राचीनतामा शंका नगरी ब्रह्मचर्य पालन गर्न कम्मर कसेको खण्डमा त्यो पुरानो सत्ययुग फेरि फर्कन सक्दछ। □

स्मरणं कीर्तनं केलिः प्रेक्षणं गुह्यभाषणम्।
संकल्पोऽध्यवसायञ्च क्रियानिर्वृतिरेव च ।।

शास्त्रमा आठ प्रकारको मैथुन बताइएको छ—

स्त्रीको स्मरण, स्त्री सम्बन्धी कुराकानी, स्त्रीहरूका साथ खेल्नु, स्त्रीहरूलाई हेर्नु, स्त्रीसँग गोप्य कुरो गर्नु, स्त्रीसँग भेट्ने निश्चय गर्नु र संकल्प गर्नु तथा स्त्रीलाई साथ राख्नु।

–(अग्निपुराण ३७३।८–१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यको आविष्कारक

:५:

नेपाल पवित्र हिमवत्खण्ड तथा वेदभूमि हो, यहाँ धर्म तथा वैदिक संस्कृतिले आफ्नो अलौकिक छटा तथा गुणहरूको झण्डा गाडेको थियो, यही वेलामा आध्यात्मिक उन्नति चरम सीमामा पुगेको थियो । जसको प्रत्यक्ष उदाहरण, हिजोआज सप्त गण्डकीको संगम देवीघाटको मनोहर स्थलमा भगवान् रामचन्द्रले अश्वमेध यज्ञ गरेको यज्ञकुण्ड फेला परेको जानकारी योगी नरहरिनाथको विशेष प्रयासबाट भएको छ, यस्तै गरी कवि, ऋषि, महर्षिहरूको साधना स्थल आश्रम हिमाली नदीका पवित्र जलधाराका तट (किनारहरू) तथा उच्च लेकका टाकुराहरू भएको हामी विस्तारै पत्तो लगाउँदै छौं । खपतड लेकमा श्री खपतड वाबा विराजमान गर्नु हुन्छभने श्री पशुपतिनाथकै मन्दिर वरपर कति स्वामी, महात्मा सन्त महन्तहरू वस्दछन् । यो त्यही पुण्यप्रधान भूमि हो, जहाँको अन्तिम आलोक ग्रहण गरेर उच्च आदर्श र धर्म-शास्त्रका पवित्र गाथा सुनेर आधुनिक तथा विकसित राष्ट्रका निवासीहरू आध्यात्मिक तथा मानसिक प्रेरणा ग्रहण गरी आफ्नो वैभव, सुख र उन्नति देखाइरहेका छन् तर हामीलाई हाम्रो अमूल्य धर्मको ज्ञान नभएर विश्वको सबभन्दा गरीव दरिद्र राष्ट्र हुन पुगेका छौं । तस्करी, मूर्ति चोरी, गाँजा, चरेसको व्यापार जस्ता अनैतिक तथा अपराध कार्यमा बढी सहभागी हुने परम्परालाई सदाको लागि विदा गर्नु छ । वास्तवमा हाम्रो त्यो गौरवगरिमामय अतीतको वैभव-विकासको आश्रयभूत यही देशमा वसेका परम स्वार्थ त्यागी र त्रिकालदर्शी ऋषिमुनि तथा महात्माहरूको पावन सन्देश हुन्, उच्च पर्वतका गुफाहरू, नदी किनारछेउका वनहरूमा कुटी (आश्रम) वनाई बसेर समस्त मनुष्य जातिकै भलाइ, कल्याण र सुख-शान्तिका उपायहरू सोच्दथे तथा भगवान्को स्वरूप र गुणहरूको चर्चा गर्दथे । ती विद्वान्हरूका स-सिद्धान्त तथा विचार कुनै कोरा कल्पना मात्र हुन्नथ्यो, किनकि उनीहरू आदर्शलाई विज्ञानको कसौटीमा कोरेर सुदृढ अभ्यासद्वारा जाँचेर जनतालाई देखाउने गर्दथे । यही एउटा मुख्य कारणले त्यस बेलाका जनताले उहाँहरूबाट पथ प्रदर्शन पाउँदा राष्ट्रमा गति आएको थियो । हृदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र मस्तिष्कमा राष्ट्रिय विचार थियो। उहाँहरूले ईश्वरको सत्तालाई स्थिर राख्नको लागि तथा सृष्टिलाई कुमार्गगामिनी हुन नदिएर बचाउने उद्देश्यले अनेक शास्त्रहरूको रचना गरे र अनेक अमूल्य उच्च तथा नैतिक स्वाभाविक विधानहरू बनाए। उहाँहरूले स्वभाव सिद्धि ब्राह्मणादि चार वर्णहरू र ब्रह्मचर्यादिको चार आश्रमहरूको योजना गरे। यसरी वर्णहरूमा ब्राह्मण त्यस्तै आश्रमहरूमा ब्रह्मचर्यलाई प्रथम र श्रेष्ठ स्थान मिल्यो। यसै रहस्यपूर्ण प्रणालीलाई हामी उहाँका सर्वतोभद्र मस्तिष्क र दिव्यदृष्टिलाई सबभन्दा ठूलो उत्पादन मान्दछौं। संसारको प्राथमिक अवस्थामा वास्तवमा यो उहाँको अपूर्व योग्यता थियो। यसै कारण ब्रह्मचर्यका मूल आविष्कारक यसै देशका प्राचीन महात्मा तथा दूरदर्शी देवतुल्य पुरुष थिए। यी महापुरुषकै क्षत्रछायामा कैयौं शताब्दिहरूसम्म ब्रह्मचर्य प्रथाको प्रचार धार्मिक रूपबाट जम्बुद्वीप हिमवत्खण्ड हिन्दू राष्ट्रमा धेरै समयसम्म रह्यो।

सत्ययुग र द्वापरयुगमा ब्रह्मचर्यको पालन गर्नेहरूको संख्या धेरै थियो भने कलियुगमा ब्रह्मचर्यको पालन गर्नेहरूको संख्या नगण्य नै छ। बहु भोगवादीको बाहुल्यले गर्दा ब्रह्मचर्यको पालन गर्नेहरूको संख्या घटेको हो। काम तथा यौन साहित्य, सामग्रीहरू, सिनेमा, क्लब आदिको प्रचुरताले गर्दा र आधुनिक पूर्वी पश्चिमी सभ्यताले गर्दा ब्रह्मचर्य सम्बन्धी ज्ञान पुरानो बेकम्मा ठान्नेहरूको संख्या बढ्यो। यस्तै समूह तथा कालको प्रभावबाट त्यो सुवर्णयुगको अन्त्य भयो। नेपालमा आज ती ऋषि, महर्षि तथा सिद्ध महापुरुषहरूको अभाव परिसक्यो तर उहाँहरूले छोडेको सत्शास्त्र हाम्रै बीचमा रहेपनि हामीले चाख तथा रुचि नलिएकोले गर्दा मृततुल्य भएर रहेको छ। ती पूज्य प्रातः स्मरणीय ऋषि, महर्षि तथा विद्वान्का दिव्य कुराहरूमा पुनः विश्वास र प्रेम गरेर ब्रह्मचर्य प्रणालीलाई अतीतको गौरवमय रूपमा सक्रिय गतिशील पारी पालन गरौं। यदि यसो गरेको खण्डमा हामीले त्यही आत्माको दर्शन नवीन शरीरमा गर्न सक्दछौं। आजका वैज्ञानिकहरूले अनेक औषधिहरू सबभन्दा पहिले खरायो, मुसो आदि जनावरमा प्रयोग गरेर हेरेर अनि मानिसलाई प्रयोग गर्दछन्, अझ कतिले त सोझै मानिसको शरीरमा प्रयोग गरेर त्यसको परिणाम पनि हेर्दछन्। परापूर्वकालमा ब्रह्मचर्यको पालन आफैले गरेर त्यसको परिणाम बुझेर ऋषिहरूले वा देवताहरूले यसलाई पालन गर भनेको सन्देशलाई हामीले पालन गर्न आज बिर्सिरहेका छौं। हामीले रत्तिभर सन्देह लिनु हुँदैन, ब्रह्मचर्य पालना गरेर हामी पनि हाम्रा पूर्वज जस्तै दीर्घायु, निरोगी, ज्ञानी, सानो परिवारको र सत्पुरुष बन्न सक्दछौं।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धन्वन्तरीको ब्रह्मचर्योपदेश

:६:

भगवान् धन्वन्तरीको नाम संसारमा विख्यात छ। उहाँलाई आयुर्वेदको प्रचारगर्ने पीयूषपाणि वैद्य भन्दछन्। उहाँका सम्बन्धमा यस्तो भनिन्छ, उहाँले मृतकलाई पनि एकपटक आफ्नो तप तथा दिव्यौषधिको प्रभाववाट बचाउँदथे। नेपालमा राणा शासनका समयमा अनेकौं कविराजहरू मध्ये कविराज अश्विनीकुमारको नाम पनि आजतक निसन्छन्, किनभने यिनले पनि आफ्नो तप र दिव्यौषधिले साह्रो विरामीलाई चाँडो भलावंगा पारिदिन्थे। तर आज तप गर्ने त्यस्ता न कविराज छन्, न त्यस्तो दिव्यौषधि। आज त एउटा औपचारिकताको निर्वाहका लागि तीनै विख्यात धन्वन्तरीको जयन्ती दश–पन्द्र जनाका बीच मनाउने गरिन्छ। कति दुःख लाग्दो कुरो !

उनै धन्वन्तरीजी एकदिन आफ्ना शिष्यहरूको साथमा आफ्नो आश्रममा बसेर आयुर्वेदका विषयमा उपदेश दिई राख्नु भएको थियो। पाठ समाप्त गरेपछि शिष्यहरूले उहाँसँग प्रश्न गरे–"हे भगवान् ! कुनै यस्तो एउटै उपचार बताउनुहोस्, जसको सेवन गरेर सबै प्रकारका रोगहरूको नाश होस् ? तपाईंले मनुष्य मात्रको कल्याणको लागि आफ्नो सबैभन्दा अनुभूत उपाय बताउने दया गर्नुहोस् ?"

आफ्ना शिष्यहरूको यस्तो प्रश्न सुनेर भगवान् धन्वन्तरी अत्यन्तै खुशी हुँदै भन्नुभयो–"प्रिय वत्स ! तिमीहरूकै हृदयबाट एउटा यस्तो उपचार बताउँदछु, जसको सत्यतामा अलिकति पनि सन्देह नगर, त्यो कुरो तिमीहरू ध्यान दिएर सुन !"

"म यो कुरो तिमीहरूलाई सतोसत भन्दछु, मृत्यु, रोग र बुढ्याईंलाई नाश गर्ने अमृतरूप र ज्यादै ठूलो उपचार मेरो विचारमा ब्रह्मचर्य छ।"[1]

---

1 मृत्युव्याधिजरानाशी–पीयूषं परमौषधम्।
ब्रह्मचर्यं महद्यत्नं सत्यमेव वदाम्यहम्॥

वाल्मीकि–पुस्तकालय
95432

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् धन्वन्तरीले भन्नुभयो–"जसले शान्ति, सुन्दरता, स्मृति, ज्ञान, स्वास्थ्य र उत्तम सन्तान चाहन्छन्, उनीहरूले यो संसारमा सर्वोत्तम धर्म ब्रह्मचर्य पालन गरून् ।"[1]

"ब्रह्मचर्य सबैभन्दा ठूलो ज्ञान हो । ब्रह्मचर्य अपरिमित बल हो । यो आत्मा निश्चय ब्रह्मचर्यमय छ र यो मनुष्य शरीर ब्रह्मचर्यबाटै रहन्छ ।"[2]

"ब्रह्मचर्यमय भगवान्लाई प्रणाम गरेर म असाध्य रोगीहरूलाई साध्य बनाउँछु । त्यही ब्रह्मचर्यको रक्षाबाट सबै प्रकारको अशुभ नष्ट हुन्छ ।"[3]

भगवान् धन्वन्तरीबाट शिक्षा पाएर शिष्य–मण्डली हर्ष विभोर भए । धेरै विद्यार्थीहरूले आफ्नो हृदयमा आजीवन ब्रह्मचर्यव्रत पालन गर्ने प्रतिज्ञा गरे ।

हामी पनि भगवान् धन्वन्तरीको शिक्षालाई सम्झेर ब्रह्मचर्य पालन गर्न सक्दछौं । □

---

1 शान्ति कान्ति स्मृति ज्ञान मारोग्यश्चपिसन्ततिम् ।
य इच्छति महद्धर्मं, ब्रह्मचर्य चरेदिह ।।

2 ब्रह्मचर्य परं ज्ञानं, ब्रह्मचर्यं परं बलम् ।
ब्रह्मचर्यमयो ह्यात्मा, ब्रह्मचर्यैव तिष्ठति ।।

3 ब्रह्मचर्य नमस्कृत्य, चासाध्यं साधयाम्यहम ।
सर्व–लक्षण हीनत्वे, हन्यते ब्रह्मचर्यया ।।

□

सत्य ब्रह्मचर्य, व्यायाम र विद्याद्वारा आफूलाई बलवान र प्रतिष्ठित बनाओ ।

सत्येन ब्रह्मचर्येण व्यायामेनाथ विद्यया ।
बलवन्तं प्रतिष्ठाहं आत्मनं सततं कुरु ।।

□

मनुष्य जुन गुणबाट आजीविका पाउँछ र जुन गुणकै कारण यो दुनियामा सज्जनहरू त्यसको प्रशंसा गर्दछन् । गुणवान्‌ले आफ्नो त्यो गुणको रक्षा गर्नुपर्दछ र बडो यत्नहरूकासाथ त्यसलाई बढाउँदै रहनुपर्छ ।

कल्पयति येनवृत्तिर्येयेन च लोके प्रशष्यते सदिभः ।
स गुणस्तेन गुणिना रक्ष्यः संवर्धनीयश्च ।।

–(नीतिरत्नमाला)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन आर्य र ब्रह्मचर्य

:७:

हामी नेपालीहरू आर्य हौं। धर्म–कर्ममा सदा लागि हिड्ने भएकाले हामी आर्य होइनौं भन्ने प्रश्नै उठ्दैन। नेपाल हिमवत्खण्ड आर्यहरूको भूमि हो भनेर इतिहासकारहरूले मनग्गे लेखिसकेका छन्। अज्ञान तथा भ्रमले गर्दा आज हामी आफूलाई आर्य कहलाउन गर्व नगर्ने बनेर एउटा ठूलो भूल गरिराखेका छौं। हामी आर्यहरूको चरित्रदेखि तल झर्दैछौं। हाम्रा पूर्वज आर्य कस्ता थिए ? यस बारेमा शास्त्र भन्छ–'कष्ट निवारण गर्न सामर्थ्य भएको जो व्यक्ति छ तथा दुःख पाएकाहरूका दुःख निवारणार्थ जसका शरणपन्न हुन्छन्, त्यो हो आर्य।[1] अझ थप शास्त्रमा आर्यको चरित्र यस्तो हुन्छ भनिलेखेको छ– जो मनुष्य गर्नुपर्ने काम राम्रा हिसावले गर्छ तथा नगर्नु पर्ने काम गर्दैन, जो असल चालचलनमा रहन्छ, त्यो हो आर्य।[2]

पं. तथा कवि धरणिधर शर्मा आर्यहरूको धर्म बारे लेख्नुहुन्छ–'यस्ता आर्य सन्तानले केवल पुण्य कर्म गरेर मात्र हिंडेकोले आर्यवर्त्तलाई पुण्यभूमि भनेको हो। आर्य सन्तान पूर्व पुरुषका आदर्शबाट खसेकाले (यो ब्रह्मचर्य पालन नगरेकोले) यस देशमा मूर्खता, दरिद्रता र बढी दीनता आयो। अझै उही पूर्व पुरुषका आदर्शको अनुसन्धान गरी तदनुसार गरी हिंडे (फेरि ब्रह्मचर्य पालन गरेमा) सुख सम्पत्ति फेरि फर्केर अवश्य आउने सम्भावना छ।[3]

---

1 निवारणार्थ अर्त्तीनां अत्तु योग्यो भवेत् तु यः।
अर्यते सततं चार्त्तैः स आर्य इति कथ्यते॥

2 कर्तव्यमाचरन् सम्यगकर्तव्यमनाचरन्।
तिष्ठति प्रकृताचरि स तु आर्य इति स्मृतः॥

3 श्री मद्भागवद्गीता उपनिषत् 'केही टीका-टिप्पणी'
लेखिएको सोह्रौं अध्यायबाट पृष्ठ० ११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबलाई विदित छ, यो देशका निवासी हामी गोर्खाली आर्य नामबाट विश्व–जगत्‌मा विख्यात छौं। २००७ सालपछि हामीले आफूलाई नेपालीका रूपमा चिनाउन थालेको हों।

हामी नेपाली यसरी विख्यात हुनुको कारण के हो ? यसको सजिलो सरल उत्तर छ– सदाचारमय धर्मनिष्ठ लोकोपकारी जीवन। हाम्रा ती पूर्वज पुर्खा निरन्तर साधुतापूर्ण तथा उच्च चरित्रको अभ्यास गर्ने भएकाले ज्यादै उन्नत तथा सद्‌गुण सम्पन्न थिए। उनीहरू वीर, बाकुरा, योद्धा थिए। उनीहरूको जीवनलाई व्यवस्थित गर्ने तथा सद्‌गुण भर्ने प्रधान साधन केही थियो भने यही थियो "ब्रह्मचर्य"। यसै ब्रह्मचर्यको पृष्ठभूमिमा उनीहरूको सामाजिक तथा नैतिक धरातल उभिएको थियो र सम्पूर्ण देशभरि सुख–शान्तिको अनुपम वातावरण कायम थियो। तर हाय ! महाभारतको साथै आर्यहरूको सत्सिद्धान्तहरूको ह्रास हुँदै गयो। यसप्रकारले आर्यहरूको दिनानुदिन अवनति हुँदै गयो। आज अन्त्यमा यो दशा भयो। हामी उनैका एकमात्र सन्तान उनीको आदर्शको शिखरबाट अनाचारको गहिरो खाल्डोमा खस्यौं। आर्यहरूको उन्नत चरित्रका सम्बन्धमा धेरै विद्वान्‌हरूले आफ्नो ग्रन्थहरूमा सुसम्मतिहरू प्रकट गरेका छन्। त्यसलाई हेरेर हामी पूर्णरूपबाट विचार गर्न सक्दछौं कि राजनीतिक आकांक्षाले भन्दा सामाजिक तथा नैतिक आकांक्षा नलिएर हाम्रो जीवनमा सुखशान्ति कदापि आउन सक्दैन। हाम्रो सनातन धर्ममा आधारित ब्रह्मचर्य प्रणालीमा समयले मात्र होइन, पाश्चात्य पूर्वी–पश्चिमी सभ्यताका विचार र संस्कारको प्रभावले गर्दा हाम्रो धर्मशास्त्रले देखाएको बाटोमा लाग्न नसक्ने बनेर अवनतितिर धकेलिंदै हामी गयौं, फलस्वरूप शारीरिक र आध्यात्मिक अवनति बढेर गयो। यसरी बढ्दो अवनति तथा दोष नहेर्ने, नबुझ्ने र त्यसलाई रोक्न समेत कतैबाट चेष्टा भएन। भनियो, यो समयको प्रवाह हो रे ! यो आधुनिक शिक्षा र सभ्यताको फल हो रे! ती त्यस्ता भन्नेहरू र गर्नेहरूलाई बधाइ छ !

हामीहरूले हाम्रा पूर्वज आर्यहरूका विषयमा सुनेका छौं, हाम्रा पुर्खाहरूको वीरता र शौर्यका कुराहरू किंवदन्ती कथा भइसकेको छ। उनीहरू अग्ला, मोटा हृष्ट–पुष्ट र पराक्रमी थिए। उनीहरूको वर्ण गोरो शरीर तेजस्वी, उन्नत वृक्षस्थल र दिव्य मुखमण्डल थियो। ठूला आँखा र लामा हात थिए। युद्धमा शूरवीर थिए। कर्म र धर्म पालनमा दृढ र ईश्वरका परमभक्त थिए। उनका स्त्रीहरू सदाचारिणी, पतिव्रता र देवी स्वरूपा हुन्थे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरू स्त्रीलम्पट तथा भोगी थिएनन् ।

माथि भनिएका हाम्रा पूर्वज आर्यहरूको अतीतका कुराहरूलाई चिन्तन मनन गर्दा मनमा एउटा स्वाभाविक जिज्ञासा उठ्दछ– उनीहरू यस्तो कसरी भए र हामी उनैका वंश भएर यो दुर्गतिमा कसरी जाकिन पुग्यौं ? यसको उत्तर यही सूझवूझकासाथ दिन सकिन्छ– यो सबै अवनतिहरूको प्रधान कारण ब्रह्मचर्यहीनता हो । ब्रह्मचर्यको तप तथा साधनबाट हाम्रा पूर्वज आर्यहरूले प्राचीन समयमा उन्नति गरेका थिए तर आज धर्मशास्त्रको मर्यादा विर्सेर त्यसको उल्टो चल्दा हाम्रो अधःपतन भइरहेको छ । यदि त्यही ब्रह्मचर्य पालन गर्ने स्थितिलाई पुनर्जीवित गर्न सकेको खण्डमा हामी त्यही सत्ययुगमा फेरि पाइला टेक्न सक्दछौं । धर्मको सत्तालाई पवित्र र महान् नगरून्जेल हामीभित्रको वीरता, धीरता, गुरुता आदि प्रकट हुनसक्दैन । विदेशी विद्वान्‌हरूले हाम्रा पुर्खा प्राचीन आर्यहरूका चरित्रका सम्बन्धमा जुन विचार व्यक्त गरेका थिए, त्यसबाट त्यतिबेला उनीहरूले देखेका आर्य समाजको चित्र हेर्न-वुझ्न मद्दत मिल्ने ठानेर संक्षेपमा यहाँ केही उल्लेख गर्दछु–

जोर्णस भन्दछन्–'धर्म र सभ्यताको विचारबाट पृथ्वीको कुनै पनि जाति आर्य जातिको समकक्ष हुनसक्दैनन् ।'

यात्री हुयन सांग भन्छन्–'सच्चरित्रता वा सत्यताका लागि आर्य जाति चिरकालदेखि विश्वमा प्रसिद्ध छन् ।'

मेगास्थनीज भन्छन्–'आर्यहरूमा दासत्व भाव एकदमै छैन । उनका स्त्रीहरूमा पतिव्रता र पुरुषहरूमा वीरत्वको कमी छैन । साहसमा आर्य जाति पृथ्वीभरिका अन्य जातिहरू भन्दा श्रेष्ठ छन् । परिश्रमी, शिल्पी तथा नम्र प्रकृतिका छन् ।'

मैक्समूलर भन्छन्–'कुन पृथ्वीलाई स्वर्गभन्दा मलाई आनन्द आउँदछ ? यदि कसैले मलाई सोधे भने कुन देशको आकाशमुनि मनुष्यको अन्तःकरणलाई पूर्णता प्राप्ति हुन्छ; म त्यतिबेला भन्नेछु– त्यो देश आर्यहरूको देश हो ।'

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सदाचार र ब्रह्मचर्य

:८:

श्रेष्ठ पुरुषले जस्तो आचरण गर्दछन्, त्यस्तै अरू मानिसहरू पनि त्यसकी देखासिकी गर्दछन् र उनीहरू जे केही निर्धारित गर्दछन्, मानिसहरू त्यसरी नै हिंड्दछन् ।1

सदाचार नै परम धर्म हो ।2 मनुले यो शव्दमा सदाचारलाई नै प्रधानता दिएका छन् । वास्तवमा मनुष्य जीवनको सार नै सदाचार हो । सदाचारवाट नै व्यक्तिगत र सामाजिक सुधार दुवै कुरो हुनसक्दछ । जुन जाति तथा जुन देश आफ्नो सदाचारवाट पतित हुँदैन, त्यसले आफ्नो सुखमय तथा समृद्धिको अवस्थावाट तल झर्नु पर्दैन ।

सदाचारको अर्थ हो- सज्जनहरूको आचरण । ती उत्तम नियमहरू जुन उच्च पुरुषहरू पालन गरेर देखाउंदछन्, शास्त्रसम्मत कार्य गर्दछन्, त्यसैवाट मनुष्य समाजले सुख र शान्ति पाउँछ ।

यो कुरो सवैलाई राम्ररी थाहा छ, हाम्रा ऋषिमहर्षि सदाचारी श्रेष्ठ पुरुष थिए । यिनले निर्धारित गरेको कर्म सदाचार हो ! यिनीहरू जस्तो आचरण व्यवहार गर्दछन्, त्यस्तै सारा मनुष्यलाई पनि गर्ने उपदेश दिन्थे । यिनीहरू ब्रह्मचर्यलाई सदाचारको रूप मान्दथे । यही कारण थियो, प्राचीन-कालमा ब्रह्मचर्य पालन गर्ने व्यक्तिहरू धेरै थिए ।

सदाचारको रक्षा यत्नपूर्वक गर्नुपर्दछ । धन त आउँदै-जाँदै रहन्छ ।3

---

1 यद्यदाचरति श्रेष्ठस्तद्देवेतरोजनः ।
स यत्प्रमाणंकुरुते लोकस्तदनुवर्तते ॥
(-श्री मद्भागवत्)

2 आचारः प्रथमो धर्मः । -(मनुस्मृति)

3 वृत्तं यत्नेन संरक्षेद् वित्तमेति च याति च ।
—(विदुरनीति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मज्ञ मनुले सदाचारबाट पाइने उत्तम फलहरूलाई यसरी वर्णन गरेका छन्–"सदाचारलाई पालन गर्दा नै मनुष्यले दीर्घायु, इच्छा जतिको सन्तान र धन पाउँछ। सदाचारबाट अनेक दुर्गुणहरू पनि नष्ट हुन्छन् । सबै शुभ-लक्षणहरूबाट रहित भएपनि जुन सदाचारी पुरुष छ, शास्त्रहरूमा श्रद्धा राख्छ, लोभ र ईर्ष्यासँग घृणा गर्दछ भने त्यो सय वर्षसम्म बाँच्छ ।"[1]

श्रेष्ठ पुरुषले अरू पापी प्राणीलेग रेको पाप ग्रहण गर्नु हुँदैन, त्यसलाई अपराधी मानेर बदला पनि लिन हुँदैन । यो उत्तम सदाचारको सदा रक्षा गर्नु पर्दछ, किनभने सदाचार नै सत्पुरुषहरूको गहना हो ।[2]

सदाचारी व्यक्तिसँग सद्‌गुणहरू रहन्छन् । सद्‌गुणलाई पनि चार चाँद लाग्छ, जब त्यो कुनै सद्‌गुणी राम्रो व्यक्तिसँग रहन्छ ।[3]

उच्च उद्देश्यहरूको सिद्धि सदाचारबाटै हुन्छ । ब्रह्मचर्य अन्तर्गत सदाचार रहेको हुन्छ । यसैले यो सदाचार पनि ब्रह्मचर्य भएको छ । हामी सदाचारलाई ब्रह्मचर्यदेखि पृथक् गर्न सक्दैनौं ।

'ब्रह्मचर्य' नै मूल रूपमा सदाचार हो । किनभने, सदाचारका जति गुणहरू छन् ती सदै ब्रह्मचर्यभित्र आउँदछन् । ब्रह्मचर्य र सदाचार दुई अलग–अलग शब्दहरू भएपनि यी दुवैको मूल उद्देश्य एउटै छ । जसरी सदाचारबाट जीवनका समस्त दोषहरूको नाश हुन्छ, त्यसरी ब्रह्मचर्यबाट पनि नाश हुन्छ । यसैले ब्रह्मचर्य नै सदाचार सिद्ध भएको छ । ब्रह्मचारी नै सदा सदाचारी हुन्छ । हामीले सदाचारी बन्न पहिले ब्रह्मचर्य पालन गर्नुपर्दछ । त्यसबाट स्वतः सदाचारका गुणहरू हाम्रो जीवनमा प्रवेश गर्नेछन् ।

□

---

1 आचारात्लभते ह्यायुराचादीप्सिताः प्रजा ।
आचाराद्धन भक्षप्य भाचारो हन्त्यलक्षणम् ।।
सर्व लक्षण हीनाऽपि–य सदाचारवान्नरः ।
श्रद्दधानोऽन सूयश्च, शतं वर्षाणि जीवति ।।

—(मनुस्मृति०)

2 न परः पापमादत्ते परेषां पाप–कर्मणाम् ।
समयो रक्षितव्यस्तु सन्तश्चारित्र–भूषणः ।।

3 *Even virtue is more fair when it appears in a beautiful person.*

□

हृदय पवित्र रहोस् । यो भएमा विकार उत्पन्न हुँदैन ।

–महात्मा गाँधी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तप र ब्रह्मचर्य

:६:

ब्रह्मचर्य नै तप हो ।[1]

तप मेरो मेरो साक्षात् हृदय हो ।[2]

नेपाल तपोभूमि हिमवत्खण्ड भएकोले पवित्र हिमाली नदीका तट तथा उच्च टाकुरा लेक वा घना जंगलमा ऋषि–महर्षिहरू रहन्थे, तप गर्दथे, आश्रममा आउनेहरूलाई उपदेश दिन्थे, त्यो वेलाको जीवन प्रायः तपको अनुष्ठानमा बित्दथ्यो। यही तपोबलकै कारणले पृथ्वीका मनुष्यजातिको कल्याण गर्न ती ऋषि–महर्षि सक्षम थिए। देवीघाटको किनार, खपतड लेक, शिवपुरी आदि ठाउँलाई तपोभूमि भन्न सकिन्छ। यस्तो तप गरिएको ठाउँ जतातते भेटिन्छ। ती ऋषि–महर्षि तथा सन्त-विद्वान्हरू बसेको ठाउँ यत्रतत्र छ। त्यो ठाउँ कोलाहलदेखि टाढा दुर्गमस्थान तथा प्राकृतिक रमणीय हुन्थ्यो।

ती ऋषि-महर्षिहरूले गर्ने तप के थियो ? यो प्रश्न उठ्न सक्दछ। उत्तर छ- त्यो ब्रह्मचर्य नै थियो। त्यसैको रक्षाको लागि विविध प्रकारका उपायहरू गर्दथे। त्यसैको एकमात्र साधनाबाट ठूला–ठूला सिद्धिहरू पाउँदथे। त्यसमा एकपल्ट चुकेपछि तपस्वीहरूको अनेकौं वर्षको परिश्रम र अनुष्ठान नष्ट हुन्थ्यो। जुन इच्छित वस्तु पाउन चाहन्थे, त्यो पाउन ब्रह्मचर्यको पालना हुनै पर्दथ्यो। उनीहरू त्यसवेला ब्रह्मचर्यलाई रक्षागर्नका निमित्त शहर छोडेर वन जंगलमा गएर बसेर फलफूल खाएर रहन्थे। रूखका पातहरूको लुगा, वनस्पति तथा वायु सेवन गरेर निर्वाह गर्दथे। शरीर कमजोर भएपछि कामविकारले उनीहरूलाई सताउँदैनथ्यो। कामविकार उत्पन्न नभएपछि उनीहरूको वीर्य सुरक्षित रहन्थ्यो। वीर्य सुरक्षित रहँदा आत्म–तेज बढ्दथ्यो, जसबाट चित्तमा शान्ति मिल्दथ्यो। चित्तलाई स्थिर

---

1 तपो वै ब्रह्मचर्यम् । –(श्रुति)

2 तपो मे हृदयं साक्षात् । –(भगवान् विष्णु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि योग गर्न सक्दथे । मन र आत्मालाई परमात्मामा एकाकार गर्दथे । यसरी उनीहरूलाई त्यो ज्ञान वा परमानन्द पाइन्थ्यो, जसबाट उनीहरूले त्यो ज्ञान वा परमानन्द पाउँदथे, जसबाट उनीहरू पछि मुक्तिपद (परम शान्ति) पाउँथे । तपस्वी आफ्नो यो साधनामा सफल हुन्थे र उनीहरूको मनोरथ सफल हुन्थ्यो ।

भगवान् शिवले 'ब्रह्मचर्यभन्दा ठूलो अर्को तप नै छैन' भनी आफ्नो हृदयको भाव प्रकट गर्नु भएको छ ।[1]

भगवान् श्रीकृष्णले शारीरिक, वाचिक र मानसिक तीन प्रकारका तपहरूको वर्णन गर्नु भएको छ– देवता, द्विज, गुरु र विद्वान्को पूजा (सत्कार) पवित्रता र सरलता तथा ब्रह्मचर्य र अहिंसालाई शारीरिक तप भनिन्छ । कसैको हृदय नदुखाउने, सत्यप्रिय तथा परोपकारी, वचन र वेदहरूको अभ्यासलाई वाचिक तप भनिन्छ । चित्तको प्रसन्नता, सौम्यता, मननशीलता विषयहरूबाट विरक्तता तथा भावहरूको शुद्धतालाई 'मानसिक तप भनिन्छ ।[2]

भगवान् श्रीकृष्णको मतबाट ब्रह्मचर्यको गणना शारीरिक तपमा भएको छ । माथि जुन तपहरूको चर्चा गरिएको छ, ती सबै साधनाहरू एउटै ब्रह्मचर्य अन्तर्गत आउँदछन् । ब्रह्मचर्यलाई पालन नगरी कदापि कुनै तप पूरा हुनसक्दैन । यसैले ब्रह्मचर्यलाई महातप सम्झिनुपर्छ ।

हामीले ब्रह्मचर्यव्रतलाई तप सिद्ध गरेका छौं । प्राचीनकालमा मुख्यतया त्यही तप मानिन्थ्यो । वेदको मन्त्रले भन्छ–'ब्रह्मचर्यरूपी तपबाट देवताहरूले अमरता पाउन सके ।'[3]

हिजोआज यो ब्रह्मचर्यरूपी तपलाई उपेक्षा गरिन्छ । बुद्धि नपुग्नाले

---

[1] न तपस्तप इत्याहुर्ब्रह्मचय तपोत्तममम् ।
–(तन्त्रशास्त्र)

[2] देवद्विज गुरुप्राज्ञ–पूजनं शौच मार्जवम् ।
ब्रह्मचर्य महिंसाच शारीरं तप उच्यते ।।
अनुद्वेग–करं वाक्यं, सत्यं प्रिय हितश्चयत् ।
स्वाध्याया व्यसनं चैव वाङ्मय तप उच्यते ।।
मनः प्रसादः सौम्यत्वं मौनमात्म विनिग्रहः ।
भाव–संशुद्धि रित्येतत्तपो मानस उच्यते ।।
—(श्रीभगवद्गीता)

[3] ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत ।
–(अथर्ववेद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेला गरिएको छ तर त्यसैको फेला नपरी सुख छुन । जिन्दगीहरू स्वाहा हुन थालेपछि वा धर्म नष्ट हुन थालेपछि त्यसैलाई नसंझी सुखै छैन । हाम्रो गर्वलाग्दो अतीतकालमा जुन तपको सिद्धि थियो, त्यो वास्तवमा ब्रह्मचर्य नै थियो । वर्षौं वर्षौंसम्म वा जीवनभरि गरिने जुन तपस्या हुन्थ्यो, जो निर्विघ्नतापूर्वक समाप्त भएपछि ब्रह्मप्राप्ति हुन्थ्यो, त्यही शुद्ध पवित्र तपको नाउँ हो ब्रह्मचर्य ।

□

जसरी ससुद्रबाट पारी जान नाउ (डुङ्गाहरू) साधन छ, त्यसरी नै संसार सागरदेखि पारि जानको लागि ब्रह्मचर्य नै साधन मानिएको छ ।

समुद्रतरणे यद्वत् उपयौ नौः प्रकीर्तितः ।
संसारतरणे तद्रत् ब्रह्मचयं प्रकीर्तितम् ।।

□

वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद् धर्मस्य लक्षणम् ।।
—(मनु– ३।१२)

वेद, स्मृति, सदाचार र आफ्नो रुचि अनुसारको परिणाममा हित हुने कुरो— यी चार प्रकारका धर्मका साक्षात् लक्षणहरू हुन् ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योग र ब्रह्मचर्य

: १० :

यो घोर कलियुगमा हामीले पाइला टेकिराखेका छौं, यो वेला धर्मको महत्त्व पहिलाको भन्दा बढी छ। धर्ममा योगको स्थान कति महत्त्वपूर्ण छ, त्यो सबैले सुनेको बुझेको कुरा हो तापनि हिजोआज योगतर्फ मानिसको मन जाँदैन।

सत्ययुग र द्वापरयुगमा सन्तानोत्पत्ति योगवलद्वारा गरिन्थ्यो भन्ने चर्चा शास्त्रकारहरूले गरेका छन्। वेदहरूमा, उपनिषद्हरूमा र पुराणहरूमा मानिसको जन्म योगवलबाट हुन्थ्यो र सत्ययुग र त्रेतायुगमा मानिसहरू ज्यादै बुद्धिमान्, बलवान् तथा महान् थिए भन्ने कुरा लेखेको छ। उदाहरणका रूपमा, ताण्ड्यमा 'पहिले मानवोत्पत्ति मन-शक्तिको रेतस (जीवन-द्रव्य)बाट भएको थियो' भन्ने लेखेको छ।[1]

श्वेताश्वेतर उपपिषद्मा लेखिएको छ, 'जसलाई योगाग्निमय शरीर प्राप्त भयो, त्यसलाई रोग, वृद्ध अवस्था र मृत्युले सताउँदैनथ्यो।'[2]

अथर्ववेदमा लेखिएको छ–'पहिलो युग (सत्ययुग)मा मनुष्य 'आज, मैथुनको विधि पूरा नगरी जन्मिए।'[3]

'पहिले मानिसहरू योंगबलद्वारा जन्मिएका हुन्थे।'[4]

वायु पुराणमा पनि 'योग महाबल' भएको शरीरको उल्लेख छ।[5]

सांख्य दर्शनमा योगवलद्वारा जन्मिएको शरीरलाई 'साकल्पिक' एवं

---

1 मनसोरेतः प्रथमं यदासीत। —(ताण्ड्य० १०।१२९।४)

2 न तस्य रोगी न जरा मृत्युः
प्राप्तस्य योगाग्निमयं शरीरं —(श्वेताश्वेतर २।१२)

3 यदजः प्रथमं सवभूव सहतत स्वराज्यमिपाय (–अथर्व० २०।७३)

4 ये च योगा शरीरिणः (८।२६)

5 उत्सृज्य देहजातानि महायोगभलेन च (वायु पुराण ६५।११२ तथा ७१।६१।६३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सांसिद्धिक शरीर भनिएको छ ।[1]

ब्रह्मचर्यमा अडेर नबस्ने पुरुष योगभ्रष्ट भएर आफ्नो अनुष्ठानबाट खस्दछ । यो साँचो कुरो छ, एउटा ब्रह्मचारी पुरुषमा चित्त वृत्तिलाई रोक्ने शक्ति रहन्छ ।

योगको उद्देश्य आत्मा वा परमात्मालाई प्राप्त गर्नु हो । उपनिषद्हरूमा आत्मा वा परमात्मामा लीन हुने उपायहरू लेखिएको छ । उदाहरणको लागि यही एउटा वाक्य पर्याप्त छ–'सत्यबाट, तपबाट, पूर्ण ज्ञानबाट र अविचल ब्रह्मचर्यबाट आत्मा (ईश्वर)लाई लाभ हुन्छ । त्यो अन्त:करणमा ज्योतिर्मय र निर्मल रूपबाट विराजमान छ । शुद्ध र निष्पाप मानिसहरूले त्यसको दर्शन पाउन सक्छन् ।[2]

सत्य, तप, र आत्म ज्ञान सबै योगबाट सिद्ध हुन्छ । त्यही योग ब्रह्मचर्यमाथि अडेको छ । यसैकारण नै ब्रह्मचर्य नै सच्चा योग छ । यसलाई परिपालन गर्ने पुरुष कर्मनिष्ठ योगी हुन्छ । चित्तवृत्तिको निरोधबाट योगसिद्ध हुन्छ । ब्रह्मचर्यको पालन नै चित्तवृत्तिको निरोध हो ।

योगशास्त्रमा योग साधनाका तीनवटा क्रियाहरू तथा साधना यसरी लेखिएको छ–'तप, स्वाध्याय र ईश्वरप्राणि–धानलाई क्रिया–योग भनिन्छ ।[3] हाम्रो ब्रह्मचर्यमा पनि यीनै तीनवटा क्रियाहरू मुख्यरूपमा रहेका छन्, यहाँ आठ अंगहरूबाट योग सिद्ध हुन्छ, यही आठवटा अंगहरूको पालनाबाट ब्रह्मचर्यले पूर्णता प्राप्त गर्दछ । योगकै एउटा अंग ब्रह्मचर्य भएकोले ब्रह्मचर्यको पालना गरेर योग प्राप्त गरौं ।

वैशेषिक दर्शनमा 'अयोनिज' भनिएको छ ।[4]

ऋग्वेदमा लेखिएको छ, 'वशिष्टको जन्म मानसिक बलबाट

---

1 सांख्य दर्शनमं 'सांकल्पिक' अथवा 'सांसिद्धिक शरीर भनिएको छ ।
–(सांख्य ५।११२)

2 सत्येन लभ्यस्तपसा ह्येष आत्मा ।
सम्यग्ज्ञानेन ब्रह्मचर्येण नित्यम् ।।
अन्तः शरीरे ज्योतिर्मयो हि शुभ्रो ।
यं पश्यन्ति यतयः क्षीण दोषाः ।।

3 तप स्वाध्यायेश्वर-प्राणिधानानि क्रिया योग: ।
—(योगशास्त्र)

4 वैशेषिक सूत्र, ४।६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको हो ।'[1]

वायुपुराण तथा हरिवंशमा लेखिएको छ, 'भगवान् धन्वन्तरीको जन्म तपस्याद्वारा भएको थियो ।[2]

माथिको उल्लिखित प्रमाणहरूबाट के देखिन्छ भने योगको शक्तिले के गर्न सक्दैन । योगबलद्वारा नै मानिसको सृष्टि हुन्थ्यो भन्ने शास्त्रोक्त प्रमाण पेश गरिसकेकोले शङ्का लिन पर्ने ठाउँ छैन ।

योगबाट ज्ञान पाइन्छ । योग नै धर्मको रूप हो । योग नै परम तप मानिन्छ । यसैले यस्तो योगको अभ्यास गर्नुपर्दछ ।[3]

महर्षि पातञ्जलीले आफ्नो शास्त्रमा यसरी योग लक्षणको वर्णन गरेका छन्–'चित्तको वृत्तिहरूलाई रोक्ने नाम योग हो ।'[4]

चित्तवृत्तिहरूमाथि जतिञ्जेलसम्म अधिकार हुनसक्दैन त्यतिञ्जेल-सम्म लाखौं उपायहरू गरेपनि चित्तवृत्ति रोक्न सकिन्न । चित्तवृत्तिमाथि अधिकार जमाउन मनको साधना गर्नुपर्छ । यही मनको साधना नगरी ब्रह्मचर्यको पालना हुन सक्दैन । यसैले योग गर्नुभन्दा पहिले ब्रह्मचर्य-व्रतको पालन गर्नुपर्छ ।

□

---

1 उत्तोसि मैत्रावरूणा वशिष्ट उर्वश्या ब्रह्मन् मनसो अधिजातः
(–ऋग्वेद० अ ५, अ० २, व० २४)

2 पुत्रकामस्तपे नृपो दीर्घतपास्तपा । तस्य गेहे समुत्पन्नो देवोधन्तरि स्तदा । काशिराजो महाराजः सर्व रोग प्रणाशकः
–(वायु० पु० अ० ९२)

3 योगात्संप्राप्यते ज्ञानं, योगो धर्मस्य लक्षणम् ।
योगो परन्तपोज्ञेयस्तस्माद् योगं सम्यभ्यमेत ॥
–(महामुनि अत्रि)

4 योगाश्चित–वृत्ति–निरोधः ।
—(योग दर्शन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य र ब्रह्मचर्य

: ११ :

सत्यभन्दा ठूलो मन्त्र वा शक्ति अर्को कुनै छैन। सत्यबाटै पृथ्वी अडेको छ, सत्यबाटै सूर्य आफ्ना प्रकाश फैलाउँछन् र सत्यबाटै वायु चल्छ। एउटै सत्यमा सबै केही प्रतिष्ठित छ।[1]

वास्तवमा संसारको बीजरूप एउटा सत्य नै छ। सबै पदार्थमा सत्य विराजमान छ। जहाँ त्यो छैन, त्यहाँ केही पनि रहन सक्तैन। जुन पदार्थको सत्य नष्ट हुन्छ, त्यो स्वयं नाश हुन्छ। सत्यको नै अर्को नाउँ हो अस्तित्व।

यो शरीर भन्नु सत्यको बल हो। योभित्र बस्ने आत्माको सत्य ब्रह्मचर्य हो। बल नरहेपछि शरीर र ब्रह्मचर्यबाट हीन भएपछि आत्माको अस्तित्व रहँदैन। उपनिषद्हरूमा सत्यको महिमा यसरी लेखिएको छ–'सत्यकै जय हुन्छ, असत्यको हुँदैन। सत्यबाटै देवताहरूले बाटो पाउँछन्। ऋषिहरू पनि सत्यकै प्रभावबाटै सफल हुन्छन्। जहाँ सत्यको सत्ता छ, त्यहाँ सबै सुख छ।[2]

सत्यको वर्णन जहाँ हुन्छ, त्यो यही ब्रह्मचर्य हो। सत्य र ब्रह्मचर्यको अलग–अलग रूप छैन, एउटै रूप छ। जसले ब्रह्मचर्यको पालन गर्दछ त्यसले सत्यको पालन गरेको हुन्छ। सत्यलाई ब्रह्मचर्यदेखि अलग गरेर कदापि विचार गर्न सकिन्न। सत्यलाई जति बढी पालन गर्ने जमर्को गर्दछौं, उति त्यही सत्यले हामीलाई सुखी बनाउँछ।

---

1 सत्येन धार्यते पृथ्वी, सत्येन तपते रविः।
सत्येन वातिवायुश्च, सर्वं सत्ये प्रतिष्ठितम्॥

2 सत्यमेव जयते नानृतम्।
सत्येन पन्था विततो देवयानः॥
येनक्रमन्तृ यो ह्याप्तकामा।
यत्रतत्सत्यस्य परम निधानम्॥

–(मुण्डकोपनिषद्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूज्य भीष्म पितामहले ब्रह्मचर्यरूपी वृक्षलाई सत्यरूपी शक्तिको जल छर्किनु भएको थियो । उहाँले जीवनभरि ब्रह्मचर्य पालन गरेर आफ्नो प्रतिज्ञा पूरा गरी देखाएकोले त्यस सत्यरूपी ब्रह्मचर्यले कीर्ति तथा आदर्श खडा गरेको सम्झना शास्त्र पढ्दा हामीलाई हुन्छ । हामीले सत्यलाई फेरि जगाउनु परेको छ । सत्यको विजय नहुञ्जेल धर्म अड्न सक्दैन । धर्म बचाउनु छ भने पहिले सत्यलाई चिनेर आत्मसात् गर्नुपर्दछ । अखण्ड ब्रह्मचारी भीष्मको दृढ संकल्प एकपटक यसरी गुंजेको थियो–"चाहे इन्द्र आफ्नो पराक्रम छोडून्, तर जुन सत्य (ब्रह्मचर्य)लाई मैले धारण गरेको छु, त्यसलाई कहिले छोड्न सक्दिन ।"[1]

प्रसिद्ध साहित्यकार जर्ज वर्नाड शाले लेखेका छन्–'साँचो कुरो भन्नु मेरो ठट्टा गर्ने तरिका हो। संसारमा यो सबभन्दा विचित्र ठट्टा हो ।'[2]

'विद्याभन्दा ठूलो कुनै आँखा छैन, सत्यभन्दा ठूलो कुनै तप छैन, रागको समान कुनै दुःख छैन र न त्यागको वरावर सुख छ ।'[3]

'सत्य नै परम बल हो, सत्यबाटै अमरत्व प्राप्त हुन्छ । सत्य बोल्दा क्षमाको गुण आउँदछ' यो कुरो वेदव्यास भन्नुहुन्छ । ईशावास्योपनिषद्मा लेखिएको छ-'सत्यको मुख सुनको रिकापीले ढाकेको हुन्छ । हे ईश्वर ! त्यो सुनको रिकापी झिकिदिनुहोस्, जसबाट सत्य धर्म देख्न सकियोस् ।'[4]

जुन व्यक्तिका हृदयमा सत्यप्रति आदर, श्रद्धा, निष्ठा छ, जसले सत्य हेर्न र पालन गर्न चाहन्छ, त्यसले ब्रह्मचर्यरूपी सत्यलाई पालन गर्दा सद्गति भेट्दछ । □

---

1 त्यजेच्च पृथिवीं गन्धमापश्च रसमात्मनः । ... मिकमं वृत्रहा जह्याद्धर्मं जह्याच्च धर्मराट् ।
न त्वहं सत्यमुत्स्रष्टुं, व्यवसेयं कथञ्चन ॥ –(महाभारत)

2 *My way of joking is to tell the truth. It's the funniest joke in the world.*
–(जर्ज वर्नाड शा)

3 नास्ति विद्यासमं चक्षुर्नास्ति सत्यसमं तपः ।
नास्ति रागसमं दुःखं नास्ति त्यागसमं सुखम् ॥
सत्यं हि परमं बलम् ।
–(वेदव्यास)

4 हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ।
तत्त्वं पूषन्न पावृणु सत्य–धर्माय दृष्टये ॥
–(ईशावास्योपनिषद्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्तव्य र ब्रह्मचर्य

: १२ :

सत्कर्तव्यलाई पालन गर्ने पुरुष संग्राममा विजयी हुन्छ ।[1]

आफ्नो कर्तव्यको पालन प्राण जाउञ्जेलसम्म पनि गर्नुपर्दछ ! तर जसलाई हामी अकर्तव्य सम्झिन्छौं, त्यसलाई प्राण जाँदा पनि गर्नु हुँदैन ।[2]

हामी ब्रह्मचर्यलाई नै सबै कर्तव्यहरूको कर्तव्य मान्दछौं । संसारमा सारा कर्तव्यहरू पालन गरियो भने पनि एउटा कर्तव्य त बाँकी रहन्छ, त्यही कर्तव्य हो ब्रह्मचर्य । यो कर्तव्य अति महत्त्वपूर्ण छ । ब्रह्मचर्यको पालन विना एउटा कर्तव्य पनि पूरा हुनसक्दैन । यसैबाट विचार गर्न सकिन्छ यो कति महत्त्वपूर्ण छ ।

कर्तव्यले नै मनुष्यका सबै कार्यहरू पूरा गर्दछ ।[3]

मनुष्यले असंख्य कर्तव्यहरू पूरा गर्नुपर्दछ । ब्रह्मचर्यले ती कर्तव्यहरू पूरा गर्ने शक्ति तथा प्रेरणा दिन्छ । यसैले ब्रह्मचर्य पालन गर्ने कर्तव्यलाई पूर्णरूपको कर्तव्य भन्न सकिन्छ । यो कर्तव्यको सामु विश्वको सबै कर्तव्यहरू मूक तथा पंगु हुन्छन् । यो ब्रह्मचर्यलाई पालन गर्ने पुरुष नै सच्चा कर्तव्यनिष्ठ हुन्छ र त्यसैले सबै सुख पाउन सक्छ । विद्वान् जर्ज इलियट भन्छन्–'एउटा कर्तव्य–पूर्तिको पुरस्कार छ अर्को कर्तव्य पूरा गर्ने योग्यता ।[4]

---

1 जयं प्राप्नोति संग्रामे यः सुकार्यण्यनुष्ठते ।
–(विदुरनीति)

2 कर्तव्यों मेव कर्तव्यं, प्राणैः कण्ठगतैरपि ।
अकर्त्तव्यं न कर्त्तव्यं, प्राणैः कण्ठगतैरपि ॥
–(नीति–शास्त्र)

8 कर्त्तव्यं सर्व-साधकम् ।
–(सूक्ति)

4 *The reward of one duty done is the power to fulfil another.*
–George Eliot.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तैत्तिरीयोपनिषद्‌मा आचार्यद्वारा कर्तव्यको ज्यादै राम्रो परिभाषा गरिएको छ। त्यही वचनमा कर्तव्य पालनको आज्ञा ब्रह्मचारीलाई दिइएको छ - 'जुन निर्दोष कर्म छ, ती कर्तव्य हुन्, अकर्तव्य पालन गर्नु योग्य होइन, वरु मूर्खता हो।[1]

यी उपर्युक्त कथन तथा शास्त्र विचारबाट यो ज्ञान पाइन्छ, जति दोष रहित कर्महरू छन्, ती सबैको गणना कर्तव्यमा हुन्छ, त्यसलाई पालन गर्नु शास्त्रसंगत छ। मानिसको जन्म भएर मानिसले पालन गर्नुपर्ने मानवोचित कर्तव्यहरू ब्रह्मचर्य पालन नगरी पूरा हुन सक्दैनन्। जुनसुकै आश्रममा बस्ने मानिसको लागि पनि यो एक अनिवार्य कर्तव्य छ। यसैले, सबै कर्तव्यहरूका मूल यही ब्रह्मचर्य पालनको कर्तव्य हो। □

---

1 यान्मनवद्यानिकर्माणि तानि सवितव्यानि, नो इतराणि।
—(उपनिषद्)

□

कर्तव्य पालनगर्दा मुख्यरूपमा विचार सन्तुलनको आवश्यकता सर्वप्रथम पर्दछ। जिम्मेवारीलाई जिम्मवारीका रूपमा त्यही व्यक्तिले विचार गर्न सक्दछ, जसले जिम्मेवारीको महत्त्व पहिले नै बुझिसकेको छ। देशको उज्ज्वल भविष्य त्यही समाजमाथि आश्रित छ, जहाँ कर्तव्यनिष्ठा पूरा रूपमा विकसित भइसकेको छ। यदि हाम्रो मन, बुद्धि तथा विचार सुधारिएको तथा परिष्कृत छैन हाम्रो भावना वा सूझबूझ सबै स्वार्थमय वासनादेखि ओतप्रोत छ भने हामी आफ्नो सामाजिक तथा राष्ट्रको एउटा नागरिकको कर्तव्य पनि पूरा गर्न कहिले पनि सफल हुन सक्दैनौं।

□

अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, शरीरश्रम, अस्वाद, अभय, सबै धर्महरूप्रति समानता, स्वदेशी र अस्पृश्यता-निवारण— यी एघार व्रतहरूको पालन नम्रतापूर्वक गर्नुपर्दछ।

अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, असंग्रह।
शरीरश्रम, अस्वाद, सर्वत्र, भयवर्जन॥
सर्वधर्म-समानत्व स्वदेशी स्पर्शभावना।
विनम्र व्रतनिष्ठा से ये एकादश सेव्य हे॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यम, नियम र ब्रह्मचर्य

: १३ :

अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह यी पाँचवटालाई यम भनिन्छ ।[1]

मन, वचन र कर्मले कसैलाई कष्ट नदिने नाम 'अहिंसा' हो । जस्तो देखियो, सुनियो, र मनमा छ, त्यसलाई त्यसैरूपमा भन्नुलाई 'सत्य' भनिन्छ । अर्काको लोभ नगर्नु 'अस्तेय' हो । उपस्थेन्द्रियको संयम तथा वीर्य रक्षाको नाम 'ब्रह्मचर्य' र शरीर यात्राको निर्वाहका लागि ज्यादा भोग सामग्रीहरू जम्मा नगर्नु 'अपरिग्रह' कहलाउँदछ ।

अब महर्षि पतञ्जलीले योगदर्शनमा यमहरूको लाभको बयान यसरी गरेका छन्-'अहिंसा'को पालनबाट वैरभावलाई त्याग्न सकिन्छ । अर्थात् सबै जीवहरूमाथि दया गर्दाखेरि प्रेम गर्न सकिन्छ ।[2] 'सत्य'को पालनाबाट सबै कार्य सिद्ध हुन्छ ।[3] वचनको प्रभावबाट अरूलाई र आफूलाई सुख मिल्छ । 'अस्तेय'को पालनबाट सबै स्वत प्राप्त हुन्छ । सबैको विश्वासपात्र बन्न सकिन्छ ।[4] 'ब्रह्मचर्य'को पालनबाट वीर्य लाभ हुन्छ । अर्थात् त्यसबाट शारीरिक र मानसिक बल बढ्दछ ।[5] 'अपरिग्रह'को पालनबाट जन्म सुधारको विचार उत्पन्न हुन्छ ।[6]

महर्षि पतञ्जलीले यिनै पाँचवटा यमहरूलाई अकाट्य तथा सार्वभौम महाव्रत मानेका छन् । यसको पालन सबै जातिले, सबै ठाउँमा, सबै समयमा

---

1 अहिंसा सत्यास्तेय-ब्रह्मचर्या परिग्रहा यमाः ।

2 अहिंसा–प्रतिष्ठायां तत्सन्निधौ वैर त्यागः ।

3 सत्य–प्रतिष्ठायां क्रिया–फलाश्रयत्वम् ।

4 अस्तेय-प्रतिष्ठायां सर्व–रत्नोपस्थानम् ।

5 ब्रह्मचर्य प्रतिष्ठायां वीर्य–लाभः ।

6 अपरिग्रहस्थैर्ये जन्म कथन्ता सम्बोधः ।

—(योगदर्शन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र सबै अवस्थामा गर्न सकिन्छ । यहाँ 'योगदर्शन'मा लेखिएको छ–

शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वर प्रणिधान यी पाँचवटालाई नियम भनिन्छ ।[1]

शारीरिक र मानसिक पवित्रताको नाम 'शौच' हो। भोगको साधनहरूको अनिच्छाको नाम 'सन्तोष' हो । सुख–दुःख, जाडो-गर्मी सहने तथा परिमित आहार–विहार गर्ने नाम 'तप' हो । ओंकारादि जप र वेद शास्त्रहरूको अध्ययनको नाम 'स्वाध्याय' हो र फलरहित भएर परमात्माको उपासनाको नाम 'ईश्वर प्रणिधान' हो ।

अब 'योगदर्शन' अनुसार नियमहरूलाई पालन गर्दा जुन फल पाइन्छ, त्यसलाई यहाँ उल्लेख गर्दछु–

बाह्य 'शौच'बाट शरीरको मोह र अरूका साथ सम्बन्धको इच्छा रहँदैन । 'आभ्यन्तर' शौचबाट मनको शुद्धि, प्रसन्नता, एकाग्रता, इन्द्रिय जय र आत्म दर्शनको योग्यता पाइन्छ ।[2]

'सन्तोष'को साधनाबाट परम सुख मिल्छ । तृष्णा नाश भएपछि मनको अशान्ति हट्दछ ।[3]

'तप'को साधनाबाट सुन्दर स्वाध्याय र इन्द्रियहरूमाथि अधिकार हुन्छ ।[4]

'स्वाध्याय' गर्दा इष्टसाधन र आत्मज्ञानको उपलब्धि हुन्छ ।[5]

'ईश्वर-प्रणिधान'बाट समाधि तथा अत्यन्त शान्ति मिल्दछ ।[6] आत्मा परमात्मामा लीन भएपछि कुनै सुख फेरि शेष रहँदैन । यो शास्त्रोक्त विचार छ–

यद्यपि यम र नियम योगको अंग हो, तथापि यो 'ब्रह्मचर्य'को पनि

---

1 शौच–सन्तोष तपः स्वाध्यायेश्वर–प्रणिधनानि नियमाः ।

2 शौचस्स्वांग जुगुप्सा परैरसंसर्गः ।
सत्त्वशुद्धि सौमनस्यैकाग्र्येन्द्रिक जयात्मदर्शन योग्यत्वानिच ।

3 सन्तोषादनुत्तम सुखलाभः ।

4 कायेन्द्रिय शुद्धिरशुद्धि क्षयात्तपसः ।

5 स्वाध्यायादिष्ट देवता संप्रयोगः

6 समाधि सिद्धिरीश्वर प्रणिधानात् ।

–(योगदर्शन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान शरीर हो । ब्रह्मचर्यलाई पालन गर्दा प्रत्येक ब्रह्मचारीले पाँच यम र पाँच नियमलाई पालन गर्नुपर्छ। यो पालन नगरी ब्रह्मचर्यव्रतको कहिले पनि सिद्धिप्राप्त हुनसक्दैन धर्माचार्य मनुले पनि यम र नियमहरूको सम्वन्धमा आफ्नो विचार यसरी प्रकट गरेका छन्–'बुद्धिमानले सदैव यमहरूको सेवन गर्नुपर्दछ; नियमहरूको पालन पनि नित्य गर्नुपर्छ। किनभने यमहरूको पालन नगर्ने मनुष्य केवल नियमहरूलाई पालन गरेर पनि पतित वन्दछ ।[1]

मुख्य कुरो यही छ, अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रहलाई पालन नगर्ने मनुष्य शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वर-प्रणिधान गर्दै रहेपनि काममा असफल हुन्छ । संक्षेपमा यही भन्न सकिन्छ, ब्रह्मचर्य पालन गर्न यम-नियम दुवै आवश्यक अंग हुन् । यो अति महत्त्वपूर्ण कुरो छ, यो कुरोलाई मनमा राख्नुपर्छ, ब्रह्मचर्यरूपी आत्मा यिनै यम नियमको पालनावाट वनेको शरीरमा वास गर्दछ ।

□

1 यमान्सेवत सततं, न नित्यं नियमान्बुधः ।
यमान्यतत्वकुर्वाणो, नियमान्केवलान्भजन् ।।
–(मनुस्मृति)

□

माता शत्रुः पिता वैरी येन वालो न पाठितः ।
न शोभते सभामध्ये हंसमध्ये वको यथा ।।
–(चाणक्य. २/११)

त्यो आमा शत्रु र वावु वैरी समान छ, जसले आफ्नो वालकलाई विद्या पढाएन; किनभने नपढेको वालक सभामा त्यसरी नै शोभा पाउँदैन, जसरी हाँसहरूका वीच वकुल्ला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञ र ब्रह्मचर्य

: १४ :

यज्ञबाट मेघको उत्पत्ति हुन्छ र मेघबाट अन्न पैदा हुन्छ, अनि अन्नबाट सबै बाँच्छन् ।[1] नेपाल कृषिप्रधान देश, त्रियानब्बे प्रतिशत जनता कृषिमा निर्भर र चालीस प्रतिशतभन्दा बढी जनता गरीबीको रेखा मुनि छन् । नेपालको अन्न बाहिर जान्छ, नेपालमा अन्नको हाहाकार पर्छ । बाहिरबाट अन्न मागेर हामीले खानुपर्छ । यहाँ यस्तै छ ।

यज्ञको महिमा वेदहरूमा विविध प्रकारबाट गाइएको छ; जुनद्वारा परमात्मा चिन्न सकियोस्, ज्ञानी त्यसलाई 'यज्ञ' भन्छन् । यसै कारणले उपनिषद्हरूमा ब्रह्मचर्यलाई यज्ञका रूपमा वर्णन गरिएको छ-'जसलाई 'यज्ञ' भनिन्छ, त्यो ब्रह्मचर्य नै हो । जसले ब्रह्मचर्यलाई जान्दछ, त्यसले ब्रह्म पाउँदछ । जसलाई 'इष्ट' भनिन्छ, त्यो ब्रह्मचर्य नै हो । ब्रह्मचर्यद्वारा प्राप्त गरिएको आत्मभाव नष्ट हुँदैन । जसलाई 'अरण्यायन' भनिन्छ, त्यो ब्रह्मचर्य नै हो । किनभने ब्रह्मचर्यद्वारा (कर्मकाण्ड र ज्ञानकाण्डको फल) ब्रह्मपुरी पाइन्छ । ब्रह्मचर्यरूपी यज्ञको अनुष्ठान गर्ने पुरुषले अग्निस्वरूप भएर आफ्नो तथा अरूहरूको पापलाई तृण जसरी भस्म गर्दछन् ।'[2]

शास्त्रमा ब्रह्मचर्यलाई यज्ञ मानेर ब्रह्मचारीलाई यज्ञको कर्ता मानिएको छ । यज्ञको प्रधान अंग ब्रह्मचारी हो भने ब्रह्मचर्यको अवस्था यज्ञ नै हो । ब्रह्मचारीले यज्ञ गर्ने कुनै आवश्यकता छैन, किनभने उसले त त्यसै यज्ञको फल पाउँछ ।

---

1 यज्ञाद्भवति पर्जन्यः पर्जन्यादन्नसम्भवः

–(मनुस्मृति)

2 अथ यद्यज्ञ इत्याचक्षते ब्रह्मचर्य मेव । तद
ब्रह्मचर्येण ह्येव यो ज्ञाता, तं विन्दतेऽथ
यदिष्टमित्याचक्षते ब्रह्मचर्यमेवतदब्रह्मचर्येण
ह्येवेऽऽत्मान मनुविदते । - (छन्दोग्योपनिषत्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षि अंगिराको छोरा घोरनामा ऋषिले देवकीका छोरा श्री कृष्णलाई बालककालमा पढाउँदा यस्तो अति महत्त्वपूर्ण कुरो भनेका थिए —"ब्रह्मचारीका लागि विशेष कर्म केही छैन । मर्ने वेलामा यति भनेपछि मुक्ति पाउँदछ–"हे परमात्मन् ! हजुर अविनाशी हुनुहुन्छ । हे देवता ! हजुर 'एकरस'मा रम्नेवाला हुनुहुन्छ र हजुर नै 'जीवनदाता तथा अति सूक्ष्म' हुनुहुन्छ । यति कुरो भनेपछि त्यसले सद्गति पाउँदछ । यसको यही अभिप्राय हो, ब्रह्मचर्यको पालना नै जीवनको लागि अन्तिम यज्ञ हो ।" गुरूबाट यस्तो उपदेश सुनेर भगवान् श्री कृष्णले अरू सबै विचारलाई छोडेर परमात्मपरायण बन्नुभयो । यो कुरो शास्त्रहरूबाट सिद्ध छ, ब्रह्मचर्य नै श्रेष्ठ यज्ञ हो र ब्रह्मचारी नै यज्ञ कर्ता हो ।

□

जुन मनुष्य ईश्वरपरायण रहन्छ, ग्राम्यसुख (विषय भोग)बाट अलग रहन्छ र जो सन्तोषले तृप्त रहन्छ, (जसको मनमा तृष्णा रहँदैन)त्यसलाई समयमा निद्रा नआई छोड्दैन ।

ब्रह्मचर्यरतः ग्राम्य सुख निस्पृह चेतसः ।
निद्रां सन्तोषतृप्तस्य स्वंकालं नातिवर्तते ।।

□

येषां न विद्या न तपो न दानं
न चापि शीलं न गुणो न धर्मः ।
ते मृत्युलोके भुवि भारभूता
मनुष्यरूपेण मृगाश्चरन्ति ।।

जसमा न विद्या छ, न तप छ, न दान छ, न शील (सदाचार) छ, न गुण छ र न धर्म नै छ, त्यो यो मनुष्यलोकमा पृथ्वीको भार बनेको मनुष्यको रूपमा पशु नै बनी रहन्छन् ।

–(चाणक्य० १०।७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श ब्रह्मचारीहरू

: १५ :

ब्रह्मचारीले आफ्नो सद्ज्ञान, पराक्रम, सिद्धान्त, सदाचार तथा उत्तम गुणहरूलाई साना-ठूलाको भेदभाव नगरी सबैमा फैलाउँछ । यसैले गर्दा चारैतिर जनतामा नव-जीवनको सञ्चार हुन्छ ।[1]

धर्मशास्त्रहरूमा कैयौं पुरुषहरूले ब्रह्मचर्य पालन गरेको वर्णन छ । यो व्रतलाई विधिवत रूपमा पालन गर्नेले ठूलो सफलता पाउँदछ । ती आदर्श ब्रह्मचारीहरूको परिचय दिनु असंगत तथा अप्रासंगिक हुने छैन, जो आफ्नो समयमा अद्वितीय थिए । ती महापुरुषहरूलाई आज पनि तिनीहरूले देखाएको उज्ज्वल आदर्शका लागि श्रद्धा र भक्तिले हृदय गद्‌गद् भई नसंझी सुख छैन । ती महापुरुष बितेको हजारौं हजार वर्ष भइसक्दा पनि ती महापुरुषको वाणी तथा सदुपदेश हामीलाई आजको जस्तो लाग्छ । किनभने तिनको वाणीबाटै मानवले यो लोकमा पवित्र भएर शान्त मनले बस्न पाउँदछ र मृत्यु पश्चात् मुक्ति पाई जन्म जन्मान्तरको बन्धनको धागो चुँडाल्छ ।

जगत् विख्यात ब्रह्मचारीको नाम हो महावीर हनुमान । यिनको कथा रामायणमा लेखिएको छ । यिनले जीवनभरि ब्रह्मचर्य पालन गरी बसे । यिनले यस्तो कडारूपमा ब्रह्मचर्यको पालन गरी बसे कि सपनामा पनि यीनको वीर्य खस्न पाएन । ब्रह्मचर्यकै प्रभावबाट यिनको शरीरमा असीमित बल आयो र हिउँले भरिएको एउटा सगरमाथाको चुचुरो जस्तो कडा र हृष्टपुष्ट यिनि बने ।[2] त्यो महावीर्यको संरक्षणको प्रभावले गर्दा यिनिले गाह्रोभन्दा गाह्रो

---

1 ब्रह्मचारी सिञ्चति सानौं रेतः ।
पृथिव्या तेनजीवन्ति प्रदी शश्चतस्रः ।। – (अथर्ववेद)

2 अतुलितबलधामं हेमशैलाभदेहं,
दनुजवनकृशानं ज्ञानिनामग्रगण्यम् ।
सकुलगुणनिधानं वानराणामधीशं,
रघुपतिप्रियभक्तं वातजातं नमामि ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम पनि सजैलैसित गर्न सक्दथे । ब्रह्मचर्यबाट आर्जन गरिएको शक्तिलाई वा आफ्नो जीवनको उद्देश्य केवल सेवाकार्यमात्र थियो । यिनले कहिले शक्तिको दुरूपयोग गरेनन्, यदि त्यसो गरेको भए त्यो ब्रह्मचर्यको विपरीत हुन्थ्यो । रघुपति श्री रामका अत्यन्त प्यारा भक्त महावीर हनुमानले बलिया-बलिया नामूद राक्षसहरूको घमण्डलाई धूलोपिठो पारिदिएका थिए । अनुकरणीय स्वामीभक्ति, असीम पराक्रम, तेजस्वी स्वभाव र पवित्र अन्तःकरणका लागि उनी प्रसिद्ध थिए । यिनै गुणहरूले विभूषित हुनुकासाथै उनी ज्यादै ठूला विद्वान् र मेधावी पनि थिए । वक्तृत्वकलाबाट अर्काको हृदयलाई आफूतिर खिच्न उनी जान्दथे ।

रामायण किष्किन्धा काण्डमा भगवान् श्री रामले स्वयं आफ्नो श्रीमुखबाट वायुपुत्र हनुमानको विद्वत्ता र वाक् चातुर्यको भुरीभुरी प्रशंसा गर्नु भएको छ ।

महाबली वालीले आफ्नो भाइ सुग्रिवलाई कुटपीट गरेर निकालेका थिए । उनी ऋष्यमूक पर्वतमा गएर हनुमानसँगै बस्दथे । एकदिन श्री रामले जानकीजीलाई खोज्दै लक्ष्मणसँग त्यतातिर जानुभयो । सुग्रिवका मनमा शंका र डर थियो । सुग्रिवले यो रहस्य जान्नको लागि हनुमानलाई पठाए । हनुमान पनि बाहुनको रूप धारण गरेर श्री राम र लक्ष्मण कहाँ पुगे । हनुमानको सारगर्भित भाषणबाट खुशी भएर श्री रामले लक्ष्मणलाई भन्नुभयो –'हे लक्ष्मण ! मीठो वाक्यले परिपूर्ण सुग्रिवका वाणी सचिव हनुमानको मुखारविन्दबाट भाषण सुनेर उनी ऋग्वेद, यजुर्वेद र सामवेदका ज्ञाता रहेछन् भन्ने देखिन्छ । उनी वेदविज्ञ देखिन्छन् । निश्चय नै उनले व्याकरणको राम्रो अध्ययन गरेका रहेछन् । कारण यो छ, उनले यति ज्यादा बोलेर पनि एउटा अशुद्धि भएन । मुखमा, आंखामा र भ्रूभागमा तथा अन्य कुनै पनि अवयवमा यिनको कतैपनि दोष देखिएन । सूक्ष्म रीतिबाट स्पष्ट अस्खलित श्रुति-मधुर न त ज्यादा विस्तारै र न ज्यादा ठूलो स्वरमा यिनले भाषण गरे। सुसंस्कृत नियमयुक्त अद्भुत प्रकारबाट प्रिय तथा हृदय खुशी गर्ने वाणी यिनको मुखबाट उच्चारण भएको थियो ।[1]

---

[1] तमभ्यभाष सौमित्रे ! सुग्रिव-सचिवं कपिम् ।
वाक्यज्ञ मधुरैर्वाक्यैः स्नेहयुक्त मरिन्दमम् ॥
नानृग्वेद विनीतस्य, नायजर्वेद धारिणः ।
नासामवेद–विदुषः शक्यमेवं विभाषितुम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री जानकीलाई खोज्दै वानरहरू समुद्रका किनारमा पुगे। सबैले समुद्रलाई नाघ्नको लागि आफ्नो–आफ्नो बलको वर्णन गरे। जाम्ववन्तले विना हनुमान यहाँ काम चल्ने छैन भन्ने ठह्याए। जाम्ववन्तले उत्साहप्रद वचनहरू बोलेर प्रोत्साहित गरे हनुमानलाई। हनुमान उत्तेजित भएर वानर सेनालाई यसरी घोषणा गरे—'जसरी श्री रामचन्द्रले चलाएको वाण सनसन एर जान्छ, त्यसरी नै म रावणद्वारा रक्षा गरिएको लंकापुरीमा जानेछु। यदि मैले त्यो लंकामा जानकीलाई देखिनँ भने त्यही वेगले स्वर्गमा जानेछु। यदि मैले यति परिश्रम गरेपछि पनि त्रिलोकमा सीतालाई पाउन सकिनँ भने म राक्षसका राजा रावणलाई बाँधेर यता ल्याउने छु। या त म कृतकार्य भएर सीताको साथ आउँला या लंकालाई राम्ररी नष्ट-भ्रष्ट पारेर रावणलाई पक्रेर ल्याउँला।"[1] हनुमानको वाणीमा कस्तो तेज ! हृदयमा कस्तो जोश र कस्तो दृढता ! यो सबै ब्रह्मचर्यको प्रभावले हो।

भगवान् श्री रामका प्यारा भाइ श्री लक्ष्मणको ब्रह्मचर्यव्रतको पनि

नूनं व्याकरणं कृत्स्न मनेन वहुधा श्रुतम्।
वहु व्याहरतानेन्, न किञ्चिदपशब्दितम्॥
न सुखेनेत्रकोश्चापि, ललाटे च भ्रुवोस्तथा।
अन्येष्वपि च सर्वेषु, दोषः संविदितः क्वचित॥
अविस्तरमसन्दिग्धमविलम्वितमव्ययम्।
उरस्थं कण्ठगे वाक्यं वर्तते मध्यम स्वरम्॥
संस्कार–क्रम सम्पन्ना मद्भुतामविलम्विताम्।
उच्चारयति कल्याणीं वांच हृदय हर्षिणीम्॥

–(वाल्मीकि रामायण)

---

[1] यथा राघव- निर्मुक्त शर श्वसन-विक्रमः।
गच्छेत्तद्वदगमिष्यामि, लंकां रावणपालिताम्॥
नहि द्रक्ष्यामि यदितां लंकायां जनकात्मजाम्।
अनेनैव हि वेगेन, गमिष्यामि सुरालयम्॥
यदि वात्रि दिवे सीतां, न द्रक्ष्मामि कृतश्रमः॥
वद्ध्वा राक्षस राजान मानयिष्यामि रावणम्॥
सर्वथा कृत कार्योऽह मेष्यामि सह सीतया।
आनयिष्यामि वा लंका, समुत्पाद्य स रावणम्॥

–(वाल्मीकि रामायण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशंसा गर्नुपर्छ ।

महाभारतको चरित्र–नायकहरूमा श्री भीष्म पितामह मुख्य मानिन्छन् । उहाँको परम स्वार्थ त्याग, उच्च–धर्म नीतिज्ञता अद्‌भुत पराक्रम, शस्त्रास्त्र चलाउनमा निपुणता, युद्ध–कौशल, विपुल पाण्डित्य तथा उदार चरित्र प्रायः सबभन्दा ठूलो विख्यात कुरो छ । भीष्मको पहिलेको नाम देवव्रत थियो । बाल ब्रह्मचारी भएर जीवनभरि ब्रह्मचर्यमै रहने भीष्मले आफ्नो बाबुको विवाहको लागि यस्तो कठोर प्रतिज्ञा पूरा गरी देखाए । कहिले खेर नजाने प्रतिज्ञा गरेकोले 'भीष्म प्रतिज्ञा'का रूपमा समेत विख्यात भएको थियो ।

यिनै महापुरुषको उन्नत व्यक्तित्वका सम्वन्धमा एउटा ज्यादै प्रचलित राम्रो श्लोक यो छ–'भीष्म सर्वगुण सम्पन्न ब्रह्मचारी, दृढव्रती, धर्मलाई पालन गर्ने बुद्धिमान् र संसारका ठूला यशस्वी पुरुष थिए ।[1]

भीष्मकी विमाताले आफ्नो वंश-विच्छेद भएको देखेर विवाह गर्न आग्रह गरिन् । महर्षि व्यासले पनि भीष्मलाई ब्रह्मचर्य छोडेर विवाह गर्न सम्झाए । अरू धेरै मान्यजन तथा कुटुम्बजनले प्रतिज्ञा छोड्न आग्रह गरे तर यिनले आफ्नो प्रतिज्ञा छोडेनन् । यिनले अन्त्यमा आफ्नो ओजस्वी तथा अटल विचार यसरी प्रकट गरेका थिए–'चाहे भूमिले आफ्नो गुण गन्ध छोडोस्, जसले आफ्नो तरलत्व त्यागोस्, सूर्यले आफ्नो तेज छोडिदेओस्, वायुले आफ्नो स्पर्श गर्न त्यागिदेओस्, इन्द्र पराक्रमरहित होस् र धर्मराज धर्मबाट विमुख भएर रहुन् तर म जुन ब्रह्मचर्यरूपी सत्यलाई धारण गरिराखेको छु, त्यसलाई कदापि छोड्न सक्दिन ।' यो भन्दा ठूलो कुरो अरू के एउटा सत्यशील ब्रह्मचारीले भन्न सक्दछ ?'[2]

---

1 भीष्म सर्वगुणोपेतः ब्रह्मचारी दृढव्रतः ।
लोक-विश्रुत कीर्तिश्च सद्धर्माभून्महामतिः ।।
–(सूक्ति)

2 त्यजेच्च पृथ्वी गन्धमापश्चरस मात्मनः ।
ज्योतिस्तथा त्यजेद्रूपं वायुः स्पर्श गुणं त्यजेत् ।।
विक्रमं वृत्रहाजह्याद्धर्मं जह्याच्च धर्मराट् ।
नत्वहं सत्यमुत्स्रष्टुं, व्यवसेयं कथंचन ।।
–(महाभारत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तमानयुग सामाजिक चेतनाको युग भएकोले समाजको हितभन्दा पनि ज्यादा व्यक्तिको हितको महत्त्व राख्दछ । व्यक्तिको हितको रक्षा सच्चरित्रताको पालन भएमा समाजको अवस्था सुध्रिन्छ । एउटा व्यक्तिको अधिकारमा बाधा पुग्न गएको खण्डमा देशमा एउटा हलचल मच्चिन्छ तर सच्चरित्रतामा जति आँच आए पनि केही हुँदैन । पञ्चायती शासन व्यवस्थामा देशमा प्रजातान्त्रिक अभ्यास हुँदै रहेकोले ब्रह्मचर्यको पालनमा जोड दिएर शास्त्रोक्त मानिसको नैतिक शक्ति, मनोबल, वैचारिक दृढता र चारित्रिक उत्थान गराउन प्रयत्नहरू गर्नुपर्दछ ।

□

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।।

धैर्य राख्नु, क्षमा गर्नु, मनलाई वशमा राख्नु, चोरी नगर्नु, बाहिर भित्र पवित्रता राख्नु, इन्द्रियहरूलाई वशमा राख्नु, सात्त्विक बुद्धि, सात्त्विक ज्ञान, सत्य वचन बोल्नु र क्रोध नगर्नु—यी धर्मका दशवटा लक्षणहरू हुन् ।

—(मनु० ६।९२)

□

आहारनिद्राभयमैथुनानि
समानि चैतानि नृणां पशूनाम् ।
ज्ञानं नराणामधिको विशेषो
ज्ञानेन हीनाः पशुभिः समानाः ।।

आहार, निद्रा, भय र मैथुन–यी मनुष्यहरू र पशुहरूमा बराबर हुन्छन् । मनुष्यहरूमा केवल विशेषता यही छ कि त्यसमा आफ्नो कर्तव्यको ज्ञान ज्यादा छ, तर ज्ञानदेखि शून्य मनुष्य पशुहरू जस्तै हुन्छ ।

—(चाणक्यनीति १७।१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यका दुइटा ठूला आचार्य

: १६ :

आचार्यले आफ्नो ब्रह्मचर्यको बलबाट ब्रह्मचारीहरूको हित गर्दछन् ।[1]

धार्मिक दृष्टिबाट आचार्य पनि विद्यार्थीहरूका परमपिता हुन्छन् ।[2]

प्राचीनकालमा ब्रह्मचर्यका अनेक आचार्यहरू भएका थिए । देवताहरूले ब्रह्मचर्यव्रतको पालन गरी अमरता प्राप्त गरेका थिए । तर आचार्यको कृपाले असुरहरूले यो महाव्रतको माहात्म्य जानेका थिए । आचार्यहरू स्वयं ब्रह्मचर्य पालनको लागि दृढ संकल्पकासाथ रहन्थे र आफ्ना शिष्यहरूलाई पनि ब्रह्मचर्यको पालन गर्न शिक्षा दिन्थे । यी आचार्यहरूभन्दा पनि महान् आचार्य भगवान् शंकर र दानवहरूका गुरु शुक्राचार्य हुन् । हामी नेपालीहरूका आश्रयदाता तथा मुक्तिदाता श्री पशुपतिनाथ सदाशिव भोलेबाबा उनै शिवको ज्योतिर्लिङ्ग तथा शिरको भाग मानेर हामी अत्यन्त श्रद्धा तथा भक्ति राख्दछौं ।

भगवान् शिव परमयोगी हुनुहुन्थ्यो । उहाँ 'ब्रह्मचर्य'का अधिष्ठाता तथा परम ज्ञानी र दयालु हुनुहुन्थ्यो । ब्रह्मचर्यव्रतको पालन गरी सुर तथा असुर दुवैले उहाँबाट मनोवाञ्छित वरदान प्राप्त गर्दथे । ब्रह्मचर्य पालन गरेको देखेपछि उहाँ अति खुशी हुनुहुन्छ । उहाँको प्यारो व्रत नै ब्रह्मचर्य हो ।

कुनै एक समयको अति महत्त्वपूर्ण कुरो हो ।– भगवान् शंकर ब्रह्मचर्यव्रतको पालन गर्दै तपस्यामा रहनु भएको थियो । ब्रह्मचर्यव्रतको पालन गर्दा इन्द्रियहरू नियन्त्रण गरी ज्यादै कडाइकासाथ उहाँ रहनु भएको थियो । इन्द्रले कामदेवलाई भगवान् शंकरका छेउमा तपस्या भङ्ग गर्न पठाए । कामदेव कैलाशमा पुगेर एउटा रूखको आडमा उभिएर आफ्नो वाण शङ्करमाथि चलाई तपस्या भङ्ग गर्न थाले । कामवाणले असर गर्न थाल्यो, मन अशान्त हुन थाल्यो । आफ्नो योगवलले विचारगर्दा महादेवलाई कामदेवको

---

1 आचार्यो ब्रह्मचर्येण, ब्रह्मचारिण मिच्छते । –(अथर्ववेद)

2 आचार्यः परम पिता । –(सूक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कपट व्यवहार थाहा लाग्यो : महादेवलाई घोर रीस उठ्यो र आफ्नो प्रलयङ्कारी तेस्रो आँखा उघार्नु भयो। यो घटनको उल्लेख महाकवि कालिदासले ज्यादै उत्कर्षवर्द्धक प्रकारबाट 'कुमार सम्भव'मा यसरी लेखेका छन्- 'हे प्रभो ! आफ्नो क्रोधलाई शान्त गर्नुहोस् ! शान्त गर्नुहोस् ! जतिबेला आकाशमा यो शब्द गुञ्जिएको थियो, त्यतिबेलासम्ममा शिवको उग्र तेस्रो आँखाबाट निस्केको त्यो आगोले कामदेवलाई जलाएर खरानी पारिहाल्यो र हाहाकार मच्चियो।'[1] यो त भयो एउटा पौराणिक कथा। अब यसको आध्यात्मिक रहस्य पनि छ, सो सुन्नुहोस्—

मनुष्यको शरीर नै कैलाश हो। त्यसमा योगयुक्त रहने वीर्यमय जीवन नै 'शंकर' हो। मनोविकार नै 'कामदेव' हो र विवेक दोषनाशक 'तेस्रो आँखा' हो। ब्रह्मचर्यको अवस्थामा मनोविकारले त्यसको अनुष्ठान भङ्ग गर्न चाहन्छ, तर विवेक–दृष्टिबाट हेरेपछि तत्क्षण कामवासना नष्ट हुन्छ।

श्री पशुपतिनाथ राज भएकोले यो हिमवत्खण्ड पवित्र तपोस्थल तथा देवताहरू बस्ने भएको हो। श्री पशुपतिनाथको मन्दिर वरपर हजारौं जोगी, साधु, सन्त, ऋषि, महर्षि, ब्राह्मण विद्वान्हरू शिवसँग मुक्ति र शक्ति माग्दछन्। राजादेखि एउटा अदना मानिस पनि श्री शिवको भक्तिमा लाग्दछन्। श्री शिवलाई चाँडो खुशी पार्ने कुनै मन्त्र, तपस्या, व्रत, केही छ भने त्यो ब्रह्मचर्य बाहेक अरू केही छैन। श्री पशुपतिनाथलाई चाँडो रिझाउने र चाँडो वरदान पाउने बाटो ब्रह्मचर्यको पालन सिवाय अरू केही छैन। हामी अज्ञानी मूर्खलाई यति ठूलो सिद्धिको कुरो पटक्कै थाह छैन। अनि हामी कलियुगको नरकमा नजाकिए अरू को जाकिन्छ ? नरकमा जाकिएपछि श्री पशुपतिनाथलाई सम्झेर मात्रै हाम्रो उद्धार हुन्छ र ! आफ्नो उद्धार आफैले गर्नुपर्छ। ब्रह्मचर्यको पालन गरेको खण्डमा श्री पशुपतिनाथ खुशी हुनुहुन्छ। उहाँ खुशी हुँदा हाम्रो मनोवाञ्छित फल मिल्छ। देशमा बढिरहेको कामदेवको विकारपूर्ण शक्तिलाई नष्ट पार्न श्री शिवको तेस्रो आँखा फेरि खुल्न आँटेको छ। यो तेस्रो आँखा खुलेपछि विश्व खरानीको थुप्रो बन्ने छ।

---

1 क्रोध प्रभो ! संहर संहरेति।
यावद् गिरा खेमरुता चरन्ति ।।
तावत्स वह्निर्भवनेत्र–जन्मा।
भस्मावशेषं मदनञ्चकार ।। - (कुमारसम्भव)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन समयमा असुरहरूका एउटै गुरु थिए शुक्राचार्य । उनी वीर्य रक्षाको अनेक उपायहरू जान्दथे । त्यही उपाय, विधि र ज्ञानले गर्दा शुक्राचार्यको महत्त्व त्यसबेला बढी नै थियो । दानवहरू शुक्राचार्यसँग शिक्षा पाएर बलिया भएका थिए । दानवहरूलाई देखेर देवताहरू डराउँदथे । शुक्राचार्यसँग मरेको मानिसलाई पनि तत्काल बचाउन सकिने 'सञ्जीवनी' नामको विद्या थियो । तर देवताका गुरु बृहस्पतिसँग यस्तो विद्या थिएन । यसैकारणले देवताहरूले आफ्नो 'कच' नामको एक व्यक्तिलाई शुक्राचार्यसँग त्यो अनमोल विद्या प्राप्त गर्न पठाए । शुक्राचार्यको प्रताप तथा कृपाबाट कचले त्यो ज्ञान जाने । शुक्राचार्यकी छोरी कचसँग मनमनै प्रेम गर्दथिन् । यिनले कचसँग विवाह गर्ने प्रस्ताव पनि राखिन् तर कचले मानेनन् । कच ब्रह्मचर्यव्रतको पालन गर्दथे । आफ्नो गुरुकी छोरीलाई बहिनी ठानेर कचले विवाह गर्न मञ्जूर गरेनन् । त्यो सञ्जीवनी विद्या ज्यादै परिश्रम र गुरुको सेवाले कचले पाए । कचलाई मार्न खोज्दा शुक्राचार्यकै छोरीले ज्यान बचाई दिएकी थिइन् र त्यो विद्या दिलाउन पनि सिफारिश गरेकी थिइन् । यो रोचक कथाले शिक्षा दिन्छ । कचले पालन गरेको ब्रह्मचर्य अद्वितीय छ । शुक्राचार्यले दिएको ब्रह्मचर्यको शिक्षा अमूल्य छ ।

□

न जातु कामान्न भयान्न लोभाद्
धर्मं त्यजेज्जीवितस्यापि हेतोः ।
नित्यो धर्मः सुखदुःखे त्वनित्ये
जीवो नित्यो हेतुरस्य त्वनित्यः ॥–(महाभारत स्वर्गारोहण. ५।६३)

मनुष्यले कुनै पनि वेला कामबाट, डरबाट, लोभबाट वा जीवन रक्षाको लागि धर्मको त्याग गर्नु हुँदैन; किनभने धर्म नित्य छ र सुख–दुःख अनित्य छ तथा जीव नित्य छ र जीवनको कारण अनित्य छ ।

□

ब्रह्मचारीले कहिल्यै दुःख पाउँदैन, उसले सबै कुरो पाउँछ ।
–भीष्म पितामह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो धर्म र
धर्मप्राण श्री ५ वीरेन्द्र

: १७ :

विश्वको एकमात्र हिन्दू राष्ट्र नेपाल भएकोमा हामीलाई गर्वको अनुभूति हुनु नौलो कुरो होइन। हाम्रा श्रद्धेय राजा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव हिन्दू राजादर्शबाट प्रेरित राष्ट्रनेता होइबक्सिन्छ। हिन्दू धर्मप्रति हाम्रा श्रद्धेय राजा-रानी र राजपरिवारका प्रत्येक सदस्यको दृढ विश्वास मुखरित भएको छ। हाम्रा राजा श्री ५ वीरेन्द्र हिन्दू धर्मका धर्मप्राण होइबक्सिन्छ। राजालाई नारायणको अंशावतारका रूपमा पूजा, अर्चना तथा भक्ति भावना हाम्रो हिन्दूशास्त्रले गरेको छ। हाम्रो देशको संविधान तथा कानून वैदिक हिन्दू धर्मबाट अनुप्राणित छ। हाम्रो धर्मले राजाबाट संरक्षण पाएको छ। स्वयं राजा–रानीबाट धर्मप्रति अत्यन्त श्रद्धा–निष्ठा राखी गति प्रदान गरिबक्सिन्छ। नेपाल देवभूमि तथा तपोभूमि भएकोले धार्मिक संस्कारको संरक्षण गर्न राजा–रानीबाट विशेष अभिरुचि तथा श्रद्धा राखिबक्सनु कम अहोभाग्यको कुरो होइन। हाम्रो राजा वेदमा वर्णन गरिएको 'ब्रह्मचर्य–प्रथा'मा अटल विश्वास राखी पच्चीस वर्षसम्म ब्रह्मचर्य पालन गरी बक्सेकोले मौसूफको सुस्वास्थ्य तथा आरोग्यता कायम छ। राजाबाट पालन भएको यस्तो अलौकिक दिव्यगुणको सुईंको प्रजाले पाइसकेका छैनन्। प्रजावर्गले 'यथा राजा तथा प्रजा' धार्मिक वैदिक ब्रह्मचर्य पालन गरी संस्कारयुक्त बन्नुपर्दछ।

धर्मप्राण श्री ५ महाराजाधिराज वीरेन्द्रबाट नारायणी अञ्चल, पर्सा जिल्ला, वीरगंजमा आयोजित 'हिन्दू धर्म सम्मेलन २०३७ चैत्र ३० गते समुद्घाटन गरिबक्सँदै हुकुम हुन्छ–"हाम्रा भावनाका तन्तु, हाम्रा विचारका शृङ्खला, हाम्रा व्यवहार र सम्पूर्ण सामाजिक ढाँचा र कार्यकलाप धर्मबाटै सञ्चालित छन्। नेपाली समाजलाई धर्मले नै सुरक्षाको भाव, सच्चाइको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाठ, ईमान्दारीको आवश्यकता, कर्तव्यपरायणताको बोध, अनुशासन, संयम, विवेक, अनि जीवनमा न्याय र निष्ठा जस्ता अनेक सामाजिक सांस्कृतिक मूल्य र मान्यताहरू प्रदान गरेको छ। संक्षेपमा, सनातन हिन्दू धर्मकै परिवेशभित्र हामी जन्मन्छौं, हिड्छौं र हामीले फेर्ने सासको स्वच्छ हावाले झैं यसले हामीलाई जीवन पर्यन्त घेरेको हुन्छ। हाम्रो विचारमा, हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्दछ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं। हाम्रो आपनोपन र हाम्रो विलक्षणताको चिनारी हाम्रो धर्मले नै दिइ आएको छ। वास्तविक अर्थमा मानिसको आर्थिक वा भौतिक विकास नैतिक, बौद्धिक वा आध्यात्मिक विकासविना सम्भव हुँदैन। विकासको साधन र साध्य स्वयं मानिस हो। अतः विकासलाई अर्थतन्त्रको जालोमा मात्र सीमित नराखी समष्टिमा मानिसमा नै केन्द्रित गर्नुपर्छ। मानिसको आर्थिक विकास आफ्नो संस्कृति र धार्मिक मूल्यसित अनिवार्य रूपमा गाँस्नु बुद्धिमत्तापूर्ण हुन्छ। संस्कृति र धर्मलाई पन्छाएर वा विस्थापित गरेर देशको विकास कदापि सम्भव हुँदैन। त्यसैले हाम्रो धर्मको मूल आदर्श, मान्यता र आस्थाप्रति सधैं चिन्तन, मनन र मन्थन गरेर जनजीवनमा प्रतिपादन गर्नु हाम्रो कर्तव्य हुनजान्छ।" मौसूफको ओजस्वी सम्बोधनले सम्पूर्ण जीवनलाई जगाउँने तथा धर्ममूलक आचरण व्यवहारमा लाग्न उत्प्रेरणा दिएको छ। धर्मनिष्ट प्रजाको लागि राजाको महावाणी वेदवाणी तथा देववाणी तुल्य छ। राजाकै सन्देशबाट हाम्रो धर्मको वास्तविक संरक्षण भएको छ र धार्मिक प्रजाहरूको विश्वास तथा मनोबललाई सुदृढ पारेको छ।

धर्मलाई प्रजाहरूले धारण गर्ने भएकोले धर्म भनिएको हो।[1] धर्म प्रजाहरूले धारण गर्दछन्। धर्म नभएपछि प्रजाहरू नष्ट हुन्छन्। यसको उदाहरण विश्वको इतिहास हेर्दा थाहा पाइन्छ, जसको चर्चा यहाँ गरिन्छ–यो भूमण्डलमाथि पराकालमा अनेक जातिहरू थिए, ती मध्ये आज केही बाँचेका छन्, नत्र यो धरातलबाट ती गायब भए। यवन, मिस्र तथा रोमन जातिहरू कुनै बेला विकासको चुचुरोमा थिए तर आज तिनको नाम मात्र छ। यथेन्स र स्पार्टा नाउँका दुइ विभागहरूमा विभाजित थिए, स्पार्टा आफ्नो वीरताको लागि र एथेन्स आफ्नो कलाको लागि त्यतिवेला प्रख्यात थियो। आज न त्यो

1 धर्मो धारयते प्रजाः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीरता छ, न कला नै। जगतविजयी सिकन्दरलाई जन्माउने यूनान आज शक्तिको दृष्टिले जर्जर छ। कुनै वेला रोमन साम्राज्य ज्यादै फैलिएको थियो भने आज खुम्चेर निर्दिष्ट सीमा भित्र छ। जर्मनीको हिटलर र मुसोलिनीले धर्मलाई लत्याएकोले नै उनीहरूको नाश भयो। कतिपय देशका भाषा र संस्कृतिले पनि कुनै वेला उन्नति गरेपनि त्यो भाषा र संस्कृतिमा सत्य-धर्म नहुँदा नष्टप्राय: भएको देखिन्छ। यो सबै नष्ट हुनु मूलमा एउटा नै कारण छ, त्यो हो, त्यो जातिले आफ्नो धर्मलाई पालन गरेन तथा सुरक्षित राखेन। यसरी भाषा, संस्कृति र सभ्यता पनि नष्ट हुन्छ।

इतिहास यो कुराको साक्षी छ, जब हाम्रो धार्मिक मान्यताहरूमा चोट लाग्छ र धर्म देखाउने वा विज्ञापन गर्ने उपहासको विषय बन्दछ, वा धर्मका नाउँमा अधर्म कार्यहरू बढी हुन थाल्छन्, त्यतिवेला नेपालका शाहवंशीय राजाहरूले मानव धर्म रक्षाका लागि कुनै कदम नउठाई नहुने अवस्था सृजना हुन्छ। भगवान् श्री कृष्णले नरहरूमा राजा भएर म अवतार लिन्छु' भन्ने स्पष्ट सन्देश छ र हामी हिन्दूधर्मावलम्वीहरू राजालाई 'नर-नारायण'को अवतार मानेर पूजा अर्चना गर्दछौं। त्यसरी राजालाई पूजा गर्ने सांस्कृतिक, धार्मिक प्रथा हिन्दूशास्त्रमा मात्र हैन, हाम्रो बौद्ध धर्ममा पनि भएको हामीले प्रत्यक्ष देखेका छौं।

विश्वको आदिग्रन्थ वेदले "संयम, तप र ब्रह्मचर्यबाट राजाले राष्ट्रको रक्षा गर्दछन्" भन्ने स्पष्ट घोषणा गरेको छ।[1]

हाम्रा हिन्दू राजा धर्मप्राण श्री ५ वीरेन्द्रबाट वैदिक शास्त्रअनुसार ब्रह्मचर्यव्रतको पूरा पालना गरिबक्सेको छ। राजाबाट पालन गरिबक्सेको यो अमोघ महाव्रत हो। यी गुणहरूको प्रचार हुन नसकी हिन्दू आदर्शको मुख्य आधार ब्रह्मचर्यव्रतको विवेचना शास्त्रका पुस्तकहरूमा मात्र सीमित भएर रहेको छ।

अथर्ववेदमा लेखिएको छ- ब्रह्मचर्यको पालनद्वारा नै राजाले राष्ट्रको संरक्षण तथा संवर्द्धन गर्न सक्दछन्। ब्रह्मचर्य पालन नगर्ने राजाले राष्ट्रको संरक्षण र संवर्धन गर्न सक्दैनन्। भोग कामप्रवृत्ती राजाले देशको नाश पारेको र आफू जनताबाट अश्रद्धाको कारण बनेका कैयौं उदाहरणहरू अरू देशमा छन्। ब्रह्मचर्यद्वारा नै देवताहरू अमर बने र उनीहरूले मृत्युलाई

---

[1] ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति ॥

– (अथर्व० ११।५।१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जितेको शास्त्रमा लेखिएको छ ।

संयम, सदाचार, सद्विवेक, सद्ज्ञानको स्रोत ब्रह्मचर्य हो । उपनिषद्, श्रीभगवद्भागवत, पुराण तथा सबै शास्त्रहरूमा लेखिएको ब्रह्मचर्यव्रत हिन्दूहरूका लागि मुख्य व्रत हो । राज्यमा सुदीर्घ शासन गर्ने राजाबाट पालन गरिबक्सेको 'ब्रह्मचर्यव्रत' हामीले पालन गरेमा नै हाम्रो आयु, बुद्धि र विवेक बढ्दछ ।

हामी सम्पूर्ण नेपालीहरूलाई आज थाहा छ, हाम्रा राजाको सुन्दर स्वास्थ्य, धपधप तेज फैलिरहेको मुहार, र अपार विलक्षण बुद्धि छ । त्यो सबैको स्रोत हो ब्रह्मचर्यको अखण्ड पालन । पेरिसमा भएको अल्प विकसित राष्ट्रको शिखर सम्मेलनमा अल्प विकसित राष्ट्रहरूको तर्फबाट जुन गरीब देशको चित्रण अत्यन्तै स्वभाविक रूपबाट हाम्रा राजाले गरीबक्स्यो, राजाबाट आजको प्रजाको दुःख-कष्ट परोक्ष रूपले जाहेर भएको छैन भन्न कदापि सकिँदैन । प्रजाको चीत्कार, आर्तनाद तथा पुकार राजाकै मुखारविन्दबाट वेला–वेलामा प्रकट हुने गर्दछ, यही हो राजाको सक्रिय सबल तथा सक्षम नेतृत्व र प्रजावात्सल्यता हिन्दूधर्ममा विश्वास राख्ने राजा भएकोले राजाबाट विश्वशान्ति तथा अनिष्ट उपद्रव आदिको शमन गर्न वेला–वेलामा शास्त्रोक्त रूपले देवी देवताको पूजा आजा, भक्ति भावना गरिबक्सन्छ । श्री पशुपतिनाथ तथा गुह्येस्वरीको दर्शन, श्री दक्षिणकाली तथा पीठका भगवती तथा कालीको दर्शन र अरू देव मन्दिरहरूमा पनि राजा–रानी सवारी हुन्छ । यो हाम्रो राजाको एक कार्यक्रम भइसकेको छ । राजालाई आफ्नो धर्मप्रति अखण्ड विश्वास छ । विश्वको एकमात्र हिन्दू राष्ट्रको राजा होइबक्सेकोले विश्वकै तर्फबाट राजाप्रति आराध्य सम्मान दर्शिएर नेपालले हिन्दूधर्मको नेतृत्व तथा हिन्दूधर्मको व्यापक प्रचार-प्रसार गर्नुपर्दछ भन्ने राय व्यक्त गरेका छन् । यो नेपालको निम्ति कुनै वेला महागौरवको सम्मान तथा विषय हुनसक्छ । सत्यको उद्घोषण तथा विवेकको सिंचन हिन्दूधर्मले राम्ररी गरेको छ, जसलाई पढ्ने र आचरण व्यवहार गर्ने आवश्यकता परीरहेको छ । बुझेर पालन गर्न नसकिने अरू धर्मतिर लाग्नु भन्दा आफ्नै सनातन स्वधर्म अति श्रेय र हितकर हुन्छ, जसलाई राम्ररी पालन गर्न सकिन्छ, राम्ररी धर्मको मर्म बुझ्न सकिन्छ ।

हिन्दूधर्मको शीतल छहारीमुनि हामी बाँचिरहेका छौं । पञ्चायती प्रजातान्त्रिक व्यवस्थाको मुख्य आधार निर्दलीयताको संरक्षण हुनसकेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजतन्त्रको जग बलियो भई हिन्दूधर्मको व्यापक प्रचार-प्रसार हुन्छ। बहुदलीय राजनैतिक व्यवस्थामा धर्मको संरक्षण उचित रूपबाट हुनसक्दैन, यो निर्विवाद कुरो छ। धर्मप्रतिको उपेक्षाले गर्दा मर्यादा, सम्मान, कर्तव्य पालन र अनुशासन आदि कतिपय कुरोको पालनामा सबैको ध्यान समानरूपले जाँदैन। चारैतिर उच्छृङ्खलता बढिरहेको छ। ईश्वर र धर्मप्रति उपहास गर्ने समूहले देशलाई भयङ्कर संकटतिर धकेलिरहेका छन्। यस्तो अनीश्वरवादी तथा अधार्मिक समूहलाई कसरी धार्मिक बनाउने र विभिन्न विदेशी धर्ममा लाग्नेहरूलाई कसरी त्यो धर्म छुटाई आफ्नो सनातन धर्मप्रति विश्वास जगाउन लगाउने ?–यो चिन्ताको मनन गर्नु पर्ने विषय भएको छ।

हाम्रो हिन्दू धर्मशास्त्रहरूले राज्य सञ्चालनको सम्पूर्ण अभिभारा राजालाई नै सुम्पेको छ। राजाले सोझै आफैले राज्यको सबै कुराको रेखदेख गरून् वा योग्य ईमान्दार व्यक्तिलाई नियुक्त गरून्, यो शक्ति र दायित्व राजाकै न्यायोचित परम्परा विश्वको एकमात्र हिन्दू अधिराज्यमा पूर्ण मात्रामा विकसित हुँदै राष्ट्र बाँचिरहेको छ। धर्मशास्त्रले 'राजा'लाई एक विशिष्ट प्रतिभाको अंश तथा सर्वोच्च संस्थाको आसनलाई स्वीकारेको छ। हाम्रो वेदमा राजाको प्रसंगमा धेरै कुरा लेखिएकोले वेदलाई प्रामाणिक ग्रन्थ मानेर राजाको उत्पत्ति र विकास वेद जति नै प्राचीन नमान्नी सुख छैन। भगवान् श्री कृष्णले 'मानिसहरूमा म राजा हुँ ('नराणां च नराधिपम्' -श्रीमद्भगवद् गीता १०।२७) भनेर आफ्नो विभूति राजामा देखाउनु भएको छ।'

ईश्वरको अंश पाएको हाम्रा राजाको प्रत्यक्षरूपमा हाम्रो हिन्दूधर्मसँग अन्योन्याश्रित सम्वन्ध छ। हिन्दूधर्मको संरक्षण गर्नेमा र प्रजालाई पालन गराउनमा राजाबाट ठूलो योगदान मिलेको छ। वेदमा वर्णन गरिएको राजाको अस्तित्व नै हिन्दूधर्ममा अडेको छ। हिन्दूधर्ममा विकृति वा कुनै प्रकारको कमजोरी आयो भने वा हिन्दूधर्म पालन नगर्ने जनता भइदिए भने राजाको लागि पनि त्यो कुरो शुभ र उचित कदापि हुनसक्दैन। किनभने विश्वकै इतिहासमा हामी आफ्नै प्रकारले अवश्य पनि अद्वितीय असाधारण र श्रेष्ठ छौं, र त्यो श्रेष्ठता दिलाउने कुरो हामी हिन्दू भएकाले, हाम्रो जन्मभूमि, मातृभूमि, कर्मभूमि, धर्मभूमि र निर्वाणभूमि नेपाल हिन्दू अधिराज्य भएको र यहाँका राजा हिन्दू राजा भएकाले नै हो। यसरी हाम्रो धर्म परम्पराले अनादिकालदेखि नै राजा मान्ने राजनेतृत्वलाई स्वीकार गर्ने परम्परा छ। यो हामीले कसैसँग सिकेका होइनौं, आफ्नै देश, काल अनुसार मौलिक वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक उपज हो। यो ज्ञान वा जानकारी धेरैलाई छैन। धेरै नवयुवकहरूलाई हाम्रो धर्म र वैदिक परम्परामा आकर्षित गर्नु परेको छ। हिन्दूत्वको संरक्षण, सम्वर्द्धन वेद, ब्राह्मण र गाईको सुरक्षा र सम्मान प्रदानमा सदा संलग्न हाम्रा राजाहरू हिन्दू जगत्का नै प्रिय र पूजनीय छन्। ब्रह्मगायत्रीका उपासक, वेदका पूजक, ईश्वरका भक्त, गाईका पालक हाम्रो राजपरम्पराले आफ्नै शास्त्रीय मर्यादाको परिपालन गरिरहेको छ। सनातन वैदिक धर्मको समर्थक, प्रवर्त्तक हाम्रो राजपरम्पराले आजको वैज्ञानिक एवं जड भौतिकवादले व्याप्त भएको चारैतिर युद्धको विगुल फुक तयारी भइरहेको वेलामा शान्ति क्षेत्रको वेदमुखी प्रस्ताव विश्वकै सामु राखी संविधानमा शान्ति क्षेत्रलाई विदेश नीतिकै अंग बनाई वैदिक हिन्दू परम्परालाई हृदयतः व्यवहारतः पूरागर्ने प्रयास गरिरहेको छ। यो हाम्रो आफ्नै राष्ट्रिय विशेषता हो।

राजमुकुटमाथि नेपालीहरूको आस्था र श्रद्धा यसकारणले पनि बढी छ कि नेपालीहरूमाथि अत्याचार तथा अन्याय गर्ने शक्तिका विरुद्ध राजाको आवाज सदा रहिआएको छ र संघर्ष गरिआएको छ। यसैले राजाको आह्वानमा सम्पूर्ण नेपालीहरू माहुरीको एकै चाका बनेर दुश्मन प्रति खनिन्छन् र राजमुकुटप्रति अपार आस्था र श्रद्धा देखाउँदछन्। राजाको दैनिक क्रियाकलाप तथा आचरण धर्ममुखी बनाउन धर्मशास्त्रहरूमा विभिन्न व्यवस्था गरिएको छ। श्री ५ महाराजाधिराज सरकार स्वयं धर्मको पालन गर्ने र रक्षा गर्ने राजा होइबक्सिन्छ। मौसूफको धर्मप्रतिको निष्ठा तथा कर्तव्यपरायणता वेजोड छ।

हामीलाई हाम्रो धर्मप्राण राजामाथि विश्वास छ, श्रद्धा छ, भक्ति छ, पत्यार छ; हाम्रा राजा रातोदिन हामी प्रजाकै, हाम्रै मातृभूमिकै हित–कल्याणमा सोचमग्न रहिबक्सिन्छ। हाम्रा राजा बलिया र धनीका लागि मात्र रहेको होइन, दुर्वलहरूको बल नै राजा हुन्,[1] निमुखाहरूका स्वर राजा हुन्, कलाकारका रङ्ग र ब्रुशबाट रचना हुने चित्रमा राजाकै सपनाको चित्र कोरिन्छ, लेखकहरूका लेखनीवाट निस्कने राष्ट्रिय विचारमा राजाकै विचार वस्दछ।

हामी नेपालीका अन्तिम आधार र अधिष्ठाता स्वरूप हाम्रा राजा सबैका बल हुन्, न्याय हुन्, धर्म हुन्, विकास र प्रगति र स्वतन्त्रता र

---

[1] दुर्वलानां वलं राजा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रियता अनि राष्ट्रिय एकताका प्रतीक हुन् । हाम्रो सर्वोच्च प्रमाणशास्त्र अपौरुषेय वेदको घोषणा छ—

('इमां च नः पृथिवी विश्वधाया उपक्षेति हितमित्रो न राजा') हाम्रो यो पृथिवी (मातृभूमि अधिराज्य)लाई हाम्रा अत्यन्त हितैषी मित्र जस्ता आफन्त राजाले कहिल्यै उपेक्षा गर्ने छैनन् । ऋग्वेदका यी उक्तिहरूले राजाको स्वरूपलाई पवित्र र उच्चासनमा विराजमान गराएको छ ।

शतपथ ब्राह्मणमा लेखिएको छ–'राजाको काम राष्ट्रको भरण, पालन, पोषण गर्नु हो ।'[1]

महाभारतमा लेखिएको छ–'सत्य, त्रेता, द्वापर आदि युगको प्रवर्त्तन स्वयं राजसत्ताको क्षमतावाट हुन्छ ।'[2] जहाँ प्रजाकै हितमा संलग्न राजा छन्, राजा प्रजाको जहाँ एकात्मकता रहन्छ त्यहाँ स्वयं काल पनि परिवर्तित बन्न पुग्दछ ।

छान्दोग्योपनिषद्मा महाराज अश्वपति घोषणा गर्दछन् 'मेरो राज्यमा चोर छैनन्, कन्जूस छैनन्, मद्यपेयी छैनन्, व्यभिचारी पुरुष छैनन्, व्यभिचारिणी स्त्रीको त प्रश्नै उठ्दैन । यज्ञ नगर्ने र अविद्वान् कोही छैनन् ।' धर्मपरायण राजाको प्रश्रयमा नै राष्ट्रले वास्तविक जीवित राष्ट्र बन्न सक्दछ । राजा प्रजाका प्रथम शरीर हुन् र प्रजा राजाको निम्ति अनुपम शरीर हुन् ।[3]

'राजा' अर्थात् प्रजाहरूको अभ्युदय एवं निःश्रेयस दुवैका सजग संरक्षक । यो आर्य संस्कृतिको राजसत्ता विषयक माङ्गलिक चिन्तन रहिआएको छ ।

आर्य संस्कृतिका उज्ज्वल आँखाले प्रजावत्सल राजाको महनीय रूपमा समस्त लोकपालहरूको शक्ति सम्मिलित भएको देखेका छन् । विश्व जीवनको

---

1 राजानो वै राष्ट्रभृतस्ते हि राष्ट्राणि विभ्रति ।
—(शतपथ ब्राह्मण)

2 र जा कृतयुगस्रष्टा त्रेताया द्वापरस्य च
युगस्थ च चतुर्थस्थ राजा भवति कारणम् ।
—(म. शा. ६७.९८)

3 राजा प्रजानां प्रथमं शरीरम्
प्रजाश्च राज्ञोऽप्रतिमं शरीरम् ।
—(म. शा. ६८।५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धारक शाश्वत धर्म–तत्त्वको संरक्षणार्थ जगदीश्वरले अवतार लिनुपर्दछ। प्रजावत्सल राजाद्वारा लोकरक्षणको त्यही धर्मानुकूल कार्य हुनाले विश्वपालक भगवान् विष्णुको अंश राजामा मानिएको छ। प्रजापाल समावेश भएको र लोक मर्यादा रक्षणको पावन कार्यद्वारा राजा असीम तपस्या गरिरहेका हुन्छन् र त्यही तपोवलले उनलाई अजेयशक्ति प्राप्त हुन्छ। आर्य संस्कृतिमा राष्ट्रको सवल आधार 'धर्म' मानिएको छ। राजा र प्रजा दुवै यस धर्मरूपी आधारमा स्थिर रहेर नै आफ्नो श्री, शक्ति र समृद्धि आर्जन गर्न सक्तछन्।

मनुस्मृतिले राजधर्मको निरूपण गर्दै विशेष वल दिएर भनेको छ –'धर्मको रक्षा भएमा त्यसैले सबैको रक्षा गर्दछ र धर्मको हनन भएमा सबैको हनन हुन्छ। त्यसैले धर्मको हनन गरिएको धर्मले लोकजीवनकै हनन नगरिदेओस्।[1]

दोषीलाई दण्ड नै पौरुषपूर्ण राजाको रूपमा प्रतिष्ठित हुन्छ। दण्ड नै नेतृत्व दिने र शासन गर्ने हुन्छ। चारै आश्रमका धर्मको संरक्षक पनि दण्ड नै हुन्छ।

सज्जनहरूको संरक्षण र दुर्जनहरूको नियन्त्रण गर्न प्रवल दण्डको व्यवस्था आवश्यक हुन्छ र यसैको व्यवस्थापक संस्थाको रूपमा राजसत्ताको प्रतिष्ठापन भएको कुरो मनुस्मृतिले वताउँछ।[2]

हिन्दूजगत् राजालाई समस्त आदर्शहरूको केन्द्र मान्दछ एवं राष्ट्रिय सार्वभौमिकता र एकताको प्रतीक मान्दछ। तसर्थ राजालाई देवताको मानवीय अवतार मान्दै आएको छ र श्रद्धा, सम्मान र भक्ति व्यक्त गर्दै आएको छ।

हिन्दूसंस्कार अनुसार राजा व्यक्ति नरहेर एउटा संस्था हो र आफूले वहन गरेको शासन, सुरक्षा र समृद्धिको सामाजिक वा राष्ट्रिय दायित्वलाई त्यस संस्थाले अलौकिक वा असाधारण वीरता, कर्मठता, नीतिनिपुणता र विवेकपूर्वक वहन गरी प्रजापालन गर्दछ।

---

1 धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ।।
–(मनु० ५।१५)

2 स राजा पुरुषो दण्डः सनेता शासित च सः
चतुर्णामाश्रमाणां च धर्मस्य प्रतिभूः स्मृतः ।।
–(मनु० ७।१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'राजा'को शब्दार्थ बारे हामी महाभारतको एउटा उद्धरण लिन सक्छौं—

'सारा प्रजाहरूलाई खुशी पार्ने हुनाले राजा शब्दले पुकारेको हो ।'[1]

महाभारतले राजधर्मको महत्त्व यसरी प्रतिपादित गरेको छ-'जब राजधर्म नष्ट हुन्छ, त्रया विद्या (तीन वेद) नष्ट हुन्छन्, संवर्द्धिक भएका सबै धर्महरू लोप हुन्छन् । पुरातन र क्षत्रियोचित राजधर्मको परित्याग गरियो भने आश्रम धर्महरू (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास) नष्ट हुन्छन्, सबै दीक्षाहरू सन्निहित हुन्छन् । कथित सारा विद्याहरू र सबै लोक (जनता)ले राजधर्ममा प्रवेश पाएका हुन्छन् ।[2]

वेदको भाषा प्रतीकात्मक हुन्छ । 'परोक्षवादी वेदोऽयम' भन्ने मान्यता ऋषिहरूले नै राखेका छन् । तथापि राजसंस्था सम्बन्धी वैदिक निर्देशको मनन गर्दा सम्पूर्ण वैयक्तिक सीमाभन्दा माथि उठेको एउटा समष्टि कल्याणपरक प्रेरणादायी लोक हितकारी संस्थाको रूपमा राजसत्ताको परिकल्पना गरिएको संकेत वेदका यी उद्धरणहरूले दिन्छन् ।

वेदकै मङ्गलमय निर्देशको अनुसरण गर्दै स्मृतिहरूले राजसत्ताको विषयमा अझ व्यापक र गौरवपूर्ण स्वरूपतिर औंल्याएका छन् । सम्पूर्ण स्मृतिहरूको उपजीव्य बनेको मनुस्मृति भन्दछ-'अराजकताको भयावह परिस्थितिमा परस्परमा मत्स्यन्यायले प्रजाहरू यसै नष्ट हुन लाग्दा यो सम्पूर्ण लोकको संरक्षणको निमित्त जगदीश्वरले राजाको सृष्टि गरे ।'[3]

'सबै प्राणी मात्र सुखी रहून्, सबै निरोगी रहून्, सबैको कल्याण होस् कहिले कसैलाई दुःख नहोस्' भनी घोषणा गर्ने हाम्रो सनातन

---

1 रञ्जिताश्च प्रजाः सर्वा तेन राजेतिशब्यते ।
-(महाभारत शान्तिपर्व श्लोक १२६)

2 मज्जेत्त्रयो दण्डनीतौ हतायां सर्वे धर्मा प्रक्षयेयु विवृद्धाः ।
सर्वे धर्माश्चाश्रमाणा हताः स्युः क्षात्रे त्यक्ते राजधर्मे पुराणे ।।
सर्वे त्यागाः राजधर्मेषु दृष्टाः सर्वा दीक्षा राजधर्मेषु युक्ताः ।
सर्वाः विद्या राजधर्मेष चोक्ताः सर्वे लोकाः राजधर्मे प्रविष्टाः ।।
-(महाभारत शान्तिपर्व ६३, २८, २९)

3 अराज के हि लोकेऽस्मिन सर्वतो विद्रते भयात्
रक्षार्थमस्य सर्वस्य राजानम सृजत प्रभुः ।।
-(मनु० ७।३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म हो ।[1]

'जसले परस्त्रीलाई आमा समान, परद्रव्यलाई खोस्टा समान र प्राणी मात्रलाई आफ्नो आत्मा समान देख्छ, त्यसैले ठीक देख्दछ'–हाम्रो धर्म भन्छ ।[2]

'ईश्वर प्राणीमात्रको हृदयमा विराजमान छ'[3] यो सन्देश दिने धर्म भन्छ–'यो आफ्नो वा पराया–यस्तो विचार छोटो बुद्धि भएका मानिसले लिन्छन्, तर विशाल हृदय भएका मनुष्यका लागि त सारा जगत नै आफ्नो कुटुम्ब छ ।'[4]

समाज मानिसको कर्मक्षेत्र हो । समाजमा शान्ति तथा सुव्यवस्था कायम गर्नु समाजका सदस्यहरूको कर्तव्य हो । जुन समाजमा सच्चरित्र मानिसहरू हुन्छन्, त्यहाँ शौभाग्य लक्ष्मी रहन्छिन् । त्यहाँ समता, सुख, समृद्धिको वृद्धि हुन्छ । हामी नेपालीहरूका लागि राजा हाम्रो सनातनधर्मभन्दा ठूलो अर्को धर्म छैन । स्वयं श्री भगवान्ले भन्नुभएको छ–''राम्रो प्रकारले आचरण गरिएको अर्काको धर्मको अपेक्षा गुणरहित भएपनि आफ्नो धर्म अति उत्तम छ । आफ्नो धर्म पालनामा त मर्नु पनि कल्याणकारक छ र अर्काको धर्म डर दिनेवाला छ ।''[5]

ब्रह्मचर्यको पालनाबाट राजा र प्रजाको उन्नति हुन्छ । हामीले ब्रह्मचर्यलाई धर्मको साक्षात् स्वरूप मान्दछौं । ब्रह्मचर्य शरीर र आत्माको प्रधान धर्म हो । यसैबाट शारीरिक तथा मानसिक विकास स्वयं हुन्छ । यसैकारण ब्रह्मचर्यलाई सर्वप्रथम स्थान मिलेको छ ।

एकपटक देवर्षि नारदजीले भगवान् श्री विष्णुकहाँ गएर सोध्नु

---

1 सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्भवेत् ।।

2 मातृवत् परदारेषु परद्रव्येषु लोष्टवत् ।
आत्मवत् सर्वभूतेषु यः पश्यति स पश्यति ।।

3 ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।

4 अयं निजः परो वेत्ति गणना लघुचेतसात् ।
उदारचरितानां तु वसुधैव कुटुम्बकम् ।।

5 श्रेयान् स्वधर्मो विगुण परधर्मात स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेय. परधर्मो भयावहः ।।
–(गीता ३।३५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो–'हे भगवान् ! हजुर सबैका दिलको कुरा जानिबक्सिन्छ, हजुरकै मायामा सबै जीवहरू लट्ठ परिरहेका छन् । मलाई एउटा कुरा बताई दिइबक्सियोस्, हजुरको सबैभन्दा प्यारो वस्तु के हो ? म हजुरकै श्रीमुखबाट यो रहस्य सुन्न चाहन्छु ।'

नारदको यस्तो प्रश्न सुनेर भगवान् ज्यादै खुशी हुनुभयो । अनि भन्नुभयो 'ऋषीश्वर ! तपाईंले संसारको लाभलाई दृष्टिगत गरी प्रश्न गर्नुभयो । यसैले म तपाईंलाई आफ्नो मनको कुरो बताउँदछु । मलाई "ब्रह्मचर्य धर्म" ज्यादै प्यारो लाग्छ । जुन पुरुषले मन, वचन र कर्मले यसलाई उचित रीतिबाट पालन गर्दछ, त्यो निश्चय नै मलाई प्राप्त हुन्छ । यसैकारण ठूला ठूला योगी मानिसहरू ब्रह्मचर्य-सिद्धिका अतिरिक्त अरू केही चाहँदैनन् । जीवको लागि ब्रह्मचर्यभन्दा ठूलो अर्को धर्म यो त्रिलोकमा छैन ।" विष्णुको यो दिव्य वचनलाई हृदयमा राखेर नारद त्यहाँबाट प्रस्थान गरे ।

महर्षि भन्छन् 'ब्रह्मचर्य पालन गर्ने, ज्ञानदान दिने क्षमता भएको, सम्पूर्ण प्राणीहरूमाथि आत्मीय भाव राख्ने, सबै प्राणीहरूमाथि दया गर्ने, प्रसन्नचित्त भएको, विवादमय प्रवृत्तिहरूमा उपेक्षा राख्ने, मन वा इन्द्रियहरूलाई सर्वदा शान्त राख्ने व्यक्ति होस् यही सद्वृत्तको सार हो ।[1]

हाम्रो शास्त्र भन्छ–'सत्य, ब्रह्मचर्य, व्यायाम, र विद्याद्वारा आफूलाई बलवान र प्रतिष्ठित बनाऊ ।'[2]

यस अध्यायमा राजा, धर्म र ब्रह्मचर्यको महत्त्व बारेमा केही जानकारी दिने जमर्को गरेको छु ।

□

---

1 ब्रह्मचर्य ज्ञानदानमैत्री कारुण्यहर्षोपेक्षा प्रशमपरश्चस्यात् ।
–(चरक सू० अ० ८)

2 सत्येन ब्रह्मचर्येण व्यायामेनाथ विद्यया ।
बलवन्तं प्रतिष्ठाहं आत्मनं सततं कुरु ।। –(आप्त वाक्य)

□

मरण विन्दुपातेन जीवनं विन्दुधारणात् ।
तस्मादतिप्रयत्नेन कुरुते विन्दुधारणम् ।।
–(शिव संहिता)

भगवान श्री शिवले भन्नुभएको छ–"हे मनुष्यहरू, विन्दुपात नै मरण हो र विन्दुलाई धारण गर्नु नै जीवन हो । अतः उत्तम पुरुषार्थ गरेर ब्रह्मचर्यको पालन गर ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथर्ववेदमा ब्रह्मचर्य सूक्त

: १८ :

सबै केही वेदहरूबाट सिद्ध हुन्छ। कारण यो छ, वेदमा सबै प्रकारको विषयहरूको संग्रह छ।[1]

हिजोआज वेदहरूको विज्ञानयुक्त अर्थ गर्ने ज्यादै थोरै मानिसहरू छन् भने त्यसलाई पढ्ने र बुझ्नेहरूको संख्या झन् थोरै छ। यसैकारण अनर्गल अर्थहरूबाट मानिसहरूमा केवल भ्रम फैलिएको छ, केही लाभ हुन सकेको छैन। मानिसहरूको विचारको स्तर माथि उठ्नु भन्दा तलतिर झर्दो छ, यो शोचनीय कुरो छ। वेदहरूको भाषा अपौरुषेय हुन्छ, यसै कारणले देश, काल र पात्रको अनुकूल एउटै ऋचाको कैयौं अर्थहरू हुन्छन्। पण्डितवर रावण, महीधर, सायणाचार्य, शङ्कराचार्य र स्वामी दयानन्द तथा नेपालका कैयौं वेदविज्ञ विद्वान्हरूले वेदको प्रायः सबैले आफ्नो प्रतिभा अनुसारको मनको अनुकूल अर्थ गर्दछन्। 'ऋग्वेद-भाष्य-भूमिका' मा पुराना भाष्यहरूका अनर्थता र त्यसको भ्रमलाई युक्तियुक्त रूपले खण्डन गरिएको छ र यो सिद्ध भएको छ, वेदहरूमा विज्ञान विरुद्ध अर्थ नै छैन।

यहाँ अथर्ववेदमा उल्लिखित ब्रह्मचर्य-सूक्तको वास्तविक अर्थ त होइन, खालि सुसङ्गत भावहरू प्रकट गर्ने चेष्टा तथा केही परिश्रम गरेको छु। हुनत म जस्तो अज्ञानीको यो नगण्य परिश्रमले केही महत्त्व राख्ला र! एकपटक यो वेदरूपी अमृत ज्ञानको पोखरीमा डुबुल्की लगाएर हेर्नुहोस्—

(१)

ब्रह्मचारी ष्णंश्चर रोदसी उभे तस्मिन्देवाः सम्मनसो
भवन्ति। सदाधार पृथिवी दिवञ्चस आचार्य तपसा पिपर्ति ॥

(१) ब्रह्मचारीले पृथिवी र आकाशलाई वशमा गर्दै हिंड्छन्। (२) त्यसमा देवताहरू मनको साथ रहन्छन्। (३) त्यसले पृथिवी र आकाशलाई धारण गर्दछ। (४) त्यो आचार्य तपबाट पूर्ण रहन्छ।

---

1 सर्वं वेदात्प्रसिध्यति। प्रमाणं परमं श्रुतिः। -(मनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) ब्रह्मचारीले ऐहिक र पारलौकिक उन्नतिहरूलाई आफ्नो अधिकारमा गर्नको लागि सदैव उद्योग गर्दछ।

(२) त्यो उद्योग साधनबाट त्यसको हृदयमा सद्‌गुणहरूको अविर्भाव हुन्छ।

(३) प्राप्त दिव्य गुणहरूको प्रभावहरूबाट त्यो माथिका दुवै उच्च उद्देश्यहरू प्राप्त गर्नमा दक्ष हुन्छ।

(४) र यसरी त्यो योग्य बनेर राम्रो योग्यताबाट आफ्नो आचार्यलाई पूर्ण काम गर्दछ।

ब्रह्मचारी ऐहिक र पारलौकिक सुखहरूको साधना गर्ने विद्यालाई राम्ररी अध्ययन गर्दछ। ज्यौं–ज्यौं अध्ययन गर्दछ, त्यौं–त्यौं त्यसको हृदयमा उत्तम ज्ञान प्राप्त हुन्छ। केही समयको अनन्तर त्यो विद्वान् बन्दछ र त्यो आफ्नो आचार्यको निरन्तर परिश्रमलाई पनि सफल पार्दछ।

(२)

ब्रह्मचारिणं पितरो देवजनाः
पृथग्देवा अनुसंयन्ति सर्वे।
गन्धर्वा एनमन्वायन् त्रयस्त्रिशत त्रिशताः।
षट्सहस्राः सर्वान्त्स देवांस्तपसा पिपर्ति॥

(१) ब्रह्मचारीको पिता, देवजन, अन्य देव र गन्धर्व सबै मानिसहरू अनुसरण गर्दछन्। (२) त्यो आफ्नो तपबाट ३०,३००० र ६,००० देवता-हरूलाई परिपूर्ण गर्दछ।

(१) ब्रह्मचारीको पिता–पितामहादि, शुभैषी पुरवासी तथा गुणग्राही मानिसहरू सबै उसको कल्याण चाहन्छन्।

(२) र त्यो आफ्नो अनुष्ठानबाट सर्वाङ्ग दिव्य शक्तिहरूलाई विकसित गर्दछ।

ब्रह्मचारीका सबै हितैषी यही कुरो चाहन्छन्, ब्रह्मचारी आफ्नो व्रतबाट विचलित नहोस्। उसले जब ब्रह्मचर्य पूरा गर्दछ, आफ्नो विद्याको पनि पूरा गर्दछ, त्यसपछि उसको मानसिक र शारीरिक विकास हुन्छ।

यो मन्त्रमा जुन देवताहरूको संख्या गन्नुपर्दछ, त्यसको अभिप्राय यही हो कि यो शरीरमा सबै देवताहरूको अंश छ। एउटा पनि अंग यस्तो छैन, जसमा एउटा न एउटा प्रकारको दैवी प्राकृतिक शक्ति नहोस्। त्यसैको आधारमा मनुष्य बाँचिरहन्छ। तिनै तीन, तीस, तीन सय र ६ सहस्रगुण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म, योग्यता र विषयको मूलको नामबाट अभिहित गरिन्छ ।

(३)

आचार्य उपनयमानो ब्रह्मचारिणं कृणुते गर्भमन्तः ।
तं रात्रीस्तिस्र उदरेविभर्ति तं जातं द्रष्टुमभिसंयन्ति देवाः ।।

(१) ब्रह्मचारीलाई प्राप्तगर्ने आचार्य त्यसलाई अन्तर्गतमा राख्दछ । (२) त्यसलाई तीन रातसम्म आफ्नो उदरमा राख्दछ । (३) र त्यो जन्मिएपछि देवगण त्यसलाई हेर्न आउँदछन् ।

(१) आचार्य आफूकहाँ आएको ब्रह्मचारीलाई आफ्नो अधिकारमा राख्दछ । त्यो आचार्यको आज्ञा विना केही पनि गर्न सक्दैन । अर्थात् ब्रह्मचारीबाट आज्ञा पालन गराउँदछ ।

(२) जति बेलासम्म त्यो ब्रह्मचारीको त्रिविध अज्ञान हट्दैन, त्यहिलेसम्म त्यसलाई आफ्नो संरक्षणमा राख्दछ ।

(३) जब त्यो सुबोध हुन्छ, त्यसको बुद्धि परिपक्क हुन्छ, त्यतिबेला आचार्य त्यसलाई आफ्नो बन्धनबाट मुक्त गर्दछन् । फेरि विद्वान् मानिसहरू त्यसको आदर, सत्कार गर्दछन् ।

उपनयन-संस्कार भएपछि ब्रह्मचारीले आफ्नो आचार्यको नजिकमा गएर विद्या पढ्न प्रार्थना गर्दछ । त्यो आचार्यले त्यो ब्रह्मचारीलाई आफ्नो आश्रममा बस्न तथा निरन्तर अध्ययन गर्ने आज्ञा दिन्छन् । उनको त्यसलाई क्रमश. आधिभौतिक आधिदैविक र आध्यात्मिक-यिनै तीनवटा दुःखहरूदेखि बचनको लागि ज्ञानोपदेश गर्दछन् । जब उसले सम्झन्छ, अब यो ब्रह्मचारी सुयोग्य र परिपक्व बुद्धिको भइसकेको छ, उसलाई त्यसपछि स्वतन्त्र गरिदिन्छन् । अर्थात्, घरमा जाने आज्ञा दिन्छन् । यसबाट त्यो ब्रह्मचारीको हित कामना गर्ने मानिसहरू उसलाई भेटेर खुशी हुन्छन् ।

(४)

इयं समित्पृथिवी द्यौर्द्वितीये तान्तरिक्षं समिधा पृणाति ।
ब्रह्मचारी समिधा मेखलया श्रमेण लोकांस्तपसापिपर्ति ।।

(१) यो पृथिवी पहिलो समिधा हो । (२) अर्को समिधा आकाश हो, जसबाट त्यो अन्तरिक्षलाई खुशी गराउँदछ । (३) र ब्रह्मचारीले समिधा, मेखला, श्रम र तपबाट लोकलाई पूर्ण गर्दछ ।

(१) पहिलो 'परा विद्या' छ, जसबाट भौतिक वस्तुहरूको बोध हुन्छ ।

(२) दोस्रो 'अपरा विद्या' छ, जसबाट आध्यात्मिक अनुभव गरिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र जसलाई प्राप्त गरेपछि आत्मानन्द प्राप्त हुन्छ ।

(३) र ब्रह्मचारीले आफ्नो विद्या, कटिबद्धता, परिश्रम तथा अनुष्ठानबाट मानिसहरूलाई तृप्त गर्दछ ।

ब्रह्मचारीले आफ्नो आचार्यबाट भौतिक र आध्यात्मिक विद्याहरू सिक्छ । आध्यात्मिक ज्ञान भएपछि उसको आत्मा सन्तुष्ठ हुन्छ । तत्पश्चात त्यो आफ्नो आचार्यसँग अलग भएर आफ्नो विद्या, कटिबद्धता, परिश्रम र अध्यवसायबाट समाज सेवामा लाग्छ । यसैबाट उसको सामाजिक जीवन प्रारम्भ हुन्छ ।

(५)

पूर्वे जातो ब्रह्मणो ब्रह्मचारी, धर्मं वसान्स्तपसो दतिष्ठत् ।
तस्माज्जातं ब्राह्मणं ब्रह्मज्येष्टं । दवाश्च सर्वे अमतेन साकम् ।।

(१) ब्रह्म भन्दा पहिले ब्रह्मचारी हुन्छ । (२) उष्णाताको साथै तपबाट माथि उठ्दछ । (३) त्यसबाट ज्येष्ट ब्रह्म उत्पन्न हुन्छ । (४) र सबै देवता अमृतकासाथ रहन्छन् ।

(१) ब्रह्मचारी ज्ञान-प्राप्ति भन्दा पहिले ब्रह्मचर्यको पालन गर्दछ ।

(२) त्यो आफ्नो ब्रह्मतेजको प्रतापबाट उन्नति गर्छ ।

(३) ब्रह्मचर्यव्रतको पालनबाटै उसलाई श्रेष्ठ ज्ञान प्राप्त हुन्छ ।

(४) र परमोत्तम ज्ञान प्राप्त भएपछि उसलाई सबै दिव्य गुण सुखको साधन बन्छन् ।

ब्रह्मचारीले विद्याध्ययन नगरून्जेल त्यसबेलासम्म ब्रह्मचर्य (वीर्य-रक्षा) लाई यथावत पालन गर्नु पर्दछ । विद्याबाट ब्रह्मतेज र त्यो तेजकै कारण उसलाई आत्म विकास प्राप्त हुन्छ । किनभने जसको आत्मा विकसित हुन्छ, त्यही पुरुष धार्मिक दृष्टिबाट श्रेष्ठ ज्ञानको अधिकारी हुन्छ । जो ज्ञानी छ, उसका सद्गुणले उसलाई निश्चय नै मोक्ष प्राप्त गराउँदछ ।

(६)

ब्रह्मचार्येति समिधा समृद्धिः कार्ष्णवसानो दीक्षितो दीर्घश्मश्रुः ।
ससद्यएति पूर्वस्मादुत्तरं समुद्रं, लोकान्संगृभ्य महुराचरिक्रत् ।।

(१) ब्रह्मचारी समिधाबाट विभूषित, कृष्ण हरिणचर्म पहिरिएको र दीर्घ श्मश्रुलाई धारणा गर्दै अगि बढ्दछ । (२) त्यो पूर्वबाट उत्तर समुद्रसम्म पुग्दछ । (३) लोक संग्रह गर्दै पटक-पटक उत्तेजित गराउँदछ ।

(१) ब्रह्मचारी आफ्नो विद्याबाट उन्नत हुन्छ । त्यो कालो हरिणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाला लगाउँदछ र जुंगा-दान्ही पाल्छ । त्यो प्रगति गर्नको लागि चेष्टारत रहन्छ ।

(२) यसरी त्यो विद्याको साङ्गोपाङ्ग अध्ययन गरेर ज्ञानरूपी समुद्रमा आदिदेखि अन्त्यसम्म पुग्दछ ।

(३) र संसारका साथ सद्व्यवहार गरेर त्यसलाई सत्कर्मका लागि उत्साहित गर्दछ ।

ब्रह्मचारीले पहिले विद्याध्ययनबाट आफ्नो उन्नति गर्दछ । कालो रंगको मृगचर्म र लामा-लामा कपाल आदि धारण गर्दा त्यसको पवित्रता, सरलता र निराभिमानता प्रकट हुन्छ अर्थात् त्यो शुद्ध र साधु भेषमा रहन्छ । त्यो आफ्नो प्रगतिमाथि विशेष ध्यान दिन्छ । यसैबाट थोरै समय-भित्रै वेद वेदाङ्गहरूको ज्ञानमा पारङ्गत हुन्छ । यसकै अनन्तर त्यो कार्य क्षेत्रमा पदार्पण गर्दछ । त्यहाँ त्यो आफ्नो अनुपम उपदेशहरूबाट मानिसहरूमा एकता उत्पन्न गर्दछ र उनीहरूलाई सत्कर्म गर्नका लागि पटक-पटक उत्साहित गराउँदै रहन्छ । अर्थात् जनतालाई सुसंस्कृत पार्नु नै त्यसको ध्येय हुन्छ ।

(७)

ब्रह्मचारी जनयन्ब्रह्मायो लोकं प्रजापतिं परमेष्टिनं विराजम् ।
गर्भोभूत्वाऽमृतस्य योनाविन्द्रोह भूत्वाऽसुरां स्ततर्ह ।।

ब्रह्मचारी लोक, प्रजापति र तेजस्वी परमेश्वरलाई उत्पन्न गर्दै अमृतको गर्भमा रहेर इन्द्र भएर निश्चयपूर्वक असुरहरूलाई नाश गर्दछ ।

ब्रह्मचारीले प्रजा, राजा र परमात्मालाई तुष्ट पार्नको लागि सत्कर्म गर्दछ, अब त्यही ज्ञानका गूढ विषयहरूबाट परिपूर्ण भएर विद्वान्‌हरू मध्ये श्रेष्ठ बनेर दुर्गुणहरूलाई नाश गर्दछ । अर्थात्, संसारलाई उपदेश दिन्छ ।

ब्रह्मचारी प्रजा, राजा र ईश्वरलाई खुशी राख्नको लागि ब्रह्मचर्य पूर्वक विद्याको अध्ययन गर्दछ । यसैबाट सत्कर्म जन्मिछ । किनकि, यो संसारमा राजा, प्रजा र ईश्वर यिनै तीनवटा महान् पुनीत कार्यप्रति सबैको कर्तव्य हुन्छ । विद्याबाट पूर्ण भएपछि त्यो सुखमय गृहस्थाश्रममा प्रवेश गरी देश, जाति र समाजको योग्य सेवा गर्दछ । त्यो आफ्ना राम्रा शुभ विचारहरूको प्रचार गरेर मानिसहरूको कुसंस्कार र दुगुर्णहरूको नाश गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८)

आचार्यस्तत क्षनभसी उभे इमे उर्वी गम्भीरे पृथिवी दिवञ्च ।
ते रक्षति तपसा ब्रह्मचारी, तस्मिन्देवाः सम्मनसो भवन्ति ॥

(१) आचार्यले ठूला गम्भीर दुवै लोकहरू पृथिवी र आकाश बनाउँछन् । (२) ब्रह्मचारी आफ्नो तपबाट त्यसको रक्षा गर्दछ ।(३) र उसको मनको साथ देवताहरू रहन्छन् ।

(१) आचार्यले अत्यन्त महत्त्वपूर्ण 'भौतिक र अध्यात्मिक' ज्ञानको उपदेश गर्दछन् ।

(२) ब्रह्मचारी त्यसको आफ्नो अनुष्ठित व्रतको साथै हृदयङ्गम गर्दैजान्छ ।

(३) र यसरी ब्रह्मचारीको सबै दिव्य गुण विकसित हुन्छ ।

आचार्य नै भौतिक र अध्यात्मिक ज्ञानका कर्ता हुन् । आफ्नो शिष्यलाई पण्डित बनाएपछि त्यसरी उसले आफ्नो विद्याको रक्षा गर्दछ । आचार्यले जे केही त्यो (ब्रह्मचारी)लाई सिकाउँछन्, त्यसलाई बिर्सन दिदैनन् । ब्रह्मचार्यको प्रतापबाट त्यसको त्यो विद्याको रक्षा हुन्छ र समयानुकूल बढ्दै पनि जान्छ । यसै कारणले उसको दिव्य गुण सारा संसारमा विख्यात हुन्छ ।

(९)

इमां भूमिं पृथिवीं ब्रह्मचारी भिक्षामाजभार प्रथमो दिवञ्च ।
ते कृत्वा समिधा वुपास्ते तयोरार्पिता भुवनानि विश्वा ॥

(१) पहिले ब्रह्मचारीले यो विस्तृत भूमि र आकाशको भिक्षा ग्रहण गरोस् । (२) अब त्यसलाई दुइटा समिधाहरू बनाएर उपासना गर्दछ । (३) र यिनकै बीचमा सबै भुवनहरूको स्थिति रहन्छ ।

(१) ब्रह्मचारीले प्रथमतः भौतिक र अध्यात्मिक विषयहरूको शिक्षा प्राप्त गर्दछ ।

(२) फेरि त्यो परा र अपरा विद्याहरूको मनन गर्दछ, आचार्यले जसलाई दिन्छन् ।

(३) र यिनै दुइटाहरूको बीच सबै केही भरिएको छ ।

ब्रह्मचारीले आफ्नो आचार्यबाट भौतिक र अध्यात्मिक ज्ञानको भिक्षा लिन्छ । ऐहिक र पारलौकिक' विद्याको प्राप्तिबाट त्यसको उद्देश्य सिद्ध हुन्छ । यो यज्ञ पूर्ण भएपछि फेरि उसको सारा मनोरथ स्वयं पूरा हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही उसको भिक्षाको आदर्श हो ।

(१०)

अर्वागन्य: परो अन्यो दिवस्पृष्ठावूगुहानिधी निहितौ ब्राह्मणस्य ।
तौरक्षति तपसा ब्रह्मचारी, तत्वकेवलं कृणुते ब्रह्म विद्वान् ।।

(१) एउटा नजिक र अर्को आकाश भन्दा पनि टाढा छ । ती दुवै कोश ब्रह्मणका गुहामा रहन्छन् । (२) ब्रह्मचारी आफ्नो तपबाट त्यसको रक्षा गर्दछ । यो रहस्य ब्रह्म-विद्वान्ले मात्र जान्न सक्छन् ।

(१) भौतिक ज्ञान नजिक र आध्यात्मिक ज्ञान ज्यादै टाढा छ । ती दुवै वेदमा लुकेका छन् ।

(२) ब्रह्मचारी आफ्नो तपोऽनुष्ठानबाट ती दुवैलाई आफ्नो अधिकारमा राख्दछ ।

(३) यो दुवैको रहस्य ब्रह्मज्ञानी पुरुषले नै समुचित जान्दछ ।

भौतिक ज्ञान भन्दा पनि गान्हो 'ब्रह्मज्ञान' छ । आचार्य आफ्नो शिष्यलाई वेदाध्ययन गराउँदा यी दुवै विषय सिकाउँछन् । यसलाई कुनै प्रकारले नष्ट हुन दिँदैनन् । वेदको ज्ञाता नभएको पुरुषले त्यो रहस्य जान्दैन ।

(११)

अर्वागन्य इतो अन्य; पृथिव्यां अग्नी समेतो नभसी अन्तरेमे ।
तयोः श्रयन्ते रश्मयोऽधि दृढा स्तानातिष्ठति तपसा ब्रह्मचारी ।।

यहाँ एउटा छ र दोस्रो यो लोक भन्दापनि ज्यादै टाढा छ । यी दुवै अग्नि, पृथ्वी र आकाशको बीचमा भेटिन्छन् । (२) त्यसको तीव्र उज्यालो फैलिन्छ र ब्रह्मचारी त्यसलाई तपबाट अधिकार गर्दछ ।

(१) कर्म ऐहिक र ज्ञान पारलौकिक—यी दुवै अग्नि हुन् । यी दुवैको मिलाप भौतिक र आध्यात्मिक साधनहरूबाट हुन्छ ।

(२) यी दुवैको गति ज्यादै तीव्र हुन्छ, जुन सर्वत्र प्रस्फुटित हुन्छ । ब्रह्मचारी यी दुवैलाई आफ्नो तपस्याबाट जित्छ ।

ब्रह्मचारी आचार्य कहाँ गएर 'वैदिक कर्म' र आत्म-ज्ञान दुवैको साधना गर्छ । 'कर्म र ज्ञान' दुवैमा यो गूढ तत्त्व भरिएको हुन्छ । यी दुवै मिलेपछि त्यहाँ आदर गरिन्छ र राम्रो प्रगति तथा सफलता मिल्छ । यसैले ब्रह्मचर्यको अवस्थामा दुवैको बराबर अनुष्ठान गर्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१२)

अभिक्रन्दन् स्तनयन्नरुणाः शितिगो वृहच्छेपोऽनुभूमौ जभार ।
ब्रह्मचारी सिञ्चति सानरेत : वृथिव्यां तेन जीवन्ति प्रदिशश्चतस्रः ॥

(१) घोर गर्जना गर्दै रहेका खैरो, श्यामलो तथा ठूलो आकार भएको मेघले भूमिको पोषण गर्दछ । (२) आफ्नो रेतसवाट पृथिवी र पर्वतलाई सिंचन गर्दछ । (३) र त्यसबाट चारै दिशाहरू बाँच्छन् ।

(१) उच्च स्वरमा संसारलाई सचेत गर्दै जाज्वल्य स्वरूप भएको तथा हृष्ट–पुष्ट अंगोपाङ्गो भएको ब्रह्मचारीले संसारलाई पालन गर्दछ ।

(२) त्यसैले ठूलादेखि लिएर सानासम्म सबैको हितको लागि उपदेश दिन्छ, अर्थात् त्यसले समदृष्टि राख्दछ ।

(३) र त्यसले दिएको उपदेशले चारैतिरका मानिसहरूको जीवनमा प्रभाव पार्दछ । अर्थात्, सर्वत्र जागृति उत्पन्न हुन्छ ।

यो मन्त्रमा ब्रह्मचारीलाई मेघ वनाएर त्यसको कार्यहरूको तुलना गरिएको छ ।

जसरी वादलहरू गड्याङ गुडुङ्ग भीमनाद गर्दछन् त्यसरी वेदघोष गर्ने ब्रह्मचारी पनि ओजस्वी व्याख्यान दिन्छन् । वादलको स्वरूप सुन्दर हुन्छ । वादल जसरी नै ब्रह्मचारीको वृहद्‌कार्य छ, त्यसरी उसको शरीर हृष्टपुष्ट हुन्छ । त्यसले पृथिवीको पोषण गर्दछ, त्यसले पनि जनताको सुधार गर्छ । त्यो आफ्नो जल पर्वतवाट पृथिवीमाथि वर्षाउँछ, उसले पनि आफ्नो ज्ञानोपदेश ठूला सानाको भेदभाव छोडेर सबै मानिसहरूलाई समानरूपबाट दिन्छ । उसले पारेको वर्षाबाट चारै दिशाहरू आनन्दित हुन्छन्, उसले पनि शिक्षा दिएर सर्वत्रसुखैसुख उत्पन्न गर्छ । यसैले गुण, धर्म तथा स्वभाव मिलेपछि ब्रह्मचारी पनि मेघ जस्तै ब्रह्मचारी बन्छ । दुवैमा कस्तो राम्रो समता दर्शिन्छ ।

(१३)

अग्नौसूर्ये चन्द्रमसि मातरिश्वन् ब्रह्मचार्यप्सु समिधमादधाति ।
तासामर्चीषि पृथगभ्रे चरन्ति तासामाज्यं पुरूषो वर्षमापः । ।

(१) ब्रह्मचारी अग्नि, सूर्य, चन्द्रमा, वायु र जलमा समिधा हाल्छ । (२) उसका किरणहरू अन्य मेघहरूमा पुग्छन् । (३) र त्यसवाट घृत, पुरुष, वर्ष र जलको उत्पति हुन्छ ।

(१) ब्रह्मचारीले वाणी, नेत्र, मन, प्राण र वीर्य बढाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२) यिनै शक्तिहरूको प्रभावले उसले अरू उपकारी मानिसहरूलाई पनि प्रभावित पार्छ ।

(३) र तिनै शक्तिहरूको कारणले वुद्धि, वल, ज्ञान तथा सुख र शान्ति उत्पन्न हुन्छ ।

ब्रह्मचारीले आफ्नो ब्रह्मचर्य र विद्याभ्यासवाट आफ्नो आत्मिक र शारीरिक शक्तिहरू वढाउँछ । फेरि त्यो अन्य सुपात्र मानिसहरूलाई यिनै शक्तिहरू वनाउन उपदेश गर्दछ । यसरी ब्रह्मचर्यकै कारणले उसमा बुद्धि, वल, ज्ञान, सुख र शान्ति वढ्दछ । माथि लेखिएको मन्त्रको यही मूल तात्पर्य हो ।

(१४)

आचार्यो मृत्युर्वरूण सोम औषधयः पयः ।
जीमूता असन्त्सत्वानस्तैरिदं स्वराभृतम् ।।

आचार्य, मृत्यु, वरुण, सोम, औषधि र पथ हुन् । उसको सद्भाव मेघ हो, त्यसवाट त्यो तेज रक्षित हुन्छ ।

आचार्य अज्ञाननाशक, सदाचार–शिक्षक, शान्तिदायक, शुद्धिकारक र उत्साहवर्द्धक हुन्छ । उसको सात्त्विक गुणहरूवाट यो अधिकार प्राप्त हुन्छ ।

आचार्यले आफ्नो ब्रह्मचारी शिष्यको अज्ञानरूपी शरीरलाई नष्ट पारेर त्यसमा सदाचारको शिक्षा दिन्छ । त्यसको शान्ति र पवित्रताको लागि यत्न गर्दछ र सत्कर्म गर्नका लागि सदा उत्साहित गर्दै रहन्छ । उसको सात्त्विक गुणहरूवाट नै विद्यार्थी माथि राम्रो प्रभाव पर्दछ । यसैकारणले यसको पनि महत्त्व छ । वास्तवमा ब्रह्मचारीको लागि यो सवै छ ।

(१५)

अना घृतंकृणुते केवलमाचार्यो भूत्वा वरुणो यद्यदैच्छत् प्रजापतौ ।
तदब्रह्मचारी प्रायच्छत् स्वान मित्रो अध्यात्मनः ।।

(१) आचार्यले शिष्यको सम्मेलनवाट केवल घिउ निकाल्छ । (२) र वरुण वनेर जुन–जुन प्रजापतिको लागि चाहन्छन्, त्यो त्यो सूर्यलाई ब्रह्मचारीले आफ्नो आत्मिकतावाट प्रदान गर्दछ ।

(१) आचार्यले आफूकहाँ वस्ने ब्रह्मचारीलाई सहवासवाट परमोत्तम ज्ञान दिन्छ ।

(२) र मार्ग-दर्शक वनेर प्रजाको पालनको लागि जुन विचार गर्दछ, त्यसलाई त्यो सूर्य जस्तो प्रतिभावान ब्रह्मचारी आफ्नो योग्यतावाट पूरा गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यले आफ्नो शिष्य ब्रह्मचारीलाई नजिक राखेर गूढ तत्त्वहरूको उपदेश दिन्छ। शंकाहरूको समाधान गरिदिन्छ। आचार्यले जुन श्रेष्ठ विचारहरूलाई जनताको हितको लागि जान्दछ त्यही प्रकट गर्दछ र पछि योग्य भएर आफ्नो आचार्यको आज्ञाको पालन गर्दछ।

(१६)

आचार्यो ब्रह्मचारी ब्रह्मचारी प्रजापतिः।
प्रजापतिर्विराजति विराडिन्द्रो भवद्वशी।।

(१) आचार्य ब्रह्मचारी हुन्छ। (२) प्रजापति ब्रह्मचारी हुन्छ। प्रजापति विराजित हुन्छ। (३) र संयमी विराट इन्द्र हुन्छ।

(१) आचार्य ब्रह्मचारी भएर ज्ञानोपदेश गर्दछन्।

(२) राज्याधीश पनि ब्रह्मचर्यको पालन गरेर शासन गर्दछ।

(३) र संयमी राजा नृपेन्द्र कहलाउँदछ।

आचार्यले शिष्यहरूमाथि र राजाले प्रजामाथि शासन गर्दछन्। यसैकारण, यी दुवै ब्रह्मचारी हुन्। अर्थात् यिनी ज्ञानी र शूरवीर हुनुपर्छ। किनकि आचार्यको अनुकरण उनका शिष्यहरूले र राजाको आचरणको अनुकरण उनका प्रजाले गर्दछन्। यदि यिनीहरू ब्रह्मचारी नभएर कुमार्गगामी भएको खण्डमा दुवै शिष्य र प्रजाको ब्रह्मचर्यमा वाधा पुग्दछ। यो कुरो साँचो छ –'यथा गुरुस्तथा शिष्यो, यथा राजा तथा प्रजा।'

(१७)

ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति।
आचार्यो ब्रह्मचर्येण ब्रह्मचारिण मिच्छते।।

(१) ब्रह्मचर्यकै तपद्वारा राजाले राष्ट्रको रक्षा गर्दछन्। (२) र आचार्यले ब्रह्मचर्यको पालनावाट ब्रह्मचारीलाई चाहन्छ।

(१) ब्रह्मचर्यकै प्रभाववाट राजाले आफ्नो प्रजालाई आफ्नो अधिकारमा राख्दछ।

(२) र आचार्यले ब्रह्मचर्यकै कारणबाट आफ्ना विद्यार्थीलाई प्रेम गर्दछ।

राष्ट्रमा सुख र शान्तिका दुइटा स्तम्भहरू छन्–एउटा राजा, अर्को आचार्य। यी दुवैले ब्रह्मचारी हुनुपर्छ। एउटाले 'वल' द्वारा अर्कोले ज्ञान द्वारा लोकको सेवा गर्दछन्। यसै दृष्टिवाट यहाँ दुवैमा समानता छ, जुन राजामा अनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शासन, ओज, तथा दृढता छैन, तिनका प्रजा उच्छृङ्खल हुन्छन्; र जुन आचार्यमा विवेकको ज्ञान छैन, तिनका शिष्य पनि अपढ, अयोग्य तथा मूर्ख हुन्छन्। यो सबै कुराको अभाव मूलरूपमा 'ब्रह्मचर्य'-को पालन नहुनाले नै हुन्छ।

(१८)

ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम् ।
अनड्वान ब्रह्मचर्येणश्वो घासं जिगीर्षति

(१) ब्रह्मचर्यको पालनबाटै कन्याले युवक पतिलाई रोज्दछिन्। (२) र साँढे र घोडाले पनि ब्रह्मचर्य पालन गरेर घाँस खान्छन्।

(१) कन्याले ब्रह्मचर्य पालन गरेर योग्य र युवा पति पाउँछिन्।

(२) र वीर्यवान् इन्द्रिय समुहले पनि ब्रह्मचर्यकै बलबाटै आफ्ना विषयहरूको उपभोग गर्छन्।

जसरी बालकले ब्रह्मचर्यको पालन गर्दछ, त्यसरी नै कन्याहरूले पनि ब्रह्मचर्यको पालन गर्दछन्। तत्पश्चात् तिनीहरू आफ्ना सदृश वरबाट परिणय ग्रहण गर्न योग्य हुन्छन्। अनडवानको अभिप्राय 'वीर्यवान्' र अश्वको 'इन्द्रिय समूह' र घास उसको 'विषय' हो। ब्रह्मचर्यको पालनबाट इन्द्रिय समूह वीर्यवान (परिपुष्ट) हुन्छ। वीर्यवान भएपछि त्यो आफ्नो व्यापारलाई समुचित रूपबाट गर्न सक्छ।

उदाहरणका रूपमा शरीरको इन्द्रियहरू मध्ये 'आँखा'लाई हेरौं। आँखाको विषय हो अवलोकन। यदि यो अशक्त भयो भने ठीक-ठीकसँग हेर्ने व्यापार हुनसक्दैन।

अनड्वान, अश्व र घासको प्रचलित यो अर्थ होइन। यदि यस्तो भएको भए वेदमा यी कन्याहरूलाई ब्रह्मचर्य सम्बन्धि ऋचाको साथ यस्तो असंगत कुरो भनिदैनथ्यो।

माथिको मन्त्रमा अलंकार रूपबाट यही कुरो भन्न खोजिएको छ। यसैकारणले पुरुष तथा स्त्री सबैका लागि ब्रह्मचर्यको पालन गर्नु अनिवार्य आवश्यकता आज प्रतीत हुन्छ।

(१९)

ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत ।
इन्द्रोह ब्रह्मचर्येण देवेभ्यः स्वराभरत् ।।

(१) ब्रह्मचर्यकै तपबाट देवताहरूले मृत्युलाई जितेका थिए। (२) र इन्द्र ब्रह्मचर्यबाटै देवताहरूलाई तेज भर्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) अखण्ड ब्रह्मचर्यको पालनबाटै विद्वान्हरूले अकाल मृत्युलाई वशमा गरेका छन् ।

(२) र ब्रह्मचर्यकै प्रतापबाट सर्वश्रेष्ठ विद्वान्ले योग्य पुरुषहरूलाई ज्ञानोपदेश गर्दछन् ।

प्राचीन समयमा कति अखण्ड ब्रह्मचारी थिए जो मृत्युलाई साधारण कुरो सम्झन्थे । त्यतिबेला उनीहरूको इच्छा मरण थियो । इच्छा लागेपछि शरीर छोडिदिन (त्याग्न) सक्दथे । वास्तवमा यही कुरो मृत्युमाथि उनीहरूले विजय प्राप्त गरेको कुरो मानिन्थ्यो ।

ब्रह्मचर्यलाई पालन नगरी राम्रो विद्वान् हुन सकिन्न । यसैकारणले परमोत्तम विद्वान् बन्न इच्छा राखनेले अवश्य ब्रह्मचर्यको पालन गर्नुपर्छ । ब्रह्मचर्यको प्रभावबाट जनताको योग्य पुरुषहरू बन्न उनीहरू सक्छन् ।

(२०)

ओषधयो भूतभव्य महोरात्रे वनस्पतिः ।
सम्वत्सरः सहतुभिस्ते जाता ब्रह्मचारिणः ।।

औषधि, बनस्पति, भूत–भव्य, दिन–रात र ऋतुहरूकासाथै सम्वत्सर सबै ब्रह्मचारी हुन् ।

औषधिहरू, वनस्पतिहरू, भूत–भविष्य, दिन–रात र ऋतुहरूका साथ बस्ने सम्वत् सबैमा ब्रह्मचर्य रहन्छ ।

यी सबै नियमहरूको पालना गरी हिंड्दा शक्ति रहन्छ । संयम नै सबैको स्थिति हो । जड–जंगममय संसारभरि ब्रह्मचर्यको महत्त्व छ । अतः मनुष्यले ब्रह्मचर्यको पालनामा श्रद्धा तथा निष्ठा राख्नुपर्दछ ।

(२१)

पार्थिवा दिव्याः पशव आरण्या ग्राम्याश्चये ।
अपक्षा पक्षिणश्च ये ते जाता ब्रह्मचारिणः ।।

पृथिवी माथि हिंड्ने, आकाशमा उड्ने, वन र गाउँका पशु–पक्षी सबै ब्रह्मचारी हुन् ।

स्थलचर, नभचर, वन र गाउँमा बस्ने सबै पशुपक्षी आफ्नो ब्रह्मचर्यको रक्षा गर्छन् । परमेश्वरले दिएको शक्तिले यिनीहरू ब्रह्मचर्यको महत्त्व आफ्नो हृदयमा अनुभव गर्छन् । यिनमा ब्रह्मचर्य रक्षाको स्वाभाविक परिपाटी रहन्छ । यिनीहरूले पालन गरेको ब्रह्मचर्यबाट पनि मनुष्यले शिक्षा लिनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२२)

पृथक् सर्वे प्रजापत्याः प्राणानात्मसु बिभ्रति ।
तान्सर्वान् ब्रह्म रक्षति ब्रह्मचारिण्या भृतम् ॥

(१) उनै पूज्य परमपिता परमात्माबाट सबै जीवहरू तथा पदार्थहरूको उत्पत्ति भएको छ। सबै पृथक् पृथक् आफ्नो अस्तित्व राख्छन् । (२) र ब्रह्मचारीले धारण गरेको ब्रह्मले ती सबैको रक्षा हुन्छ ।

(१) उनै पूज्य परमपिता परमात्माबाट सबै जीवहरू तथा पदार्थहरूको उत्पत्ति भएको छ। ती सबैमा अलग -अलग जीवन शक्ति विद्यमान छ।

(२) र ब्रह्मचारीले आफ्नो आत्मामा प्रवेश गराउने ब्रह्मले ती सबैलाई सुरक्षित गर्दछ ।

यो सारा सृष्टि परमेश्वरले बनाएको हो । नाम र रूपको भेदबाट सबै वस्तुहरू पृथक्- पृथक् सत्ता जस्तो देखिन्छ । ब्रह्मचारीले आफ्नो व्रतको पालन गरेर श्रेष्ठ ज्ञान प्राप्त गरी विश्वभरि शान्ति तथा कल्याणगर्न समुत्सुक बन्छ । निश्चय छ, ब्रह्मचर्यको पालनबाटै संसारको रक्षा हुन्छ ।

(२३)

देवानामेतत् परिषूतमनभ्यारूढं चरति रोचमानम् ।
तस्माज्जातं ब्राह्मणं ब्रह्म ज्येष्ठं देवाश्च सर्वे अमृतेन साकम् ॥

(१) देवताहरूको यो अत्यन्त गौरवान्वित तथा उत्साहवर्द्धक तेज । (२) त्यसैबाट सर्व श्रेष्ठ ब्राह्मणको उत्पत्ति हुन्छ । (३) र देवताहरू अमृतका साथ बस्छन् ।

(१) यसले विद्वान्हरूको गूढ साहस बढाउने तेजको वृद्धि गराउँदछ ।

(२) त्यो तेजोबलबाट उनीहरूमा परमोत्तम ब्रह्मज्ञानको वृद्धि हुन्छ ।

(३) र सबै सदगुणहरू यो अमृत (नमर्ने पदार्थ) संगै रहन्छन् ।

ब्रह्मचर्य पालन गर्नु नै विद्वान् मानिसहरूले उच्च तथा उत्साहदायक ध्येय लिन्छन् । उनीहरू यसलाई पूर्णरूपले पालन गर्दछन् । यसको सद्भावना पाएर उनीहरू उन्नत बन्छन् । यसबाट उनीहरूका हृदयमा सबै ब्रह्मज्ञानको उदय हुन्छ र ब्रह्मज्ञान प्राप्त गरेपछि त्यसका अन्तर्गत सबै राम्रा गुण आफसे आफै स्थायीरूपबाट रहन्छ । यसरी उसको सद्भ्यस्त विचार सदा एकनासले रही तल कर्न पाउँदैन ।

(२४)

ब्रह्मचारी ब्रह्म भ्राजदबिभर्ति तस्मिन्देवा अधि विश्वे समोताः ।
प्राणापानौ जनयन्नाद्व्यानंवाच मनो हृदयं ब्रह्म मेधाम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) ब्रह्मचारीले चम्किलो ब्रह्मलाई भर्दछ। (२) उसंग सबै देवता-रहन्छन्। (३) र प्राण, अपान, व्यान, वाचा, मन, ज्ञान र मेघ उत्पन्न गर्दछ।

(१) ब्रह्मचारीले उत्कृष्ट ब्रह्मचर्यको पालन गर्दछ।

(२) यसो गर्दा संसारका सबै सद्गुणहरू त्यहाँ जम्मा हुन्छन्।

(३) र त्यसले आफ्नो अनुष्ठानबाट प्राणहरू, वाचा, शक्ति, मन, हृदय, ज्ञान र बुद्धिलाई पुष्ट गर्दछ।

वीर्य परमेश्वरको तात्त्विक रूप हो। ब्रह्मचारीले त्यसलाई आफ्नो शरीरमा धारण गर्दछन्। यसलाई धारण गरेर सबै दिव्य गुणहरूको उन्नति हुन्छ। यसरी ब्रह्मचर्य पालन गर्दा आफ्नो तपको प्रभावबाट समस्त शारीरिक र मानसिक शक्तिहरू प्रबल संयमित बन्छ।

(२९)

चक्षुः श्रोत्रं यशो अस्मासु धेह्यन्नं रेतो लोहित मुदरम्।।

हामीलाई चक्षु, श्रोत्र, यश, अन्न, रेतस, लोहित र उदर देऊ।

हे ब्रह्मचारी! हामीलाई सुदृष्टि, सुश्रवण, कीर्ति, प्राण, वीर्य, रक्त र पालन पोषण गर्ने शक्ति देऊ। ब्रह्मचर्यको अधीनमा विश्वका वाह्य तथा अभ्यन्तर सबै शक्तिहरू रहन्छन्। परमात्मा पनि ब्रह्मचारी हो र ब्रह्मचारी परमात्मरूप छ। यसैकारणले ब्रह्मचर्यबाट यिनै दिव्य-शक्तिहरूको याचना गरिएको छ। हे परमात्माका अंशभूत ब्रह्मचारी! तिमी जनतामा सुख र शान्ति बढाउनका लागि नाना प्रकारको सदाचार सम्बन्धी उपदेश गर तथा यस्तो उपाय बताउ, संसारका अमङ्गलकारी अवगुणहरूको नाश होस्।

(२६)

तानि कल्पद् ब्रह्मचारी सलिलस्य पृष्ठे तपोऽतिष्ठत्तप्यमानः समुद्रे। स स्नातो बभ्रुः पिंगलः पृथिव्यां बहु रोचते।।

(१) ब्रह्मचारी त्यो सबैको उपक्रम गर्दछ। (२) त्यो समुद्रमा तातो हुने जलको पिठ्यूँमाथि तप गर्दछ। (३) र त्यो स्नान गरेर अत्यन्त तेजवान भएर रहँदा पृथिवीमा राम्रो मानिन्छ।

(१) ब्रह्मचारीले माथि भनेका ती सबै सद्गुणहरूलाई ग्रहण गरी विश्व-सुधारको लागि उपदेशहरू दिने योजना बनाउँछ।

(२) त्यो ज्ञानरूपी सागरमा आफूलाई तपाएर सुखरूपी जलको लहरमाथि आफ्नो व्रतको अनुष्ठान गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२२)

पृथक् सर्वे प्रजापत्याः प्राणानात्मसु बिभ्रति ।
तान्सर्वान् ब्रह्म रक्षति ब्रह्मचारिण्या भृतम् ।।

(१) उनै पूज्य परमपिता परमात्मावाट सबै जीवहरू तथा पदार्थहरूको उत्पत्ति भएको छ । सबै पृथक् पृथक् आफ्नो अस्तित्व राख्छन् । (२) र ब्रह्मचारीले धारण गरेको ब्रह्मले ती सबैको रक्षा हुन्छ ।

(१) उनै पूज्य परमपिता परमात्मावाट सबै जीवहरू तथा पदार्थहरूको उत्पत्ति भएको छ । ती सबैमा अलग -अलग जीवन शक्ति विद्यमान छ।

(२) र ब्रह्मचारीले आफ्नो आत्मामा प्रवेश गराउने ब्रह्मले ती सबैलाई सुरक्षित गर्दछ ।

यो सारा सृष्टि परमेश्वरले बनाएको हो । नाम र रूपको भेदबाट सबै वस्तुहरू पृथक्-पृथक् सत्ता जस्तो देखिन्छ । ब्रह्मचारीले आफ्नो व्रतको पालन गरेर श्रेष्ठ ज्ञान प्राप्त गरी विश्वभरि शान्ति तथा कल्याणगर्न समुत्सुक बन्छ । निश्चय छ, ब्रह्मचर्यको पालनबाटै संसारको रक्षा हुन्छ ।

(२३)

देवानामेतत् परिषूतमनभ्यारूढं चरति रोचमानम् ।
तस्माज्जातं ब्राह्मणं ब्रह्म ज्येष्ठं देवाश्च सर्वे अमृतेन साकम् ।।

(१) देवताहरूको यो अत्यन्त गौरवान्वित तथा उत्साहवर्द्धक तेज । (२) त्यसैबाट सर्व श्रेष्ठ ब्राह्मणको उत्पत्ति हुन्छ । (३) र देवताहरू अमृतका साथ वस्छन् ।

(१) यसले विद्वान्हरूको गूढ साहस वढाउने तेजको वृद्धि गराउँदछ ।
(२) त्यो तेजोवलवाट उनीहरूमा परमोत्तम ब्रह्मज्ञानको वृद्धि हुन्छ ।
(३) र सबै सदगुणहरू यो अमृत (नमर्ने पदार्थ) संगै रहन्छन् ।

ब्रह्मचर्य पालन गर्नु नै विद्वान् मानिसहरूले उच्च तथा उत्साहदायक ध्येय लिन्छन् । उनीहरू यसलाई पूर्णरूपले पालन गर्दछन् । यसको सद्भावना पाएर उनीहरू उन्नत बन्छन् । यसबाट उनीहरूका हृदयमा सबै ब्रह्मज्ञानको उदय हुन्छ र ब्रह्मज्ञान प्राप्त गरेपछि त्यसका अन्तर्गत सबै राम्रा गुण आफसे आफै स्थायीरूपबाट रहन्छ । यसरी उसको सद्भ्यस्त विचार सदा एकनासले रही तल फर्न पाउँदैन ।

(२४)

ब्रह्मचारी ब्रह्म भ्राजदबिभर्ति तस्मिन्देवा अधि विश्वे समोताः ।
प्राणापानौ जनयन्नादव्यानंवाच मनो हृदयं ब्रह्म मेधाम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) ब्रह्मचारीले चम्किलो ब्रह्मलाई भर्दछ। (२) उसंग सबै देवता-रहन्छन् । (३) र प्राण, अपान, व्यान, वाचा, मन, ज्ञान र मेघ उत्पन्न गर्दछ।

(१) ब्रह्मचारीले उत्कृष्ट ब्रह्मचर्यको पालन गर्दछ।

(२) यसो गर्दा संसारका सबै सद्‌गुणहरू त्यहाँ जम्मा हुन्छन् ।

(३) र त्यसले आफ्नो अनुष्ठानबाट प्राणहरू, वाचा, शक्ति, मन, हृदय, ज्ञान र बुद्धिलाई पुष्ट गर्दछ ।

वीर्य परमेश्वरको तात्त्विक रूप हो। ब्रह्मचारीले त्यसलाई आफ्नो शरीरमा धारण गर्दछन् । यसलाई धारण गरेर सबै दिव्य गुणहरूको उन्नति हुन्छ। यसरी ब्रह्मचर्य पालन गर्दा आफ्नो तपको प्रभावबाट समस्त शारीरिक र मानसिक शक्तिहरू प्रबल संयमित बन्छ।

(२९)

चक्षुः श्रोत्रं यशो अस्मासु धेह्यन्नं रेतो लोहित मुदरम् ।।

हामीलाई चक्षु, श्रोत्र, यश, अन्न, रेतस, लोहित र उदर देऊ ।

हे ब्रह्मचारी ! हामीलाई सुदृष्टि, सुश्रवण, कीर्ति, प्राण, वीर्य, रक्त र पालन पोषण गर्ने शक्ति देऊ। ब्रह्मचर्यको अधीनमा विश्वको बाह्य तथा अभ्यन्तर सबै शक्तिहरू रहन्छन् । परमात्मा पनि ब्रह्मचारी हो र ब्रह्मचारी परमात्मरूप छ। यसैकारणले ब्रह्मचर्यबाट यिनै दिव्य-शक्तिहरूको याचना गरिएको छ। हे परमात्माका अंशभूत ब्रह्मचारी ! तिमी जनतामा सुख र शान्ति बढाउनका लागि नाना प्रकारको सदाचार सम्बन्धी उपदेश गर तथा यस्तो उपाय बताउ, संसारका अमङ्गलकारी अवगुणहरूको नाश होस् ।

(२६)

तानि कल्पद् ब्रह्मचारी सलिलस्य पृष्ठे तपोऽतिष्ठत्तप्यमानः समुद्रे । स स्नातो बभ्रुः पिंगलः पृथिव्यां बहु रोचते ।।

(१) ब्रह्मचारी त्यो सबैको उपक्रम गर्दछ। (२) त्यो समुद्रमा तातो हुने जलको पिठ्यूँमाथि तप गर्दछ। (३) र त्यो स्नान गरेर अत्यन्त तेजवान भएर रहँदा पृथिवीमा राम्रो मानिन्छ ।

(१) ब्रह्मचारीले माथि भनेका ती सबै सद्‌गुणहरूलाई ग्रहण गरी विश्व-सुधारको लागि उपदेशहरू दिने योजना बनाउँछ ।

(२) त्यो ज्ञानरूपी सागरमा आफूलाई तपाएर सुखरूपी जलको लहरमाथि आफ्नो व्रतको अनुष्ठान गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) र त्यो तेजस्वी स्नातक बनेर संसारमा आफ्नो सदुपदेशहरूबाट सम्मानित बन्छ ।

ब्रह्मचारीले आचार्यको नजिकमा बसेर विद्याध्ययन गरी नाना प्रकारका शारीरिक र मानसिक शिक्षाहरू प्राप्त गर्दछ। त्यो अत्यन्त परिश्रमबाट ज्ञान आर्जन गरेर सुखको नजिक पुग्दछ । उसले आफूलाई योग्य बनाएर आफ्नो परम श्रेष्ठता योग्यता र गौरव गरिमा प्राप्त गरी संसारमा शोभित तथा प्रतिष्ठित हुन्छ। त्यो जनताको हितगर्न दत्तचित्त हुन्छ र जनताले त्यसको उचित पूजा गर्छ ।

वस्तुतः वीर्य रक्षाबाटै आत्मिक शक्तिको विकास हुन्छ। अवीर्यवान पुरुषहरूले कहिले पनि जीवनमा सफलता पाउँदैनन् । सबै आफ्नो सुख कल्याण चाहन्छन् तर सुख तथा कल्याण पाउने बाटो (ज्ञान) नभेटेर भ्रान्ति तथा अज्ञानतामा जीवन विसर्जन गर्छन्। साँच्चै आफ्नो कल्याण चाहने पुरुषले यो वैदिक सूक्तका शिक्षाहरूलाई पूर्ण श्रद्धा तथा विश्वास राख्नुपर्दछ। यो वैदिक शिक्षा अनुसारको बाटोमा हिंड्ने प्रयत्न गरेको खण्डमा सम्पूर्ण मानव जीवन सुखमय तथा आलोकपूर्ण हुन्छ। वेद भगवान्को अमृतरूपी वचन हो, त्यो कहिले असत्य हुँदैन। यसै कुरोलाई निश्चय सम्झेर हृदयमा राखि ब्रह्मचर्यको पालन गरौं ।

–(अथर्ववेद. ११, ५, १०, २६)

हे प्रभु! शिव हजुरले आफ्नो योगबलबाट कामदेवलाई भस्म गराइदिनु भएको थियो। हजुरको योगयुक्त चित्तमा विकारलाई रत्तिभर पनि ठाउँ छैन। हाम्रा आराध्यदेव पनि हजुरै हुनुहुन्छ। हामी हजुरकै उपासना, भक्ति तथा प्रार्थना गर्दछौं, हाम्रो हृदयमा पनि काम-विकार उत्पन्न नहोस् । हे प्रभो ! हामीलाई यस्तो शक्ति दिनुहोस्, हामी ब्रह्मचर्यलाई पालन गरेर हजुरको आशीर्वादलाई निरन्तर पाउँदै रहौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिविध ब्रह्मचर्य

: १६ :

शरीर, मन र वचनद्वारा सवै अवस्थाहरूमा सदा र सर्वत्र मैथुन (सम्भोग) त्याग्नुको नाम ब्रह्मचर्य हो ।[1]

विद्वान् याज्ञवल्क्यले भनेका छन्–'कायिक, मानसिक र वाचिक गरी तीन प्रकारको ब्रह्मचर्य हुन्छ ।' यिनै तीनवटा समूहको नाम 'सम्पूर्ण ब्रह्मचर्य' हो । यसैले यिनै तीनवटाको परिपालन गर्ने पुरुष नै सम्पूर्ण ब्रह्मचारी हुन्छ । तर कायिक, मानसिक र वाचिक ब्रह्मचर्य भनेको के हो, धेरैलाई बोध नभएकोले यहाँ लेख्तछु–

(१) 'कायिक ब्रह्मचर्य'– हाउ भाउ एवं कटाक्ष, चुम्बन, आलिङ्गन, अङ्गमर्दन तथा उपस्थेन्द्रिय सञ्चालनबाट सवै प्रकारले अलग तथा छुट्टै रहन भनिएको छ ।

(२) 'मानसिक ब्रह्मचर्य'- विषय चिन्तन, सम्भोगको मनोरथ, कामोद्दीपक साधनहरूको भावना तथा विकारहरूको संग्रह राम्ररी त्याग्नुलाई मानिन्छ ।

(३) 'वाचिक ब्रह्मचर्य'– प्रेमालाप, विषय सम्बन्धी चर्चा, गुह्य सम्भाषण तथा हृदयमा काम विकार उत्पन्न गर्ने भावना, प्रेरणा तथा विचारबाट विरक्त रहनुलाई भनिन्छ ।

आजका कामभोगी मानिसहरूले कामलाई यति ज्यादा महत्त्व दिएका छन् कि ब्रह्मचर्यको पालन गर्नु एउटा असम्भव कुरो, एउटा पाखण्ड कुरो र आजको युगको विपरीत कुरो ठान्छन् । उनीहरू विषय वासनादेखि अतिरिक्त अरू केही उचित तथा उपयोगी सुझ्दैन । यो कुरो राष्ट्रका प्रबुद्ध चिन्तक तथा विचारकहरूलाई थाहा छ । यसरी कायिक ब्रह्मचर्यको पालन

---

1 कायेन मनसा वाचा, सर्वावस्थासु सर्वदा ।
सर्वत्र मैथुन त्यागो, ब्रह्मचर्य प्रचक्षते ॥
–(याज्ञवल्क्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) र त्यो तेजस्वी स्नातक बनेर संसारमा आफ्नो सदुपदेशहरूबाट सम्मानित बन्छ ।

ब्रह्मचारीले आचार्यको नजिकमा बसेर विद्याध्ययन गरी नाना प्रकारका शारीरिक र मानसिक शिक्षाहरू प्राप्त गर्दछ। त्यो अत्यन्त परिश्रमबाट ज्ञान आर्जन गरेर सुखको नजिक पुग्दछ । उसले आफूलाई योग्य बनाएर आफ्नो परम श्रेष्ठता योग्यता र गौरव गरिमा प्राप्त गरी संसारमा शोभित तथा प्रतिष्ठित हुन्छ। त्यो जनताको हितगर्न दत्तचित्त हुन्छ र जनताले त्यसको उचित पूजा गर्छ ।

वस्तुतः वीर्य रक्षाबाटै आत्मिक शक्तिको विकास हुन्छ। अवीर्यवान पुरुषहरूले कहिले पनि जीवनमा सफलता पाउँदैनन् । सबै आफ्नो सुख कल्याण चाहन्छन् तर सुख तथा कल्याण पाउने बाटो (ज्ञान) नभेटेर भ्रान्ति तथा अज्ञानतामा जीवन विसर्जन गर्छन्। साँच्चै आफ्नो कल्याण चाहने पुरुषले यो वैदिक सूक्तका शिक्षाहरूलाई पूर्ण श्रद्धा तथा विश्वास राख्नुपर्दछ । यो वैदिक शिक्षा अनुसारको बाटोमा हिँड्ने प्रयत्न गरेको खण्डमा सम्पूर्ण मानव जीवन सुखमय तथा आलोकपूर्ण हुन्छ। वेद भगवान्को अमृतरूपी वचन हो, त्यो कहिले असत्य हुँदैन । यसै कुरोलाई निश्चय सम्झेर हृदयमा राखि ब्रह्मचर्यको पालन गरौं ।

–(अथर्ववेद. ११, ५, १०, २६)

□

हे प्रभु! शिव हजुरले आफ्नो योगबलबाट कामदेवलाई भस्म गराइदिनु भएको थियो। हजुरको योगयुक्त चित्तमा विकारलाई रत्तिभर पनि ठाउँ छैन। हाम्रा आराध्यदेव पनि हजुरै हुनुहुन्छ। हामी हजुरकै उपासना, भक्ति तथा प्रार्थना गर्दछौं, हाम्रो हृदयमा पनि काम–विकार उत्पन्न नहोस् । हे प्रभो ! हामीलाई यस्तो शक्ति दिनुहोस्, हामी ब्रह्मचार्यलाई पालन गरेर हजुरको आशीर्वादलाई निरन्तर पाउँदै रहौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिविध ब्रह्मचर्य

: १६ :

शरीर, मन र वचनद्वारा सबै अवस्थाहरूमा सदा र सर्वत्र मैथुन (सम्भोग) त्याग्नुको नाम ब्रह्मचर्य हो।[1]

विद्वान् याज्ञवल्क्यले भनेका छन्–'कायिक, मानसिक र वाचिक गरी तीन प्रकारको ब्रह्मचर्य हुन्छ।' यिनै तीनवटा समूहको नाम 'सम्पूर्ण ब्रह्मचर्य' हो। यसैले यिनै तीनवटाको परिपालन गर्ने पुरुष नै सम्पूर्ण ब्रह्मचारी हुन्छ। तर कायिक, मानसिक र वाचिक ब्रह्मचर्य भनेको के हो, धेरैलाई बोध नभएकोले यहाँ लेख्तछु–

(१) 'कायिक ब्रह्मचर्य'– हाउ भाउ एवं कटाक्ष, चुम्बन, आलिङ्गन, अङ्गमर्दन तथा उपस्थेन्द्रिय सञ्चालनबाट सबै प्रकारले अलग तथा छुट्टै रहन भनिएको छ।

(२) 'मानसिक ब्रह्मचर्य'- विषय चिन्तन, सम्भोगको मनोरथ, कामोद्दीपक साधनहरूको भावना तथा विकारहरूको संग्रह राम्ररी त्याग्नुलाई मानिन्छ।

(३) 'वाचिक ब्रह्मचर्य'– प्रेमालाप, विषय सम्बन्धी चर्चा, गुह्य सम्भाषण तथा हृदयमा काम विकार उत्पन्न गर्ने भावना, प्रेरणा तथा विचारबाट विरक्त रहनुलाई भनिन्छ।

आजका कामभोगी मानिसहरूले कामलाई यति ज्यादा महत्त्व दिएका छन् कि ब्रह्मचर्यको पालन गर्नु एउटा असम्भव कुरो, एउटा पाखण्ड कुरो र आजको युगको विपरीत कुरो ठान्छन्। उनीहरू विषय वासनादेखि अतिरिक्त अरू केही उचित तथा उपयोगी सुझ्दैन। यो कुरो राष्ट्रका प्रबुद्ध चिन्तक तथा विचारकहरूलाई थाहा छ। यसरी कायिक ब्रह्मचर्यको पालन

---

1 कायेन मनसा वाचा, सर्वावस्थासु सर्वदा।
सर्वत्र मैथुन त्यागो, ब्रह्मचर्य प्रचक्षते॥
–(याज्ञवल्क्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३) र त्यो तेजस्वी स्नातक वनेर संसारमा आफ्नो सदुपदेशहरूबाट सम्मानित बन्छ ।

ब्रह्मचारीले आचार्यको नजिकमा बसेर विद्याध्ययन गरी नाना प्रकारका शारीरिक र मानसिक शिक्षाहरू प्राप्त गर्दछ । त्यो अत्यन्त परिश्रमबाट ज्ञान आर्जन गरेर सुखको नजिक पुग्दछ । उसले आफूलाई योग्य बनाएर आफ्नो परम श्रेष्ठता योग्यता र गौरव गरिमा प्राप्त गरी संसारमा शोभित तथा प्रतिष्ठित हुन्छ । त्यो जनताको हितगर्न दत्तचित्त हुन्छ र जनताले त्यसको उचित पूजा गर्छ ।

वस्तुतः वीर्य रक्षाबाटै आत्मिक शक्तिको विकास हुन्छ । अवीर्यवान पुरुषहरूले कहिले पनि जीवनमा सफलता पाउँदैनन् । सबै आफ्नो सुख कल्याण चाहन्छन् तर सुख तथा कल्याण पाउने बाटो (ज्ञान) नभेटेर भ्रान्ति तथा अज्ञानतामा जीवन विसर्जन गर्छन् । साँच्चै आफ्नो कल्याण चाहने पुरुषले यो वैदिक सूक्तका शिक्षाहरूलाई पूर्ण श्रद्धा तथा विश्वास राख्नुपर्दछ । यो वैदिक शिक्षा अनुसारको बाटोमा हिँड्ने प्रयत्न गरेको खण्डमा सम्पूर्ण मानव जीवन सुखमय तथा आलोकपूर्ण हुन्छ । वेद भगवान्को अमृतरूपी वचन हो, त्यो कहिले असत्य हुँदैन । यसै कुरोलाई निश्चय सम्झेर हृदयमा राखि ब्रह्मचर्यको पालन गरौं ।

–(अथर्ववेद. ११, ५, १०, २६)

हे प्रभु! शिव हजुरले आफ्नो योगबलबाट कामदेवलाई भस्म गराइदिनु भएको थियो । हजुरको योगयुक्त चित्तमा विकारलाई रत्तिभर पनि ठाउँ छैन । हाम्रा आराध्यदेव पनि हजुरै हुनुहुन्छ । हामी हजुरकै उपासना, भक्ति तथा प्रार्थना गर्दछौं, हाम्रो हृदयमा पनि काम-विकार उत्पन्न नहोस् । हे प्रभो ! हामीलाई यस्तो शक्ति दिनुहोस्, हामी ब्रह्मचार्यलाई पालन गरेर हजुरको आशीर्वादलाई निरन्तर पाउँदै रहौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिविध ब्रह्मचर्य

: १९ :

शरीर, मन र वचनद्वारा सबै अवस्थाहरूमा सदा र सर्वत्र मैथुन (सम्भोग) त्याग्नुको नाम ब्रह्मचर्य हो।[1]

विद्वान् याज्ञवल्क्यले भनेका छन्–'कायिक, मानसिक र वाचिक गरी तीन प्रकारको ब्रह्मचर्य हुन्छ।' यिनै तीनवटा समूहको नाम 'सम्पूर्ण ब्रह्मचर्य' हो। यसैले यिनै तीनवटाको परिपालन गर्ने पुरुष नै सम्पूर्ण ब्रह्मचारी हुन्छ। तर कायिक, मानसिक र वाचिक ब्रह्मचर्य भनेको के हो, धेरैलाई बोध नभएकोले यहाँ लेख्तछु–

(१) 'कायिक ब्रह्मचर्य'– हाउ भाउ एवं कटाक्ष, चुम्बन, आलिङ्गन, अङ्गमर्दन तथा उपस्थेन्द्रिय सञ्चालनवाट सबै प्रकारले अलग तथा छुट्टै रहन भनिएको छ।

(२) 'मानसिक ब्रह्मचर्य'- विषय चिन्तन, सम्भोगको मनोरथ, कामोद्दीपक साधनहरूको भावना तथा विकारहरूको संग्रह राम्ररी त्याग्नुलाई मानिन्छ।

(३) 'वाचिक ब्रह्मचर्य'– प्रेमालाप, विषय सम्बन्धी चर्चा, गुह्य सम्भाषण तथा हृदयमा काम विकार उत्पन्न गर्ने भावना, प्रेरणा तथा विचारवाट विरक्त रहनुलाई भनिन्छ।

आजका कामभोगी मानिसहरूले कामलाई यति ज्यादा महत्त्व दिएका छन् कि ब्रह्मचर्यको पालन गर्नु एउटा असम्भव कुरो, एउटा पाखण्ड कुरो र आजको युगको विपरीत कुरो ठान्छन्। उनीहरू विषय वासनादेखि अतिरिक्त अरू केही उचित तथा उपयोगी सुझ्दैन। यो कुरो राष्ट्रका प्रबुद्ध चिन्तक तथा विचारकहरूलाई थाहा छ। यसरी कायिक ब्रह्मचर्यको पालन

---

1 कायेन मनसा वाचा, सर्वावस्थासु सर्वदा।
सर्वत्र मैथुन त्यागो, ब्रह्मचर्य प्रचक्षते॥
–(याज्ञवल्क्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न कुरो मात्र होइन, मानसिक र वाचिक ब्रह्मचर्यको पालन गर्न सकिदैन भनी कामेच्छुक व्यक्तिहरू भन्छन्। काम वासना बढाउने सामग्रीहरू, उपकरणहरू र वातावरण रहुञ्जेल ब्रह्मचर्यको पालन गर्न कम गाह्रो पर्दैन। त्यस्ता व्यक्तिहरू आँखा फुटेको गोरुले सधैं हरियो देखे जसरी तिनीहरूको आँखा, मुख, कान, जिब्रो जहाँ पनि कामै काम (योनि र लिङ्गहरू) खोर्सानीका बोटहरूमा खोर्सानीहरू झुण्डिएको जसरी रहेको छ। यस्ता भोगी मानिसहरूले कायिक, मानसिक र वाचिक ब्रह्मचर्यमा पापै पाप देख्छन् भने ब्रह्मचर्यको पालन हुनै नसक्ने कुरो बताउँछन्। कायिक ब्रह्मचर्यको रूप स्थूल छ। मानसिक र वाचिक ब्रह्मचर्य पालन गर्न गाह्रो भएपनि कायिक पालन गर्न गाह्रो छैन। 'मानसिक' ब्रह्मचर्य उत्तम, 'वाचिक' मध्यम र 'शारीरिक' अधम मानिन्छ। यो सत्य छ, मन, वचन र कर्मको आफसमा ज्यादै घनिष्ठ सम्बन्ध छ।

ब्रह्मचर्य पालन गर्नेले वाचिकलाई पनि त्यति नै पालन गर्नुपर्छ, जति मानसिक र कायिकलाई पालन गर्नुपर्छ। भन्नुको यही अर्थ हो, वाचिकको महत्त्व पनि अरू भन्दा कम छैन। वाचिक ब्रह्मचर्य बिग्रँदा कायिक र मानसिक पनि बिग्रन्छ। यी तीनवटा ब्रह्मचर्यरूपी घरका तीनतिरका जगहरू हुन्। एकातिरको जग भत्किएपछि घर ढल्छ वा घरको अस्तित्व नष्ट हुन्छ। धेरै मानिसहरू 'मानसिक ब्रह्मचर्य' नबुझेर वा स्वीकार गर्न नसकेर यसको अवहेलना गर्छन्। मनोविज्ञानको महत्त्व नजान्नाले मानसिक ब्रह्मचर्यको पालन राम्ररी हुन पाउँदैन। हाम्रो मनको प्रेरणाले पाँचवटा ज्ञानेन्द्रियहरूले काम गर्छन्। यो शरीरको मन राजा हो। मनले शरीरलाई वा कुनै अंगलाई जसरी चाहन्छ त्यसरी नै लगाई दिन्छ। शरीरको सारथी मन हो, मनले जतापनि शरीरलाई लगाउन सक्छ। □

मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः।
बन्धाय विषयासक्तं मुक्तं निर्विषयं स्मृतम्॥

—ब्रह्मविन्दु उप०

मन नै मनुष्यको बन्धन र मोक्षको कारण छ, विषयासक्त मन बन्धनको लागि छ र निर्विषय मन मुक्त मानिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानसिक ब्रह्मचर्यको प्रधानता

: २० :

जसको मनले चिन्तन गर्दछ, त्यही मुखबाट निस्कन्छ, जे केही वाणी निस्कन्छ, त्यही कर्म गरिन्छ र जस्तो कर्म गरिन्छ, त्यसतै त्यसको फल निस्कन्छ ।[1]

मनले नै स्वर्ग र नरकमा मनुष्यलाई पुऱ्याउँछ । स्वर्ग र नरकमा जाने साँचो हामीलाई भगवान्ले दिनुभएको छ । यसबाट के थाहा पाइन्छ भने मन कति अमूल्य दिव्य वस्तु रहेछ । साँच्चै, मन धेरै महत्त्वपूर्ण कुरो, अगम्य, अतार्किक, अलभ्य छ । मनकै अधीनमा शरीरको सञ्चालन हुन्छ । मनकै अधिकारमा वचन र कर्म रहन्छ । मानसिक विकार नै वाचिक र कायिक विकारहरूको मूल हो । यसैले मानसिक ब्रह्मचर्य पालन गर्ने पुरुषले वाचिक र कायिक ब्रह्मचर्यलाई पालन गर्न सक्दछ ।

श्री भगवान् भन्नुहुन्छ–'मन ज्यादै चञ्चल छ, मनुष्यलाई हल्लाई दिन्छ, अतः ज्यादै बलियो छ । जसरी वायुलाई दबाउनु ज्यादै गाह्रो छ, त्यसरी नै मनलाई वशमा गर्नु पनि म गाह्रो मान्छु ।'[2]

शास्त्रमा भनिएको छ– मानिसको लागि बन्धन र मोक्षको कारण उसको मन हो । सबभन्दा पहिले मनको साधना गर्नुपर्छ । मन साधिएपछि वचन र शरीरमाथि अधिकार हुन्छ । मानसिक ब्रह्मचर्य छुटेपछि वाचिक र कायिक पनि छुट्दछ । यसैले मानसिक ब्रह्मचर्यलाई सबभन्दा पहिले पालन गर्न ध्यान दिनुपर्छ । एउटा रोचक शिक्षाप्रद पौराणिक कथा यस्तो छ–

---

1 यन्मनसा मनुते तद्वाचावदति,
यद्वचा वदति तत्कर्मण करोति,
यत्कर्मण करोति तदभिसम्पद्यते । –(यजुर्वेद ब्राह्मण)

2 चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद् दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥
–(गीता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै एक समयमा पितामह ब्रह्माजी तपोवनमा गएर तपस्या गर्न लाग्नु भयो। यो अनुष्ठानमा रहेर उनको ३००० हजार वर्ष बित्यो। यस्तो दशा देखेर देवताहरूको राजा इन्द्रलाई द्वेष र डर लाग्यो। इन्द्रले विचार गरे, ब्रह्माको त्यो तप सिद्ध भएपछि हाम्रो इन्द्रासनको मर्यादा नै रहने छैन। इन्द्रले तत्कालै तिलोत्तमा नाम गरिएकी एउटी सुन्दरी अप्सरालाई तप भङ्ग गर्न पठाए। ती सुन्दरी अप्सराले ब्रह्माजीको सामुन्ने पुगेर तपोवनमा आफ्नो हाउभाउ र कर कटाक्ष देखाइन्। त्यो दृश्य देखेर ब्रह्माजीको मनमा विकार जन्मियो। ती अप्सरा जता जान्थिन् उतातिर नै ब्रह्माजी काम दृष्टिले हेर्न थाले। यति गरेर त्यो अप्सरा इन्द्रकहाँ फर्की। इन्द्र अत्यन्त खुशी भए। ब्रह्माजीले मानसिक ब्रह्मचर्यबाट पतित भएकोमा तीन सहस्रवर्षसम्म गरेको तपस्याको फलबाट वञ्चित रहनु पर्‍यो।

हाम्रो वाचिक, कायिक र मानसिक ब्रह्मचर्यको पालन के छ र? ब्रह्मचर्यको पालन नगर्दा हामी रूखका सुकेका जराका डाँठ जस्ता भित्रभित्रै मकाएर सडेर गइराखेका छौं। रूखको जराले माटोबाट पोषण तत्त्व खिच्न सकुञ्जेल रूख हरियो र भरिलो बन्छ। जीवनलाई हृष्टपुष्ट बनाउने मूल जरो मानसिक ब्रह्मचर्य हो। यसको प्रमुखतालाई जान्ने–बुझ्ने चेष्टा गरौं।

□

एकजना पाश्चात्य दार्शनिकले भनेका छन्–'सर्वैभन्दा शक्तिशाली व्यक्ति त्यो हो, जसले आफूले आफैलाई अनुशासनमा राख्न सक्छ।'

(Most powerful is he who has himself in his power.)

□

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्।
धर्मसंस्थापनार्थाय सम्भवामि युग युगे।। –(गीता)

श्रेष्ठ पुरुषहरूको उद्धार गर्नको लागि, पाप कर्म गर्ने वालाको विनाश गर्नको लागि र धर्मलाई राम्ररी स्थापना गर्नको लागि म युग–युगमा प्रकट हुन्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट विद्याध्ययन

: २१ :

विद्याको प्रभाववाट परमानन्द पाइन्छ।[1]

वीर्यको रक्षाद्वारा विद्या प्राप्त हुन्छ र विद्या पाउँदा मनुष्यले ब्रह्मलोकमा सुख पाउँछ।[2]

माथि लेखिएको मन्त्रमा यही कुरो भनिएको छ, ब्रह्मचर्य नै विद्याको मूल हो। ब्रह्मचर्यलाई पालन नगरी विद्या पाउन सकिन्न।

ब्रह्मचर्य र विद्याको सम्बन्ध वृक्ष र हाँगाको जस्तो हुन्छ। यसैकारणले ब्रह्मचर्य पालन गरेर विद्याध्ययन गर्ने जुन परिपाटी अतीत कालदेखि आजसम्म चलेको छ, त्यो धर्मशास्त्र अनुकूल छ। तर आजकाल विदेशी सभ्यता तथा संस्कृतिले गर्दा शिक्षा क्षेत्रमा पनि परिवर्तन आई विद्यार्थीहरू ब्रह्मचर्यको पालन गर्दैनन्। हिजो आज विद्यार्थीहरू बढी काम विषयमा अभिरुचि लिन्छन्। पहिले ब्रह्मचारीहरू ब्रह्मचर्यको अवस्थामा रहँदा वेद, धर्मशास्त्रहरू पढ्दथे। विद्या आर्जन गरुन्जेल तथा गृहस्थाश्रममा पाइला नराखुन्जेलसम्म ब्रह्मचर्यको पालन गर्दथे।

ब्रह्मचर्यद्वारा पोषित तथा रक्षित हुने विद्या कहिले वगेर खेर जाँदैनथ्यो। अखण्ड वीर्यको प्रभाववाट ज्ञानको गूढ तत्त्व चाँडै बुझ्ने-जान्ने ती विद्यार्थीहरू हुन्थे। विद्यार्थीको धारणा शक्ति जागृत र तीव्र हुन्थ्यो। ब्रह्मचर्यको पालन गरेर विद्याध्ययन गर्नेहरूको विचार उच्च, पवित्र र व्यावहारिक हुन्थ्यो। विज्ञान, आध्यात्मिक तथा गणित विषयहरूमा नयाँ प्रयोग गरेर एउटा दर्शन तथा विचारको प्रतिपादन गरी दिन्थे, जो आजसम्म छँदै छ।

---

1 विद्यया विन्दतेऽमृतम्।

–(मुण्डकोपनिषद्)

2 ब्रह्मचर्येण विद्या, विद्यया ब्रह्मलोकम्।

–(अथर्व-संहिता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा विदुर भन्छन्–'विद्याध्ययनका लागि ब्रह्मचारी बन्नु पर्छ ।'[1] ब्रह्मचर्य पालन नगरी आर्जन गरिएको विद्या रूखको पात जस्तो हुन्छ, एउटा सानो हावाले पनि त्यो पात हल्लाउन र चुंडाल्न सक्छ ।

एउटा रोचक कथा—

एकपटक देवर्षि नारद अमरावतीमा देवराज इन्द्रलाई भेट्न गए । इन्द्र खुशी भए । इन्द्रले वेदका कतिपय ठाउँका ऋचाहरू बिर्सेका थिए । इन्द्रले चतुरो भएर नारदसँग सोधे–'हे देवर्षि ! मलाई फलानो ठाउँको ऋचा भन्नुहोस् ।' नारदले सस्वर ती मन्त्रहरू सुनाए । इन्द्रलाई आश्चर्य लाग्यो र भने–'भइहाल्यो अब । वेद आउँछ कि आउँदैन भनेर मैले हजुरको जाँच गरेको ।' यो कुरो सुनेर नारदजीले रिसाएर भने–'तिमी एउटा ब्रह्मचारीको जाँच यसरी गर्छौ ? यसरी जाँचगर्दा तिमीलाई लाज लागेन ? ब्रह्मचारीको विद्या पनि तिम्रो जसरी नष्ट भएर के जान्छ र ? तिमी मसंग वेदको जहाँको पनि ऋचा सोधेर हेर ! म पकापक भनिदिन्छु । संयममा रहने व्यक्तिको स्मृति बलियो हुन्छ । यदि यसै गरी फेरि कुनै ब्रह्मचारीको जाँच गर्‍यौं भने तिमी इन्द्रासनबाट तल खस्ने छौ ।' नारदको यस्तो कुरो कुरो सुनेर इन्द्र डराए । बल्लतल्ल नारदसँग क्षमा मागेर तथा प्रार्थना गरेर इन्द्रले विदा लिए ।

हिजो आजको विद्याबाट विद्यार्थीहरूले के सिकेको देखिन्छ भने अनुशासनहीनता, राजनैतिक विचार, असंयम, अविवेक, अधैर्य, अविनयशीलता र क्रान्तिको नारा आदि । के यो कुरो उनका गुरुहरूलाई सिकाएका हुन् त ? कदापि होइन । यस्ता विद्यार्थीहरूका गुरु को हुन्, जसले विद्यार्थीहरूलाई यस्तो कुरो सिकाई आफ्नो गुलेलीको मटयाङ्ग्रा बनाइ राखेको छ ! फेरि आजका विद्यार्थीहरू सिनेमा र यौन विषयमा बढी रुचि लिने, ब्रुसली, जुडो, कराते तथा बलात्कारका प्रसंगहरू हेर्न तथा भाग लिन रुचाउने र मादक पदार्थको सेवन गर्ने भएकाले धारणा शक्ति तथा स्मृति कमजोर हुनु एक स्वाभाविक अवस्था हो । यसमा ब्रह्मचर्यको पालन नगरी त्यो अवस्थाबाट पारि जाने अर्को बाटो छैन । विद्याध्ययन गरुन्जेल विद्यार्थीले ब्रह्मचर्यको पालन गर्नु पर्छ । यहाँ विद्यार्थी भन्दा महिला र पुरुषको भेद गरिएको छैन । सबै छात्रछात्राहरूले ब्रह्मचर्यको पालन गर्नुपर्छ । □

---

1 विद्यार्थ ब्रह्मचारी स्यात । –(विदुर)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट शक्ति र साधन

: २२ :

बलबाट पृथिवी अड्दछ र बलबाटै अन्तरिक्ष पनि अड्दछ। वीर्य बल हो र बलको नाम नै वीर्य हो।[1]

उपनिषद्हरूमा बल र वीर्यको एकैसाथ वर्णन गरिएको छ र दुवैको राम्रो समता दर्शाइएको छ।

वास्तवमा ब्रह्मचर्य नै संसारको समस्त शक्तिहरूको केन्द्र हो। आजसम्म संसारमा जति ठूला-ठूला योद्धा र पहलमान् भएका छन्, जति शूर वीर पराक्रमी भएका छन्, ती सबैको जीवनमा हेरेको खण्डमा ब्रह्मचर्यको पालनबाटै त्यो असीमित शक्ति प्राप्त भएको देखिन्छ। वीर्यलाई रक्षा नगरी शारीरिक तथा मानसिक बल कसैले पाउन सक्दैन। ब्रह्मचर्यको पालन नगरेपछि युद्ध-क्षेत्रमा शत्रुलाई जित्न सकिन्न। यो कुरोको प्रत्यक्ष प्रमाण वीर अभिमन्युले कुरुक्षेत्रको लडाइँमा जाने वेला आफ्नी पत्नी उत्तरासँग सम्भोग गरेकोले शत्रुसँग हारेर मृत्यु भयो भन्ने भनाइ छ।

प्राचीनकालमा क्षत्रिय-कुमारहरूले ब्रह्मचर्यको पालन गर्नुपर्दथ्यो। वीर्यको रक्षा गरेर युद्ध-विद्यामा निपुण र शारीरिक बल आर्जन गरी पराक्रमी बन्थे। त्यतिबेलाको खुला स्वयम्बर प्रतियोगितामा भाग लिन ब्रह्मचर्य पालन गरेका वीर युद्धाहरूले मात्र सक्दथे, किनभने कैयौं योद्धाहरूलाई हराएपछि मात्र विजयश्री भेटिन्थ्यो।

नेपालमा पनि ब्रह्मचर्य पालन गर्ने वीर योद्धाहरूको पहिले खाँचो थिएन। ती वीर योद्धाहरू ब्रह्मचर्यको पालन राम्ररी गर्दथे। रण-कौशलता प्राप्त गर्न वा ज्ञानको बत्ती बाल्न ब्रह्मचर्यको पालन नगरी हुँदैन भन्ने बोध त्यतिबेलाका मानिसहरूमा थियो।

---

[1] 'बलेन वै पृथिवी तिष्ठति बलेनान्तरिक्षम्।'
'वीर्यमेव बलम्'—'बलमेव वीर्यम्।'

—(उपनिषद्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रा श्रद्धेय राजा श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव तत्कालीन युवराजाधिराज होइवक्सँदा मौसूफ २५ वर्षसम्म विद्या अध्ययनमा विभिन्न स्थानमा राज भयो, दुर्गम विकट स्थानहरूको पैदल भ्रमण गरिबक्सियो। शुभ–विवाह नहुञ्जेलसम्म मौसूफ अखण्ड ब्रह्मचर्यव्रतमा रहिबक्सियो। विवाह पछि पनि गृहस्थाश्रममा प्रवेश गरिवक्सेपछि मौसूफवाट ब्रह्मचर्यको पालन दृढताकासाथ गरीवक्सेको छ। विश्वको एकमात्र हिन्दू राष्ट्रको सम्राट होइवक्सेकोले हिन्दूधर्मको एउटा प्रमुख अंग ब्रह्मचर्यको परिपालनमा मौसूफको अभिरुचि रहेको सनातन धर्मतर्फ मौसूफको झुकाउले तथा धर्मप्रति अटल श्रद्धा र विश्ववास कायम रहनाले देखिन्छ। यही हामी हिन्दू धर्मालवम्बीहरूकालागि गौरवको विषय छ। श्रद्धेय राजाबाट ब्रह्मचर्यको पालन गरीवक्सेकोले मौसूफको सुस्वास्थ्य तथा धार्मिक अनुष्ठान देखेर जनता हर्षले प्रफुल्लित छ। राजा तथा राजपरिवारवाट धर्मप्रति अतुलनीय श्रद्धा र निष्टा राखी समुचित मार्ग निर्देशन भएको छ।

शास्त्रमा लेखिएको छ 'वल आर्जन गर्न इच्छुक पुरुषका लागि ब्रह्मचर्य नै एउटा मात्र सञ्जीवनी वुटी हो। शरीरमा वीर्य नभइकन शक्ति स्थिर हुँदैन।'

भीष्म पितामहले आजीवन ब्रह्मचर्यको पालन गर्ने प्रतिज्ञा गरेकाले महाभारतकालमा उनी वीर योद्धा थिए। उनको शरीर इन्द्रको वज्र जस्तो कडा थियो र कुनै युद्धमा यिनले हारेनन्। कुरुक्षेत्रको महायुद्धमा ९ दिनसम्म सेनापति भएर कौरव पक्षको सेनाको सञ्चालन गरेका थिए। सम्पूर्ण शक्ति यिनको ब्रह्मचर्य नै थियो। सत्यको जीत गराउन यिनले मर्ने विचार लिएकोले नै यिनी मरे। एउटा अखण्ड ब्रह्मचारी भएकोले लडाइँको मैदानमा वाणै वाणको ओछ्यानमा सुत्नु र पृथिवीवाट निस्केको जल पिउनु यिनको वीरोचित कार्य हुन्, जसलाई वीर अर्जुनले भीष्मको इच्छा पूरा गरी हृदयमा सन्तोष उत्पन्न गराए।

ब्रह्मचर्यको पालनवाट कैयौं ब्रह्मचारीहरूले अनेकौं अलौकिक सिद्धिहरू प्राप्त गरेका छन् भने कैयौंले अपरिमित शक्ति पनि प्राप्त गरेका छन्। यो प्रत्यक्ष देखिन्छ हिजो पनि, आज पनि। ब्रह्मचर्य पालन गरेर त्यो शक्ति पाउन उठौं, जागौं, र संकल्प गरौं।

☐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट सम्पत्ति–सेवा

: २३ :

विना पुरुषार्थ धन मिल्दैन । लक्ष्मी पुरुषार्थीका अधीनमा रहन्छिन् ।[1]

धर्म, अर्थ, काम र मोक्षको उत्तम साधन आरोग्य नै हो । आरोग्यताको अधीनमा सबै केही छ ।[2]

ब्रह्मचर्यको पालनबाटै प्रचुर धन कमाउन सकिन्छ । सदाचारी पुरुषले कमाएको धन नष्ट हुंदैन र व्यभिचारी पुरुषले कमाएको धन नष्ट हुन्छ । ब्रह्मचारी आफ्नो नियममा ज्यादै दृढ हुन्छ । उसले आफ्नो संयमको बलबाट सम्पत्ति जम्मा गर्छ । सत्यनिष्ठ तथा परिश्रमी भएर धर्मको पालन गर्दछ । ब्रह्मचर्यको पालन नगर्ने मानिसले आफ्नो सम्पत्तिको रक्षा गर्न सक्दैन । ब्रह्मचर्यको पालनाबाट भौतिक, आध्यात्मिक, मानसिक र शारीरिक उन्नति हुन्छ । श्री लक्ष्मीले ब्रह्मचर्य पालन गर्नेलाई हेर्दछिन् ।

आजका मानिसहरू सम्पत्तिको खोजीमा चारैतिर दौडिरहेका छन् । धन कमाउनका लागि गर्न हुने र नहुने सबै कार्य छोडेर मानिसहरू लागि रहेका छन् । पाप, अपराध वा खराब परिणाम निस्कने कामबाट पनि धन पाइन्छ भने त्यो गर्छन् । धनकै लागि हज्जारौं लाखौंको जीवनसँग खेलवाड गर्दछन् तथा भ्रष्ट नीति लिएर धन कमाउने प्रयत्न गर्दछन् । यहाँ प्रश्न उठ्छ, के वास्तवमा धन नै सबभन्दा ठूलो कुरो हो ? के धन नभईकन पनि यहाँ एक क्षण पनि बाँचिन्न ? आज धनको लोभमा धन जम्मा गरेर मानिस राक्षस जस्तो भइराखेको छ । धनको सपना, साधना, जपनाले मानिसले आफैंसँग आफ्नो जीवनमा भएको सम्पत्ति बिर्सेको छ । मनुष्यको दुर्लभ शरीर स्वयं सम्पत्ति हो ।

आज मानव जातिको लागि सबैभन्दा ठूलो सम्पत्ति हो– मानवीय

---

1 नाऽना श्रान्ताय श्री रस्ति । –(ऐतरेय-ब्राह्मण)

2 धर्मार्थ काम मोक्षाणामारोग्य मूल मुत्तमम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति । यो सम्पत्तिको बोध नभएर आज मानिस मेशीन जस्तो बनिरहेको छ। मानवमा मानवीय शक्ति नभएमा के हुन्छ, त्यो सबैलाई थाहा छ । तर खोइ त मानवीय शक्ति बढाउने प्रयत्नहरू ? धर्मले मानवीय शक्ति उत्पन्न गराउँछ। सदाचारले संयमी बनाउँछ। संयममा रहेको शक्तिले आनन्दानुभूति तथा ईश्वरानुभूति दिन्छ । यति महत्त्वपूर्ण ठानिने संयम भनेको के हो ? संयमको सोझो सरल अर्थ हो आत्मनिग्रह । जसरी प्रकृतिमा सबैकुरा नियमबद्धरूपमा रहन्छन्, त्यसरी नै मानव जीवनले नियमित र मर्यादित बन्नुपर्छ । त्यस्तो भएमा मात्र स्वास्थ्य र चैतन्यशक्तिको सञ्चार हुन सक्छ । संयमबाटै आत्मबल, मनोबल, शारीरिक बल दृढ हुन्छ, अन्तर्द्वन्द्व मेटिन्छ, मनोवेग र वासनाहरूको दमन हुन्छ र चित्तमा एकाग्रता बढ्छ । संयम र सदाचारको स्रोत नै ब्रह्मचर्य हो । व्यासले ब्रह्मचर्यलाई अमृत भनेका छन् ।[1] ब्रह्मचर्यबाटै मनुष्यले ब्रह्मतेज, आध्यात्मिकता, तेजता र मानवता जस्ता गुणहरू प्राप्त गर्न सक्दछ ।

ब्रह्मचर्यको पालनबाट मनुष्यले अनेकप्रकारको सेवाहरू गर्न सक्छ । ब्रह्मचर्यको पालनबाटै देश, जाति, समाज, राज्य र आत्मसेवाहरू पूरा हुन सक्छन्। सेवाहरूको आधार आरोग्यता हो । शरीर स्वास्थ भएपछि मनुष्यले सबै प्रकारको सेवाहरू गर्न सक्छ । स्वास्थ्य रक्षामा सबै उपायहरू गरिए पनि यदि वीर्यको संरक्षण गरिएको छैन भने स्वास्थ्यको रक्षा हुन सक्दैन । एउटा ब्रह्मचारी पुरुषले एक्लैले दशजनाले गर्ने काम गर्न सक्छ भने पुराना ऐतिहासिक पुस्तकका कुराहरू उल्लेख गर्न उसलाई उसको स्मृतिले गाह्रो हुँदैन । ब्रह्मचर्यको पालनले सम्झिने शक्ति विवेक शक्ति कायम रहन्छ एवं ज्ञान शक्ति बढ्छ । □

---

[1] अमृतं ब्रह्मचर्यम् । –(व्यास)

□

वृत्तं यत्नेन संरक्षेद् वित्तमायाति याति च ।
अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतोहतः ॥

चरित्रको रक्षा यत्नपूर्वक गर्नुपर्छ । धन त आउँदै-जाँदै रहन्छ । धन नहुँदैमा गरीब होइँन तर सदाचारदेखि भ्रष्ट छ भने त्यो त मरेको सम्झनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट अपूर्व मेधा

: २४ :

मेधा त्यो शक्ति हो, जसलाई सवै विद्वान्हरू उपासना गर्दछन् ।[1]

मेधा त्यो पवित्र र श्रेष्ठ शक्ति हो, जसलाई वीर्य रक्षाद्वारा ग्रहण गरिन्छ ।[2]

वास्तवमा मेधा ईश्वरीय शक्ति हो । यो विना सवै व्यर्थ छ । पहिले हाम्रा पूर्वज आर्यहरू यसलाई ठूलो परिश्रमले उपासना गर्दथे । यसलाई पाउन र संरक्षण गर्नको लागि आफ्नो सर्वस्व पनि अर्पण गरी दिन्थे । अव त्यस्तो महत्त्वपूर्ण मानिने मेधा भनेको के हो ? यो जिज्ञासा सवैलाई उठ्न सक्छ ।

मनुष्यशरीरको सवभन्दा माथिल्लो भाग 'मस्तिष्क' सवैभन्दा ठूलो तथा महत्त्वपूर्ण मानिन्छ । यो मेधा-शक्ति यसै मस्तिष्कमा रहन्छ । जसरी विज्ञानले कम्प्युटर वनाई मानिसको मस्तिष्कले गर्ने काम त्यसवाट गराइराखेको छ । एउटा कम्प्युटरले हज्जारौं मानिसले गर्ने काम राम्ररी तरिकाबाट गर्दछ । तर पनि मानिसको मस्तिष्क भन्दा ठूलो र उन्नतिशील त्यो कदापि हुन सकेको छैन । कम्प्युटरबाट पनि गल्ती हुन्छ । कम्प्युटरकै गलत सूचनाले झण्डै-झण्डै विश्व-युद्धको तयारी भइसकेको थियो । त्यो भूल सुधार्ने काम गर्‍यो मानव मस्तिष्कले ।

ब्रह्मचारीको मेधा अत्यन्त तीव्र हुन्छ । वीर्यलाई रक्षा गर्दा वा सञ्चय गर्दा मस्तिष्क ज्यादै प्रवल हुन्छ । वीर्य खर्च भइरहेको कमजोर मस्तिष्क भन्दा वीर्य सञ्चित भएको वलियो मस्तिष्कले धेरै काम गर्न सक्छ । यो साँचो कुरो छ, उत्तम मस्तिष्कमा उत्तम मेधा रहन्छ । वीर्यलाई सुरक्षित नराखुन्जेल मस्तिष्क वलियो र मेधा तीव्र हुन सक्दैन ।

हाम्रा ऋषि-मुनिहरू ज्यादै ठूला मेधावी र विद्वान् थिए । ठूला-ठूला

---

1 मेधा देवैस्सर्वै रूपास्या । - (श्रुति)

2 मेधा दिव्या वरा शक्तिब्रह्मचर्येण गृह्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थलाई एकपटक पढेपछि वा सुनेपछि सम्झि राख्दथिए । एकपटक देखेको मान्छे वा एकपटक भएको कुराकानी जीवन पर्यन्त सम्झन सक्थे । उनीहरूसँग अनेक विद्याहरू तथा कलाहरूको दुर्लभ ज्ञान थियो । उनीहरू विद्यार्थीहरूलाई शिक्षा दिएर कण्ठ तथा मुखाग्र गराइदिन्थे भने त्यस्ता शिक्षकबाट सिकेको ज्ञान विद्यार्थी जीवन भरि बिर्सिदैनथे । त्यसताक धेरै मानिसहरू वेद र शास्त्रहरू सुनेको भरले पनि पण्डित हुन्थे । त्यस्तालाई बहुश्रुत भनिन्थ्यो । मानिसहरू त्यस्ताको पनि कदर गर्दथे ।

हाम्रो मनमा जिज्ञासा उठ्छ, त्यस्तो के विलक्षण शक्तिको भरले उनीहरूले त्यस्तो गर्न सकेका थिए ? तर आजकाल हामी यस्तो छौं, जे कुरा पनि बिर्सन्छौं, तीन दिन अगाडि खाएको तरकारी बिर्सन्छौं, जांचमा प्रश्नको उत्तर लेख्न बिर्सेर चोरेर पास हुन खोज्छौं, नक्कली प्रमाणपत्र किनेर आफ्नो योग्यता देखाउँछौं । यसैगरी आजका गुरुहरू पनि पढाउने विषय बिर्सेर अर्के कुरो पढाई दिन्छन् । शिक्षाको क्षेत्रमा देखिएको दोष र सुधार्ने कुरो धेरै छन् । तर ब्रह्मचर्यको पालन नगरी मेधा शक्ति बढ्दैन, मेधा शक्ति नबढी विचार र स्मरण शक्तिको विकास हुँदैन । इतिहास शिरोमणि स्वर्गीय श्री बाबुराम आचार्यका सम्बन्धमा एउटा अति आश्चर्यजनक तथा ज्ञानवर्द्धक कुरो छ- उहाँ राम्ररी आँखा देख्नु हुन्नथ्यो, उहाँलाई डोऱ्याएर हिँडाउनु पर्दथ्यो, तर एकपटक पढेको र सुनेको भरमा अत्यन्त प्रामाणिक इतिहास मुखले बोलेर उहाँले लेखाउनु भयो, जसभित्र अकाटच सत्यहरू प्रामाणिक भएर रहेका छन् । उहाँको यस्तो तीव्र स्मरण-शक्ति हुनु ब्रह्मचर्यको पालन नै थियो ।

अखण्ड ब्रह्मचारी हनुमानका प्रसङ्गमा एउटा आख्यायिका यस्तो छ–

पवनकेशरी रामभक्त हनुमानको नाउँ जगत् प्रसिद्ध छ । उनी बालब्रह्मचारी हुन् । बालक वेलामा हनुमानले भोक लागेको बखत उदाइरहेको सूर्यलाई रोटी जस्तो देखेर उडेर खान गएको अन्यन्तै साहस र उत्साहको कथा छ भने यो कथा पनि सूर्यसँगै सम्बन्धित छ । हनुमान एकदिन सूर्यसँग वेद पढ्न गएछन् र आग्रह गरेछन्–'भगवन् ! मलाई वेद पढाई दिनुहोस् ।' सूर्यले भने–'म एकैचोटि एकैपटक भन्छु, यदि तिमीले ग्रहण गर्न सकेनौ भने नि ?' सूर्यले सिकाएको कुरो ग्रहण गर्ने वचन दिएर सूर्यको रथसँगै वेद अध्ययन गर्दै अस्ताचलसम्म हनुमान पुगे । सूर्यलाई हनुमानको शक्तिको जाँच गर्ने विचार उठ्यो । सूर्यले जे सिकेका छौं त्यो सुनाऊ भने । हनुमानले सूर्यसँग पढेको कुरो सस्वर सूर्यलाई सुनाई दिए । हनुमानको अपूर्व मेधा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति देखेर सूर्यले प्रशंसा गरी विदा गरे। यसरी वेदविज्ञ भएर हनुमान् आजीवन ब्रह्मचारी भएर बसे।

□

स्मृति मस्तिष्कको खजाना हो
स्मरणको साँचो कला ध्यानको कला हो।
(The true art of memory is the art of attention.)

□

मृत्युव्याधिजरानाशी पीयूषं परमौषधम्।
ब्रह्मचर्यं महद्रत्नं सत्यमेव वदाम्यहम्॥
शान्ति कान्ति स्मृति ज्ञानं आरोग्यश्चापि सन्ततिम्।
या इच्छति महद्धर्मं ब्रह्मचर्यं चरेदिह॥
ब्रह्मचर्यं परं ज्ञानं ब्रह्मचर्यं परं बलम्।
सर्वलक्षहीनत्वं हन्यते ब्रह्मचर्यया॥

–(धन्वन्तरी)

ब्रह्मचर्य यस्तो परम औषधि हो, जसले रोग, वृद्ध अवस्था र मृत्युबाट मनुष्यलाई बचाउँछ र उनीहरूलाई शान्ति, कान्ति, स्मृति र आरोग्यता दिन्छ। ब्रह्मचर्यको पालनाबाट सबै अशुभ लक्षणहरू मेटिन्छन्। यसैले हामी साँचो भन्न सक्छौं, ब्रह्मचर्य ज्यादै अनमोल छ, यो त अमृत हो।

□

प्रशान्तात्मा विगतभी ब्रह्मचारिव्रते स्थितः।
मन संयम्य मच्चित्तो युक्त आसीत मत्परः॥

–(गीता ६/१४)

ब्रह्मचारी व्रतमा स्थित, भयरहित र राम्ररी शान्त अन्तःकरणवाला सावधान योगी मनलाई रोकेर ममा चित्तवाला र मेरै परायण भएर स्थित हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट दीर्घायु

: २५ :

ब्रह्मचर्यव्रत पालन गर्ने मनुष्यले दीर्घायु प्राप्त गर्छ ।[1]

जसले आफ्नो शरीरमा अनुपम वीर्यको रक्षा गर्दछ,, त्यसले विद्वान्हरूमा दीर्घायु प्राप्त गर्दछ, त्यो साधारण मानिसहरूमा पनि दीर्घजीवी हुन्छ ।[2]

आफूमा वीर्य राख्ने पुरुष ज्ञानी होस् वा अल्पज्ञ, त्यसले दुवै अवस्थाहरूमा दीर्घजीवन प्राप्त गर्दछ । वीर्य रक्षागर्ने पुरुषलाई राक्षस र पिशाचले सताउँदैन । त्यही वीर्य विद्वान्हरूको लागि आत्मतेज वा दिव्य गुणहरूको सारांश छ । यो उनीहरूमा पहिले उत्पन्न हुन्छ ।[3]

राक्षसलाई पापी र पिशाचलाई दुष्ट भन्छन् । ब्रह्मचर्य पालन गर्नेलाई यस्ता पापी र दुष्टको अलिकति पनि डर रहँदैन । वरु ब्रह्मचारीदेखि त्यस्ता दुष्ट र पापी नै डराउँछन् तथा कुनै कष्ट दिन सक्दैनन् । वीर्य रक्षा गर्ने व्यक्तिलाई जो सुकैले नष्ट पार्न खोजेपनि, जति उपायहरू गरेपनि सक्दैन । वीर्यवान व्यक्ति त्यति वलियो हुन्छ तर जुन वीर्यको महत्त्व धेरैलाई थाहा रहँदैन ।

हामी आजसम्म पनि कोही बिरामी हुँदा भन्ने गर्छौं–'भूत, पिशाच, वोक्सी लाग्यो रे !' त्यसको उपचारका लागि धामी, झाँक्री, गुभाजु देखाएर मनग्गे खर्च गर्छौं, मालसामान पनि जुटाई दिन्छौं । तर यो घोर कलियुगमा राक्षस, पिशाच, बोक्सीको रूप फरक छ । पहिलेका युगका भूत, प्रेत, बोक्सी

---

1 दीर्घायुर्ब्रह्मचर्यया । –(सूक्ति)

2 यो विभर्ति दाक्षायणं हिरण्यं,
स देवेषु कृणुते दीर्घ मायुः,
स मानुषेषु कृणुते दीर्घमायुः । –(यजुर्वेद)

3 न तद्रक्षांसि पिशाचाश्चरन्ति,
देवाना मोजः प्रथमजं ह्येतत् । (यजुर्वेद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज छैनन् । हाम्रो विचारमा मानिसलाई विकारी, कामी र आचरणभ्रष्ट जसले बनाउँछ त्यही भूत, प्रेत, पिशाच र बोक्सी हो । यी आधुनिक भूत, प्रेत, पिशाच, बोक्सी हाम्रै समाजमा छन् र हामीहरूलाई पक्रेर दुःख दिइरहन्छन् । यसैको प्रभावले गर्दा हाम्रो औसत आयु ४५ र ५० को बीचमा रहेको छ । हाम्रो आयु घटेर गयो । हामी दीर्घजीवी हुन सकेका छैनौं । हाम्रो अमूल्य वीर्यको महत्त्व नचिनेर तथा जगेर्ना गर्न नसकेर खोलाको पानी जसरी बगेर गइरहेछ । समाजलाई यसबाट ठूलो नोक्सानी भइरहेछ । वीर्यको अभावमा मानिसहरू शक्तिहीन, कान्तिहीन, ज्ञानहीन हुनुको साथै आयुहीन पनि हुन पुगिरहेका छन् । यो क्षणभंगुर संसारमा धेरै समय बाँच्न चाहान्छौं भने ब्रह्मचर्यलाई पालन गर्नुपर्छ । हाम्रो शास्त्र भन्छ– चरित्रको रक्षा यत्नपूर्वक गर्नुपर्छ, धन आउँदै–जाँदै गर्छ । धन नहुँदैमा गरीब हुँदैन तर सदाचारबाट भ्रष्ट हुनु मरेको सम्झनुपर्छ ।[1]

समाजमा व्यभिचार बढिरहेछ । ऋषिहरूको यो अनुपम सत्यलाई सम्झिनुपर्छ, 'नष्ट गरेको धर्मले नाश गर्दछ र रक्षा गरेको धर्मले रक्षा गर्दछ ।'[2] व्यभिचारले गर्दा मानिसको आयुर्बल घटिरहेछ । धेरै समय बाँच्न इच्छा राख्ने मानिसले ब्रह्मचर्यको पालन गर्नुपर्छ । दीर्घ जीवनको मूल रहस्य र कारण वीर्य–रक्षा हो । श्री शिवले भन्नुभएको छ 'थोपा खस्नु नै मृत्यु र थोपालाई धारण गर्नु नै जीवन हो ।'[3] मानिससँग जति पुष्ट वीर्य छ, त्यति त्यो धेरै दिनसम्म बाँच्न सक्छ ।

सबै प्राणीहरूमा मनुष्य सबैभन्दा बुद्धिमान छ र उसको आयु सय वर्ष मानिएको छ । हाम्रो शास्त्रले भन्छ "शतायुर्वै पुरुष ।"

हाम्रो वेदले भन्छ यो संसारमा कर्महरू गर्दै सय वर्षसम्म बाँच्ने इच्छा राखौं ।[4]

---

1 वृत्तं यत्नेन संरक्षेद् वित्तमायाति याति च ।
अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतो हतः ।।

2 धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः । –(मनु०)

3 मरणं विन्दुपातेन जीवनं विन्दुधारणात् ।
–(शिव संहिता)

4 कुर्वन्नेवेहकर्माणि जिजीविषेत्ऽसमा ।
एवं त्वै नान्यथेतोस्ति न कर्म लिप्यते नरे ॥
-(यजु० वे० अ० ४० मन्त्र २)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वै वेदहरूमा भनिएको छ– मनुष्यको आयु सय वर्षको हुन्छ । तर कुन कारणले हो, त्यसको भोग गर्न पाइँदैन ।[1]

हाम्रो वेदहरूमा यो कुरो लेखिएको छ– मनुष्यको आयु देवताहरूको भन्दा तीन गुणा कम हुन्छ । जुन तीन गुणा आयु अर्थात् तीन सय वर्षको आयु जमदग्नि कश्यपादि ऋषिहरूले वा देवताहरूले धारण गरेका थिए, त्यही आयुलाई हामीले पनि प्राप्त गरौं ।[2]

वेदको आदेश छ– प्रत्येक मनुष्य सबैका नेता प्रकाश–स्वरूप भगवान्सँग मित्रता प्राप्त गरून् र संसारको प्रत्येक धन पाउने चेष्टा गरून् तथा पुष्टिका लागि पर्याप्त वस्तुहरू प्राप्त गरून् ।[3]

हाम्रा ऋषिहरूले मानिसको आयु सय वर्ष तोकेका थिए ।[4] मानिसहरूका लागि मात्र यो सन्देश दिएका थिए–'हे मनुष्य, तिमी बूढो हुनुभन्दा पहिले नमर ।'[5] प्रत्येक मानिस धेरै दिन बाँच्न चाहन्छन् तर चाँडै मर्छन् । शतायु र शतवीर्य भएर जन्मेको मानिसले अकाल मृत्यु रोज्छ । वीर्यपात गर्नु मृत्यु रोज्नु हो । मानिसले आफ्नो कमजोरीको दण्ड भोग्नुपर्छ ।[6] ब्रह्मर्षि वशिष्ट भन्छन्–'हे मृत्यु, त स्वयं आफ्नो शक्तिले कुनै मानिसलाई मार्न सक्दैनस्; मनुष्य अरू कारणले होइन, आफ्नै कर्मले मारिन्छ ।[7] असामयिक मृत्यु एकप्रकारको आत्मघात हो । असामयिक मृत्युलाई ब्रह्मचर्यको पालन गरेर रोक्न सकिन्छ ।

---

1 अङ्गादङ्गात सम्भवसि हृदयादभि जायसे ।
आत्मा वै पुत्रनामासि तं जीव शरदः शतम् ॥
महाभारतमा विदुरले धृतराष्ट्रसँग सोधेका थिए–
शतायुरुक्तः पुरुषः सर्व वेदेष वै यदा ।
न तत् सर्वमवाप्नोति पुरुषः केन हेतुना ॥

2 त्र्यायुषं जमदग्नेः कश्यपश्य त्र्यायुषं यद्येवेषु
त्र्यायुष तन्नोअस्तु त्र्यायुषम् ।

3 विश्वो देवश्य नेतुर्मर्तो वुरीत सख्यम् ।
विश्वो राय इषुध्यति द्युम्नं वृणीत पुष्यसे –(ऋग्वेद)

4 शतायुर्वै पुरुषः –(श्रुति)

5 मा पुरा जरसो मृथा –(अथर्ववेद)

6 देवो दुर्वलघातकः ।

7 मृत्यो, न किञ्चिच्छक्यस्त्वमेको मारतितुं बलात् ।
मारणीयस्य कर्माणि तत्कृणीति नेतरत् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य, त्रेता र द्वापरमा मानिसहरूको आयु कति लामो थियो त्यो कुरा शास्त्रहरूको अध्ययन गर्दा थाहा पाइन्छ तर आजकाल औसत आयु घटेर गइरहेछ। पहिला १०० वर्षको उमेर मानिसहरू सजिलैसँग नाघ्दथे र कसैलाई आशीष दिंदा भन्थे-'सय वर्षसम्म बाँच।'[1] त्यसरी सय वर्षसम्म बाँच्ने शक्ति के थियो त ? पहिला ब्रह्मचर्यको पालन गरिनाले वीर्यको रक्षा भएर मानिसहरू दीर्घजीवी हुन्थे। ब्रह्मचर्यको पालनमा बेवास्ता गर्दै आधुनिक विदेशी सभ्यता तथा संस्कृतिमा रँगिदै गएकोले हामी दीर्घायु हुन सकेनौं। शुद्ध गाईको दूध खानुको बदला चियाको प्रचलनले जसरी स्वास्थ्य राम्रो बनाउँदैन, त्यसरी वीर्यपात हुने सामाजिक वातावरणले कामुकता तथा विलासिताको आधार ग्रहण गरी जिन्दगी तथा राष्ट्र खोक्रो हुँदै गएको छ।

सदाचारी तथा धर्मनिष्ठ पुरुषहरू नै दीर्घजीवी हुन्छन्। यहाँ केही दीर्घजीवी पुरुषको नाम र उमेर यसप्रकार छ– भीष्म पितामह–१७०, महर्षि व्यास-१५७, वासुदेव–१५५, भगवान् बुद्ध–१४०, धृतराष्ट्र-१३५, श्रीकृष्ण-१२६, महात्मा कबीर–१२०, आदि।

नेपालको ऐतिहासिक जनमतसंग्रहको समयमा र महा-निर्वाचनको समयमा प्राप्त भएको तथ्याङ्क अनुसार नेपालमा १०० वर्षदेखि १३५ वर्षसम्मका लगभग ५० जना र ८० देखि १०० वर्षसम्मका लगभग ५०० जना भएको प्रत्यक्ष देखिन्छ। कतिपय बुद्ध धर्माबलम्बी गुरुहरू (भिक्षुहरू) ९० वर्षको उमेर नाघ्दा पनि ठिमठिम्याउँदा, सबै इन्द्रियहरू साबुत तथा स्वस्थ्य देखिन्छन्, यसको मुख्य कारण ब्रह्मचर्यको पालन नै हो। नेपाली साहित्यकारहरूमध्ये दीर्घजीवी श्री पारसमणि प्रधान, श्री सूर्य विक्रम ज्ञवाली, सरदार रूद्रराज पाण्डे हुनुहुन्छ। प्रसिद्ध नाटककार तथा कवि श्री बालकृष्ण समले ८७ वर्षको उमेरमा २०३८ सालमा महा–निर्वाण प्राप्त गर्नुभयो।

श्रीमद्भागवत् अनुसार यो कलियुगमा पनि मानिसको आयुर्बलको परिमाण १२० वर्ष छ। यो भन्दा पहिले मर्नेहरू सबै अकाल मृत्युमा गनिन्छन्। ब्रह्मचर्य पालन नगर्नेहरूले निश्चय अकाल मृत्युमा पुग्नुपर्छ। वीर्यको अमोघ शक्तिले आयुर्बल बढाउँछ।

अथर्ववेदमा १०१ प्रकारको मृत्युहरू शरीरबाट आत्मालाई पृथक् गर्ने ती मृत्युहरू मध्ये १०० वटा त अकाल मृत्युमा पर्छन्। पूर्ण मृत्यु त एउटै छ। त्यही पूर्ण मृत्युबाट मर्ने पुरुष भाग्यमानी हुन्छ र सद्गति पनि पाउँछ। हाम्रो शास्त्र भन्छ–अकाल मृत्युबाट मर्नेहरू मोक्षको अधिकारी हुन सक्दैनन्। ब्रह्मचर्य पालन गरेर पूर्ण मृत्यु रोजौं र दीर्घायु बनौं। □

1 जीवेम शरदः शतम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट उत्साह तथा साहस

: २६ :

उत्साह बलवान् हुन्छ, उत्साह भन्दा ठूलो अर्को बल छैन । उत्साही पुरुषको लागि संसारमा कुनै दुर्लभ वस्तु छैन ।[1]

मानवको सबै गुणहरूमा साहस पहिलो गुण छ, किनभने यसले सबै गुणहरूको जिम्मेदारी लिन्छ ।[2]

हो, उत्साह र साहस विना संसारको एउटा काम पनि सुचारुरूपबाट चल्दैन । उत्साह र साहस बस्ने घर हृदय हो । हृदय बलियो भएको मानिस उत्साही र साहसी हुन्छ । हृदय बलियो बनाउने व्रतको नाम हो ब्रह्मचर्यव्रत । ब्रह्मचर्यको पालनमा वीर्यको रक्षा हुन्छ, वीर्यको रक्षा भएपछि उत्साह र साहसको नदी शरीरका नसाहरूमा बग्छ । वीर्यवान् नभै हृदय पुष्ट हुँदैन । आशावादी व्यक्ति धेरैजसो सदाचारी तथा संयमी हुन्छन् । निराशावादी व्यक्ति व्यभिचारी तथा असंयमी हुन्छन् ।

हनुमानको उत्साह र साहसको गाथाको मूल स्रोत ब्रह्मचर्य हो । ब्रह्मचर्यव्रतको असीमित शक्तिको आभास हुनसाथ हनुमानको हृदयले असम्भव कार्यलाई पनि सम्भव बनाइदिन्थ्यो । हनुमानको साहस र उत्साहको रोचक मार्मिक वर्णन रामायणमा उल्लेख छ । हनुमानको उत्साह र साहस देखेर भगवान् श्री राम तथा सीताले समेत प्रशंसा गर्नु भएको छ ।

भीष्म पितामह उत्साह तथा साहसका धनी मानिनुहुन्छ । अखण्ड ब्रह्मचारी भीष्मको एउटा रोचक कथा यस्तो छ– भीष्मले काशिराजका

---

1 उत्साहो बलवानार्य नास्त्युत्साहात्परं बलम् ।
सोत्साहस्य हि लोकेषु न किंचिदपि दुर्लभम् ।।

—(वाल्मीकि रा० कि०)

2 *Courage is the first of human qualities because it is the quality which guarantees all the others.*

–(चर्चिल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीनवटी छोरीहरू अम्बा, अम्बिका, अम्बालिकालाई हरेर लगे। भीष्मले दुइटा भाइ चित्राङ्गद र विचित्रवीर्यको विवाह अम्बिका र अम्बालिकासँग गरिदिए। भीष्म आफू ब्रह्मचारी भएको हुनाले अम्बालाई फर्काइदिए। भीष्मले विवाह नगरी फर्काइ दिएकोले अम्बा अत्यन्त दुःखित भइन्। उनीले आफ्नो दुःख त्यसवेलाका महायोद्धा श्री परशुरामलाई गएर निवेदन गरिन्। परशुरामले अम्बालाई न्याय दिलाउन भीष्मकहाँ आएर सम्झाउँदै भने–'तिमी यी नानीसँग विवाह गर।' तर भीष्मले विवाह गर्न मानेनन्। भीष्मले भने–'यदि तपाईसँग युद्धमा हारें भने विवाह गरूँला।' भीष्म र परशुरामको बीच घोर युद्ध भयो। परशुराम निकै शक्तिशाली भएपनि भीष्मको अगाडि केही जोर, शीप बल लागेन। ब्रह्मचर्यको प्रभावले भीष्मको मनमा अटुट उत्साह र साहसको सञ्चार भइरह्यो। उत्साह र साहसले आत्मविश्वासको ज्योति देदीप्यमान भइरह्यो। अन्त्यमा भीष्मसँग हारेर परशुरामजी एकातिर हिंड्नु भयो।

वाल्मीकि भन्छन्–'उत्साही मनुष्यले गाह्रो भन्दा गाह्रो काम आइलाग्दा पनि हिक्मत हार्दैन।[1] मानिसको जीवनमा त्यो उत्साह र साहसको स्रोत ब्रह्मचर्य हो। ब्रह्मचर्यको पालनमा रहेका सैनिक जवानहरू युद्धको मैदानमा डटेर शत्रुसँग मुकाविला गर्दछन्। आफ्नो प्राणको मोह पनि त्यति वेला उनीहरूलाई हुँदैन। धन्य ती ब्रह्मचर्य पालन गर्ने सैनिकहरू !

□

[1] उत्साहवन्तः पुरुषा नावसीदन्ति कर्मसु।

–(वाल्मीकि)

□

यथैव भावयत्यात्मा सततं भवति स्वयम्।
तथैवापूर्यते शक्त्या शीघ्रमेव महानपि॥

आत्माले जस्तो–जस्तो भावना राख्छ, त्यो चाँडै त्यस्तै-त्यस्तै हुन्छ र त्यस्तै प्रकारको शक्तिले परिपूर्ण हुन्छ।

–(योगवासिष्ठ)

यो सर्वथा साँचो कुरो छ, पुरुष श्रद्धामय छ, जस्तो जसको श्रद्धा हुन्छ, त्यसको व्यक्तित्व त्यस्तै हुन्छ–'श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः।'

–(गीता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट स्वास्थ्य रक्षा

: २७ :

हाम्रो शरीर सबै धर्महरूको प्रधान साधन हो ।[1]

धर्म, अर्थ, काम र मोक्षको मूल्य कारण आरोग्य (स्वास्थ्य) नै हो ।[2]

यहाँ हामी वैद्यक मतानुसार स्वास्थ्यको लक्षण उल्लेख गर्छौं । यी लक्षणहरूको विपरीत भएपछि अस्वस्थ्य वा रोगी सम्झिनुपर्छ । जुन मानिसमा तीनवटा दोषहरू (वात, कफ र पित्त), अग्नि (अन्न पचाउने र भोक लगाउने शक्ति), धातु (रस, रक्त, मासु, मेदा, अस्थि, मज्जा र वीर्य), मल र मूत्र आदि उचित अवस्थामा छन्, जसको आत्मा, इन्द्रिय र मन प्रसन्न तथा आफ्ना-आफ्ना कार्यहरूमा लागिरहेका छन्, त्यही पुरुष स्वस्थ्य कहलाउँदछ ।[3]

स्वास्थ्यको परिभाषा माथि उल्लेख गरिएको नै हामीलाई उचित लाग्यो । तर हामीहरू मध्ये कति त्यो परिभाषा अन्तर्गत स्वस्थ्य छौं ?- यहाँ प्रश्न नउठी रहँदैन । हज्जारौं मानिसहरूको शरीर हेर्दा एकजना पनि स्वस्थ्य भेटिन गाह्रो भइसक्यो । कसैलाई वातको विकार, कसैलाई कफको कोप, कसैलाई पित्तको विकृति, कसैको अग्नि बिग्रेको, कसैको रसादि धातुमा क्षीणता, कसैको मल दूषित, कसैको मूत्र अनियमित, कसैको मस्तिष्कमा शूल आदिको रोगले ग्रस्त पारिरहेको छ । आँखा, कान, जिब्रो तथा अन्य इन्द्रियहरूमा हुने रोगहरूले मानिस रोगी भएको त हेरेर र गनेर साध्यै छैन । यी सबै रोगहरूको तथा शरीरमा हुने खराब लक्षणहरूको

---

1 शरीरमाद्यं खलु धर्म-साधनम् । –(वैद्यक)

2 धर्मार्थकाम मोक्षाणामारोग्यं मूलमुत्तमम् । –(सूक्ति)

3 समदोषः समाग्निश्च, समधातु मलक्रियः ।
प्रसन्नात्मेन्द्रिय मनाः इत्यभिधीयते ।।
–(महर्षि शुश्रुत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकमात्र कारण धर्म वा ब्रह्मचर्यको अभाव हो। हाम्रो स्वास्थ्यको सर्वोत्तम साधन ब्रह्मचर्य हो। ब्रह्मचारी पुरुषले उत्तम स्वास्थ्य लाभ गर्छ।

महर्षि चरकले लेखेका छन्–'स्वास्थ्यरूपी घरलाई स्थिर राख्नको लागि त्यसका तीनवटा खुट्टाहरू–आहार, निद्रा, र ब्रह्मचर्यलाई ठीक-ठीक राख्नुपर्छ।'[1] यो भनाइलाई अक्षरशः पालन गरेको खण्डमा हामी स्वस्थ्य हुन सक्छौं। तर आजकाल हामी सर्वभक्षी (खान नहुने जे कुरो पनि खाने) भएका छौं, श्रमगर्ने प्रवृत्ति हराउँदै गएकोले र मानसिक चिन्ता बढ्दै गएकोले निद्रा नै नपर्ने भएका छौं, ब्रह्मचर्य पालन गर्ने श्रद्धा तथा अभिरुचि नलिनाले हाम्रा स्वास्थ्यरूपी घर प्रत्येक क्षण भत्किरहन्छ।

शास्त्रमा लेखिएको छ–'दिनचर्या (प्रातःकालदेखि साँझसम्मको नियमित कर्म), रात्रिचर्या (सांझदेखि लिएर विहान सम्मको कृत्य), र ऋतुचर्या (छ ऋतुहरूको आहार विहारको नियम) को उचित्त रीतिबाट पालन गर्दा नै मनुष्य सदा स्वस्थ्य रहन सक्छ, नत्र सक्दैन।[2] यिनै तीन वटा चर्याहरूलाई पालन गर्नु ब्रह्मचर्यको पालन गर्नु हो।

संयमित र निष्ठापूर्ण जीवन ब्रह्मचर्यको पालन गरेर मात्र सकिन्छ। सात्त्विक भोजन, शुद्ध आचार–विचार ग्रहण गर्नु ब्रह्मचर्यरूपी तपस्या हो। सच्चरित्रताको अभ्यास तथा पालन गर्नु ब्रह्मचर्यको पालन गर्नु हो। गृहस्थाश्रममा ब्रह्मचर्यको जरूरत बढी छ। ब्रह्मचर्यको पालन गरेर स्वास्थ्य–रक्षा गरौं। □

---

1 त्रय उपस्तम्भा आहारः स्वप्नो ब्रह्मचर्यमिति।
–(महर्षि चरक)

2 दिनचर्या निशाचर्या ऋतुचर्या यथोदिताम्।।
आचरन् पुरुषः स्वस्थ सदा तिष्ठति नान्यथा।।

□

कि तया क्रियते धेन्वा
या न दोग्ध्री न गर्भिणी।
कोऽर्थः पुत्रेण जातेन
यो न विद्वान् न धार्मिकः।। –(पंचतन्त्र)

त्यो गाईबाट के फायदा, जसले न दूध दिन्छ, न गर्भ धारण गर्छ; त्यो छोरो जन्मेर के लाभ, जो न विद्वान् छ, न धार्मिक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट सुसन्तान

: २८ .

त्यो छोरो पाएर के लाभ, जो न त विद्वान् छ, न त धार्मिक नै ?[1]

विद्या युक्त वरु एउटै छोराबाट सारा कुल आनन्दित हुन्छ, जसरी पूर्ण चन्द्रमादेखि रात्रि ।[2]

शोक र सन्ताप दिने धेरै छोराहरू भएर कुललाई के ? सहारा दिने एउटै छोरो श्रेष्ठ छ, जसबाट कुलले विश्राम पाउँछ ।[3]

प्रत्येक आमा-बाबुको मनमा यस्तो अभिलाषा रहन्छ, आफ्ना छोराछोरी राम्रा हुन्, कुल वंश परम्परा तथा धर्म थामुन्, विद्या प्राप्त गरून्, सुयश फैलाउन् । तर बाबु-आमाको अभिलाषाको विपरीत छोराछोरी भइदिन्छन् । बाबु-आमाको सपना, जपना कल्पना छोराछोरीको आचरण व्यवहार देखेर चकनाचूर हुन्छ । ब्रह्मचर्यको पालन नगरेकोले धेरै छोराछोरी-हरू जन्मिएर बाबु-आमालाई धुरुक्क रुवाउँदछन्, फेरि त्यस्ता अल्पायु अवस्थामै बित्छन् । ब्रह्मचर्य पालन गर्ने व्यक्तिका छोराछोरी थोरै, सुखी, ज्ञानी, सच्चरित्र, कुलको मर्यादा पालन गर्ने र आमा-बाबुको विचार अनुकूल हुन्छन् ।

हाम्रा छोराछोरी अल्पायु, रोगी, दुश्चरित्र हुनाको कारण के हो भनेर एकछिन विचार गरौं । कोही-कोही युगले यस्तो पारेर ल्याएको हो भन्छन्, कोहीचाहिँ आजका बाबु-आमाले यस्तो गरेको भनेर बाबु-आमालाई दोष दिने पनि गर्छन् । तर यी दुवै प्रकारको उत्तर आफ्नो-आफ्नो ठाउँमा ठीक छ । पहिलेको समयमा ब्रह्मचर्यव्रतलाई पालन गर्नाले त्यो बेलाका

---

1 कोऽर्थः पुत्रेण, यो न विद्वान्न धार्मिकः —(नीति)

2 एकेनापि सुपुत्रेण विद्यायुक्तेन साधुना ।
आह्लादितं कुल सर्वं यथा चंद्रेण शर्वरी ।। (चाणक्य)

3 किं जातैर्बहुभिः पुत्रैः शोकसंतापकारकैः ।
वरमेकः कुलालंबी यत्र विश्राम्यते कुलम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केटाकेटी अर्कै रंगढंगका बलिया, बुद्धिमान् तेजिला तथा देशभक्त थिए। ब्रह्मचर्य पालन गर्न छोड्दै गएपछि युगले अर्कै स्वभाव, बुद्धि र आचरण भएका केटाकेटी ल्याइदियो, हो यस्तो युगैले पारेर ल्याएको हो। अब दोस्रो रायसँग। पनि हाम्रो सहमति छ, आमा-बाबुले ब्रह्मचर्य पालन गर्न छोडेकोले छोरा छोरीहरूको संख्या बढ्यो, धर्म पालन नगर्ने भएर व्यभिचार पनि बढ्यो। ऋषि मुनि तथा हाम्रा पुर्खा ब्रह्मचर्य पालन गरेर सन्तान जन्माउन उपदेश दिन्थे। ब्रह्मचर्य पालन गर्ने व्यक्तिको सन्तान राम्रो आचार विचारको, सुस्वास्थ्य तथा दीर्घायु हुन्थ्यो। आमाबाबुको संयोगबाट सन्तान जन्मिन्छ। आमा-बाबुको गुण तथा अवगुणहरूको प्रभाव सन्तानमाथि पर्छ। यसै सम्बन्धमा एउटा कथा यस्तो छ—

पितामह ब्रह्माजीले चारवटा छोराहरू उत्पन्न गरे। ती आफ्ना छोराहरूलाई ब्रह्माजीले प्रजा सृष्टि गर्न अह्राए। तर ती चारवटै ब्रह्माका छोराहरूले अस्वीकार गरिदिए। यसरी ब्रह्माको आदेश नमान्नुको के कारण थियो भने ब्रह्माले छोराहरूलाई सात्त्विक वृत्तिबाट उत्पन्न गरेका थिए। यसैकारणले उनीहरू ब्रह्मचारी र सतोगुणी बने। फेरि ब्रह्माले सातवटा छोराहरू उत्पन्न गरे। यी ब्रह्माका छोराहरू राजस वृत्तिबाट उत्पन्न हुनाको कारणले रजोगुणी र प्रवृत्तिपरायण भए। यिनै ब्रह्माका छोराहरूले प्रजाको सृष्टि गरे।

यहाँ माथि उल्लेख गरिएको कथाबाट के थाहा पाइन्छ भने जस्तो मानसिक वृत्ति लिएर सन्तान जन्मायो त्यस्तै भावना तथा विचार अनुरूप सन्तान हुन्छ। यदि बाबु आमा धार्मिक तथा ब्रह्मचर्यको पालन गर्ने छ भने सन्तान निश्चय धर्म पालन गर्न मन दिने हुन्छ। ब्रह्मचर्य पालन गरेर चाहिए जति मात्र योग्य सन्तान जन्माएर दीर्घायु प्राप्त गर्न सकिन्छ। धेरै सन्तान जन्माउनाले सन्तान गरीब, रोगी र व्यभिचारी भइदिन्छन्। यो महँगीको युगमा आफ्ना सन्तानलाई पेटभरिको कुरो छाडौं, रूखा-सुखा एक छाक ख्वाउन पनि धौ धौ र पढाउन त अति गाह्रो परिरहेको बेलामा ब्रह्मचर्यको पालन भन्दा परिवार र समाजलाई सुखी पार्ने विधि वा व्रत अरू कुनै छैन। यो हाम्रो सनातन धर्मको प्रमुख अङ्ग ब्रह्मचर्यव्रत हो।

हामी उत्तम, पितृभक्त सद्गुणी, सदाचारी सन्तान चाहान्छौं भने वा दीर्घायु प्राप्त गरेका धर्म-कर्ममा लाग्ने सन्तान चाहान्छौं भने ब्रह्मचर्यको पालन गरौं, अनि मात्र सन्तान उत्पन्न गरौं। ब्रह्मचर्यको पालनबाट सन्तानको भविष्य उज्ज्वल र सुखमय हुन्छ। □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट रोग नास्ति

: २९ :

शत्रु र रोगलाई उत्पन्न हुनासाथ नष्ट गरी दिनुपर्छ । किनभने यी वढेपछि अत्यन्तै हृष्ट-पुष्ट पुरुषलाई पनि यिनले मार्दछन् ।[1]

यो देशमा स्वस्थ्य पुरुष र स्त्रीहरूको संख्या घटेर गइरहेको छ । अनेक थरी नयाँ-नयाँ रोगहरू बढिरहेको छ । खुलेका अस्पतालहरूमा ठाउँ नपुगेर नयाँ अस्पतालहरू पनि खुल्दै छन् । देशको बढ्दो जनसंख्याको तथ्याङ्क डरलाग्दो चुनौतीको रूपमा देखा परिसकेको छ । कति मानिसलाई पेट भरि खान र एक कुम्रो लगाउन गाह्रो परेको छ भने रोग लागेर बिरामी भएपछि बरु अस्पतालमै गएर त्यहीं मरूँला भनेर जानेहरूको संख्या धेरै छ । औषधी किनेर खान सक्ने, एक्सरे खर्च तिर्न सक्ने र प्राइभेट डाक्टरको क्लिनिकमा जँचाउन सक्ने कति मानिसहरूको अवस्था दरो छ र ? फेरि मानिसको शरीरलाई खरायो वा मुसाको जस्तै ठानेर अनेकौं नयाँ-नयाँ औषधीहरूको प्रयोग तथा परीक्षण चलिरहेकै छ । परिणाम जे होस्, त्योसँग डाक्टरको सम्बन्धै छैन जस्तो देखिन्छ । मानिसहरूलाई निरोगी पार्न शुद्ध जल वायुले मात्र पुग्दैन । अरू के के प्रयत्नहरू भएको छ भन्दा उत्तर शून्य छ । खेलकूदको आयोजनाले गर्दा स्वास्थ्य राम्रो बनाउने स्थिति सृजना गरेको छ । स्वस्थ्य शरीरमा रोग लाग्दैन । तर कति खेलाडीहरूको स्वास्थ्य पहिलादेखिनै कमजोर भएकोले पछिसम्म खेलाडीहरू भएर बस्ने सपना पूरा गर्न पाउदैनन् । मानिसहरू निस्तेज र निर्बल हुँदै गइरहेका छन् । यो रोग, अस्वस्थता, निस्तेज र निर्बलताको मुख्य कारण के हो ? हाम्रो एउटै उत्तर छ—ब्रह्मचर्यको पालन नगरेकोले तथा त्यसतर्फ ध्यान नदिएकोले हाम्रो अवस्था र स्थिति बिग्रियो । ब्रह्मचर्यको पालन नगरेकोले हामी रोगी

---

[1] जात मात्रं नयः शत्रुं, व्यधिश्च प्रशन्नयेत ।
अति पुष्टाङ्ग युक्तोऽपि, सपश्चात्तेन हन्यते ।।
—(सूक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयौं। यो शास्त्रसम्मत तथा प्रामाणिक कुरो छ, ब्रह्मचर्यको पालना गरेपछि रोग लाग्दैन। व्यभिचार र इन्द्रिय लोलुपताले गर्दा यस्तो शिवको परम प्यारो व्रत ब्रह्मचर्यलाई बिर्सेर पथभ्रान्त भएका छौं।

ब्रह्मचर्यको पालन नै सर्व रोगहरूको निदान हो। यसैले औषधिहरूको पितामह ब्रह्मचर्य मानिन्छ। जस्तैसुकै अमृततुल्य औषधि सेवन गरेपनि ब्रह्मचर्यको पालन विधिवत् गरेको छैन भने रोग निर्मूल हुन सक्दैन। कुनै पनि चिकित्सकले बिरामीलाई ब्रह्मचर्यमा नबस्नु भन्दैनन्। बिरामीले स्त्री लम्पट भइदिएको खण्डमा चाँडो चिताको सरजाम तयार गरी राखे हुन्छ।

नेपालमा पचासौं वर्ष अघिको कुरो हो, एकजना प्रख्यात वैद्यले बिरामीको उपचार ताज्जुब लाग्दो तरिकाले गर्दथे। उनको तरिका थियो– रोगीको नारी पक्रेपछि त्यो मानिसले ब्रह्मचर्यको पालन नगरेको थाहा पाएर 'एक वर्ष ब्रह्मचर्य पालन गरेर आऊ, अनि औषधि गर्छु' भनेर पठाइदिन्थे, जो ब्रह्मचर्य पालन गरेर पुग्दथे, त्यस्तालाई भने राम्ररी औषधि गरी रोग निर्मूल पारी दिन्थे। एकवर्ष ब्रह्मचर्य पालन गरेर फेरि त्यहाँ पुग्ने व्यक्तिलाई राम्ररी औषधि गरी दिन्थे। ती वैद्य भन्दथे–'पहिला वीर्यको रक्षा गर्नुपर्छ, अनि मात्र औषधिले शरीरभित्र काम गर्छ।' ब्रह्मचर्यको पालना नगर्नेलाई जस्तै अपहत्तै हाले पनि उनी औषधि गर्दैनथे।

ब्रह्मचर्यको पालन नै रोग नास्ति गर्ने विधि हो। यति मात्र जानेर ब्रह्मचर्यको पालन गरौं र रोग हटाऔं।

□

उपनिषदको सन्देश छ– ईश्वर नै जीवन हो। मनुष्य त जीवनको एउटा अग, दिव्य जीवनको एउटा अंग। जीवन ईश्वरको वरदान हो। ईश्वरका सबै वरदान सुन्दर, अद्भुत र दिव्य छन्। आफ्नो भित्र गहिरिएर पस। जति भित्र प्रवेश गर्दछौ, उति अलौकिक, दिव्य, सुन्दरता देख्ने छौ। त्यहीं रमेर सृष्टिको अनुपम मानिस बनेर देखाऊ।

–(ज्ञान-सन्देश)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट ब्रह्मज्ञान

: ३० :

ब्रह्मज्ञान प्राप्त गरेपछि मानिस ज्यादै चाँडै परमानन्दको अधिकारी हुन्छ ।[1]

ब्रह्मज्ञानविना कसैले मुक्त पाउँदैन ।[2]

हाम्रा ऋषिहरूले ब्रह्मज्ञान पाउन अनेक बाटो निश्चित गरेका थिए, जुन बाटोमा लागेर चाँडै ब्रह्मज्ञान पाउन सकिन्छ । ब्रह्मज्ञान पाएपछि केही कुरो पाउन बाँकी नै रहँदैन । यो ज्ञान पाउनका लागि चारवटा आश्रमहरूको विधान बनाइएको छ ।

छान्दोग्योपनिषद्मा इन्द्र र विरोचनको सम्वाद छ । त्यहाँ ब्रह्मचर्यबाटै ब्रह्मज्ञान पाइन्छ भनेर लेखिएको छ। पितामह ब्रह्माले ती दुवैलाई ३२ वर्षसम्म अखण्ड ब्रह्मचर्य पालन गर्नु भनी शिक्षा दिनु भएको पनि उल्लेख छ ।

ब्रह्मचर्य पालन गरेर निश्चयपूर्वक त्यो इच्छित आत्मज्ञान पाइन्छ ।[3]

प्रश्नोपनिषद्मा ब्रह्मज्ञानका सम्बन्धमा एउटा ज्यादै रोचक तथा सारगर्भित कथा यस्तो छः

कबन्धी र कात्यायन नाउँ गरेका दुइटा ऋषिकुमारहरू थिए । ती दुवैजना ब्रह्मचारी थिए। ती दुवैजना ब्रह्मचारी थिए। एकदिन ती दुवै ऋषिवर पिप्पलादको आश्रममा गए र ब्रह्मज्ञान शिक्षा पाउन निवेदन गरे।[4]

ऋषिवर पिप्पलादले ती दुई ऋषिकुमारहरूलाह भने -"तपाईंहरू दुवैजना एकवर्ष सम्म म कहाँ बस्नुहोस् र नियमानुसार श्रद्धापूर्वक ब्रह्मचर्य-

---

1 ज्ञानं लब्ध्वा परां शान्ति मचिरणाधि गच्छति । –(गीता)

2 ऋते ज्ञानान्न मुक्तिः । -(शंकराचार्य)

3 ब्रह्मचर्येणह्यं वेष्टात्मान मनुविन्दते ।

4 तान ह स ऋषिरुवाच —भूय एव तपसा ब्रह्मचर्येण श्रद्धया सम्वत्सरे, सम्वत्स्यथ, ययाकाचामान् प्रश्नान् पृच्छथ, यदि विज्ञान नास्यामः सर्वं ह वो वक्ष्यामः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्रतलाई पालन गर्नुहोस् । अनि जे प्रश्न सोध्न चाहनु हुन्छ, सोध्नु होला । हामीसँग जे ज्ञान छ त्यो तपाईंहरूलाई यथाशक्ति सम्झाउला ।"

यी माथिको उदाहरणबाट यही कुरो थाहा पाइन्छ, ब्रह्मज्ञानको अधिकारी ब्रह्मचारी पुरुष मात्र हुन सक्छ । ऋषि पिप्पलादलाई यो राम्ररी थाहा थियो, यी दुवै ऋषिकुमारहरू ब्रह्मचारी हुन्, तर ब्रह्मज्ञान दिनका लागि ती दुवैलाई एकवर्षसम्म विशेष रूपबाट ब्रह्मचर्यको पालन गर्नुपर्ने कुरा उनले भने । यो साँचो कुरो हो, ब्रह्मचर्यविना ब्रह्मज्ञानको अनुभव गर्न सकिन्न ।

□

ऋतौ ऋतौ स्वदारेषु संगतिर्या विधानतः ।
ब्रह्मचर्यं त दैवोक्त गृहस्थाश्रम वासिनाम् । ।

(याज्ञवल्क्य ऋषि)

"जुन गृहस्थीले आफ्नै धर्मपत्नीसँग केवल सन्तानको निमित्त ऋतुकालमा सहवास गरोस् त्यो गृहस्थाश्रममा रहेर पनि ब्रह्मचारी छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट मुक्ति र ब्रह्मत्व

: ३१ :

पुत्ररहित पुरुषले मुक्ति पाउँदैनन् । उसले स्वग पाउनु ज्यादै असम्भव कुरो छ ।[1]

संसारमा जति ब्रह्मचारी पुरुष छन् ती सबै स्वर्ग जान्छन् ।[2]

यी माथि लेखिएका दुवै वचन शास्त्रीय हुन् । पहिलो वचन अर्को वचन अपवादस्वरूप छ तथा विरोधाभास छ । एउटाले पुत्रविना मुक्ति पाइदैन भन्छ भने अर्कोले स्वर्ग जान ब्रह्मचर्य पालन नगरी हुन्न भन्छ ।

यो कुरो सांचो हो । प्राचीन समयमा बाल खिल्व, ध्रुव, नचिकेता, हनुमान र भीष्म आदि अनेक युगद्रष्टा ब्रह्मचारीहरूले पुत्र उत्पन्न गरेनन् तर उनीहरू मुक्त भए । यस्तो कसरी ? किनकि उनीहरूले अखण्ड ब्रह्मचर्यको पालन गरेका थिए ।

खालि पुत्र उत्पन्न गरेर मात्र कुनै पुरुपले मोक्ष या स्वर्गको अधिकारी बन्दैन । छोरो योग्य भयो भनेमात्र त्यस्तो हुन सक्छ । यदि छोरो अयोग्य भयो भने आफ्ना पितृहरूलाई पनि नरकवासी तुल्याउँदछ । सुयोग्य पुत्र जन्मिनाले मनुष्यले तीन ऋणहरू (ऋषि ऋण, देव ऋण र पितृ–ऋण)बाट मुक्ति पाउँदछ । यही उसको सांचो मुक्ति हो । सुयोग्य पुत्र विना ब्रह्मचर्यव्रत पालन नगरी कसैले पनि कुनै प्रकारले पनि मुक्ति पाउन सक्दैन । व्यभिचारीको शुक्रबाट पुत्र सुयोग्य हुन सक्दैन ।

अखण्ड ब्रह्मचर्यलाई पालन गर्ने पुरुषलाई पुत्र उत्पन्न गर्ने आदेश शास्त्रले दिंदैन । ती ब्रह्मचर्य पालन गर्ने पुरुष मन, वचन र कर्मले संसारको सेवा गर्दछन् । तिनका शिक्षाहरू तथा उद्योगबाट अनेक बालक सज्जनहरू सदाचारी बनेर आफ्ना कुटुम्बलाई यशस्वी बनाउँदै रहन्छन् । तिनका प्रतापबाट धेरै विद्यार्थीहरू आफ्नो जीवन सुधारेर बाबु-आमालाई नरकमा पर्न

1 अपुत्रस्य गतिर्नास्ति, स्वर्ग नैव च नैव च । – (सूक्ति)
2 स्वर्गे गच्छन्ति ते सर्वे, ये के चिद् ब्रह्मचारिण: ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नदिएर मुक्त गर्दछन् ।

जसरी पारसको स्पर्शले फलाम पनि सुन हुन्छ, श्रीखण्डका वृक्षका सहवासले अरू वृक्ष पनि श्रीखण्डकै वृक्ष बन्छन्, त्यसरी नै ब्रह्मचारीको संगत तथा शिक्षाले एउटा अबोध बालक पनि गुणवान र मूल्यवान बन्दछ। फलामलाई सुन बनाउने आवश्यकता पर्दछ, गह्राउने काठका रूखलाई श्रीखण्डका रूख झैं बनाउने आवश्यकता पर्दछ तर पारस र श्रीखण्डको रूखलाई केही बनाउने आवश्यकता पर्दैन। ब्रह्मचारीले त मुक्ति भेटिहाल्छ तर अरूले मुक्तिको इच्छा राख्नुपर्दछ ।

ब्रह्मचर्यको पालन नै मुक्ति र स्वर्गको एउटा मात्र साधन हो। ब्रह्मचर्य सिद्ध नहुन्जेल मुक्ति पाउन सकिन्न। ब्रह्मचारीको लागि मुक्ति त दासी बनिरहन्छे । उनीहरू मुक्तिका लागि पनि चिन्ता गर्दैनन् । उनका लागि त यो कुरो पनि तुच्छ छ ।

मुक्ति भन्दा पनि माथि ईशत्त्व मानिएको छ। मुक्तहरूलाई पनि ईशत्त्वको इच्छा लागिरहन्छ। अनेक योगीजन यसैका लागि तपस्या गर्दछन् र साधना पूरा भएपछि यसका अधिकारी हुन्छन्। त्यो ब्रह्मपद प्राप्त गर्नु ज्यादै गाह्रो छ। केनोपनिषद्मा लेखेको छ–'न त त्यहाँ दृष्टि पुग्दछ, न वाणी जान सक्दछ, र न मन पुग्न सक्दछ । हामी त्यसलाई चिन्दा पनि चिन्दैनौं।[1] सबै वेदहरू जुन पदको चिन्तन गर्दछन्, सबै तप पनि जसलाई बताउँदछन् र जसलाई इच्छा राख्ने मानिसलेहरू ब्रह्मचर्यव्रतको पालन गर्दछन् त्यही पदलाई संक्षेपमा ब्रह्मचर्य भन्दछन्।[2]

ईशत्त्व पाउनका लागि वेद, तप र ब्रह्मचर्य, यी तीनवटा साधन छन्। वेद र तप मात्रले ईशत्त्व भेटिंदैन। ब्रह्मचर्य पनि पालन गर्नुपर्छ; यसैकारण ब्रह्मचर्यको प्रधानता पनि छ। एउटा ब्रह्मचर्यभित्र वेद र तप दुवै साधनाहरू विद्यमान छन् । ठूला-ठूला वेदाध्यायी र भारी-भारी तपस्वी पनि ब्रह्मचर्यबाट पतित हुनासाथ आफ्नो पदबाट च्युत हुन्छन् । यसैले ईशत्त्व प्राप्त गर्नको लागि पनि ब्रह्मचर्य सबभन्दा ठूलो साधन छ। बिना ब्रह्मचर्यको ब्रह्मपद दुष्प्राप्य मात्र होइन, एकदमै असम्भव कुरो छ। □

---

1 न तत्र चक्षुर्गच्छति नवाग्गच्छति न मनो न विद्मा। –(केनोपनिषद्)

2 सर्वे वेदा यत्पद मामनन्ति ।
तपांसि सर्वाणि च यद्वदन्ति ॥
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति ।
तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥ -(कठोपनिषद्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यमाथि प्राचीन मत

: ३२ :

ब्रह्मचर्य माथि प्राचीन ग्रन्थहरूमा जे जति प्रमाण पाउन सकिन्छ त्यसलाई यहाँ सम्पूर्ण कुरो उल्लेख गर्न नसके पनि केही छोटकरीमा उल्लेख गर्दछु—

ब्रह्मचर्य पालन नगरी मनुष्य कदापि पूर्ण आयुको समय बिताउन सक्दैन। —(भगवान् ऋग्वेद)

चारै आश्रमहरूलाई यथावत् पालन गर्नको लागि ब्रह्मचर्याश्रम पनि पालन गर्नु पर्दछ। —(भगवान् यजुर्वेद)

विद्वान् मनुष्यहरूको लागि योग्य छ कि संसारमा दुइटा कार्यहरू निरन्तर गरोस्—(१) ब्रह्मचर्य तथा जितेन्द्रियत्वको शिक्षाबाट शरीरलाई निरोगी, बलिष्ठ र दीर्घजीवी बनाओस् र (२) सुविद्या र क्रिया कुशलताबाट आत्मालाई तेजस्वी बनाओस्, जसबाट सर्वदा आनन्द प्राप्त होस्।

जसरी प्रसिद्ध अग्नि, बिजुली, जठराग्नि र बडवाग्नि-यी चार र प्राण, इन्द्रिय तथा गाई आदि पशु सबै जगत्को पुष्टि गर्दछन्, त्यसरी नै मनुष्यहरूका लागि ब्रह्मचर्य आदिबाट आफ्नो तथा अरूको बल बढाउनु पर्दछ। जुन मनुष्य ब्रह्मचर्य, औषधिपथ्य तथा सुन्दर नियमहरूलाई पालन र सेवन गरेर शरीरको रक्षा गर्दछ, त उनका अंग दृढ हुन्छन्। —(भगवान् यजुर्वेद)

सबै पुराणहरू, प्राचीन संस्कृति र धर्मको रक्षा ब्रह्मचर्यव्रतबाट हुन्छ। —(भगवान् अथर्ववेद)

ब्रह्मचर्य सर्वोत्तम तप हो। अखण्ड ब्रह्मचर्यव्रतमा बस्ने पुरुष देवता हो, त्यसलाई मनुष्य सम्झिनु हुँदैन। —(भगवान् शंकर)

ऋषिवर! ब्रह्मचारी पुरुष मलाई ज्यादै प्यारो लाग्दछ। ब्रह्मचर्यबाट मेरो निर्भय पद प्राप्त हुन सक्दछ। —(वैकुण्ठनाथ विष्णु)

देवता, मनुष्य र असुर-सबैका लागि ब्रह्मचर्य अमृतरूप छ। जुन वरदान चाहोस् त्यो ब्रह्म-निष्ठाबाट प्राप्त हुन सक्दछ। —(पितामह ब्रह्मा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्यबाट ब्रह्मतेजको सञ्चय हुन्छ । पूर्ण तपस्वी आफ्नो तपलाई यसै बलबाट साधन सक्दछ । जुन अप्सराले महर्षि विश्वामित्रको तप भङ्ग गरेर मेरो डर हटाउन सक्छिन्, तिनलाई म सदा सम्मान दिन्छु ।

–(देवराज इन्द्र)

हे जीव ! ब्रह्मचर्यरूपी सुधानिधि तिमीसँग छ । त्यसको प्रतिष्ठाले अमर बन । निराश नहोऊ । मनुष्यलाई सार्थक बनाउने उद्योग गर ।

–(भगवती श्रुति)

ब्रह्मचर्यव्रतलाई पालन गर्दै वेदादि शास्त्रहरूको अध्ययन योग्य छ । अधिकारी पुरुष नै आफ्नो सम्पत्तिको रक्षा गर्न सक्दछ । –(महर्षि अंगिरा)

हे निष्पाप ! ब्रह्मचर्यबाटै संसारको स्थिति कायम छ । मूलाधार नष्ट भएपछि पदार्थको नाश हुन्छ । नत्र हुँदैन । –(महर्षि वशिष्ठ)

ब्रह्मचर्यको पालन नै ब्रह्मपदको मूल हो । जसले अक्षय पुण्य पाउन चाहन्छ, त्यसले निष्ठाबाट जीवन व्यतीत गर्नुपर्दछ । –(देवर्षि नारद)

मुनिवर ! तिमीले दिएको श्रापलाई स्वीकार्दछु । विवाह गरेपछि तिम्रो ब्रह्मचर्यव्रत खण्डित हुनेछ र लोक–कल्याणमा लाग्नमा पनि बाधा पर्ला । यसैले ब्रह्मचर्यलाई माया गर्नु पर्ला । –(भगवान् विष्णु)

मोक्षका दृढ सोपान ब्रह्मचर्य हो । ब्रह्मचर्याश्रममा सुधार गर्न गरिएको सबै क्रियाहरू सफल हुन्छन् । –(महामुनि दक्ष)

ब्रह्मचर्यबाटै ब्रह्मस्वरूपको दर्शन हुन्छ । हे प्रभो ! निष्कामता दिएर दासलाई कृतार्थ गर्नु होस् । –(मुनिवर्य भारद्वाज)

ब्रह्मचर्यबाट मनुष्यले दिव्यता पाउँदछ । शरीर त्यागेपछि सद्गति मिल्दछ ।

–(मुनीन्द्र गर्ग)

ब्रह्मचर्यको संरक्षण मनुष्यले सबै लोकहरूमा सुख दिने सिद्धिहरू प्राप्त गर्दछ ।

–(मुनिराज अत्रि)

जीवात्मा ब्रह्मचर्यबाटै परमात्मामा लीन हुन्छ । आप्त धर्म नै चारै फलको प्राप्तिको साधन छ ।

–(महर्षि व्यास)

ब्रह्मचर्यव्रतलाई पालन गरेर मनुष्यका अशुभ लक्षणहरू नष्ट हुन्छन् । जसले उत्तम धर्मलाई पालन गर्न चाहन्छ, त्यसले यो संसारमा ब्रह्मचर्यको पालन गर्नु पर्दछ । –(पयूषपाणि धन्वन्तरी)

हे राजन् ! ब्रह्मचारीलाई कहिले दुःख हुँदैन । उसले सबै केही पाउँदछ । ब्रह्मचर्यको प्रभावबाट अनेक ऋषि ब्रह्मलोकमा स्थित छन् ।

–(देवव्रत भीष्म)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीलाई सबै केही सम्भव छ। उत्साहबाटै सबै कार्य सिद्ध हुन्छ। ती पुरुष–रत्न हुन्, जसले आफ्नो व्रतको सदा पालन गर्दछन्।
–(महावीर हनुमान)

ब्रह्मचर्यलाई पालन गरेपछि मनुष्य कुनै पनि आश्रम (गृहस्थ, वानप्रस्थ र संन्यास)मा प्रविष्ट हुन सक्दछन्। –(ऋषीश जवाली)

'ब्रह्मचर्यबाटै ब्रह्मज्ञान प्राप्त गर्ने योग्यता प्राप्त हुन्छ।
–(ऋषिवर पिप्पलाद)

ब्रह्मचारी भएर नियमित रूपबाट अध्ययन गर्नुपर्दछ। विधि–रहित अध्ययन गर्नाले स्वाध्यायको फल पाइँदैन। –(महामान्य हरीत)

हे जनकजी! जसले ब्रह्मचर्यमा चित्तको शुद्धता गरेको छ, त्यसलाई अन्य आश्रमहरूमा (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यासको) आनन्द मिल्दछ। –(बालब्रह्मचारी शुकदेव)

विना ब्रह्मचर्यको (विषय-भोगबाट) आयुष्य, तेज, बल, वीर्य, बुद्धि, लक्ष्मी, महत्त्वाकांक्षा, पुण्यतप र स्वाभिमानको नाश हुन्छ।
–(स्मृतिकार गौतम मुनि)

इच्छाबाट वीर्य नाश गर्ने ब्रह्मचारी निश्चयपूर्वक आफ्नो व्रत (ब्रह्मचर्य)लाई नाश गर्दछ। –(महामति मनु)

ब्रह्मचर्य र अहिंसा शारीरिक तप हो। –(योगिराज कृष्ण)

ब्रह्मचर्यको पालनबाट आत्मबल प्राप्त हुन्छ।–(योगाचार्य पतञ्जली)

ब्रह्मचर्यको बलबाटै मनुष्य ऋषि लोकमा जान्छ। –(कपिल मुनि)

ब्रह्मचर्यव्रत धारण गर्नेहरूलाई मोक्ष (स्वर्गीय सुख) मिल्दछ।
–(सुनत्सुजात मुनि)

वीर्य नै सारा शरीरको सार हो। मनुष्यको बल वीर्यकोमा अधीन छ। ओज नै शरीरको धातुहरूको तेज छ। –(वैद्यक)

अखण्ड ब्रह्मचर्यको पालन गरेपछि सुलक्षणा स्त्रीसँग विवाह गर्नु पर्दछ।
–(मिताक्षरा)

जुन मनुष्य ब्रह्मचारी भएन, त्यसलाई कहिले सिद्धि प्राप्त हुँदैन। त्यो जन्म मरणादि क्लेशरहरूलाई पटक-पटक भोगिरहन्छ। –(अमृत-शिद्ध)

ब्रह्मचर्यको पालनबाट पाप यसरी काटिन्छ, जसरी सूर्योदयबाट अन्धकारको नाश हुन्छ। –(धर्म-संग्रह)

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्ययुक्त अन्याश्रम

: ३३ :

यो शरीरको चार अवस्थाहरू हुन्छन्–,वार्धक्य यौवन, सम्पूर्णता र परिहारीणि । १६ देखि २५ वर्षसम्म सबै धातुहरूको वृद्धि हुन्छ । २५ देखि ४० वर्षसम्म सबै धातुहरूको पुष्टि भएर यौवन प्राप्त हुन्छ । ४० वर्ष उपरान्त ६० वर्षसम्म सम्पूर्णता रहन्छ । तत्पश्चात् ह्रास शुरू हुन्छ ।

यसैले कम से कम २५ वर्षसम्म ब्रह्मचर्य पालन गर्नुपर्दछ । पहिले यो आश्रमको महत्त्व बुझेर कैयौं विद्यार्थी धेरै समयसम्म वा जीवन-भरी यही आश्रममा रहन्थे ।

ब्रह्मचर्याश्रमलाई पालन गरेर गृहस्थी बनून् । गृहस्थाश्रमको निर्वाह पनि गरून् र वानप्रस्थाश्रमलाई समाप्त गरेपछि सन्यासी बनून् ।[1]

ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास–यी चार आश्रमहरूका नाम हुन् ।[2]

ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्यास यी अलग अलग चार आश्रम गृहस्थबाट उत्पन्न भएका छन् ।[3]

मनुष्यको साधारण आयु १०० वर्ष मानिएको छ । यसरी चारवटा बराबर विभागहरू पनि छन् र उमेरले पनि २५ वर्ष एउटा आश्रम पर्दछ । त्यसको प्रत्येक भाग धर्म–शास्त्रको मतबाट आश्रम भनिन्छ ।

□

---

[1] ब्रह्मचर्यं परि समाप्य गृही भवेत् ।
गृहीभूत्वा वनी भवेत् ।। वनी भूत्वा प्रव्रजेत् । (ब्रह्मज्ञ जाबाली)

[2] ब्रह्मचारी गृही वान प्रस्थो भिक्षुश्चतुष्टये । –(मनीषि अमर)

[3] ब्रह्मचारी गृहस्थश्च वानप्रस्थो यतिस्तथा ।
एते गृहस्थ प्रभवाश्चत्वारः पृथगाश्रमाः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्याश्रम

: ३४ :

उपनयन भएपछि बालकले गुरुकुलमा गएर बस्नुपर्दछ । त्यहाँ मन, वचन र कर्मले गुरुका परिवारको हित गर्नुपर्दछ ।[1]

पहिलो आश्रम ब्रह्मचर्याश्रमको नामबाट पुकारीन्छ । व्रतबन्ध गरेर पिता आफ्नो छोरोलाई कुनै सुयोग्य आचार्यलाई जिम्मा दिन्छन् । त्यहाँ त्यो बालक आयुको पहिलो भाग (२५ वर्षसम्म) विद्याध्ययन, गुरु-सेवा र सदाचार पालन गर्नमा खर्च गर्दछ । यसैवेला उसको शारीरिक र मानसिक शक्तिहरू पूर्णरूपबाट विकसित हुन्छ र त्यो गृहस्थाश्रमका लागि योग्य बन्दछ ।

□

---

[1] उप नीतो माणवको, वसेद गुरू कुलेषु च ।
गुरोः कुले प्रिय कुर्यात्कर्मण मनसा गिरा ।। –(धर्मज्ञ हारीत)

□

युक्ताहार विहारस्य युक्त चष्टस्य कर्मसु
युक्तस्वप्ना ववोधस्य योगो भवति दुःखहा ।। (गीता)

भगवानले भन्नु भएको छ– युक्त आहार, युक्त निद्रा र युक्त ब्रह्मचर्य यी तीन स्वास्थ्यका आधार हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थाश्रम

: ३५ :

आयुको चार विभागको प्रथम भाग गुरुकुलमा बिताएर त्यसपछि दोस्रो भागमा विवाह गरेर घरमा बस्नुपर्दछ।[1]

दोस्रो घरमा बस्ने आश्रम हो गृहस्थाश्रम। यसमा पहिलो आश्रमको सफलता देखिन्छ। यसको काल र आयु दोस्रो भाग २५ देखि ५० वर्ष सम्म छ। गृहस्थको अर्थ घरमा रहने हुन्छ। यो आश्रममा पालन गर्नु पर्ने कर्तव्य कर्महरू केही लेख्दछु—

(१) धर्मपूर्वक आजीविकाको लागि धन जम्मा गर्नु। (२) सुपात्रहरूलाई दान दिएर संसारको हित गर्नु (३) नित्य आफ्नो घरमा अग्निहोत्र गर्नु। (४) पति--पत्नीमा परस्पर प्रेम र सहकारिताको भाव राख्नु। (५) बालकहरूलाई यथायोग्य पालन पोषण गर्नु तथा उनीहरूको शिक्षा दीक्षाको प्रबन्ध गर्नु। (६) देवताको पूजा, आमा-बाबुको सेवा, वेदको पठन–पाठन, जीवहरूको रक्षा र अतिथि–सत्कार गर्नु। (७) सरल र सदाचारयुक्त जीवन व्यतीत गर्नु (८) ईश्वर र धर्ममाथि विश्वास राखेर कार्य गर्नु। (९) अनाचारहरूबाट बच्नको लागि सदैव नियमपूर्वक रहनु। (१०) सत्य, शील र सज्जनताको परिचय दिनु। (११) परोपकार, दया, ज्ञान तथा उच्च विचारहरूमा सदैव रत रहनु।

□

---

1 चतुर्थ मायुषो भागमुषित्वाद्यं गुरोर्द्विजः।
द्वितीय मायुषो भागं कृतदारो गृहेवसेत्॥ –(धर्माचार्य मनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वानप्रस्थाश्रम

: ३६ :

गृहस्थीले आफ्नो शरीर शिथिल देखेपछि र छोराबाट पनि छोरा भएपछि (नाति भएपछि) वनमा प्रवेश गरोस् ।[1]

तेस्रो आश्रम वान प्रस्थाश्रम भनिन्छ । यसमा पहिलेका दुवै आ-श्रमदेखि विरक्ति हुन लाग्दछ । यसको समय आयुको तेस्रो भाग ५० देखि ७५ सम्म छ । वानप्रस्थको अभिप्राय वनमा बस्नु हो । हामी यो आश्रमका मूल केही कर्त्तव्यहरूलाई यसप्रकार विवेचना गर्दछौं:

(१) वनमा कुटी बनाएर रही प्रकृतिका तत्त्वहरूको निरीक्षण गर्नु-पर्दछ । (२) संसारको कल्याणका लागि विद्यार्थीहरूलाई विद्या-दान दिनु दिनुपर्दछ । (३) पशु-पक्षी आदि सबैलाई प्रेमपूर्वकको दृष्टिले हेर्नु पर्छ । (४) फलफूल आदि खाएर आफ्नो जीवन निर्वाह गर्नु पर्दछ । (५) नाना प्रकारका विद्याहरू र विज्ञानहरूलाई आविष्कार गर्नुपर्दछ । (६) सधैं संयम र सदाचारबाट आफ्नो शरीरलाई शुद्ध र आत्मालाई उन्नत गर्नु पर्दछ । (७) व्रत र हवनले आफ्नो हृदय र बुद्धिलाई शान्त र तीव्र बनाउनु पर्दछ । (८) धर्म र कर्मको आदेश गृहस्थहरूलाई दिनुपर्दछ । (९) इन्द्रिय-दमन र योगाभ्यासमा दृढ रहनुपर्दछ । (१०) परमात्माको ध्यान र चिन्तनमा मनलाई रमाउँदै रहनुपर्छ ।

□

1 गृहस्थस्तु यदा पश्येद्वली पलित मात्मनः ।
अपत्यस्यै वचापत्यं, तदारण्यं समाश्रयेत् ।। -(धर्माचार्य मनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्यासाश्रम

: ३७ :

यसरी आयुको तेस्रो भाग वनमा बिताएर त्यसको चौथो भागमा ७५ देखि १०० सम्म सबै प्रकारका सम्वन्धीलाई त्यागेर संन्यासी हुनुपर्दछ ।[1]

चौथो आश्रमको नाम हो सन्यासाश्रम । यो अन्तिम आश्रम हो। यसमा पहिले भनेका तीनै आश्रमहरूको कर्महरूको पनि त्याग हुन्छ । सन्यासको अर्थ हो सम्पूर्ण रीतिवाट त्याग ।

यो आश्रमका केही प्रधान कर्तव्यहरूलाई यहाँ उल्लेख गरिन्छः

(१) शरीर रक्षाको लागि थोरै तथा सात्विक आहार गर्नु । (२) एउटा स्थानमा नवसेर देश भ्रमण गर्दै रहनु । (३) आफ्नो पवित्र विचारहरूबाट संसारको हित गर्नु र दोषहरूलाई हटाउनु । (४) आफ्नो मनलाई शुद्ध राखेर आचरण गर्नु । (५) काम, क्रोध, लोभ, मोहादि विकारहरूबाट टाढा रहनु । (६) न बाँच्ने इच्छा न मर्ने डर लिनु । (७) सत्य कुरो भन्नु र कहिले फुटोको सहारा नलिनु । (८) प्राणी मात्रमाथि दया राख्नु र सबैको सुखदुःखलाई बराबर मान्नु । (९) क्षमाशील, शान्त, आत्मचिन्तक र ब्रह्मज्ञ बन्नु । (१०) योगाभ्यास र ईश्वर-स्मरणमा आफ्नो समय बिताउनु ।

□

[1] वनेषु च विहृत्यैवं, तृतीयं भागमायुषः ।
चतुर्थमायुषोभागं, त्यक्त्वासङ्गान्परिव्रजेत् ।। –(धर्माचार्य मनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्ययुक्त वर्ण व्यवस्था

: ३८ :

चारै वर्णहरूको रचना त्यसको गुण र कर्मको विभागको अनुसार गरिएको छ ।[1]

परमपुरुषको मुखबाट ब्राह्मण, पाखुरा देखि क्षत्रीहरू, कम्मरदेखि वैश्य र खुट्टादेखि शुद्र उत्पन्न भए ।[2] सारांश यो हो कि ज्ञान, वल, धन सेवा प्रधान, यी मनुष्य जातिका चारवटा विभागहरू बनाइयो ।

१. ब्राह्मणः

पढ्नु, पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु, दान दिनु र दान लिनु यी वाहुनका कर्महरू हुन् ।[3]

मनको शान्ति, इन्द्रियहरूको दमन, जितेन्द्रियता, पवित्रता, क्षमाशीलता, सरलता, ज्ञान विज्ञान र आस्तिकता–यी ब्राह्मणका स्वाभाविक हुन् ।[4]

२. क्षत्रियः

प्रजाको रक्षा गर्नु, दान दिनु, यज्ञ गर्नु, अध्ययन गर्नु, जितेन्द्रिय रहनु- यी क्षत्रियहरूका संक्षिप्त कर्महरू हुन् ।[5]

---

1 चातुर्वर्ण्य मया सृष्टं, गुणा-कर्म विभागशः । –(श्री मद्भागवत्)

2 ब्राह्मणोऽस्य मुखमासीद् वाहू राज्यन्यः कृतः ।
उरूतदस्य यद् वैश्यः पदभ्यां शुद्रो अजायत ।। –(यजुर्वेद)

3 अध्यापन मध्ययनं य जनं याजनं तथा ।
दानं प्रति ग्रहण्चैव, ब्राह्मणानाम कल्पयत् ।। --(मनुस्मृति)

4 शमो दमस्तप; शौचं, शान्ति राजंव मेवच ।
ज्ञान विज्ञान-मस्तिक्यं, ब्राह्मकर्म स्वभावजम् ।। –(श्री भगवद्गीता)

5 प्रजानां रक्षणं दान मिज्याध्यन मेवच ।
विषयेष्व प्रसक्तिश्च, क्षत्रियस्य समामतः ।। –(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शूरता, तेज, धैर्य, दक्षता, युद्धमा दृढता, दान र आस्तिकता-यी क्षत्रियका स्वाभाविक कर्महरू हुन् ।[1]

३. वैश्य:

पशुहरूको संरक्षण, दान दिनु, यज्ञ गर्नु, पढ्नु, व्यापार गर्नु र सूद लिनु–यी वैश्यका कर्म हुन् ।[2]

४. शूद्र:

शूद्रको एउटा मात्रै कर्म निर्धारित गरिएको छ । माथि लेखिएका वर्णहरूको ज्यादै संयमशीलताबाट सेवा गर्दै रहनु ।[3]

द्विजातिहरू (ब्राह्मण, क्षत्रिय र वैश्य) लाई त उपनयन, ब्रह्मचर्य र वेदाध्ययनको प्रत्यक्ष रूपबाट अधिकार छ । तीन वर्णहरूको कर्म पनि यस्तो छ कि ब्रह्मचर्य पालन नगरी पूरा हुन सक्दैन । अब रह्यो शूद्र, यदि त्यसले पनि ब्रह्मचर्यमा रहेन भने त्यसको सेवा कार्य पनि सुचारुरूपबाट चल्न तथा निर्वाह गर्न गाह्रो छ । किनभने योगीश्वर भर्तृहरि भन्नुहुन्छ कि सेवा धर्म अत्यन्त कठिन छ, यसको पालन गर्नु योगीहरूलाई पनि गाह्रो छ ।

मनुष्य शरीरमा पनि प्रकृतिले चारवटा वर्णहरूको व्यवस्था गरेको छ । ज्ञान, बल, ऐश्वर्य र सेवा कार्य विना एकक्षण पनि यसको स्थिति रहन सक्दैन । यसैकारण ब्रह्मचर्यव्रतबाट चातुर्वर्ण्यको उन्नति हुन्छ भन्ने कुरा स्पष्ट छ ।

□

1 शौर्यं तेजो धृतिर्दाक्ष्यं, युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च, क्षात्रं कर्म स्वभावजम् ॥ –(श्री भगवद्गीता)

2 पशूनां रक्षणं दान मिज्याध्ययन मेवच ।
वाणीक्पथं कुसीदञ्च, वैश्यस्य कृषिरेवच ॥ —(मनुस्मृति)

3 एकमेव तु शुद्रस्य. प्रभु ःर्म समादिशत ।
एतेषामेव वर्णानां, शुश्रुषा मनुसूयया ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुकुल–ऋषिकुल

: ३९ :

विद्यार्थीले गुरुकुलमा विद्या प्राप्त गर्दछ ।[1]

ऋषिहरू मानिसहरूको हित हुने कुरो विचार गर्दथे, या संसारलाई शिक्षा दिन्थे ।[2]

आर्य सभ्यताको समयमा हाम्रो यो देशमा ठाउँ-ठाउँमा गुरुकुल र ऋषिकुल थियो । गुरुकुल र ऋषिकुल त्यो ठाउँलाई भनिन्छ, जहाँ गुरु वा ऋषिका परिवार रहन्थे । त्यो गुरुकुल वा ऋषिकुल त्यो ठाउँमा रहन्थ्यो जहाँ जलवायुको दृष्टिबाट सर्वोत्तम हुन्थ्यो । त्यो ठाउँ हरियो वन जंगल र उर्वरा पर्वतीय भूमि हुन्थ्यो । त्यहाँ नानाप्रकारका स्वास्थ्यकारक वृक्ष, फल र फूलहरू ज्यादा हुन्थे । भिन्न-भिन्न जातिका पशु र मनोहर शब्द गर्ने चराचुरुङ्गीहरूले त्यो ठाउँ मनोहर पार्दथे भने नदीको किनारा भएकोले त्यो ठाउँ जलको केन्द्रविन्दु बनेर पवित्र हुन्थ्यो । त्यही एकान्त ठाउँमा गुरु वा ऋषिहरू आफ्नो पत्नी तथा सन्तान सहित निवास गर्दथे । धेरै यस्ता पनि हुन्थे, जसको पत्नी तथा सन्तान हुँदैनथ्यो । ती गुरुहरूले ब्रह्मचर्याश्रम, गृहस्थाश्रम राम्ररी पालन गरेर वानप्रस्थाश्रममा प्रवेश गर्दछ-उनीहरू नै यथासमय पुत्र र नाति नातिनाहरूलाई घर छोडेर यो आश्रममा पाइला राख्दथे । उनीहरू श्रीमतीलाई पनि त्यागिदिन्थे वा मन्जूर गरेपछि आफ्नै साथमा राख्दथे । उनीहरूले आयुको तेस्रो या शेष सम्पूर्ण भाग ब्रह्मचारीहरूलाई विद्यादान तथा सद्ज्ञानको चिन्तनमा खर्च गर्दथे । ऋषिहरू ब्रह्मचर्यलाई पालन गरेर यो लोकको कल्याणमा दत्तचित्त रहन्थे, उनीहरू विद्यादानलाई सबभन्दा ठूलो पुण्य सम्झन्थे । यसैकारण उनीहरू प्रायः विद्यार्थीहरूलाई आफूकहाँ राखेर वेद र वेदाङ्गका शिक्षाहरू दिन्थे । उनीहरूको जीवन परम पवित्र र सात्विक हुन्थ्यो । विद्यार्थीहरू

---

1 विद्यायाति गुरोः कुले । –(सूक्ति)
2 ऋषयो मन्त्र द्रष्टारः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूको अनुकरण गरेर आफूलाई योग्य वनाउँदथे । प्रायः गुरुहरू र ऋषिहरूको सिद्धान्त प्रायः एउटै जस्तो हुन्थ्यो । गुरुहरूभन्दा ऋषिहरू ज्यादा निःस्वार्थी हुन्थे ।

यिनै गुरुकुल तथा ऋषिकुलहरूमा राजा तथा अन्य धर्मात्मा पुरुष ब्रह्मचारीहरूको दर्शन गर्न आउँदथे र उचित सहायता दिनका लागि प्रार्थना गर्दथे । राज्यमा विद्वान्हरूको सहयोग नपाई विकास र शान्ति चिरस्थायी हुन सक्दैन भन्ने कुरो शासक वर्गलाई थाह थियो । त्यो समयमा विद्यार्थी र गुरु सबै स्वावलम्वी थिए । उनीहरू आफ्नो लागि परिश्रम र पुरुषार्थले स्वयं वृत्ति उपार्जन गरेर वाँच्दथे । यही गुरुकुल र ऋषिकुल प्रणालीवाट देश र समाजलाई ज्यादै ठूलो लाभ हुन्थ्यो । राजाको शिक्षा विभागले काम गर्ने जरूरत थिएन । राजा र प्रजा दुवै गुरुकुल तथा ऋषिकुलको सेवा गर्दथे । नेपालमा भन्दा भारतमा गुरुकुल तथा ऋषिकुलको परम्पराले चारैतिर आफ्नो जरा फैलाई सकेको भए पनि समयको प्रवाह अनुसार यो वैदिक परम्परा घट्दै गयो । गुरुकुल तथा ऋषिकुलको परम्परा नष्ट हुँदा ब्रह्मचर्य तथा वैदिक विद्याको पनि लोप भयो । भारतमा यद्यपि थोरै भएपनि गुरुकुल काँगडी, ऋषिकुल हरिद्वार, शान्ति-निकेतन बोलपुर, सत्याग्रह आश्रम अहमदावाद र कन्या गुरुकुल दिल्लीवाट केही समाज कल्याणका कार्यहरू भइरहे पनि आजका जनताको यसतर्फको चाख नभएकोले गर्दा ती गुरुकुल तथा ऋषिकुलका आश्रमहरू राम्ररी चल्न नसकेको जानकारी पाइन्छ । नेपालमा यसप्रकारको गुरुकुल तथा ऋषिकुल आश्रम नभएका होइनन् तर यसमा सरकार र जनताको चाख नभएकोले गर्दा प्रायः स्थिति अर्कै रह्यो । शहीद शुक्रराज शास्त्रीले खडा गरेको स्कूल पनि यस्तै गुरुकुलको आदर्शवाट अभिप्रेरित थियो । प्राचीन धर्म सम्वन्धी आदर्शहरूलाई परिपालन गर्ने स्थानको अभाव आज पनि परिरहेकै छ । आज सबै आधुनिक भएर अंग्रेजी सभ्यताको नयाँ युगको वाढीमा वगेर जान चाहन्छन् र धर्म संस्कृतिका कुरोमा विरोध पनि दर्शाउँछन्, जुन वर्तमान भयावह स्थिति देखा परिरहेको छ, त्यसको जिम्मेवारी आफू वहन गर्न चाहीं चाहँदैनन् । पुरानो पींढी र नयाँ पींढीको वीचमा एउटा गहिरो खाल्डो वनिसकेको छ, जसलाई पार नगरी नयाँ पींढीले विकास र शान्ति पाउन सक्दैन । गुरुकुल तथा ऋषि-कुलका जस्तै आश्रमहरूको स्थापना गराएर ब्रह्मचर्य तथा धर्म सम्वन्धी विद्या पालन गराउन सजगता र तत्परताको खाँचो पनि परिरहेको छ । वीर्य रक्षा, विद्याध्ययन, जीव मात्रको रक्षा र सेवा तथा सम्पूर्ण प्राणीको सुस्वास्थ्यको कामना प्रकट गर्ने धर्म सम्वन्धी कार्यहरूको अध्ययन हुनुपर्दछ । यो गुरुकुल तथा ऋषिकुल प्रणालीको शिक्षावाट मात्र सम्भव छ । □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपनयन–संस्कार

: ४० :

संस्कारको प्रभावबाट जातिले प्रबलता पाउँदछ ।[1]

उपनयन–संस्कार भएपछि ब्रह्मचारी गुरुकुलमा गएर बस्नुपर्छ ।[2]

यज्ञोपवीत-संस्कार ज्यादै महत्त्वको छ। यो संस्कारका साथै बालकको ब्रह्मचर्याश्रम शुरु हुन्छ। यो संस्कारको प्रणाली वैदिक छ। यो विना बालक वेदको अधिकारी हुँदैन। प्राचीन कालमा यो संस्कार प्राप्त गरेपछि आमा बाबु पनि आफ्नो बालकलाई गुरुकुलमा पठाउँदथे। उपनयन संस्कार पाएका बालकलाई आचार्यले वेद पढाउँदथे। प्रायः सबै स्मृतिहरूले केवल द्विजातिलाई यज्ञोपवितको अधिकारी मानेको छ। मनुस्मृतिमा बालकको यज्ञोपवित–कालको विधान यसरी बनाइएको छ-गर्भदेखि आठ वर्षमा क्षत्रियको र बाह्र वर्षमा वैश्यको उपनयन गर्नुपर्दछ। ब्रह्मतेजको कामनाले ब्राह्मणलाई पाँच वर्षमा, बल तथा उत्साहको इच्छाले क्षत्रियलाई छ मा र धन तथा ऐश्वर्यको इच्छाबाट वैश्यलाई आठमा उपनयन गरिदिनुपर्छ। सोह्र वर्षपछि ब्राह्मणलाई, बाईस वर्षपछि क्षत्रियलाई र चौविस वर्षपछि वैश्यलाई गायत्री मन्त्रको उपदेश गर्नु हुँदैन।[3]

यदि माथि लेखिएका वर्षहरू भन्दा अघि नै यज्ञोपवित भएन भने त्यो बालक पतित हुन्छ। यसको अभिप्राय के हो भने त्यो ब्रह्मचर्य र वेदाध्ययनको

---

1 संस्कारात्प्रबला जातिः ।

2 उपनीतो माणवको, वसेद्, गुरु कुलेषुच ।

3 गर्भाष्टमाब्देऽकुर्वीत, ब्राह्मस्योपनायनम् ।
गर्भादेकादशे राज्ञो, गर्भात्तु द्वादशेविशः ॥
ब्रह्मवर्चसकामस्य, कार्यं विप्रस्य पञ्चमे ।
राज्ञो बलार्थिनः षष्टे, वैस्यस्येहार्थिनोऽष्टमे ॥
आषोडशाद ब्राह्मणस्य, सावित्री नाति वर्त्तते ।
आद्वाविंशात्क्षत्रबन्धी राचतुर्विंशते विशम् ॥ –(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि योग्य रहँदैन । विना यज्ञोपवित त्यसलाई गुरुकुलमा पठाउन सकिँदैन र ज्यादा उमेर वितेपछि त्यो बालक कुसंस्कारी हुन्छ । ज्यादा उमेर विते-पछि आचार्यले आफ्नो प्रभाव पार्न सक्दैनन् । कुसंस्कारहरूले जरो गाडेपछि त्यसलाई उखेल्न गाह्रो पर्दछ । यसैले ब्रह्मचारीले यज्ञोपवित-सूत्रको अतिरिक्त मृगचर्म, मेखला र दण्ड यी तीनवटा वस्तुहरू लिनुपर्दछ । मनुले यसको विधान वर्णक्रम अनुसार बेग्ला बेग्लै रूपमा गरेका छन् ।

यज्ञोपनित धारण गर्ने अभिप्राय यही हो कि ब्रह्मचारी आफ्नो ब्रह्मचर्य वेदाध्ययन र गुरु शुश्रूषामा दृढ प्रतिज्ञ भएर सेवा गरोस् । मृगचर्मको यही अभिप्राय हो कि पवित्रता, नि-स्वार्थपरायणता र स्वाधीनतापूर्वक आफ्नो समय बिताओस् । मेखलाको यही अभिप्राय हो कि त्यो आफ्नो अनुष्ठानमा कटिबद्धता, नियमितता र धार्मिकताबाट लागिरहोस् र दण्डको यही अभिप्राय हो कि उन्नत तथा उच्च विचारहरूबाट आत्ममन, शरीर संरक्षण र निर्भीकताको लागि प्रयत्न गर्दै रहोस् ।

□

कयूरं नैव जानामि न च जानामि कुंडलम् ।
नुपूरं त्वभिजानामि नित्यं पादाभिवन्दनात् ।।

श्री लक्ष्मणले बाह्र वर्ष अखण्ड व्रत पालन गर्नु भएको थियो । सीताजी आमा समान थिइन्, उनले कहिले सीताजीको पनि मुहार हेरेनन् । भगवान श्री रामचन्द्रले सीताजीको गहना बारेमा लक्ष्मणसंग सोध्नुभयो । त्यो लक्ष्मणजीले दिएको उत्तर अति मार्मिक छ– 'म केयूर कुण्डल त चिन्न सक्दिन, तर चरणहरूको नुपूरहरूलाई चिन्दछु ।' भगवान रामले सोध्नु भयो– 'भाइ । यो कस्तो कुरो, नुपूरहरूलाई कसरी चिन्दछौ ?' लक्ष्मणजी भन्नु हुन्छ–"आमाको अरू अंगहरू त मैले देखेकै छन फेरि ती गहनाहरूलाई कसरी चिन्न सक्दछु तर उहाँका चरणमा नित्य ढोग्दा यी आभूषण नुपूरहरूलाई चिन्दछु ।"

आहार, निद्रा र ब्रह्मचर्यलाई जित्ने भएकोले श्री लक्ष्मणले रावणपुत्र इन्द्रजीतलाई जित्न सकेका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यको दिव्योपदेश

: ४१ :

आचार्य ब्रह्मचारी (सदाचारलाई पालन गर्ने) हुन्छ ।[1] आचार्यले सद्ज्ञानको उपदेश दिन्छ ।

वेद–विद्याहरू पढाउनाले आचार्यलाई पिता मानिन्छ ।[2]

बालकले विधिविहित यज्ञोपवित-संस्कार भएपछि उसका बाबु-आमाले उसलाई गुरुकुलमा वेद पढाउन भर्ना गराउँदछन् । त्यहाँ ऊ आफ्नो आचार्यलाई बाबु मानेर उसको संरक्षकत्वमा समय बिताउन लाग्दछ । यो अवस्थामा आचार्यले उसैको हितको लागि नाना प्रकारका दिव्य उपदेशहरू दिन्छ । यो कर्तव्यका सम्बन्धमा वेद–पूरक तैत्तिरीय उपनिषद्मा यसरी लेखिएको छः

हे छोरा ! तिमी साँचो बोल । धर्मको बाटोमा हिंड र स्वाध्याय (पाठ) मा प्रमाद नगर ।[3]

पूर्ण ब्रह्मचर्यबाट विद्याध्ययन पूरा भएपछि आचार्यलाई दक्षिणा दिएर सन्तानोत्पत्तिका लागि गृहस्थाश्रममा प्रवेश गर्नु ।[4]

प्रमादवश भएर सत्यबाट विमुख नहुनु, प्रमादको कारणले धर्म नत्याग्नु र प्रमादयुक्त भएर सत्कर्मलाई नहराउनु ।[5]

आफ्नो ऐश्वर्यको वृद्धिमा प्रमाद नगर्नु, आफ्नो पठन पाठनमा असावधानी नगर्नु, र देवता र पितृहरूको कार्यबाट विरक्ति नगर्नु ।[6]

---

1 आचार्यो ब्रह्मचारी । –(अथर्ववेद)

2 वेद-प्रदानादाचार्यं, पितरं परिचक्षते । –(धर्मज्ञ मनु)

3 वेदरनुच्याचायर्म ऽमन्ते वासिन मनुशास्तिः
सत्यं वद । धर्मं चर । स्वाध्यायामा प्रमदः ।

4 आचार्याय प्रियं धनमहृत्य प्रजातन्तु माव्यवच्छेत्सीः ।

5 सत्यान्न प्रमदितव्यम् । धर्मान्न प्रमदितव्यम् । कुशलान्न प्रमदितव्यम् ।

6 भूत्यै न प्रमदितव्यम् । स्वाध्याय प्रवचनाभ्यां न प्रमदितव्यम् ।
देवपितृकार्याभ्यां न प्रमदितव्यम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो आमा-बाबु, आचार्य तथा अतिथिको सत्कार गर्नु ।[1]

जुन कर्महरू दोष रहित छ, त्यसलाई पालन गर्नु । दुष्कर्मलाई कहिले पनि होइन ।[2]

जुन हाम्रा राम्रा आचरणहरू छन्, त्यसको अनुकरण गर्नु । खराब चरित्रको होइन ।[3]

जुन मानिसहरू हामीहरू मध्ये उत्तम ब्रह्मज्ञानी छन्, उनीहरूको सत्सङ्ग गर्नु र विश्वास गर्नु ।[4]

श्रद्धाबाट दिनु, अश्रद्धाबाट दिनु, शोभाबाट दिनु, लज्जाबाट दिनु र प्रतिज्ञाबाट दान दिनुपर्छ ।[5]

कहिले कर्म या ज्ञान सम्बन्धी संशय रह्यो भने, यस्तो अवस्थामा ब्रह्मज्ञानी, पक्षपात–रहित, योगी, अयोगी, दयावान र धर्मका प्रेमी त्यहाँ जस्तो आचरण गर्दछन्, त्यस्तै आचरण गर्नुपर्दछ ।[6]

यही आज्ञा हो, यही उपदेश हो तथा यही वेद र उपनिषद्को शिक्षा हो । यही गर्नुपर्छ । यसरी सदाचार पालन गर्नु कर्तव्य हो ।[7]

□

---

[1] मातृदेवो भव । पितृ देवो भव । आचार्य देवो भव । अतिथि देवो भव ।

[2] यान्यनवद्यानि कर्माणि तानि सेवितव्यानि नो इतराणि ।

[3] यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि नो इतराणि ।

[4] ये के चास्मच्छ्रेयां ँसो ब्राह्मणस्तेषां त्वयासनेन प्रश्वसितव्यम् ।

[5] श्रद्धया देयम् । अश्रद्धया देयम् । श्रिया देयम् । ह्रिया देयम् । भिया देयम् । संविदा देयम् ।

[6] अथ यदि ते कर्म विचिकित्सा वा वृत्त विचिकित्सा वा स्यात् । ये तत्र ब्राह्मणाः सम्मर्शिनी युक्ता अयुक्ता अलूक्षा धर्म कामाः स्युर्यथा ते तत्र वर्त्तेरेन, तथा तत्र वर्त्तेथाः ।

[7] एषआदेश, एष उपदेश एषा वेदोपनिषद् । एतदनु शासनम् एवमुपासितव्यम् । एवमुचेतदुपास्यम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पढ्ने र पढाउने आदेश

: ४२ :

गुरुको आज्ञा पालन गर्नु पर्दछ ।[1]

सबै प्रकारका दानहरूमा विद्यादान श्रेष्ठ छ ।[2]

हाम्रो प्राचीन गुरुकुलहरूमा र ऋषिकुलहरूको पाठ–प्रणाली ज्यादै सुखद र सहज थियो । पढ्ने र पढाउनेका बीच गुरु र शिष्यको सम्बन्ध सुमधुर हुन्थ्यो भने एउटा बाबु र छोराको सम्बन्ध तथा व्यवहार परस्पर भएझैं हुन्थ्यो । त्यस्तो सुमधुर घनिष्ठ सम्बन्धले गर्दा पढ्न-पढाउनमा कुनै बाधा कहिले हुँदैनथ्यो । त्यो कालको गुरु र शिष्यको अनुशासित सम्बन्धको आदर्श यति उच्च थियो कि आज पनि हामी चर्चा गर्दछौं र अनुकरण गर्नका लागि सबैलाई आह्वान गर्दछौं । तैत्तिरीयोपनिषद्मा विद्यार्थी र अध्यापकका लागि ज्यादै राम्रो आदेश दिइएको छ, जुन यसप्रकार छः

(१) नियमबद्धरूपमा विद्या पढ्नु र पढाउनुपर्दछ । (२) सत्य-प्रियताकासाथ विद्यालाई पढ्नु र पढाउनुपर्दछ । (३) परिश्रमकासाथ विद्या पढ्नु र पढाउनुपर्दछ । (४) इन्द्रिय दमनका साथ विद्या पढ्नु र पढाउनु–पर्दछ । (५) मनोनिग्रहकासाथ विद्या पढ्नु र पढाउनुपर्दछ । (६) विज्ञान तर्ककासाथ विद्या पढ्नु र पढाउनु पर्दछ । (७) अग्निहोत्रकासाथ विद्या पढ्नु र पढाउनुपर्दछ । (८) अतिथि–सत्कारकासाथ विद्या पढ्नु र पढाउनु पर्दछ । (९) मनुष्योचित व्यवहारकासाथ विद्या पढ्नु र पढाउनुपर्दछ । (१०) ज्ञान–सुधारकासाथ विद्या पढ्नु र पढाउनुपर्दछ । (११) ब्रह्मचर्य पालन सहित पढ्नु र पढाउनुपर्दछ । (१२) आश्रित पालन सहित विद्या पढ्नु र पढाउनुपर्दछ ।[3]

---

1 पालनीया गुरोराज्ञा । (-सूक्ति)

2 सर्वेषां मेवदानानां, विद्या दानं विशिष्यते । (नीति-शास्त्र)

3 ऋतञ्च स्वाध्याय प्रवचनेच । सत्यञ्च स्वाध्याय प्रवचने च तपश्च स्वाध्याय प्रवचने च ॥ शमश्च स्वाध्याय प्रवचने च । शमश्च स्वाध्याय प्रवचने च । अग्नेयश्च स्वाध्याय प्रवचने च । –(तैत्तिरीयो पनिषद्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माथि भनिएका १२ वटा कुरो पढ्न र पढाउनका लागि मुख्यरूपमा भनिएको छ । यसलाई हेर्दा हामीलाई प्राचीनकालको विचारशीलता राम्ररी थाह पाइन्छ । यस्तो शिक्षा प्रणालीको जति प्रशंसा गरे पनि कमै हुन्छ ।

(१) नियम–वद्धता, (२) सत्य–प्रियता, (३) परिश्रम शीलता, –यी तीन वटा कुरो पढ्न पढाउन सकिएमा लाभ हुन्छ । शिष्य र गुरु दुवले नियम वद्ध सत्यप्रिय र परिश्रमशील बन्नै पर्दछ ।

(४) इन्द्रिय दमन, (५) मनो निग्रह, (६) विज्ञान–तर्क–यी तीन वटै कुरोका साथ विद्या पढ्दा पढाउँदा त्यो फलदायी हुन्छ । इन्द्रिय–लोलुपता, चित्तको अनस्थिरता र अन्ध विश्वासले पढेको र पढाइएको विद्या कहिले कुनै अर्थको हुँदैन ।

(७) अग्नि होत्र, (८) अतिथि–सत्कार, (९) मनुष्योचित व्यवहार– यी तीन वटै सत्कर्त्तव्य हुन् । विद्या पढ्नु र पढाउनुको यही अभिप्राय हो कि ती कर्तव्यहरूको विधिवत पालन होस् । शिष्य र गुरु दुवैको लागि ती अत्यन्त उपयोगी छन् ।

(१०) जन–सुधार (११) ब्रह्मचर्य र (१२) आश्रित पालन-यी तीन वटै कुरो पनि नभई विद्या पढ्नु र पढाउनु व्यर्थ छ । शिष्य र गुरु दुवैले जन सुधारक, ब्रह्मचारी र आश्रित–पालक बनुपर्दछ ।

प्राचीनकालमा हाम्रो देशमा शिष्य र गुरुहरू आफ्नो विद्यामा सफल हुन्थे । उनीहरू यिनै आदेशहरूलाई ध्यानमा राखेर विद्या पढ्दथे र पढाउँदथे । यदि ती आदर्शहरूलाई पुनः कायम गर्न ब्रह्मचर्यको पालन गरी तथा वेदाध्ययन गरिएको खण्डमा दावा गरेर बन्न सकिन्छ, देशमा राष्ट्रियताको लहर फेरि चल्ने छ । शिक्षा संस्कृतिले नयाँ दिशाबोध गर्न सक्नेछ । □

पुनर्दारा पुनर्वितं पुनः क्षेत्र पुनः सतः ।
पुनश्रेयष्करं कर्म न शरीरं पुनः पुनः ।।

शास्त्रमा लेखेको छ - मनुष्यरूपी शरीर बारम्बार पाइँदैन । स्त्री, धन, क्षेत्र, पुत्र र श्रेयष्कर कर्म सबै केही फेरि प्राप्त हुन सक्छन् तर मनुष्य शरीर पुनः प्राप्त हुन दुष्कर छ । त्यो फेरि प्राप्त हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु महिमा

: ४३ :

आचार्यले अत्यन्त गम्भीर, भौतिक र आध्यात्मिक ज्ञान, जसलाई पाएर यी दुवै लोकको सुधार हुन्छ, आफ्नो शिष्यलाई गराउँदछ ।[1]

गुरु साक्षात् परमात्मा हुन् । यसैकारण उहाँलाई हाम्रो नमस्कार छ ।[2]

बालकको पहिलो जन्म आमा-बाबुकहाँ हुन्छ र अर्को जन्म आचार्यले दिन्छ । यसैकारणले सर्वत्र उसको भूरि-भूरि प्रशंसा गर्दछन् । ब्रह्मचर्यसूक्तमा ब्रह्मचारीलाई उसको अर्को जन्ममा ठूलो उत्तम रूपमा प्रशंसा गरिएको छ ।

वास्तवमा गुरु वा आचार्यको महिमा अपार छ । उसले बालजलाई अज्ञानरूपी अन्धकारमा उपदेश रूपी प्रकाश दिएर सत्पदार्थहरूको दर्शन गराउँदछ । उसको सद्व्यवहार, परम स्वार्थत्याग, कर्त्तव्यनिष्ठा, प्रगाढ परिश्रम, अनुपम अनुभव, र सदाचारबाटै ब्रह्मचारीको जीवन बन्दछ । यो उक्ति अति सत्य छ कि जस्तो गुरु हुन्छ, त्यस्तै शिष्य बन्दछ ।

संसारमा शिक्षाको काम ज्यादै महत्त्वशाली र लिकष्ट (बुझ्न गाह्रो) मान्दछन् । सबै मानिसहरू यसका अधिकारी हुन सक्दैनन् । यसको लागि धेरै अनुभव, ज्ञान, बुद्धिमता, विद्वता, संयमशीलताको आवश्यकता पर्दछ । जुन पुरुषका हातमा भावी लोक-सुधारको कार्य सुम्पेको छ, त्यो किन सबभन्दा पूज्य तथा प्रतिष्ठित नहोस् ? धर्मज्ञ मनुले आफ्नो ग्रन्थमा आचार्यको परिभाषा तथा त्यसका कर्मको प्रशंसा यसरी गरेका छन्:

जुन बालकलाई यज्ञोपवित गराएर यज्ञ-विधि, उपनिषद् तथा वेदाङ्ग सहित वेदहरूलाई पढाउँदछ, त्यसैलाई आचार्य भन्छन् ।[3]

---

1 आचार्यस्तत क्षण भसी उभेश्य उर्वी गम्भीरे पृथिवीं दिवञ्च । – (अथर्ववेद)

2 गुरु साक्षात्पर ब्रह्म, तस्मै श्री गुरवे नमः ।

3 उपनीय तु यः शिष्य, वेदमध्यापयेद द्विज ।
संकल्पं सरहस्यक्ष, तमाचार्यं प्रचक्षते ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाना प्रकारका वैदिक कर्महरूलाई गर्ने गराउने र सबै प्रकारका यज्ञ-धर्मको विधि जान्नेलाई आचार्य भन्दछन् ।[1]

साङ्गोपाङ्ग वेदको ज्ञाता आचार्यले जुन जातिको गायत्री मन्त्र दिएर उत्पन्न गर्दछ, त्यो सत्य तथा अजर-अमर हुन्छ ।[2]

---

1 नानाविधानि कार्याणी कर्त्ता कारचिता च यः ।
सर्व धर्म विधिज्ञश्च स आचार्य उच्यते ।।

2 आचार्यस्त्वस्थ यां जातिं, विधिवद्वेद पारगः ।
उत्पादयति सावित्र्या सा सत्यासाऽजराऽमरा ॥

□

सोपानभूतं स्वर्गस्व मानुष्यं प्राप्य दुर्लभम् ।
तथोत्थानं सयाश्रत्व भ्रश्य से न पुनयथा ।।

यो मानव शरीर दुर्लभ छ । पूर्वजन्महरूको ठूलो सत्कर्महरूबाट यो प्राप्त हुन्छ र यो स्वर्ग प्राप्तिको सहज सोपान छ । यो जन्ममा पनि यसलाई शुभ कर्महरूमा लगाउनुपर्छ, किनकि मानिस अवनति, पथभ्रष्टता र नैतिक पतनतिर बढेर नजाओस् ।

□

लब्धा सदुर्लभमिदं वहुसम्भवान्ते
मानुष्यमर्थदमनित्यम पीह धीरः ।
तुर्णं यतेतनु पतेद नुमृत्यु यावत्
निः श्रेयसाय विषयः खलु सर्वतः स्यात् ।।

श्री मद्भागवत्मा भनिएको छ-अनेकौं जन्महरूको उपरान्त यो नरदेह परम पुरुषार्थ गर्नका लागि प्राप्त भएको छ त्यो यद्यपि अनित्य छ तथापि दुर्लभ छ । यो शरीरलाई पाएर धीर पुरुषले मृत्युको मूठीमा पुनः जानुभन्दा अगाडि नै निःश्रेयस अर्थात् मोक्ष पाउने उपाय गर्नुपर्छ । विषय सुखमा लागिरहनु मनुष्यलाई शोभा दिंदैन, किनकि त्यो विषय सुख सबै तलका योनिहरूमा पाइन्छ । वास्तवमा विषय सुखहरूलाई त्याग्नु नै नरदेहको विशेषता हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श शिष्य

: ४४ :

गुरु को हो ? जसले हितको उपदेश गरोस् । र शिष्य को हो ? जसले गुरुको आज्ञा पालन गरोस् ।[1]

गुरुको सेवाबाट विद्यार्थीले ज्ञान प्राप्त गर्दछ ।[2]

गुरु शिष्यको सम्बन्ध ज्यादै घनिष्ठ हुन्छ । बाबु छोराको उपमा पनि यसका लागि केही अंशहरूमा चरितार्थ हुन्छ । जुन गुरुले हितको उपदेश गर्दैन, त्यसबाट विद्यार्थीले वास्तविक लाभ उठाउन सक्दैन । र यसैगरी शिष्य आज्ञाकारी छैन भने उसलाई त्रिकालमा ज्ञान मिल्दैन । केही उपाख्यानहरू यसप्रकार छ:

एउटा आचार्यकहाँ एकजना ऋषिकुमार पढ्दथे । उनको नाम आरुणी थियो । एकदिन धानको खेत हेर्नका लागि गुरुले उनलाई पठाए । खेतमा कुलो काटिएको कारणले पानी बाहिर जान्थ्यो । उनले त्यो कुलो बन्द गर्न नजानेर आफै त्यो कुलोमा सुतेर त्यो पानी बग्नबाट रोके । साँझपख हुँदा पनि आफ्नो शिष्य नफर्केको देखेर गुरुको मन पोल्यो । उनी आफै शिष्य के भएछ भनेर खोज्न निस्के । गुरुले जब नाम काटेर बोलाए त शिष्य बोल्यो -"गुरुजी, म यहाँ पानी रोकिरहेको छु ।" सबै मानिसहरूले हेरे, आरुणी त खेतको कुलोमा सुतेर पानी बन्द गरिरहेको छ । अरू सबैले खेतको कुलो बन्द गरिदिए । गुरुको लागि त्यो आरुणी अत्यन्त प्रिय भयो । गुरुको कृपाले तथा आशीर्वादले आरुणी थोरै दिनमा नै प्रकाण्ड पण्डित भयो ।

यसै गरी एउटा अज्ञात गुरुको आशीर्वादले एकलव्य पनि वीर तथा गुरुभक्त भएको अत्यन्त रोचक कथा छ । एकलव्य एउटा वनमा घुमिहिँड्ने वनचर थियो । उसले गुरु द्रोणाचार्यसँग विद्या सिक्ने अभिलाषा प्रकट गर्दा नपाए

---

1 को वा गुरुर्यस्तु हितोपदेष्ठा ।
शिष्यस्तु को यो गुरु–भक्त एव ॥ –(शंकराचार्य)

2 गुरु–शुश्रूषया विद्या ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि निराश नभएर उसले एउटा प्रस्तर मूर्ति गुरुको स्थापना गरेर त्यसैं अगाडि बसेर धनुर्विद्याको अभ्यास गऱ्यो । गुरु प्रतिको अखण्ड श्रद्धा र भक्ति गरेर उसले थोरै दिनभित्रै ज्यादै ठूलो निपुणता प्राप्त गरी धनुर्धर भयो ।

एकदिन वीरवर अर्जुन त्यो वनमा अए । उनलाई त्यसको वाण विद्याको कौशलता देखेर ज्यादै द्वेष उत्पन्न भयो । किनकि त्यसलाई तिम्रो गुरु को ? भन्दा त्यसले सगर्व द्रोणाचार्यको नाम लियो । यो कुरो थाहा पाएर अर्जुन ज्यादै दु:खित भए, अनि सोझै गुरुकहाँ गएर सोधें–'जुन वाणविद्या हजुरले एकलव्यलाई सिकाउनु भएको छ, त्यो म जान्दिनँ । यो कस्तो कुरो ?'

अर्जुनको कुरो गुरु द्रोणाचार्यको हृदयमा चसक्क बिझ्यो । उनी जाँच गर्न एकलव्यकहाँ गए । उनले सबै कुरा थाहा पाए । एकलव्यसँग द्रोणाचार्यले गुरु दक्षिणाका रूपमा उसको हातको बुढी औंला मागे । एकलव्यले अत्यन्त हर्षित भएर आफूलाई धन्य सम्झँदै आफ्नो हातको औंला काटेर तत्कालै गुरू दक्षिणा दियो । आचार्यले उसलाई आशीर्वाद दिएर बाटो लागे ।

यस्ता सच्चा शिष्यहरूमाथि विद्यादेवीको कृपा रहन्छ । यसरी गुरुभक्त शिष्यहरूलेदेश, जाति र समाजको दु:ख हटाउन आफ्नो ब्रह्मचर्य पालन गरी बलिदान गर्न पनि पछि नपरेको अनेकौं उदाहरणहरू शास्त्रमा छन् ।

□

एमर्सन भन्छन्– प्रत्येक मनुष्य वास्तवमा ईश्वरको रूप छ तरु मूर्ख जस्तो अभिनय गर्छ ।

□

दुर्लभ मानुषं जन्म।मूल्य एकोऽपि तत्क्षण: ।
तथापि काकिणीतुल्यं तद्व्ययं कुर्वते जना: ।।

अज्ञात भन्छन्– मनुष्यको जन्म दुर्लल छ, त्यसको एक क्षण पनि अमूल्य छ । तर पनि ज्यादै आश्चर्य छ कि मनुष्य कौडीहरू जसरी त्यसलाई खर्च गर्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्य : तीन प्रकार

: ४५ :

ब्रह्मचर्यव्रतमा स्थित रहँदा अलिकति पनि डर रहँदैन ।[1]

ब्रह्मचर्य नै परम तप हो ।[2]

छान्दोग्योपनिषदमा ब्रह्मचर्यको ज्यादै नै राम्रो कुरो लेखिएको छ। त्यहाँ ब्रह्मचर्य तीन प्रकारको लेखिएको छ- कनिष्ठ, मध्यम र उत्तम। प्रत्येक प्रकारको लागि आयुको एउटा नियमित काल निर्धारित गरिएको छ र ती मन्त्रहरूमा त्यसबाट हुने लाभको वर्णन छ। यसैले हामी ती मन्त्रहरूलाई उनको अभिप्रायार्थकासाथ यहाँ उद्धृत गर्दछौं:

१– त्यो पुरुष अन्नरसमय देह र जीवात्माको योगबाट बनेको छ। त्यो स्वयं यज्ञ-रूप छ। यसको सत्कर्त्तव्य यही छ कि २४ अक्षरहरूको गायत्री हुन्छ र त्यसबाट कल्याण साधन हुन्छ। यसरी यो पनि २४ वर्षपर्यन्त जितेन्द्रियत्वलाई धारण गरोस्। यति समयसम्म ब्रह्मचर्य पालन गरी वेदहरूको अभ्यास गरोस्। उसको यो कार्यबाट उसको प्राण बलवान भएर भएर सबै दिव्य गुणहरूबाट युक्त हुन्छ। ब्रह्मचारीको आचार्यले चाहनुपर्दछ कि उसले यो बाटोमा हिंड्दै हितोपदेश गर्दै रहोस्। ब्रह्मचारीले पनि आफ्नो मनमा यही धारणा गर्नुपर्दछ कि यो व्रतको पालनाबाट उसको आत्मा वीर्यवान र शरीर शक्तिमान हुनेछ र अन्तःकरणमा सद्‌गुणहरूको विकास हुनेछ। हे मनुष्यहरू! तिमीहरू सबै सुखहरूलाई प्रकाश गर्ने ब्रह्मचर्यलाई लोप हुन नदेओ। [3]

---

1 नाकिंचिद्भयामप्नोति, ब्रह्मचर्यव्रते स्थितः। –(सूक्ति)

2 ब्रह्मचर्यं तपोत्तमम्।

3 पुरुषो वाव यज्ञस्तस्य यानि चतुर्विंशति वर्षाणी तत्प्रात सवनं, चतुर्विंशत्यक्षरा गायत्री गायत्रं प्रातः सवनंतदस्य वसवोऽन्वायत्ताः प्रणा वाव वसव एते हीदं सर्वं वासयन्ति।
तञ्चेदेतश्मिन् वयसि किंचिदुपतपेत्स ब्रूयात्प्राणा वसव इदं मे प्रातः सवनं माध्यन्दिनं सवनमनु सन्तनुतेति माहं प्राणानां वसूनां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो ह भवति। —(छान्दोग्योपनिषत्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२– मध्यम ब्रह्मचर्य- जसरी अक्षरहरूको त्रिष्टुप्छन्द हुन्छ, त्यसरी न जुन पुरु। ४४ वर्षसम्म ब्रह्मचर्यलाई पालन गर्दछ, त्यसको प्राण तथा सर्वाङ्ग बलवान भएर दुर्गुणहरू नाश हुन्छन् । यदि हामी प्रथम वयमा यो भनिएको ब्रह्मचर्यलाई विधिवत पालन गर्दछौं भनेले हाम्रो प्राण रुद्र-रूप भएर सज्जनहरूको कल्याण गर्लां । हे ब्रह्मचारीहरू ! जसरी हामी यो ब्रह्मचर्य व्रतको अनुष्ठान गरेर सुख स्वरूप र जनताको सेवक बन्दछौं, यस्तै तिमी पनि बन ![1]

३– र उत्तम ब्रह्मचर्य– जसरी ४८ अक्षरहरूको जगती छन्द हुन्छ, त्यसरी नै पुरुष यो प्रकारको ब्रह्मचर्यव्रतको नियमपूर्वक साधन गर्दछ, भने त्यसको प्राण आदित्य-रूप भएर सद्गुणहरू माथि प्रकाश छर्दछ ।

यदि हामीले माथि लेखिएको ब्रह्मचर्य यथोचित पालन गर्‍यौं हाम्रो प्राण आदित्य रूप भएर शरीरमा ज्ञानको प्रकाश फैलाउनेछ । अतः हे ब्रह्मचारीहरू हो ! जसरी हामी ब्रह्मचर्यलाई पालन गरेर दीर्घजीवी भएर यो संसारमा विद्याको वृद्धि गर्दछौं, त्यसरी नै तिमी पनि गर ![2]

□

---

1 अथयानीचतुश्चत्वारिंशत् वर्षाणितन्माध्यन्दिनं सवतु चतुश्चत्वारिंशदक्षरा त्रिष्टुप त्रैष्टुभं माध्यन्दिनं सवनं तदस्य रुद्रा अन्यायत्ताः प्राणाः वाव रुद्रा एते हीद ँ सर्वं रोदयन्ति ।

तं चेदस्मिन्वयसी किंचिदुपत पेत्स ब्रूयात्प्राणा रुद्रा इदं मे माध्यन्दिन सवनं तृतीय सवनमनुसन्तनुतेति माहंप्राणानां रुद्राणां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदोह भवति ।

2 अथ यान्यष्टाचत्वारिंशद् वर्षाणितत्तृतीयसवन मष्टाचत्वारिंशदक्षरा जगतीजागतं तृतीयसवनं तदस्यादित्यान्वायत्ताः प्राणा वावादित्या एतेहीद ँ सर्वमाददते ।

तं चेतेदस्मिन्वयसि किंचिदुपतपेत्स ब्रूयात्प्राणा आदित्या इदं मे तृतीय सवनमायुरनुसन्तनुतेति माहं प्राणानामादित्यानां मध्येयज्ञो विलोप्सी-येत्युद्धैव तत एत्यगदो हैव भवति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मरूत् र साध्यपद ब्रह्मचारी

४६

जुन पुरुष ४८ वर्ष भन्दा पनि माथि भएर ब्रह्मचर्य व्रतको पालन गर्दछ, र चौथो वेद (अथर्व)को अध्ययन गर्दछ, त्यसलाई 'मरूत् ब्रह्मचारी' भनिन्छ। यस्ता ब्रह्मचारीको मुख चन्द्रमा जसरी शोभा दिने हुन्छ। उनीहरू जे केही सात्विक आहार खान्छन्, पिउँछन् त्यसमा भोगको कामना रहँदैन। उनीहरू केवल अमृत-स्वरूप ब्रह्म (परमात्मा)लाई साक्षात्कार गरेर तृप्त रहन्छन्।[1]

ती मरुत् नाम भएका ब्रह्मचारी यो ब्रह्मलाई चरैतिर अनुभव गर्दछन् र यिनकै कृपावाट सर्वत्र काम शमन हुन्छ।[2]

जुन पुरुष जीवनभर ब्रह्मचर्यमा लीन रहन्छ र साङ्गोपाङ्ग चार (ऋग्यजुसाम र अथर्व) वेदहरूलाई अध्ययन गर्दछ, ऊ 'साध्य पद ब्रह्मचारी' कहलाउँदछ। यस्ता ब्रह्मचारीको मुखमण्डल ब्रह्म समान तेजस्वी हुन्छ र उनीहरू न त केही खान्छन्, न केही पिउँदछन् वरु अमृतमय ब्रह्ममा लीन भएर तृप्त हुन्छन्।[3]

उनीहरू साध्यपद ब्रह्मचारी यो ब्रह्म (परमात्मा)लाई सर्वत्र अनुभव गर्दै ज्ञानको प्रभाववाट प्रकाशित हुन्छन्।[4]

□

---

1 अथ यच्चतुर्थममृतं तन्मरूत उपजीवन्ति सोमेन मुखेन। न वै देवा अश्नन्ति न पिवन्त्येत देवामृतं दृष्टवा तृप्यन्ति।

–(छान्दोग्योपनिषत्)

2 त एतदेवरूपमभिसं विशन्तयेतस्माद्रपादुद्यन्ति।

3 अथ पञ्चमममृतं तत्साध्या उपजीवन्ति ब्रह्मणा मुखेन। न व देवा अश्नन्ति न पिवन्त्येतदेवामृतं दृष्टवा तृप्यन्ति।। –(छान्दोग्योपनिषत्)

4 त एेत देवरूपमभिस विशान्तियेतस्माद्र पादुद्यन्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीलाई भिक्षा

: ४७ :

ब्रह्मचारीले आफ्नो भोजनको लागि सन्तोषपूर्वक साँझ र प्रातःकालमा भिक्षा माग्नुपर्दछ।[1]

पहिले-पहिले ब्रह्मचारीले विस्तृत भौतिक ज्ञान र आध्यात्मिक ज्ञानको शिक्षा माग्दछ।[2]

गुरुकुलमा रहँदाको अवस्थामा ब्रह्मचारीले आफ्नो आचार्यको अन्न ग्रहण गर्दैन। ऊ स्वयं आफ्नो पुरुषार्थबाट अन्य स्थानहरूबाट भिक्षा मागेर ल्याउँदछ। यो भिक्षाको ठूलो महत्व छ। उसले पहिले ल्याएर आफ्नो आचार्यलाई समर्पित गर्दछ। उसको आचार्यले उसलाई जे केही खान दिन्छ, त्यसैलाई खाएर प्रसन्नतापूर्वक ऊ आफ्नो जीवन व्यतीत गर्दछ।

प्राचीनकालमा प्रायः सबैका छोरा गुरुकुलमा पढ्न जान्थे, र भिन्न-भिन्न घरहरूबाट भिक्षा मागेर ल्याउँदथे। यसै कारण सबै घरहरूका आमा, बहिनीहरू उत्तमोत्तम पदार्थ, जुन ब्रह्मचारी द्वारमा आउदथ्यो, त्यसलाई दिन्थे। उनीहरू यसरी आफ्ना छोरा र भाइ पनि अरूका ढोका ढोकामा गएर भिक्षा माग्दै रहेका होलान् भन्ने सम्झन्थे। यसरी यसप्रकारको सद्भावबाट सबै ब्रह्मचारी सुखसँग रहन्थे र उनीहरूलाई भिक्षा माग्दा विशेष कष्ट पनि पर्दैनथ्यो। भिक्षा माग्दा पाइएको वस्तुलाई स्वीकार गरेर हिड्दथे।

भिक्षामा पाइएको सम्पूर्ण वस्तु गुरुलाई समर्पित गर्नुपर्ने अभिप्राय यही हुन्थ्यो कि ब्रह्मचारीको जिब्रो बढी लोभी नहोस् उसँग नै सबै सामग्रीहरू रहेपछि ज्यादा भोजन गरेर ऊ रोगी होला र उसको विद्या अध्ययनमा बाधा पर्ला भनेर ठानिन्थ्यो। ऊ स्वार्थी होला र भोजन नै सबै थोक हो भन्ने

---

1 सायं प्रातश्चरेद् भैक्षं, भोज्यार्थं संयतेन्द्रियः। —(महामान्य हारीत)

2 इमां भूमि पृथिवीं ब्रह्मचारी भिक्षाणा जभार प्रथमो दिवञ्च।

—(अथर्ववेद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झेला । यसबाट ब्रह्मचर्य-व्रतमा हानि पर्ने कुरा प्रष्ट देखिन्छ ।

अब यहाँ भिक्षाका सम्बन्धमा ब्रह्मचारीका लागि केही उपयोगी नियमहरूको वर्णन गर्दछौं:

१. वेदज्ञ, यज्ञकर्त्ता र धर्मात्मा पुरुषहरूका घरबाट सदा भिक्षा लिनु योग्य छ। यसकारण कि सज्जनहरू कहाँबाट पवित्र र सात्त्विक पदार्थ नै दिइन्छ, जसबाट स्वास्थ्य र मनमा खराब प्रभाव पर्दैन ।

२. आचार्य, कुल, स्वजाति र सम्बन्धीहरूकहाँबाट भिक्षा ल्याउनु हुँदैन । किनभने, त्यो स्थानमा जाँदा सङ्कोच हुन्छ, परिचय भएको कारणले विशेष समय नष्ट हुन्छ तथा अपमानको पनि डर रहन्छ ।

३. निरोगी भएर पनि एक हप्तासम्म भिक्षा माग्न नजाने ब्रह्मचारीले प्रायश्चित्तका रूपमा 'अवकीर्णि व्रत' गर्नुपर्दछ । यो यस कारणले कि असावधानी, प्रमाद र अल्छीपना उसमा न आओस् ।

४. एउटै घरको अन्न नलिएर भिन्न-भिन्न घरको ग्रहण गर्नुपर्दछ। यसको कारण यो हो कि एउटै गृहस्थमाथि ज्यादा भार नपरोस् । जसबाट कि भिक्षा दिनेको श्रद्धा घटेर जाओस् ।

५. दुष्ट, पातकी, र अभिमानीको घरबाट भिक्षा लिनुभन्दा निराहार मनु' उचित छ । यो यस कारणले कि अधर्मीको घरको अन्न अपवित्र तथा अभक्ष हुन्छ। त्यसलाई खानाले बुद्धि नष्ट हुन्छ र रोग उत्पन्न हुन्छ, जसबाट ब्रह्मचर्य व्रत खण्डित हुने डर रहन्छ ।

□

विश्वकवि रवीन्द्र भन्छन्- पानीमा माछा मौन रहन्छ, पृथ्वीमा पशुहरू कोलाहल गर्छन्, आकाशमा चराहरू गीत गाइरहन्छन्, तर मनुष्यमा समुद्र जस्तो मौनता, पृथ्वीको जस्तो कोलाहल र आकाशको जस्तो संगीत छ।

○

प्रसिद्ध विद्वान स्वेट मार्डेन लेख्छन्– मनुष्यको दशा त्यो घडीको समान छ जो ठीक ढंगबाट राखेको खण्डमा सय वर्षसम्म काम दिन सक्दछ तर लापरवाहीसँग काम लिएको खण्डमा चाँडै बिग्रिन्छ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारी तीन प्रकार

: ४८ :

ब्रह्मचारी भौतिक र आध्यात्मिक दुवै प्रकारको ज्ञानलाई आर्जन गरेर प्रचार गर्दछ।[1]

ब्रह्मचारीबाट ब्रह्मज्ञानको उज्यालो फैलिन्छ।[2]

छान्दोग्योपनिषद्मा ब्रह्मचर्य तीन प्रकारको मानिएको छ। कनिष्ट, मध्यम र उत्तम। पहिलोमा २४ वर्ष दोस्रो ४४ वर्ष र तेस्रोमा ४८ वर्षको विधान छ। यसरी नै ब्रह्मचारी पनि तीन प्रकारका हुन्छन् - कनिष्ट, मध्यम र उत्तम।

कनिष्ट ब्रह्मचारी सिद्ध भएपछि ब्रह्मचारीलाई वसुको संज्ञा दिइन्छ। वसु ब्रह्मचारी भनिएको अभिप्राय यही हो कि २४ वर्षको ब्रह्मचर्यबाट त्यो परम ऐश्वर्यशाली हुन्छ। मध्यम ब्रह्मचर्य सिद्ध भएपछि ब्रह्मचारीलाई रुद्रको संज्ञा दिइन्छ। 'रुद्र ब्रह्माचारी' भन्नुको तात्पर्य यही हो कि ४४ वर्षको ब्रह्मचर्यबाट अत्यन्त पराक्रम प्राप्त हुन्छ।' र उत्तम ब्रह्मचर्य सिद्ध भएपछि ब्रह्मचारीलाई आदित्यको संज्ञा दिइन्छ। 'आदित्य ब्रह्मचारी' भन्नुको यही आशय हो कि त्यो ४८ वर्षको ब्रह्मचर्यबाट उत्कट तेजस्वी हुन्छ।

वसु ब्रह्मचारीलाई ऐश्वर्य, रुद्र ब्रह्मचारीलाई ऐश्वर्य र पराक्रम, र आदित्य ब्रह्मचारीलाई ऐश्वर्य, पराक्रम तथा तेज तीनवटा कुरो प्राप्त हुन्छ। वैश्यले वसु, क्षत्रियले रुद्र र ब्राह्मणले आदित्य ब्रह्मचारी बन्नुपर्दछ।

वसु ब्रह्मचारीको मुखमा इन्द्रको जस्तो कान्ति, रुद्र ब्रह्मचारीको मुखमा महादेवको जस्तो गुरुता र आदित्य ब्रह्मचारीको मुखमा सूर्यको जस्तो ज्योति हुन्छ।

तर यो कलियुगमा हिमवत्खण्डमा माथि लेखिएका तीनै प्रकारका ब्रह्मचारीहरूमध्ये एउटा पनि देखिदैनन्। यो वैदिक भूमिको अधःपतन यो भन्दा अरू के हुन सक्दछ ! यदि फेरि प्राचीन ब्रह्मचर्य-प्रणालीको प्रचार भएको खण्डमा यो देशका आर्य-जातिको उद्धार हुने कुरोमा रञ्च मात्र पनि सन्देह रहँदैन। □

[1] ब्रह्मचारी ष्णंश्चरति रोदसी इमे। -(अथर्ववेद)
[2] ब्रह्मब्रह्मचारिभि रुदक्रामत्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीका लागि वर्जित कर्म

: ४६ :

ब्रह्मचारी ज्ञानको केन्द्रस्थानबाट बाहिर निस्क्यो । अब त्यो उत्कट विद्वान् भएर दुर्गुणहरूलाई दृढताकासाथ संहार गर्न लाग्यो ।[1]

गुरुकुलमा सावित्री ब्रह्मचारीको आमा र आचार्य पिता कहलाउँदछ ।[2]

ब्रह्मचर्याश्रमको पालन गर्न सजिलो कुरो छैन । एउटा पनि असावधानी भएपछि अनेक विघ्नहरू खडा हुन्छन् । ब्रह्मचारीले ज्यादै आचार विचारबाट रहनुपर्दछ । यसैकारण विद्वान् ऋषिहरूले संयम र सदाचारबाट रहनका लागि नै शास्त्रहरूमा विधान बनाएका छन् । अब हामी ती वर्जित कर्महरूलाई यहाँ उल्लेख गर्दछौं, जसको पालनले ब्रह्मचारी पतित, उसको आत्मा निस्तेज र व्रत भङ्ग हुन्छ :

मह र मासु नखानु, फूलको माला नलगाउनु, सुगन्धित द्रव्यको व्यवहार नगर्नु, सरस भोजन नगर्नु, स्त्रीहरूसँग नरम्नु, मरःवा नखानु र जीवहरूलाई नमार्नु ।[3]

शरीरमा तेल लगाउन, आँखामा गाजल लगाउन, जुत्ता र छाता धारण गर्न, काम, क्रोध, लोभ तथा गाना बजाना वर्जित छ ।[4]

जुवा खेल्न, किम्वदन्ती उडाउन, निन्दा गर्नु, असत्य बोल्न, स्त्रीहरूलाई हेर्न र शरीर जोड्न र अरूलाई आक्र.र गर्न मनाही छ ।[5]

---

1 गर्भोभूत्वाऽमृतस्ययोना विन्द्रो ह भूत्वाऽसुरांस्ततर्ह । —(अथर्ववेद)

2 तत्रास्य माता सावित्री, पिता त्वाचार्य उच्यते । —(मनु स्मृति)

3 वर्जयेन्मधुमांसञ्च, गन्धं माल्यं तथा स्त्रियः ।
मुक्तानि यानि सर्वाणि, प्राणिनांचैव हिंसनम् ।।

4 अभ्याङ्गमजनं चाक्षणोरूपानच्छत्र धारणम् ।
कामं क्रोधञ्च लोभंच नर्त्तनं गीतवादनम् ।।

5 द्युतञ्च जनवादंच, परिवादं तथाऽनृतम् ।
स्त्रिणांच प्रेक्षणा लम्भमुपघातं परस्य च ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आमा, बहिनी वा छोरी कसैका साथ पनि एकान्तमा बस्नु हुँदैन। किनकि इन्द्रिय समूह ज्यादै बलवान हुन्छ, त्यसले विद्वान्हरूलाई पनि आफूतिर खिच्दछ।[1]

सर्वत्र एक्लै सुतोस्। आफ्नो वीर्य कहिले कहींपनि स्खलित हुन नदेओस्। इच्छाबाट वीर्य नाश गर्ने ब्रह्मचारीको व्रत नष्ट हुन्छ।[2]

माथि लेखिएका कुरादेखि अतिरिक्त पनि ब्रह्मचारीका लागि धेरै वर्जित कर्महरू छन्।

गुरुको आज्ञाविना बस्नु, उनको अगाडि उच्चासनमा बसीरहनु, उनको अगाडि आदरयुक्त नाम नलिई उनको परिचय दिनु, उनको निन्दा सुन्नु, उनका दोषहरूलाई भन्नु, उनीदेखि टाढा रहनु, स्त्रीहरूको बीचमा बस्नु, युवती गुरुपत्नीका चरण छोएर प्रणाम गर्नु तथा श्रृंगार गर्नु एवं अध्ययनमा आलस्य गर्नु आदि वर्जित कर्महरू छन्।

काम, क्रोध, स्वाद, श्रृंगार, कौतुक, अति निद्रा र अति सेवा-यी आठ कर्म विद्यार्थीका लागि वर्जित छ।[3]

सुख इच्छा गर्नेले विद्यालाई र विद्याको प्रेमीले सुख छोडिदिनु पर्दछ। किनकि सुखको इच्छा गर्नेलाई विद्या आउँदैन र विद्यार्थीलाई सुख मिल्दैन।[4]

आलस्य, मद, मोह, चपलता, व्यर्थ कुराकानी गर्नु, चूप रहनु, अभिमान गर्नु र स्वार्थी हुनु- यी सात अवगुणहरू विद्यार्थीहरूले छोड्नुपर्छ।[5]

---

1 हस्त्यश्वारोहणं चैव, सन्त्यजेत्संजितेन्द्रियः।
(ब्रह्मचारी हाथी र घोडा आदिको सवारी नगरोस्।)
मात्रा स्वस्रा दुहित्रा वा, न विविक्तासनो भवेत्।
बलवनिन्द्रिय ग्रामो, विद्वांसमपि कर्षति॥

2 एकः शयीत सर्वत्र, न रेतस्कन्दयेत्क्वचित्।
कामाद्धिस्कन्दयन् रेतो, हिनस्ति व्रतमात्मनः॥

3 काम क्रोधौ तथा लोभं स्वादु श्रृंगार कौतुके।
अति निद्राति सेवेच, विद्यार्थी ह्यष्ट वर्जयेत्॥ —(चाणक्य नीति)

4 सुखार्थी चेत्यजेद्विद्यां, विद्यार्थी चेत्यजेत्सुखम्।
सुखार्थिनः कुतो विद्या, सुखं विद्यार्थिनः कुतः॥ —(विदुर नीति)

5 आलस्यं मद मोहौ च चापल्यं गोष्ठिरेव च।
स्तब्धता चाभिमानित्वं, तथाऽत्यागित्वमेवच॥ —(विदुर नीति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारीको कर्तव्य–कर्म

: ५० :

म पाप–नाशक आचार्य ब्रह्मचारी हुँ। म अरू मानिसहरूलाई पनि प्रार्थना गर्दछु कि उनीहरू अरूलाई पनि (नयाँ जीवन धारण गर्नको लागि) म कहाँ पठाऊन्।[1]

आचार्य नै परमेश्वरका रूप हुन्।[2]

ब्रह्मचर्यको पालनमा वर्जित कर्महरू छोड्दाखेरी व्रतको रक्षा हुन्छ। सदाचारका नियमहरूलाई पालन गर्दाखेरी अकर्तव्यहरूको नाश हुन्छ। ब्रह्मचारीलाई एउटा तपस्वी सम्झिनुपर्दछ। जुन कर्तव्यहरूबाट उसलाई जीवनमा उत्साह, ज्ञानमा वृद्धि र संसारमा ख्याति फैलिन्छ। उनका विधान प्रवीण शास्त्रकारहरूले गरेका छन्।

अब हामी धर्मशास्त्र-सम्मत ब्रह्मचारीका कर्तव्य कर्महरूलाई यहाँ वर्णन गर्दछौं :

उपनयनको वेला जसरी मृगचर्म, यज्ञोपवीत, मेखला, दण्ड र वस्त्र धारण गराउँदछन्, त्यही अवस्थामा सदैव रहनुपर्दछ।[3]

ब्रह्मचारी आफ्नो इन्द्रियहरूलाई वशमा राखेर गुरुको नजिक भनिएको कर्महरूको व्रतको उन्नतिको लागि गर्दै रहनुपर्दछ।[4]

सधैं स्नान गरेर पवित्रबाट देवता, ऋषि र पितृहरूलाई तर्पण तथा देवताको पूजाआजा र अग्निहोत्र गर्नुपर्दछ।[5]

---

1 मृत्योरहं ब्रह्मचारी यदस्मिनिर्याचन भूतात्पुरुषं यमाम। –(अथर्ववेद)

2 आचार्या ब्रह्मणो मूर्तिः। –(मनुस्मृति)

3 यद्यस्य विहितं चर्म, यत्सूत्रं या च मेखला।
यो दण्डो यश्च वसनं, तत्तदस्य व्रतेष्वपि॥

4 सेवेतेमांस्तु नियमान्, ब्रह्मचारी गुरौवसन्।
सन्नियमेन्द्रियग्रामं, तपो वृद्ध्यर्थ मात्मनः॥

5 नित्यं स्नात्वा शुचिः कुर्याद्देवर्ष्पितृ तर्पणम्।
देवताभ्यर्चनंचैव, समिदाधान मेव च॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जलको घडा, फूल, गोवर र कुश जुन वस्तुको जति आवश्यकता पर्दछ, त्यतिनै ल्याऊन् र निरन्तर भिक्षा माग्न जाऊन् ।[1]

टाढावाट समिधा (होम गर्ने दाउरा) ल्याएर उत्तम स्थानमा राखून् र त्यसबाट आलस्यरहित भएर साँझ र प्रातकाल: अग्निहोत्र गरून् ।[2]

यदि विना इच्छावाट सपनामा वीर्य खस्यो भने स्नान गरेर सूर्य भगवान्‌को पूजापछि "पुनर्मामित्विन्द्रियम्०" नामको ऋचाको जप गरून् ।[3]

शरीर, वाणी, बुद्धि, इन्द्रिय र मनलाई अधिकारमा राखेर नम्रतापूर्वक गुरुको सम्मुख रहून् ।[4]

ब्रह्मचारीले नियमपूर्वक अध्ययन गर्नुपर्दछ। किनकि विनानियम पढेर त्यसवाट केही फल पाइँदैन ।[5]

यज्ञोपवीत गरिएको ब्रह्मचारी गृहस्थाश्रममा प्रवेश गरून्जेल यज्ञको लागि समिधा र भिक्षा ल्याउनमा पृथिवीमा सुत्नमा र गुरुको हितमा लागिरहनुपर्दछ ।[6]

यी माथि भनिएका कर्तव्यहरूमा पनि अरु कति कर्तव्यहरू यसप्रकार छन् :

सूर्योदयभन्दा पहिले उठ्नु, नित्य नियमसँग अध्ययन गर्नु । पढ्दा शुरू र अन्त्यमा गुरुलाई नमस्कार गर्नु, सहपाठीहरूसँग प्रेम राख्नु, आचरण-वाट गुरुलाई खुशी राख्नु, अतिथिहरूलाई सत्कार गर्नु, ठूला मानिस-हरूलाई र आमा-बाबुलाई पहिले सेवा गर्नु, अभिवादन गर्नु, आफ्नो ब्रह्मचर्यको पालनमा ध्यान दिनु, साधुता र सरलतासँग रहनु नै कर्तव्य हो । □

1 उदकुम्भं सुमनसो, गोशकृन्मृत्तिका कुशान् ।
आहरेद्यावदर्थानि, भैक्षं चाहरहश्चरेत् ।।

2 दूरादाहृत्य समिधः, सन्निदध्याद्विहायसि ।
सायं प्रातश्च जुहुयात्ताभिरग्निमतन्द्रितः ।।

3 स्वप्ने सिक्त्वा ब्रह्मचारी, द्विज शुक्रमकामतः ।
स्नात्वार्कमर्चयित्वात्रिः, पुनर्मामितृचं जपेत् ।।

4 शरीरंचैव वाचंच, बुद्धीन्द्रिय मनांसिच ।
नियम्य प्राञ्जलिस्तिष्ठेद्वीक्षमाणोगुरोर्मुखम् ।।

5 कुर्यादध्ययनंचैव, ब्रह्मचारी यथा विधिः ।
विधिं त्यक्त्वा प्रकुर्वाणो, न स्वाध्याय फलं लभेत् ।।

6 अग्नीन्धनं भैक्षचर्यामधः शय्यांगुरोर्हितम् ।
आसमावर्त्तनात्कुर्यात्कृतोपनयनो द्विज ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्यका कर्तव्यहरू

: ५१ :

आचार्य शिष्यका लागि पापनाशक, शान्तिदाता, जीवनसुधारक, रोगनिवारक र ज्ञानको उपदेशक हुन्छ ।[1]

दुष्ट शिष्यलाई ज्ञानोपदेश गरेर आचार्यले कसरी यश प्राप्त गर्न सक्दछ ।[2]

प्राचीनकालमा यो देशमा आचार्यको ज्यादै ठूलो महत्त्व थियो। गुरुकुलका अधिष्ठाता हुनुको अतिरिक्त उनी संसारसुधारक हुन्थे। मनुष्य जातिको उत्थान र पतनको उत्तरदायित्व आचार्यमाथिनै रहन्थ्यो । बालकका लागि आचार्यभन्दा ठूला अर्का हितैषी कोही हुन्न थियो । यस्ता आचार्य पुरुषका लागि शास्त्रहरूमा कर्तव्य निर्धारित गरिएको छ, जसको सारांश यसप्रकार छ :

१. आचार्य स्वयं ब्रह्मचारी हुनुपर्दथ्यो। २. उनले सबै छात्रहरूमाथि समदृष्टि राख्नुपर्दथ्यो। ३. ब्रह्मचारीहरूको स्वास्थ्य र सदाचारमाथि पूर्णरूपबाट ध्यान राख्नुपर्दथ्यो। ४. आफना विद्यार्थीबाट अधिकार बाहिरका काम लिदैनथे। ५. नियमित तिथिहरूभन्दा ज्यादा छुट्टी दिदैनथे। ६. विद्यार्थीको उन्नतिको कामना गरेर निरन्तर उद्योग गरिरहन्थे। ७. आचार्यका छोरा, सेवक, ज्ञानदाता, धार्मिक, पवित्र आस्तिक, बलवान, धनदाता, सरल स्वभावी र स्वजातीय– यस्ता दश प्रकारका शिष्यहरूलाई पढाउनु कर्तव्य ठान्दथे। ८. जुन विषयमा शंका हुन्थ्यो, त्यसलाई राम्ररी विचार नगरी पढाउँदैनथे। ९. अशान्त चित्त भएको बेलामा शिक्षा दिदैनथे। १०. अग्निहोत्र र सन्ध्या-वन्दनामा शिष्यहरूलाई पनि साथमा लिन्थे। ११. ब्रह्मचारीलाई व्रत पालन गर्नमा उत्साहित गर्दथे। १२। विद्यार्थीको कार्य र भाषण उसको योग्यताको परीक्षा बारम्बार लिन्थे। १३. आचार्यले लोभी, क्रोधी, विषयी, असत्यभाषी, परनिन्दक असहिष्णु र द्वेषी हुनुहुँदैनथ्यो। १४. विना प्रभाव र स्नेह नगरी शिष्यलाई विद्वान् बनाउन सकिदैनथ्यो। १५. ब्रह्मचारीलाई आज्ञाकारी बनाउनु उनको पहिलो कर्तव्य हुन्थ्यो। □

---

1 आचार्यो मृत्युर्वरुण: सोम औषधय: पय: । –(अथर्ववेद)

2 कुशिष्यमध्यापयत: कुतो यश: ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अष्ट मैथुन निषेध

: ५२ :

मैथुन (अब्रह्मचर्य) बाट आयु, वीर्य, तथा यशको हानि हुन्छ ।[1]

ब्रह्मचर्य जस्तो महाव्रतलाई नाश गर्ने दुरूपयोगको नाम 'मैथुन' हो । मैथुन त्यो साधनलाई भनिन्छ, जुनद्वारा कुनै न कुनै प्राकृतिक या अप्राकृतिक रूपबाट मनुष्यको वीर्य आफ्नो स्थान छोडेर ज्ञात वा अज्ञात अवस्थामा बाहिर निस्केर जान्छ । यसै कारणले ब्रह्मचारीहरूलाई शास्त्रहरूमा मैथुन निषेध गरिएको छ ।

स्मरण, कीर्त्तन, केलि, अवलोकन, गुप्त भाषण, सङ्कल्प, अध्यवसाय र क्रिया-निवृत्ति- यी मैथुनका आठ अङ्ग विद्वान्हरूद्वारा निर्धारित गरिएको छ ।[2] यिनै आठ लक्षणहरूभन्दा टाढा रहनुलाई 'सिद्ध ब्रह्मचर्य' भनिन्छ ।

१. स्मरण– प्रत्यक्ष वा अप्रत्यक्ष देखिएका सुनिएका स्त्रीहरूको रूप-लावण्यको ध्यान गर्नु ।

२. कीर्त्तन - स्त्रीहरूको गुण, स्वरूप र सुखको कथा भन्नु या तत्सम्बन्धी गीत गाउनु ।

३. केलि— स्त्रीहरूका साथ नाना प्रकारका खेल, जस्तो फागु आदि खेल्नु ।

४. प्रेक्षण- कुनै स्त्रीलाई कामदृष्टिबाट बारंम्बार हेर्नु र संकेत गर्नु ।

५. गुह्य भाषण– स्त्रीहरूको नजिकमा गएर गुप्तरूपमा भोगेच्छा प्रकट गर्नु ।

---

[1] आयुर्वीर्यं यशश्चैव, हन्यतेऽ ब्रह्मचर्यया ।

[2] स्मरणं कीर्त्तनं केलि :, प्रेक्षणं गुह्य भाषणम् ।
सङ्कल्पोऽ ध्यवसायश्च, क्रिया–निष्पत्तिरेवच ।।
एतन्मैथुन मष्टाङ्गं, प्रवदन्ति मनीषिण : ।
विपरीतं ब्रह्मचर्यं, मेतदेवाष्ट लक्षणम् ।। –(दक्ष-संहिता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. संङ्कल्प– स्त्रीहरूलाई हेरेर या उनीहरूको चरित्र सुनेर त्यसलाई पाउने धारणा मनमा लिनु ।

७. अध्यवसाय– स्त्रीहरूको सहवासमा हुने आनन्दको अनुमान गरेर त्यसलाई पाउने प्रयत्न गर्नु ।

८. क्रिया-निवृत्ति– स्त्रीहरूको मोहजालमा फसेर उनीहरूसंग सम्भोग गर्नु ।

यी आठ प्रकारका मैथुनहरूमा क्रमसंग आठौं मैथुन अत्यन्त डरलाग्दो छ । एउटा मैथुनमा फसेर रहेपछि सबै मैथुनमा फस्ने डर रहन्छ । यिनीहरू मध्ये प्रत्येकको अन्तिम परिणाम वीर्य नाश हुन्छ । यी मैथुनहरूको प्रभावबाट वीर्यको कण आफ्नो ठाउँदेखि छुटेर अण्डकोषमा पुग्दछ, जुन मौका पाउनासाथ त्यो बाहिर निस्कन्छ । यसै कारणले ब्रह्मचारीले यी आठ प्रकारका मैथुनहरूबाट आफ्नो ब्रह्मचर्यको रक्षा गर्नुपर्दछ ।

यी आठ प्रकारका मैथुनहरूबाट बच्नका लागि आठ प्रकारको संयमको जरूरत पर्दछ । जसरी आठ प्रकारबाट ब्रह्मचर्यको रक्षा गरिन्छ ती आठ प्रकारका सुसाधनहरू पनि ब्रह्मचर्य बराबर छन् । अतः यसरी आठ प्रकारको मैथुन गर्ने विरोधक भावहरू आठ प्रकारका ब्रह्मचर्य हुन् । ब्रह्मचर्यावस्थामा यी आठ प्रकारको ब्रह्मचर्यको पनि अत्यन्त आवश्यकता पर्दछ । □

परोपकारशून्यस्य धिङ मनुष्यस्य जीवितम् ।
जीवन्तु पशवो येषां चर्माप्युपकरिष्यति ।।

विद्वान् अज्ञात भन्छन्–'मनुष्य भएर पनि जसले अरूको उपकार गर्न जान्दैन त्यसको जीवन धिक्कार छ । त्योभन्दा पनि धन्य त ती पशुहरू छन् जसको छालासम्म (मृत्यु पछि) अरूको काममा आउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदाध्ययन विचार

: ५३ :

ब्रह्मचारीले आफ्नो अध्ययनमा सिद्धि पाउनका लागि वेदमा भनिएका नियमहरूलाई पालन गर्नु पर्दछ ।[1]

ब्रह्मचारी भौतिक र आध्यात्मिक ज्ञानलाई धारण गर्दछ; त्यो तपबाट आचार्य खुशी मान्दछ ।[2]

ब्रह्मचर्याश्रम र वेदाध्ययनको ज्यादै घनिष्ठ सम्वन्ध छ । गुरुकुल-पठाउनुको यही अभिप्राय हो कि वालकले वेदको शिक्षालाई प्राप्त गरोस् । आचार्यको संरक्षकत्वमा वेद जान्ने विधान शास्त्रकारहरूले सुवोध गरेका छन् । ब्रह्मचारी बन्नुको प्रधान उद्देश्य वेदारम्भ मानिएको छ ।

वेदहरूमा मनुष्य–जातिलाई सुख दिने सबै प्रकारका विद्याहरू भरिएका छन् भन्ने ज्ञान हिजोआज थोरैलाई मात्र थाहा छ । यो भूमण्डलमा वैदिक साहित्य सबैभन्दा श्रेष्ठ मानिएको छ । वेदहरूको ज्ञान प्राप्त गरेपछि त्यो व्यक्तिलाई विशेष ज्ञानको जरूरत पर्दैन । उसको लागि सबै सजिलो पर्दछ । हाम्रा ऋषिमुनि तिनै वेदहरूको बलमाथि देश तथा धर्मको रक्षा तथा उद्धार गर्दथे ।

गुरुकुलमा आचार्यले वेद वेदाङ्गहरूको परिचय गराउँदथे । जसरी सूर्यको प्रकाशलाई धारण गरेर चन्द्रमा उदाउँदछ, त्यसरी नै शिष्यले आफ्नो गुरुबाट ज्ञानार्जन गरेर कुल र जातिलाई आनन्दित गर्दछ । वास्तवमा वेदाध्ययनको प्रयोजन यही हो कि गृहस्थाश्रय सुखमय बनोस् ।

अब हामी आचार्य मनुको मतबाट वेदाध्ययनका काल र प्रकारको वर्णन गर्न चाहान्छौं :

गुरुकुलमा ब्रह्मचर्य पालन गरेर ३६ वर्षमा तीनवटा वेदहरू (ऋग्,

---

1 तस्माद्वेद व्रतानीह, चरेत्स्वाध्याय सिद्धये । –(हारीत स्मृति)

2 सदाधार पृथिवीं आचार्यं तपसा पिपर्ति । – (अथर्ववेद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यजु र साम) पढोस् । अर्थात् १२ वर्षसम्म एउटा वेदको शाखाको विधान छ। १८ वर्षमा या ९ वर्षमा तीनवटै वेदहरू पढ्न सकिन्छ । अर्थात् ६ या ३ वर्षहरूमा एउटा वेदको शाखा समाप्त गरोस् ।[1]

तीन, दुई वा एउटा वेदलाई विधि-पूर्वक पढेर अखण्डित ब्रह्मचर्य पालन गरी गृहस्थाश्रममा पाइला राखोस् ।[2]

३६ वर्षमा वेद पढ्नु उत्तम, १८ वर्षमा मध्यम र ९ वर्षमा अधम मानिन्छ । ब्रह्मचर्यावस्थामा ३, २, या १ वेद त अवश्य पढनुपर्दछ । □

---

1 षद् त्रिंशदाब्दिकं चर्यं, गुरौ त्रैवेदिकं व्रतम् ।
तदर्धिकं पादिकंवा, ग्रहणान्तिक मेव वा ॥
वेदान धत्यी वेदौ वा, वेदं वापि यथा क्रमम् ।
2 अविप्लुती ब्रह्मचर्यो, गृहस्थाश्रममा वसेत् ॥

□

प्रजानां सुखे सुखं राज्ञः, प्रजानां हिते हितम् ।
—कौटिल्य

दुनियाको सुखमानै राजाको सुख र दुनियाको हितमानै राजाको हित हुन्छ ।

❀

राष्ट्ररूपी भवनको चारवटा पर्खाल हुन्छन् । ती हुन्– (१) धर्म र संस्कृति, (२) भाषा र साहित्य (३) सामाजिक रीति थिति र पर्व, (४) राष्ट्रिय भावना र देश प्रेम । यी मध्ये कुनै पर्खाल या स्तम्भ ढल्यो या कमजोर भयो भने राष्ट्ररूपी भवन पनि ढल्छ या निर्बल हुन्छ । यसैकारण हाम्रा धर्मप्राण राजा यी स्तम्भहरूलाई मजबुत तुल्याएर आफ्नो राष्ट्रको स्वतन्त्रता तथा सार्वभौमिकसत्ताको रक्षा गर्न अगाडि बढिवक्सेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारी–भेद

: ५४ :

ब्रह्मचारी उत्तम कर्महरूका साथ आफ्नो व्रतको पालन गर्दछ । यसैले त्यो देवताहरूको एउटा अंग बन्दछ ।[1]

ब्रह्मचारी आफ्नो विद्या, कटिबद्धता, परिश्रमशीलता र सहिष्णुताबाट संसारको उपकार गर्दछ ।[2]

गुरुकुलको वास–भेदबाट ब्रह्मचर्य दुइ प्रकारका हुन्छन् । उपकुर्वाण र नैष्टिक । यसैकारण ब्रह्मचारी दुइ प्रकारका हुन्छन् ।

उपकुर्वाणको आस्था एउटा नियमित कालसम्म रहन्छ । त्यो समाप्त भएपछि गृहस्थाश्रममा पाइला राख्न सकिन्छ । ब्रह्मचर्य पालन, गुरु-सेवा, विद्याध्ययनपछि गुरु दक्षिणा दिनेवेलासम्म त्यो ब्रह्मचारी उपकुर्वाण कहलाउँदछ ।

अखण्ड ब्रह्मचर्यलाई पालन गरेर गृहस्थाश्रममा वास गर ।[3]

अब हामी उपकुर्वाण ब्रह्मचारीको शास्त्रोक्त कर्तव्य-कर्महरूको वर्णन यहाँ गर्दछौं । यसलाई पालन गरेर त्यो आफ्नो महाव्रतमा सिद्धि पाउन सक्दछ :

१. गुरुको आज्ञालाई पालन तथा सेवा गर्दै रहनुपर्छ ।

२. मन लगाएर विद्याध्ययन गर्नमा सावधान रहनुपर्छ ।

३. भिक्षा मागेर सात्त्विक प्रकारबाट आफ्नो जीवन निर्वाह गर्नुपर्दछ ।

४. ब्रह्मचर्य–रक्षाको लागि सदैव उपाय गर्दै रहनुपर्दछ ।

५. आफ्नो उन्नतिमा मनन र चिन्तन गर्दै रहनुपर्दछ ।

जुन ब्रह्मचारीले आफ्नो व्रतको महत्त्व सम्झिन्छ, त्यसको मन वेदाध्ययनले संयमित बन्दछ, जसको इच्छा प्रकृतिको अनुरागमा लाग्दछ, ज्ञान दिने कारणले गुरुनै त्यसको सर्वस्व हुन्छन् र संसारबाट जसलाई वैराग्य हुन्छ

---

1 ब्रह्मचारी चरति वेविषद्विषः । स देवानां भवत्येकमङ्गम् ।। –(ऋग्वेद)

2 ब्रह्मचारी समिधा मेखलया श्रमेण लोकांस्तपसा पिपर्ति । –(अथर्ववेद)

3 अविप्लुत ब्रह्मचर्यो, गृहस्थाश्रममा वसेत् । –(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही जीवनपर्यन्त ब्रह्मचारी बन्दछ। त्यसैलाई नैष्टिक ब्रह्मचारी भन्दछन्। त्यसका लागि यही आज्ञा छ।

नैष्टिक ब्रह्मचारीका लागि न त विवाह न त सन्यासको विधान छ।[1]

अब हामी नैष्टिक ब्रह्मचारीका ती कर्तव्य कर्महरूलाई यहाँ वर्णन गर्न चाहन्छौं, जसबाट उसको जन्म सार्थक हुन्छ :

१. गुरुको सतसङ्गमा ब्रह्मचर्यपूर्वक विद्याध्ययन गर्दै रहनुपर्दछ।

२. गुरु नभएपछि पनि त्यसले विद्वान् छोराहरूसँग आध्यात्मिक विचार गर्दै रहनु पर्दछ।

३. गुरुपुत्रको अभावमा पनि उनका पत्नीलाई पालन पोषण धर्मयुक्त भावबाट गर्दै रहनुपर्दछ।

४. यदि गुरु पत्नी पनि नभएको बेलामा गुरुकुलवासीहरूका साथमा रहँनुपर्दछ।

५. सबैका अभावमा पनि यज्ञानुष्ठान गर्दै रहनुपर्दछ। □

---

[1] न विवाहो न संन्यासो, नैष्टिकस्य विधीयते —(महामान्य हरीत)

□

समानो मन्त्रः समितिः समानी समानं
मनःसह चित्त मेषाम्।

—ऋग्वेद

हाम्रो एक आवाज, एक संस्था, एक मन र एक अन्तस्करण हुनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुदक्षिणाको प्रकरण

: ५५ :

आचार्य वरुण (सुखदायक) बनेर जनताको हितार्थ जुन दक्षिणा माग्दछन्, ब्रह्मचारी त्यसलाई आफ्नो आत्मबलले मित्र (सहायक) भएर दिन्छ ।[1]

गुरुको सेवाबाटै ब्रह्मलोक पाउन सकिन्छ ।[2]

गुरुकुलमा विद्याध्ययन समाप्त भएपछि विद्यार्थीले घर जाने आज्ञा पाउँदछ । त्यो समय उसले आफ्नो गुरुलाई सन्तुष्ट राख्नका लागि उनको इच्छा अनुकूल जे जति चढाउँदछ त्यसैलाई 'गुरुदक्षिणा' भनिन्छ । यो दक्षिणाको महत्त्व प्रायः प्रत्येक ग्रन्थमा लेखिएको छ ।

प्राचीन समयमा गुरुदक्षिणा शिष्टाचारको एउटा अंग थियो । गुरुको उपकारको प्रति आफ्नो कृतज्ञता प्रकाशित गर्नका लागि ब्रह्मचारी उनीसँग गुरुदक्षिणा लिन प्रार्थना गर्दथे । गुरु पनि त्यसको विनयशीलता र आज्ञा पालनबाट खुशी भएर त्यसलाई जनताको उपकार गर्ने आदेश दिन्थे । यही त्यसको दक्षिणा हुन्थ्यो । पहिलो आचार्यले कुनै प्रकारको इच्छा वा आवश्यकता राख्दैनथे । गुरुले जे आज्ञा गर्दथे, त्यही पालन गर्न ब्रह्मचारी प्रतिज्ञा गर्दथे र उनको आशीर्वाद पाएर संसारमा पाइला राख्दथे ।

शंकराचार्यको गुरु कुमारिल भट्टले अवैदिक धर्मको खण्डन र सनातन धर्मको मण्डनको दक्षिणा मागेका थिए । यसलाई शंकराचार्यले जीवनभरि पालनगरेर देखाए । स्वामी दयानन्दका आचार्य विराजानन्दले उनलाई जनतामा वेद तथा सत्यधर्मको प्रचारको आदेश दिएका थिए, त्यसलाई उनले पालन गरेर देखाए ।

गुरु-दक्षिणा ब्रह्मचारीको लागि एउटा अन्तिम कर्तव्य मानिएको

---

[1] आचार्यो भूत्वा वरुणो यद्यदैच्छत् प्रजापतौ ।
तद ब्रह्मचारी प्रायच्छत्सान् मित्री अध्यात्मनः ।। —(अथर्ववेद)

[2] गुरु शुश्रूषया त्वेव, ब्रह्मलोकं समश्नुते । —(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri

छ । यसैले धर्मशास्त्रको केही चर्चा गर्नु पनि अनुपयुक्त देखिँदैन :

ब्रह्मचर्यावस्थामा धर्म जान्ने गुरुलाई केही पनि दिउँ, तर ब्रह्मचर्यलाई पालन गरेर स्नातक भएपछि उनले जे आज्ञा दिउन् उनलाई त्यही दक्षिणा दिउँ ।[1]

पृथ्वी, सुन, गाई, घोडा, छाता, जुत्ता, आसन, धान्य, शाक र वस्त्र– जे केही पनि दिन सकौं, गुरुको खुशीको लागि समर्पित गरौं ।[2]

जुन ब्रह्मचारी ज्ञान प्राप्त गरेर आफ्नो आचार्यलाई उनले मागेको कुरो दिएर खुशी गराउँदछ, त्यो विद्या बढेर जान्छ र त्यसैबाट समाजको कल्याण हुन सक्दछ । □

---

1 न पूर्वं गुरवे किञ्चिदुपकुर्वीत धर्मवित् ।
स्नास्यंस्तु गुरुणाज्ञप्तः, शक्त्यागुर्वर्थमाहरेत् ॥

2 क्षेत्रं हिरण्यं गामश्वं, छत्रोपानहमासनम् ।
धान्यं शाकंचवासांसि, गुरुवे प्रीतिमावहेत् ॥

□

कवि बाइरन भन्छन्–'हाँसो र आँसुको मध्यका मानव ! तँ एउटा गतिशील यन्त्र होस् !'

❀

प्रसिद्ध विचारक डिजरायली भन्छन्–'मनुष्य सृष्टिकर्ताको प्रतिविम्बमा ईश्वरतुल्य कार्यको लागि बनाइएको हो ।' (Man that is made in the image of the creator is made for God-like deeds.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समावर्त्तन–संस्कार

: ५६ :

ब्रह्मचारी विद्या पढेपछि स्नातक हुन्छ । यसरी अत्यन्त तेजस्वी भएर संसारमा सम्मान पाउँदछ ।[1]

राजा र स्नातक दुवैमा राजाभन्दा स्नातकको विशेष मान्यता छ ।[2]

वेदाध्ययन समाप्त भएपछि गुरुलाई दक्षिणा दिएर जितेन्द्रियताबाट गाउँमा निवास गर्नुपर्दछ ।[3]

उपनयन संस्कारबाट ब्रह्मचर्याश्रमको प्रारम्भ र समावर्त्तन संस्कारबाट त्यसको समाप्ति हुन्छ । उपनीत भएको ब्रह्मचारी गुरुकुलमो प्रविष्ट हुन्छ र स्नातक भएर त्यसबाट बाहिर निस्कन्छ । यही संस्कारमा ब्रह्मचारीलाई तीर्थहरूको जलबाट स्नान गराइन्छ र त्यतिबेलादेखि उसलाई 'स्नातक' भनिन्छ ।

त्यो ब्रह्मचारी हो, जसले विद्याव्रतरूपी तीर्थको जलमा स्नान गरेको छ ।[4]

यो संस्कारका समयमा गुरुलाई यथाशक्ति दक्षिणा दिइन्छ र गुरु त्यो ब्रह्मचारीलाई आयुर्बल, यश ज्ञान-गौरव धनधान्य होस् भनी आशीर्वाद दिन्छन् ।

यो संस्कारबाट ब्रह्मचारी आफ्नो आचार्यको संरक्षणबाट पृथक् हुन्छ । धेरै समयसम्म एकैसाथ रहनाले दुवैमा अत्यन्त अभिन्नता हुन्छ । यसैले मोहको बन्धन चुँडालेर आचार्यले त्यसलाई गृहस्थाश्रममा जान र आफ्नो कर्तव्य पालन गर्ने उपदेश यो बेला दिन्छन्:

१. प्रमादमा परेर ब्रह्मचर्य व्रतको दुरुपयोग नगर्नू । २. आफ्नो विद्या र बलले लोक सेवामा लाग्दै रहनू । ३. पञ्चमहायज्ञमा कहिले भ्रान्तिबाट पनि

1 सस्नातो बभ्रुः पिंगलः पृथिव्यां बहु रोचते । (अथर्ववेद)

2 राजस्नातकयोश्चैव, स्नातको नृपमान भाक् ।

3 गुरवे दक्षिणां दद्यात्संयमी ग्राममावसेत् । (हारीत-स्मृति)

4 सब्रह्मचारी यो विद्या-व्रत-स्नातः । (छान्दोग्योपनिषद्)

Nepal Sanskrit University

CC-0. In Public Domain. Digitization by eGangotri

असावधानी नगर्नू । ४. आमा-बाबु तथा कुटुम्बको भरणपोषण आफ्नो हातमा लिनू । ५. सुप्रजा उत्पन्न गर्नका लागि विधिपूर्वक विवाह गर्नू । ६. सदाचारी र उत्तम पुरुषहरूको सङ्गत गर्नू । ७. धर्म तथा धनको सञ्चय गर्दै रहनू । ८. अधर्ममूलक व्यवसायमा कहिले नपर्नू । ९. क्रोध, मोह, लोभ, भोग र दर्पदेखि टाढैरहनु । १०. गृहस्थाश्रमको नियत समयसम्म सुखमय बनाउँदै रहनू ।

□

आज हामी नवीनताको प्रशंसक बनेर आफ्नो प्राचीन गरीमालाई बिर्संदैछौं, तर आजको युवा-युवती समुदायले एकपल्ट हाम्रो विवाह पद्धति तिर पनि निहारि दिनु परेको छ अनि त्यसमा रहेको प्रणयको महत्ता नारी र पुरुषमा रहेको क्षमता आदि आधुनिक युगका मागहरू स्वतः देखिने छन् । नत्र आजको जस्तो टपरी बटुल्न हतारिएका पुरोहित द्वारा उच्चारित अस्पष्ट मन्त्रले उचाट दुलहा दुलहीले यज्ञ मण्डपको पवित्र र गम्भीर कृत्यहरूलाई पुतलीको खेल या नाटकको अभिनय ठाने झैं एक दिन सम्पूर्ण समाजले नै हिन्दू-शास्त्र अनुसार यो विशिष्ट विवाह पद्धतिबाट आफुलाई उन्मुक्त पार्ने छ र हाम्रो धर्म तथा संस्कृति एकातिर अल्झने छ । ब्रह्मचर्य परित्याग गरेमा हामी स्वयं आफूद्वारा ठगिने छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह–विधान

: ५७ :

ब्रह्मचर्याश्रमलाई समाप्त गरेर गृहस्थ-धर्मको पालन गर्नु योग्य छ ।[1]

स्नातकले सवर्णा र सुलक्षणहरूले युक्त भएकी कन्यासँग विवाह गर्नु- पर्दछ ।[2]

ब्रह्मचारी वीर्य रक्षण सहित ज्ञानार्जन गरेर गुरुको आज्ञाबाट स्नातक भएर घर आउँदछ । यो अवस्थामा उसका पिता या उसका समान अधिकारी त्यसलाई सत्कार गर्दछन् । यसको अनन्तर विवाहको समय आउँदछ । ऊ आफ्नो सम्बन्धीहरूलाई लिएर कन्याको बाबुकहाँ जान्छ । कन्या पक्षका मानिसहरूबाट उसलाई द्वार-पूजन (स्वागत) गर्दछन्, तदनन्तर 'जनवास' दिइन्छ । विवाहको निश्चित समयमा वर विवाह मण्डपमा जान्छन् । कन्याका पिता उसलाई 'मधुपर्क' अर्थात् उत्तम पदार्थहरूबाट सत्कार गरेर बसाल्दछन् । फेरि अग्निदेवलाई स्थापना गरेर वधूलाई पाणिग्रहण गरेर वर यसरी भन्दछ—

'म तिमीलाई आफ्नो पत्नी बनाउँदछु । तिमी राम्रो सन्तान दिने बन । मसँग तिमीलाई दीर्घ जीवन प्राप्त होस् । देवताहरूले गृहस्था- श्रमका लागि तिमीलाई दिएका हुन् । तिम्रो शुभ दृष्टि होस्, तिमी- बाट पतिको हित होस्, पशुहरूको कल्याण होस्, तिमी मनोहर हृदय र आँखा भएकी बन । तिम्रा छोरा बाँचून् र पुरुषार्थी बनून् । तिमीलाई सर्वतिरको सुख प्राप्त होस् ।'

फेरि त्यो वधूलाई हवन गराउँदछ र उनले पतिको दीर्घजीवन एवं सम्बन्धीहरूको लागि सुखको प्रार्थना गर्दछिन् । तदनन्तर 'सप्तपदी' हुन्छ । यसमा वरले वधूलाई लिएर सात पटक फेरा लगाउँदछ र उसंग आफू अनुकूल

1 ब्रह्मचर्यं समाप्याय, गृहधर्मं समाचरेत् ।

2 उद्वहेत द्विजोभार्या, सवर्णालक्षणान्विताम् । –(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहने प्रतिज्ञा गराउँदछ । यही बेला दुवै पति-पत्नी (दम्पति) बन्दछन् । पछि कन्याका पिताले वरसँग निम्नलिखित प्रतिज्ञा गराउँछन् :

जे केही सत्कर्म गर्नु पर्छ, यिनै (कन्या)की सहभागितावाट गरूँला, धर्म अर्थ र काममा यिनका विरुद्ध आचरण गर्दिनँ ।[1]

यो पटक वरले पनि उसको कुरोलाई वलपूर्वक यसरी स्वीकार गर्दछ– म कहिले पनि यसको विरुद्ध आचरण गर्दिन्, गर्दिन्, गर्दिन् ।[2]

हिजोआज बाबु-आमाको स्वीकृति वेगर केटाकेटीले परस्पर प्रेम गरेर घरदेखि भागेर अदालतमा गएर दुई जनाले परस्पर विवाह गरेको जनाउ दिई 'कोर्ट म्यारेज' गरी प्रमाणपत्र लिने गर्छन् ।

देवी-देवताको मन्दिरमा केटा-केटी गएर विवाह गर्ने परिपाटी पनि चलिरहेकै छ । जग्गे मण्डप आदि बनाएर होम गरी सात फेरा लगाई शास्त्रोक्त विधिअनुसार विवाह गर्ने हिन्दूशास्त्रको प्रचलन घट्दै गइराखेको छ । नयाँ युग अनुसारको विवाह भएपछि लगत्तै विवाह विच्छेद गर्न पनि केटा-केटी हिच्किचाउँदैनन् । कति केटा केटीको विवाह वन्धन चाँडो चुँडिएको समयले देखाएकै छ । यस्तो विवाहमा धर्मको महत्त्व होइन, भोगको महत्त्व हुन्छ ।

श्री शिवजीले जोड दिएर भन्नुहुन्छ– 'वीर्यपातवाट मृत्यु र वीर्य धारणवाट जीवन छ, त्यसकारण प्रयत्नपूर्वक वीर्यको रक्षा गर्नुपर्दछ ।[3] वीर्यपातवाट तत्कालै मृत्यु भएको नदेखेर शास्त्रको वचन कतिलाई झुटो जस्तो लाग्छ तर मानिसको मृत्यु शरीरको नाश हुनुभन्दा अघि धेरै पटक हुन्छ, जो नैतिक मृत्यु वा आत्माको मृत्युलाई भन्न सकिन्छ । एक प्रकारको निद्रा वा तन्द्रामा लम्पसार भएर सुतिरहने आत्मालाई मरेको आत्मा भनिन्छ : आत्मा विउँझिरहँदा मात्र बाँचेको ठहरिन्छ । मानिसको मृत्यु सहस्रौंपटक हुने भए पनि शारीरिक, मानसिक, सामाजिक र नैतिक रोगको शिकार भई मृत्यु हुन सक्दछ । अनियन्त्रित वीर्य क्षयवाट रोगले प्रवेश गरी शरीरको मृत्यु हुन्छ ।

वीर्यको लक्ष्य थोरै सन्तानको उत्पत्ति गर्नु हो, यसलाई आनन्दको स्रोत मात्र वनाएर क्षय गरी रहनु पनि शास्त्रले गलत तथा दोषपूर्ण वताएको

---

1 यस्त्वया धर्मश्चरितव्य : सोऽनयासह ।
धर्मे चार्थे च कामे च, नाति चरितव्या ।।

2 नाति चरामि, नाति चरामि नाति चरामि ।

3 मरणं विन्दु पातेन जीवनं विन्दु धारणात् ।
तस्मादतिप्रयत्नेन कुरुते वीर्यरक्षणम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ—'स्त्री-पुरुष दुवैले बुझ्नुपर्छ कि विवाह विलासको लागि हैन। विलासले तेज, वल र बुद्धिको नाश हुन्छ। अतएव तुरून्त इन्द्रिय-संयम गरेर असल सुख प्राप्त गर्नुपर्छ।'[1]

वीर्यको महत्त्व चिन्ह र शरीरमै धारण गर्ने आदत वसालौं। यही स्वस्थ्य वन्ने र आयु वढाउने एक सर्वोत्तम उपाय पनि हो।

---

1 विवाहो न विलासार्थः प्रजार्थमेव केवल:।
तेजोबुद्धि वलध्वंसो दिलासात्प्रभवेत्वलु ।।
अलख परित्यज्य विलासं मोह कारणम्।
संनियम्मेन्द्रियाण्याघु विचारेण सुखी भवेत् ।।

एक पटक शेषनाग सान्हो विरामी भए। उनलाई औषधि गर्न वैद्य शिरोमणि श्री धन्वन्तरी पुग्नु भयो। वैद्यजीले सवभन्दा पहिला शेषनागको आँखाहरू माथि पट्टी बाँधि दिनुभयो। उनको रोग निको भयो। वैद्यजीले आँखामा पट्टी बाँधेको कारण खोल्दै भने-'शेषनागको आँखाहरूबाट विषका तरंगहरू निस्कन्थ्यो र तीनको प्रभावले औषधि पनि विषमय हुन्थ्यो। यसैले गैले पहिला आँखामा पट्टी बाँधि दिन पर्‍यो, अनि औषधिले उनलाई निको गर्‍यो, आजका मानिसहरू पनि अध्यात्मिक एवं मानसिक रोगहरूबाट पीड़ित छन्। आजका मानिसहरूको काम विकारले परिपूर्ण आँखामा पट्टी बाँधि दिएपछि मात्र रोग निको हुनसक्छ।

Nepal Sanskrit University, Balmiki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थ ब्रह्मचर्य

: ५८ :

ऋतुकालमा स्त्रीसँग सम्भोग गर्नु पनि ब्रह्मचर्यकै बराबर मानिन्छ ।[1]

महात्मा गान्धीजी भन्नुहुन्छ– "विवाह स्वेच्छाचार (असामयिक मैथुन)का लागि होइन, स्मृतिहरूमा पनि लेखिएको छ कि दम्पत्तिले नियम-पूर्वक रहेर ब्रह्मचर्य पालन गर्न सक्दछन् ।"

विवाह मानवी सृष्टि चलाउनको लागि एउटा धार्मिक तथा स्वाभाविक कर्तव्य हो । यसको विधिवत् पालन गर्नाले गृहस्थाश्रमले सुख र शान्ति दिन्छ । यसका विरुद्ध गएमा दम्पतिको जीवन अत्यन्त दुःखकारक बन्दछ । विवाहको विधान ज्यादै प्राचीन तथा शास्त्रीय छ । यसको उद्देश्यको सम्बन्धमा मनु भन्नुहुन्छ : तीनवटा ऋणहरू (देवता, ऋषि र पितृ)का बन्धनबाट छुट्नका लागि धर्मपूर्वक प्रजाको उत्पादन गर्नु पर्छ ।[2]

विवाहको उद्देश्य यही हो कि धर्मयुक्त प्रजा उत्पन्न हुन सकून् । गृहस्थाश्रममा पनि पुरुष र स्त्रीलाई संयममा रहने शास्त्रको आज्ञा छ । अबत अज्ञानताको कारणले तथा समयले गर्दा गृहस्थाश्रम अत्यन्त दूषित भइरहेको छ। सुप्रजा जन्माउनु त टाढाको कुरो, विवाह हुनासाथै काम वासनाहरूलाई तृप्त गर्ने एउटा वर्षाको भेल जसरी उद्योग गर्दछन् । यो कुवृत्तिले गर्दा सन्तान जन्मिदा पनि राम्रा हृष्ट-पुष्ट सन्तान जन्मिने भरोसा नहुनाले विवाहको उद्देश्य पूरा भएको छैन । यस्तो ज्ञान पनि धेरैमा छैन । हामी यो निश्चय-पूर्वक भन्न सक्दछौं कि ९५ प्रतिशत शिशुहरूको गर्भाधान अनियमित रूपबाट हुन्छ । यसलाई हामी कसरी धर्ममय भन्न सक्दछौं ? यसै कारणले समाज दिन पर दिन क्षीण हुँदै जाँदैछ । कामवासनालाई बढाउने खालका साहित्य, चित्र र चलचित्र समाजमा फैलिएको छ भने मानिसको आचरण दोषयुक्त

1 ऋतुकालाभिगमनं, ब्रह्मचर्यमिवोच्यते ।

2 ऋणत्रय विमुत्यर्थं, धर्मेणोत्पाद योत्प्रजा । (मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भइरहेको छ । अधर्मयुक्त प्रजा कहिले पनि राम्रो र अनुशासनयुक्त हुँदैनन् ।
भनिन्छ–"केवल सन्तान उत्पन्न गर्नको लागि नै मैथुनको विधान छ ।"[1]

गृहस्थाश्रममा पनि ब्रह्मचर्यको विधान छ। जुन पुरुषले नियत
समयमा सन्तानको अभिलाषावाट स्त्रीसँग समागम गर्दछ, त्यो पनि ब्रह्मचारी
हो। 'एक नारी ब्रह्मचारी'–यस्तो कहावत पनि छ। तर एउटा नारी रहँदा
रहँदै पनि मानिसले परस्त्रीसँग सम्भोग गर्‍यो भने त्यो व्यभिचारी मानिन्छ।
यस्ता व्यभिचारी पुरुषहरूको संख्या बढिरहेको छ । शास्त्रमा लेखिएको
छ—"ऋतुकालमा श्रीमतीसँग सहवास गर्नु धर्म हो।"[2] यसको अभिप्राय
यही हो कि रजो दर्शन पछि स्त्रीहरू गर्भधारण गर्न सक्दछन्। अरू वेला
केवल वीर्य-नाश मात्र हुन्छ । यसरी जीव हत्याको पाप लाग्दछ ।

मनु भन्नु हुन्छ– ऋतुकालको वर्जित रात्रिहरूलाई छोडेर स्त्री सहवास
गर्ने पुरुष जुनसुकै आश्रममा हुन्, ब्रह्मचारी हुन् ।[3]

सम्माननीय वडा गुरुज्यू प्रा. श्री जुननाथ पण्डितज्यू लेख्नु हुन्छ–
'गृहस्थाश्रम वाहेक अरू आश्रममा अष्टाङ्ग ब्रह्मचर्य पालन गर्न सकिन्छ।
गृहस्थले चाहिँ यो नियम पालन गरेकोछ भने ब्रह्मचर्य पालन गरेको मानिन्छ।
'षोडशर्तु निशाः स्त्रीणां तस्मिन् युग्मासु संविशत्, ब्रह्मचार्येन पर्वाण्याद्यश्चत
स्रस्तुवर्जयेत्'– अर्थात् स्त्री जातिका ऋतुकालमा चार पहिलेका दिन, विषम
दिन, पर्वदिन (अमावास्या, पूर्णिमा, अष्टमी, चतुर्दशी, रवि सक्रान्ति) एवं
अरू व्रत दिन छोडेर स्त्रीसँग सहवास गर्ने ब्रह्मचारी नै ठहर्छ भनिएको छ ।

माथिको भनाइवाट पनि गृहस्थाश्रममा ब्रह्मचर्यको पालन गर्नु पर्दछ ।
स्त्रीसँग सम्भोग गरेपछि गर्भधारण भएको लक्षणहरूलाई थाहा पाएपछि
सन्तानोत्पत्तिका लागि तीन वर्ष पछि मात्र पुनः गर्भाधान गर्न शास्त्रले आज्ञा
दिन्छ। फेरि पनि अयोग्य स्त्री र अयोग्यता पतिलाई मैथुनमा लाग्ने आज्ञा
छैन। शास्त्रमा भनिएका नियमहरूलाई पालन गरेर गृहस्थाश्रममा ब्रह्मचर्यको
पालनमा रहेर बस्नाले मनुष्यको शारीरिक तथा मानसिक कुनै प्रकारको
हानि हुँदैन। गृहस्थ ब्रह्मचारी पनि विद्वान्, श्रीमान् र कीर्तिमान हुन्छ। □

---

1 सन्तानार्थत्व मैथुनम्

2 ऋतौभार्या मुपेयात् ।

3 ब्रह्मचार्येव भवति, यत्रतत्राश्रमे वसन् । –(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कन्या र ब्रह्मचर्य

: ५९ :

ब्रह्मचर्यलाई पालन गरेपछि कन्याले आफूयोग्य युवक पनि पाउँछिन् ।[1]

कन्यालाई सदैव पालन र त्यसलाई यत्नपूर्वक संरक्षण गर्नु पर्दछ ।[2]

केही हठी र अज्ञानी पुरुषहरू के भन्दछन् भने कन्याहरूका लागि शास्त्रहरूमा ब्रह्मचर्यको आज्ञा दिएको छैन ब्रह्मचर्यको पालन त्यसैका लागि मात्र छ जो वेद पढ्ने अधिकारी छ, तर कन्याहरूलाई वेद पढ्ने अधिकार छैन, यसैले उनीहरू वेद पढ्ने अधिकारिणी छैनन् भनिन्छ ।

साँच्चै यो विचार भ्रममूलक र समाजलाई दुराचारमा डुबाउने खालको छ । यो विश्वास र दावा गरेर भन्न सकिन्छ कि कहीं पनि कुनै पनि ऋषि महर्षिले यस्तो आज्ञा दिएनन् कि कन्याहरूले वेद नपढून् । वैदिक कालमा धेरै यस्ता स्त्रीहरू थिए, जसले वेदहरूको अध्ययन गर्दथे र ऋचाहरूको अर्थ जान्दथे । सरस्वती र गायत्रीलाई सारा संसारले आज पनि पूजा गर्दछ र पूजा गरि रहन्छ । गार्गी, मैत्रेयी तथा अरुन्धती आदि स्त्रीहरू वेद जान्दथे र उनका चरित्रबाट पनि हामीले वैदिकताको प्रमाण भेट्दछौं । फेरि हामी कसरी मान्न सक्दछौं कि स्त्रीहरूलाई वेद पढ्ने अधिकार छैन । र जब पढ्ने अधिकार छ भने उनीहरू ब्रह्मचर्यको पालनबाट कसरी कुन प्रकारले विमुख हुन सक्दछन् ?

ऋग्वेदको दशौं मण्डलको ३९ र ४० सूक्तमा घोषा नाम गरिएकी ब्रह्मचारिणी कन्याद्वारा प्रकट गरिएको मन्त्र छ । त्यहाँ स्पष्ट रूपबाट ब्रह्मचारिणी कन्याले वेदाध्ययनको वेलादेखि गृहस्थाश्रममा पाइला राखुन्जेल-सम्मको प्रायः सबै कर्तव्य कर्महरूको वर्णन गरिएको छ । फेरि कसरी भन्न

---

1 ब्रह्मचर्येण कन्या युवानं विन्दते पतिम् (अथर्ववेद)

2 कन्या सदा पालनीया, रक्षणीया च यत्नतः । (सूक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दछौं, वेद पढ्ने र ब्रह्मचर्य पालन गर्ने अधिकार उनलाई थिएन ?

वालकहरूलाई ब्रह्मचर्यका विषयमा कसैलाई सन्देह छैन तर कन्याहरूलाई पनि ब्रह्मचर्य पालन गर्ने पूरा अधिकार छ। कुनै वेद यस्तो छैन, जसले यो कुरोको विरोध गरोस् । हाम्रो यो कुरोको समर्थन अथर्ववेदको एउटा मन्त्रवाट पनि हुन सक्दछ, जुन सवभन्दा माथि उल्लेख गरिएको छ ।

यदि हामीले नीति–शास्त्र अनुसार विचार गरेको खण्डमा कन्याहरूका लागि ब्रह्मचर्य त्यति नै आवश्यक देखिन्छ, जति वालकहरूको लागि । के एउटा ब्रह्मचारी र वेदज्ञ पुरुष कहिले पनि एउटा ब्रह्मचर्य-रहिता र वेद–विहीना स्त्रीसँग विवाह गर्न सक्ला र ?

कुमारीलाई विद्या पढाउनुपर्दछ। त्यसरी धर्म र नीतिमा पनि प्रवेश गराउनुपर्दछ । विदूषी कन्यावाट उसका दुवै कुलहरूको कल्याण हुन्छ ।[1]

विद्या पढाउने अभिप्राय साक्षर वनाउने मात्र होइन, वरु योग्य वनाउनु हो । त्यही कन्या विद्याध्ययन गर्न सक्दछ, जसले ब्रह्मचर्यको पालन गर्दछ । जतिञ्जेल ती ब्रह्मचारिणी तथा अविवाहिता छिन्, त्यतिञ्जेल उनले नाना प्रकारका विद्या र कलाहरू सिक्न सक्छिन् । गोभिल आदि गृह्य सूत्रहरूमा पनि कन्याको लागि ब्रह्मचर्यको कुरो स्पष्ट रूपमा लेखिएको छ।

यवनहरूको आक्रमण कालमा कन्याहरूलाई वचाउनका लागि पाराशरी र शिघ्रवोधमा "अष्ट वर्षा भवेद् गौरी, नव वर्षा च रोहिणी" जस्तो पाठ लेखिएकोले आजसम्म प्रचलित पनि छ । यी श्लोकहरूले रजो दर्शन भन्दा अगाडि नै कन्याहरूको विवाह हुन्थ्यो र उनीहरू ब्रह्मचर्य व्रतलाई पालन गर्न सक्दैनथे । हाम्रो शरीर–शास्त्रलाई जान्ने महर्षि सुश्रुतले पनि कन्याहरूलाई सोह्र वर्ष भन्दा अघि विवाह गर्न अयोग्य मानेका छन् । उनीहरूले आफ्नो अयोग्य अवस्थामा रहुन्जेलसम्म ब्रह्मचर्यलाई पालन गरेर ज्ञानवती वनून् । यसको उपरान्त सुयोग्य वरहरूसँग उनीहरूको विवाह हुनु पर्दछ भनेका छन् ।

हाम्रो विचारवाट कन्याहरूको लागि ब्रह्मचर्यको पालन वालकहरूभन्दा पनि ज्यादा आवश्यक र शास्त्र-सम्मत छ किनकि उनीहरूमाथि सन्तानोत्पति सम्बन्धी संसारको ठूलो उत्तरदायित्व छ ।

---

1 कुमारीं शिक्षयेद् विद्यां धर्म, नीतौ निवेशयेत् ।
द्वयी कल्याणदा प्रोक्ता, या विद्यामधि गच्छति ॥ –(हेमाद्रि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भारतका प्रसिद्ध विद्वान् आचार्य स्वामी दयानन्द सरस्वतीले लेख्नु भएको छ —"बालक र बालिकाहरूको पाठशाला दुई कोश जतिको टाढा टाढामा रहनु पर्दछ। बालकहरूको पाठशालामा अध्यापक तथा भृत्य आदि सबै पुरुष रहुन् र बालिकाहरूको पाठशालामा सबै स्त्रीहरू नै रहून्। स्त्रीहरूको पाठशालामा पाँच वर्षको बालक र पुरुषहरूको पाठशालामा पाँच वर्षको बालिका पनि जान नपाऊन्। अर्थात् जतिञ्जेल उनीहरू ब्रह्मचारिणी वा ब्रह्मचारी भएर रहन सक्दछन्, त्यतिञ्जेल पुरुष या स्त्रीको दर्शन, स्पर्श, एकान्त सेवन, भाषण, विषय कथा, परस्पर क्रीडा, विषयको ध्यान र संगत-यी आठ प्रकारका मैथुनहरूबाट छुट्टै रहून्।"

यसरी कुनै पनि सज्जन र विचारशील पुरुषले कन्याहरूको ब्रह्मचर्यव्रत र विद्याध्ययनको विरोध गर्न सक्दैन।

स्त्रीको शरीरमा साधारणतया १२ वर्षको अवस्थामा रजको उत्पत्ति हुन्छ र पुरुषको प्रायः १५ वर्षको अवस्थामा वीर्यागम हुन्छ। महर्षि शुश्रुतको विचार अनुसार १६ वर्षको कन्या र २५ वर्षको बालक वीर्यको विचारले बराबर हुन्छन्। रजोदर्शन र वीर्योत्पत्तिको उपरान्तको समय नै वास्तविक ब्रह्मचर्य पालनको काल हो। त्योभन्दा अगाडि होइन। यसरी स्त्रीको ब्रह्मचर्यको ३ वर्षको समय पुरुषको ९ वर्षको समय बराबर हुन्छ। अर्थात् स्त्रीको १ वर्षको समय ब्रह्मचर्य पालन गर्ने पुरुषको ३ वर्षको बराबर हुन्छ।

□

स्मरन्ति सुकृत्यान्येव न वैराणि कृतान्यपि।
सन्तः परार्थं कुर्वाणा नावेक्षन्ते प्रतिक्रियाम्॥

--सत्पुरुष केवल सत्कर्महरू तिर मात्र ध्यान दिन्छन्। शत्रुता राखेमा पनि त्यसलाई संझदैनन्। उनको एउटा मात्र ध्येय सबैको हित चिन्तन गर्नु नै हुन्छ, शत्रुसंग पनि बदला लिने उनले सपनामा पनि सोचेका हुँदैनन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचारिणीको विवाह

: ६० :

कन्याको अवस्थाबाट उसको वर द्विगुण अवस्थाको पर्दछ ।[1]

कन्यादान र कुमारको संरक्षण ज्यादै विचार गर्नु – पर्दछ ।[2]

ऋतुमती भएपछि कमसेकम ३ वर्षसम्म प्रत्येक कन्याले ब्रह्मचर्यको पालन गर्नु पर्दछ । १५ वर्षभन्दा अघि विवाह गर्नु राम्रो हुँदैन । यो कुरो प्रायः सबै शास्त्रकारहरूले समर्थन गरेका छन् । यदि कसैले रजोदर्शन भन्दा अगाडि नै विवाह गर्नु पर्दछ भन्दछ भने हामी अवैदिक मान्दछौं ।

समाज-सुधारक स्वामी दयानन्दजीले ब्रह्मचारी तथा ब्रह्मचारिणीको विवाह कालको यस्तो प्रकारको व्याख्या गरेका छन्–"२५ वर्षसम्मको पुरुष ब्रह्मचारीले १६ वर्षको कन्या, ३० वर्षकोले १७ वर्षको कन्या, ३६ वर्षकोले १८ वर्षको, ४० वर्षकोले २० वर्षको, ४४ वर्षकोले २२ वर्षको, ४८ वर्षकोले २४ वर्षसम्म को कन्या विवाह गर्नु पर्दछ । ४८ वर्ष भन्दा पछाडि पुरुष र २४ वर्षभन्दा पछाडि स्त्रीलाई ब्रह्मचर्यमा राख्नु हुँदैन । तर यो नियम विवाह गर्ने स्त्री तथा पुरुषका लागि हो । र जसले विवाह गर्ने नचाहेर मृत्युपर्यन्त ब्रह्मचर्य पालन गरेर बस्दछन् तर त्यो कुरो पूर्ण विद्या भएका, जितेन्द्रिय र निर्दोष योगी पुरुष स्त्रीको हो । काम वेगर इन्द्रियहरूलाई आफ्नो वशमा राख्न सक्नु ज्यादै गाह्रो दायित्वहो ।"

कन्या ऋतुमती भएपछि ३ वर्षसम्म ब्रह्मचर्यलाई पालन गर्दै कुमारी रहून् । यसपछि आफ्नो योग्य (ब्रह्मचारी) पुरुष लाई पतिका रूपमा छानून् ।[3]

---

1 कन्यायां द्विगुणेवरः । (सूक्ति)

2 कन्यानां सम्प्रदानञ्च, कुमाराणांच रक्षणाम् । -(मनुस्मृति)

3 त्रीणी वर्षाण्युदीक्षेत, कुमार्यु तुमती सती ।
ऊर्ध्वं तु कालदेतस्माद्, विन्देत् सदृशं पतिम् ।। –(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋतुमती कन्या ३ वर्षसम्म पिताको संरक्षणमा ब्रह्मचर्यलाई पालन गरून् । त्यसपछि चौथो वर्षमा आफ्नो (वय र गुणमा) योग्य पतिलाई छानून् ।[1]

पिताले पति मर्यादा, पति सेवा र धर्म-शासन नमान्ने तथा कम अवस्था भएको कन्यालाई विवाह नगरी देऊन् ।[2]

कन्याले ब्रह्मचर्य पालन गरेपछि त्यसलाई वरलाई समर्पित गरी दिनुपर्छ । यही सनातन मार्ग हो र यसैलाई ऋषिहरूले मानेका छन् ।[3]

मनु, व्यास, गौतम, शातातप, बौधायन तथा आश्वलायन आदि सबै प्राचीन धर्मशास्त्रीहरूले कन्याले ब्रह्मचर्य पालन गर्नुपर्दछ र साह्रै सानो अवस्थामा विवाह गर्नु हुँदैन भन्ने विचार राखेका थिए । ब्रह्मचारिणी कन्याको विवाहका लागि आज्ञा दिइएको छ, अर्थात् १५ वर्षको आयु-भन्दा पहिले कुनै पनि कन्याले विवाह गर्नु हुँदैन भनेर मानेका छन् ।

ऋग्वेदमा कन्याको विवाहको सम्बन्धमा एउटा प्रार्थना यसरी गरिएको छ –"हे अश्विनीकुमार ! तपाईं यस्तो दया गर्नु होस् कि जब कन्याले ब्रह्मवादिनी र ब्रह्मचारिणी भएर स्त्रीका सबै लक्षणहरूबाट युक्त भएर त्यो सौभाग्यशालिनी आफ्नो विवाह गर्न चाहन्छे भने त्यसलाई तेजस्वी, सुन्दर र युवक वर मिलोस् । त्यो वर पुरुषार्थी पनि होस् । उसका घरमा स्नेह, माधुर्य तथा सौन्दर्य आदिको वास होस् । विविध प्रकारका अन्न र धनले त्यो परिपूर्ण होस्, दया, दान परोपकार आदि गुणहरूको बाहुल्य होस् र रागादिबाट रहित होस् । अर्थात् त्यो स्त्रीलाई सर्वगुणसम्पन्न युवक वर मिलोस् ।'

□

---

1 त्रीणी वर्षारार्युतुमती, कांक्षेतपितृशासनम् ।
ततश्चतुर्थे वर्षेतु, विन्देत सदृशं पतिम् ॥ - (बौधायन)

2 अज्ञात पति मर्यादामज्ञात पति सेवनाम् ।
नाद्वाहयेत्पिता बालामज्ञातां धर्मशासनाम् ॥ –(हेमाद्रि)

3 ततो वराय विदुषे, कन्या देया मनीषिभिः ।
एषः सनातनः पन्था, ऋषिभिः परिगीयते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मनिष्ठ श्री ५ बडामहारानी ऐश्वर्य र ब्रह्मचारिणी देवीहरू

: ६१ :

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेववाट विकासलाई आजको सवभन्दा ठूलो मानवीय समस्याको रूपमा लिइवक्सेको छ र हाम्रो सम्पूर्ण क्रियाकलाप र चिन्तन ईमान्दारीपूर्वक यसै दिशामा केन्द्रित गरी धर्ममुखी आचरण व्यवहार गर्न निर्देशन वक्सेको छ। मौसूफको यस पवित्र महान् उद्देश्यलाई सफल पार्न सहधर्मिणी, सहकर्मिणी, सहभागिनी श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाहवाट एक आदर्श पतिव्रता नारीको उच्च कर्तव्यवाट तथा हिन्दू धर्मवाट प्रेरित दायित्व निर्वाह अति कुशलताका साथ गरिवक्सेको छ। शाहवंशको प्रोज्ज्वल इतिहासमा श्री ५ बडामहारानी ऐश्वर्यवाट सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदको अध्यक्षता ग्रहण गरी नेतृत्व दिइवक्सी सामाजिक चेतनाको तथा नवजागरणको सुनौला घाम प्रत्येकका घर आँगनमा अनि जीवनभरि पोतिवक्सेको छ।

शाहवंशको गौरव पूर्ण इतिहास तर्फ ध्यान दिंदा गोरखा राजवंशका जन्मदाता यशो ब्रह्म शाहको महारानी, गोरखा नरेश रामशाहकी महारानी पृथ्वीनारायण शाहकी जेठी मुमा, श्री ५ पृथ्वीनारायण शाहकी महारानी नरेन्द्र लक्ष्मी देवी, प्रताप सिंहकी महारानी राजेन्द्र लक्ष्मी, श्री ५ श्री ५ रणवहादुर शाहकी पट्टरानी राजराजेश्वरी देवी, श्री ५ ललितत्रिपुर सुन्दरी देवी, श्री ५ त्रिभुवनवाट चालिवक्सेका कदमहरूमा श्री ५ कान्ति राज्यलक्ष्मी र श्री ५ ईश्वरी राज्यलक्ष्मीवाट सहअनुगामिनी होइवक्सेको अनेकौं त्याग, वलिदान, वीरता तथा धीरताका उज्ज्वल आदर्शहरू तथा स्वदेशका प्रेममा अतुलनीय कथाभित्र हिन्दूधर्मको विराट शक्ति रहेको नेपालले कहिले नविर्सने कुरो भएर रहेको छ।

स्वदेश दर्शनको महाभियान शुरु गरिबक्सने पञ्चायती दर्शनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिपादक श्री ५ महेन्द्रबाट उठाइबक्सेका प्रत्येक कदममा कदम मिलाई आफ्नो देश र जनतामाथि अगाध माया बक्सने श्री ५ मुमा बडामहारानी रत्नबाट दिज्यूका छोराहरू र छोरीहरूलाई जुन मातृ स्नेह र वात्सल्यता बक्सेर कुनै प्रकारका अभावको महसुस हुन नदिई बक्सने सुझबुझ पूर्ण दृष्टिकोणले धर्मपरायणता र जगदीश्वर प्रति मौसूफको दृढ भक्ति प्रष्ट हुन्छ । मौसूफकै संरक्षकत्वमा सम्पूर्ण नेपाली बाल-बालिकाहरूले अझ अनाथहरूले पनि बालसंगठनको पवित्र शीतल छहारीमुनि सनाथ हुँदै बाँच्न पाएका छन् । २०२१ सालमा बाल संगठन स्थापना गराई नेपाली बाल-बालिकाहरूको उज्ज्वल भविष्य निर्माण गर्न श्री ५ मुमा बडामहारानी रत्नबाट कदम उठाई बक्सेको नेपाली जन मानसमा सदा ताजा रहिरहने छ ।

श्री ५ बडामहारानी ऐश्वर्यमा भएका अद्वितीय गुणहरूले अवश्य नेपालको कल्याणकारी श्री ५ महाराजाधिराज वीरेन्द्रको कदमलाई पूर्ण सहयोग, समर्थन र सेवाको प्रेरक तत्त्व भएको सबैले देखेका छन् । नेपालका बडामहारानीहरूका पंक्तिमा मौसूफ नै एउटा स्नातक होइबक्सन्छ। धर्मपरायण श्री ५ ऐश्वर्यबाट सामाजिक सेवाको पृष्ठभूमि बलियो, स्वच्छ र देशभक्तिपूर्ण बनाउन रातोदिन परिश्रम रत होइबक्सिन्छ । श्री ५ ऐश्वर्यबाट कुलमर्यादा र हिन्दू वैदिकआदर्शपरम्पराको अनुकूल धर्मको निर्वाह गरिबक्सेको छ । आदर्श गृहिणीका रूपमा आर्य नारीको आदर्शलाई साकार पार्न मौसूफ दत्तचित होइबक्सिन्छ । राष्ट्रप्राण सरकार देशको द्रुत विकास र समान विकास गर्ने अभिप्रायबाट गरिबक्सने गाउँपाखाका यात्राहरू, कठिन प्रवासहरूमा पनि श्री ५ बडामहारानी सरकार साथ रहिबक्सन्छ । मौसूफ श्री ५ को सुख सुविधाको ख्याल राखिबक्सन्छ र अतिरिक्त सार्वजनिक कार्यक्रममा पनि भाग लिइबक्सन्छ । मौसूफ गीतकार कवयत्री पनि होइबक्सिन्छ ।

देशको एउटा अदना नागरिकलाई अन्याय र अत्याचारले पिरोल्दा राजा-रानीकै उज्ज्वल न्यायप्रिय मुहारतिर हेर्ने परिपाटीभित्र हामी हुर्केकाले हाम्रो राजभक्तिको धरातल उच्च र पवित्र छ । राजमुकुट प्रति सम्पूर्ण नेपालीको आस्था, भरोसा र विश्वास अनन्त-चिरन्तन छ । प्रजाको यो भक्ति र विश्वासलाई जतिसक्यो बढी समेट्नु नै राजा-रानीले कर्तव्य ठानेको प्रजावात्सल्यताको चोखो रूप हो ।

माता, बहिनी र संगिनी आदि विभिन्न रूपमा प्रेरणाकी स्रोतस्विनी मानिएकी हिन्दू महिलाको व्यक्तित्व र कर्तृत्व आफ्ना पति र पुत्रका व्यक्तित्व र कर्तृत्वसित यति आत्मसात् हुन्छन् कि तिनलाई पृथक् राखेर अध्ययन गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्नु असम्भव जस्तै प्रतीत हुन्छ । राजा मानदेवको मान वढाउनमा, प्रताप मल्ललाई प्रतापशाली वनाउनमा र श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई विशाल नेपालका निर्माता वनाउनमा उनीहरूका पूज्य मुमा महारानी तथा महारानीहरूको कति योग छ भनी विवेचना गर्न अति गाह्रो छ । शाहवंशीय महारानीहरूको चर्चा माथि भइसकेको छ । यसरी हेरेर ल्याउँदा श्री ५ वडामहारानी ऐश्वर्यबाट अहिलेसम्म के वक्स्यो र के वक्सने भन्ने प्रश्नै उठ्दैन वरु श्री ५ वीरेन्द्रको व्यक्तित्व र कर्तृत्ववाट राष्ट्रले जे जे पाएको छ र पाउने आशा गरेको छ, तिनमा श्री ५ वडामहारानी ऐश्यर्यका देनहरू पनि आत्मसात् भएको बुझ्न सकिन्छ । नारीभित्र दया, कोमलता, धर्म निष्ठ जस्ता गुणहरू रहन्छन् । श्री ५ वडामहारानी ऐश्वर्य पनि यिनै गुणहरूले विभूषित नारी होइबक्सिन्छ । धर्मनिष्ठ श्री ५ ऐश्वर्यको काखमा हाम्रा भोलिका राजा हुर्किबक्सँदै छ । श्री ५ ऐश्वर्यको जिम्मा नेपाली जनताको आजको र भोलिको सर्वस्व छ । यो भावुकताको उद्गार मात्र होइन, राजतन्त्रमा अटूट विश्वास राख्ने नेपालीमात्रको निति वास्तविक तथ्य हो ।

श्री ५ वडामहारानी ऐश्वर्य हिन्दूधर्ममा पूर्ण पालन गरिवक्सने आदर्श राजमहिषी होइबक्सिन्छ । राजपरिवारका अन्य सदस्य सरकारहरूबाट पनि हिन्दूधर्मको पालन गरिबक्सेको छ यो हामी नेपालीहरूको लागि शौभाग्यको कुरो छ । यसैवाट पनि हाम्रो समाजमा धर्मको पालन सवैले गर्नमा वल, उत्साह, र प्रेरणा प्राप्त भएको छ । हिन्दू धर्मशास्त्रको आधारमा वैदिककालमा ब्रह्मचारिणी देवीहरूको व्यक्तित्व तथा देनहरू बारे केही चर्चा गर्दछु—

स्त्री जसरी पतिकासाथ संयुक्त हुन्स, त्यसरी नै त्यसमा गुणहरू आउँदछन् जसरी नदीले समुद्रमा मिल्नासाथ त्यसको नुनिलोपनलाई ग्रहण गर्दछ ।[1]

जुन स्त्रीले आफ्नो सतीत्वको रक्षा गर्दछे त्यही सुरक्षित रहन सक्दछे ।[2]

पत्नीका लागि पति ब्रह्म हो । त्यसकासाथ नियमानुकूल आचारण गर्नु

[1] यादृग्गुणेन भर्त्रा स्त्री, संयुज्येत यथाविधि ।
तादृग्गुणा सा भवति, समुद्रेणेव निम्नगा ।। —(मनुस्मृति)

[2] आत्मान मात्मना यास्तु, रक्षयुस्ताः सुरक्षिताः । —(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै ब्रह्मचर्य हो। प्राचीन समयमा यो हिन्दू जातिमा अनेक सच्चा ब्रह्मचारिणी तथा सती देवीहरू भएका थिए। पुराण तथा अरू कथाप्रधान ग्रन्थहरूमा उनका दिव्यचरित्रहरूको वर्णन पाइन्छ। यहाँ केही संक्षिप्त कथाहरू लेख्नु युक्तिसंगतनै देखिन्छ :

ब्रह्मवादिनी घोषा– यिनी कक्षिवान मुनिकी कन्या र उषिजकी नातिनी थिइन्। ऋग्वेदको दशौं मण्डलको ३९ र ४० सूक्त यिनैमाथि लेखिएको छ। यिनले ब्रह्मचर्यको पालना गरेकी थिइन् र यसको उपदेश पनि सबैलाई गर्दथिन्। यिनका केही सिद्धान्तहरूलाई यहाँ उल्लेख गरिन्छ :

जुन पुरुषले स्त्रीको ज्यान बचाउन तत्पर रहोस्, उसलाई यज्ञ कार्यमा नियुक्त गरोस्, उसमाथि प्रगाढ प्रेम राखोस्, उसबाट राम्रा सन्तान उत्पन्न गरोस्, पितृयज्ञको लागि योग्य बनाओस्, यिनै गुणहरू भएको वर ब्रह्मचारिणीले पाऊन्। यस्तो पति पाउनाले स्त्रीहरूले सुख पाउँछन्।

युवक स्वामी र युवती स्त्रीको सहवासमा जुन आनन्द प्राप्त हुन्छ, त्यसलाई ब्रह्मचारिणी कन्याहरू केही पनि जान्न सक्दैनन्। हे अश्विनीकुमार! त्यो विषय हामीलाई पनि सम्झाऊ, अब हामी स्त्री माथि प्रेम गर्ने बलवान र वीर्यवान पतिको घर जान चाहन्छौं।

ब्रह्मवादिनी सूर्या– यो ऋग्वेदको दशौं मण्डलको ८५ सूक्तको रचयित्री भएकी हुन्। यो सूक्त विवाह-सम्बन्धमा वर्णित छ। यिनका उपदेशहरूको सार बल दिइन्छ :

हे बुहारी! तेरो लोग्नेको घरमा यस्ता वस्तुहरू पाइयोस् जुन प्रजालाई प्यारो लागोस्। यो घरमा त मालिकनी बन्नका लागि जागृत भएस्। यो लोग्नेसँग संसर्ग गरेर तँ अज्ञात परमात्मालाई ध्यानमा राखेर दुबै वृद्धावस्थासम्म परस्पर सुखभोग गर्दै रहेस्।

हे परमात्मन्. तपाईं यो बुहारीलाई सुपुत्रवती र सौभाग्यवती बनाउनू। यसको गर्भबाट १० सन्तान उत्पन्न गराउनू र एघारौं यसको पतिलाई जीवित राख्नू। हे बुहारी, तिमी आफ्नो सद्व्यवहारबाट आफ्नो घरमाथि अधिकार जमाउनू, सासु-ससुराको सेवा-शुश्रूषा गरेर वशमा राख्नू, नन्दमाथि राज्य गर्नू र देवरहरूमाथि महारानीले जसरी शासन गर्नू।

ब्रह्मचारिणी गोधा– यिनी ब्रह्मचारिणी र ब्रह्मवादिनी थिइन् र स्त्रीहरूलाई सदाचारको शिक्षा दिन्थिन्। यिनको सिद्धान्त थियो– स्त्रीहरूले वेद र शास्त्रहरू अध्ययन गरेर निपुणता प्राप्त गर्नुपर्दछ। र पुरुषहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यो कुरो भन्दथिन्– हामी स्त्रीहरू पुरुषहरूलाई अधर्ममा घिच्याउँदैनौं, यसैकारण हामी निर्दोष अबलाहरूको चरित्र भ्रष्ट नगर; हाम्रो लागि पनि त्यही सदाचारको व्यवहार गर, जुन वेदहरूमा लेखिएको छ। यसरी यिनले व्यभिचारहरूलाई रोक्दथिन्।

देवी यमी– यिनले पनि वेदका ऋचाहरू रचेकी छन्। यिनले जनतालाई यम-नियमको पालन गर्ने शिक्षा दिन्थिन्। यिनको भनाइ थियो– धार्मिक पुरुषहरू, विद्वान्हरू तथा गुणीहरूको आदर्श चरित्रहरूको अनुकरण गर्नुपर्दछ।

ब्रह्मवादिनी श्रद्धा– यिनले रचेको ऋग्वेदमा पाँच ऋचाहरू छन्, जुनमा श्रद्धा र महत्ता गाइएको छ। यिनको यही सिद्धान्त थियो कि श्रद्धाबाटै मनुष्य जातिको कल्याण हुनसक्दछ।

सती सावित्री– यिनी सत्यवानकी पत्नी थिइन्। विवाह हुनुभन्दा केही अगाडि एकदिन नारदजीले सावित्रीका पितालाई भने– यिनको विवाह जोसँग गरिदिन लाग्नु भएको छ त्यो केही दिनमै मर्दछ। यो कुरो सुनेर उनका पिताले अरूसँग विवाह गर्ने इच्छा प्रकट गरे, तर ब्रह्मचारिणी सावित्रीले यस्तो गर्न पिताजीलाई दिइनन्। अन्त्यमा उनकै हठले उनको विवाह सत्यवानसँग भयो। केही दिनपछि वनमा सत्यवानको मृत्यु भयो। यमराज लिन आउँदा पतिव्रताले प्रश्नोत्तर गरेर उनको सामर्थ्यलाई पनि हल्लाईदिइन्। अन्त्यमा हारेर यमराजले सत्यवानलाई फेरि बचाई दिनुपर्‍यो।

देवी दमयन्ती– यिनी राजा नलकी स्त्री हुन्। यिनले स्वयं उनीसँग स्वयम्वर गरिन्। राजा नलले आफ्नो सारा राजपाट जुवामा हारे। वनमा लगेर उनले पतिव्रता दमयन्तीलाई खराब दशामा छोडेर आफू भागे। दमयन्ती पनि कुनै प्रकारले आफ्ना बाबुको घरमा पुगिन् र झुटो स्वयम्वरको कुरो रचेर पुनः नललाई भेटिन्। यति हुँदा पनि उनले आफ्नो प्यारो पतिको प्रगाढ प्रेमलाई छोडिनन्।

सती सुलोचना– यिनी लङ्काधिराज रावणको महाबली छोरा मेघनादकी पत्नी हुन्। श्रीरामका भाइ लक्ष्मणले संग्राममा मेघनादलाई मारे। मेघनादको एउटा हात उडेर गएर सुलोचनाको अगाडि खस्यो। उनलाई सन्देह भयो। यसैले उनले भनिन्— यदि म मन, वचन र कर्मले पतिव्रता छु भने यो हातले मेरो पछ्यौरामा लेखोस् कि म तिम्रो पति हुँ, तब मात्र मेरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनमा विश्वास हुनेछ कि मेरो पति मरिए ।' साच्चै यस्तै भयो । त्यो हातले त्यो कुरो लेखिदियो । फेरि सबैले सम्झाउँदा पनि नरोकिएर आफ्नो पतिको शिर श्री रामचन्द्र राज भएको रणभूमिबाट ल्याएर अग्नि चितामा राखेर सती भइन् ।

सती माद्रि- यिनी महाराज पांडुकी पत्नी थिइन् । यिनले धेरै समय सम्म आफ्नो पतिको रक्षाको लागि ब्रह्मचर्यको पालन गरिन् । यिनी पनि आफ्नो पति मरेपछि पति सँगै सती गइन् ।

सती सुदक्षिणा– यिनी सम्राट दिलीपकी श्रीमती थिइन् । यिनले धेरै समय सम्म ब्रह्मचर्य पालन गरेर छोराका लागि महर्षि वशिष्टको गाईको सेवा गरेकी थिइन् ।

ज्यादा दिन भएको पनि छैन । यवनहरूको शासनकालमा हाम्रो देशमा अनेक पतिव्रता र ब्रह्मचारिणी स्त्रीहरूले धर्म पालनका लागि आफ्नो प्राण अग्निदेवलाई समर्पित गरेका थिए । नेपालमा पनि सती जाने प्रथा थियो भन्ने प्रमाण धेरै छ । नालागढ, खलङ्गाको आदि दुर्गम देशको स्वतन्त्रता जोगाउन रण संग्राममा भाग लिने कयौं नारीहरूले विदेशीको पञ्जामा पर्नु भन्दा मर्नु निको मानेर आगोमा हाम्फालेको कयौं वीरतापूर्ण चर्चा आजतक छ ।

सती सुकन्या-यिनी महर्षी च्यवनकी पत्नी हुन् । यिनका पिता एक दिन वनमा अहेर खेल्न गएका थिए । त्यहीं च्यवन ऋषि तपस्या गरिरहेका थिए । यी बालिकाले भ्रमवश उनका दुवै आँखाहरूलाई काँडाले रोपि दिइन् । योखबर सुकन्याका पितालेथाहा पाएर । आफ्नी छोरीलाई महर्षिको सेवा गर्न चढाए । केही समयपछि सुकन्या युवती भइन् तर आफ्नो पतिको सेवा गर्दै रहिन् । अश्विनीकुमारले यिनलाई आफ्नो वशमा गर्नका लागि अनेकौं प्रलोभनहरू देखाए, तर यिनको मन ब्रह्मचर्यबाट अलिकति पनि डगेन । अन्त्यमा प्रसन्न भएर च्यवनले औषधि उपचार गरेर अत्यन्तै सुन्दर युवक च्यवन ऋषि बनाइदिए ।

केही मानिसहरू सम्झिन्छन् कि ब्रह्मचर्य पालनको अधिकार केवल पुरुषहरूका लागि मात्र हो, स्त्रीहरूका लागि होइन । यो केवल केटाकेटी कुरो हो । परमात्माले पुरुष र स्त्री दुवैलाई एउटै गर्भबाट उत्पन्न गरेका हुन् । ती दुवैको जीवनको लक्ष्य एउटै बनाएको छ । दुवैलाई आफ्नो शारीरिक, नैतिक, मानसिक विकासको समान अधिकार छ, जुन कुरो ब्रह्मचर्यबाटै सिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन सक्दछ । फेरि एउटाले मात्र यस्तो अधिकार कसरी पाउनु ? स्त्रीहरूलाई ब्रह्मचर्य पालन गर्ने अधिकार नदिनु सबै दृष्टिबाट अन्याय र जघन्य पक्षपात सम्झिनुपर्दछ ।

वपुता र धारिणी–श्री मद्भागवत्मा लेखिएको छ, वपुता र धारिणी नाम गरेका दुई जना स्त्रीहरू थिए, जसलाई ब्रह्मज्ञान प्राप्त गर्ने उत्कट इच्छा थियो । यसै कारण दुवैले आफ्नो विवाह बन्धनहरूबाट मुक्त रहेर अखण्ड ब्रह्मचर्यको पालन गरे र अन्त्यमा मोक्ष प्राप्त गरे ।

प्राचीन समयमा केही यस्ता आदर्श नारीहरू पनि थिए, जसले लौकिक सुखलाई तुच्छ सम्झेर आफ्नो जीवन अविवाहिता रहेर व्यतीत गरेका थिए । विवाह नगरेरै ब्रह्मचर्य पालन गरेर बस्ने महिलाले समाजको कल्याण गरेर देखाउन सक्दछन् ।

□

श्रोतव्यं हितकामनां सुहृदां हितमिच्छिता ।
कर्तव्यो हि निर्वन्धो निर्वन्धो हि क्षयोदयः ॥

सदैव आफ्नो हितैषी र सदैव हित चाहने सम्बन्धीहरूको कुरा सुन्नु पर्दछ, हठ गर्नु हुँदैन । अनुचित हठको परिणाम सदैव विनाश हुन्छ ।

□

धर्म यो वाधते धर्मः न स धर्मो कुधर्म तत् ।
अविरोधी तु यो धर्मः सधर्मो मुनि पुंगव ॥

जुन धर्मले अर्काको धर्मलाई उपेक्षा गर्दछ त्यो धर्म होइन कुधर्म हो । मुनिवर, धर्म त्यही हो जसले कसैको पनि विरोध गर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पतिव्रत र ब्रह्मचर्य

: ६२ :

कोइलीको रूप, उसको स्वर र स्त्रीहरूको सौन्दर्य उसको 'पतिव्रत' हुन्छ ।[1]

आफ्नो पतिलाई छोडेर अरू पुरुषलाई इच्छा गर्ने स्त्री संसारमा निन्दित हुन्छे । अर्थात् व्यभिचारिणी कहलाउँदछे ।[2]

स्त्री पुरुषको अर्गाङ्गिनी हुन्छे । यसैले पतिको हितमा तत्पर रहनु नै उसको सनातन धर्म हो । आफ्नो पतिको आदर गर्ने, तथा मन, वचन कर्मले त्यसको आज्ञा पालन गर्ने स्त्रीले स्वर्गको सुख पाउँदछे । पतिको सर्वथा अनुकूल रहने तथा सपनामा पनि पर–पुरुषको इच्छा नगर्नेलाई 'पतिव्रत' भन्दछन् । यो देशमा प्राचीनकालमा अनेक पतिव्रता स्त्रीहरू थिए, जसको कीर्ति आज पनि भूमण्डलमा व्याप्त छ । यो कुरोको साक्षी धर्म छ कि जति सती साध्वी स्त्री हिन्दू जातिमा भए उति कतै अन्यत्र सुनिएन ।

ब्रह्मचर्य र विद्याभ्यासपछि कन्याको विवाह ऊ जस्तै ब्रह्मचारी र विद्वान् वरसँग हुन्छ । त्यसपछि ऊ आफ्नो लोग्नेको अधिकारमा रहन्छे । गृहस्थाश्रममा पाइला राखेपछि उसलाई 'पतिव्रत' पालनको लागि सबैभन्दा ठूलो तप गर्नुपर्दछ । यदि त्यसलाई पूर्णरूपबाट पालन गर्न सकेको खण्डमा त्यो स्त्री संसारमा देवीको स्थान ग्रहण गर्दछे ।

हाम्रो विचारमा पतिव्रत पनि स्त्रीहरूको लागि एक प्रकारको गार्हस्थ 'ब्रह्मचर्य' नै हो । यसमा पनि प्राय: धेरैजसो साधनाहरू पूरा गर्नुपर्दछ । आफ्नो पतिकासाथ पनि शास्त्रको मर्यादा उल्लंघन गर्नु व्यभिचार हो । शास्त्र-सम्मत विचारलाई परिपालन गरेर पतिलाई समेत धार्मिक आस्था जगाएर 'गृहलक्ष्मी' को नाउँलाई सार्थक तुल्याउनु नै 'पतिव्रत धर्म' हो । गृहस्थ स्त्रीहरूको लागि गृहस्थाश्रममा बसेर ब्रह्मचर्य व्रत पालन गर्नाले सुख तथा शान्ति कायम हुन्छ, यो कहिल्यै न भुलौं । □

1 कोकिलानां स्वरां रूपं स्त्रीणां रूपं पतिव्रतम् । –(चाणक्य नीति)

2 व्यभिचारात्तु भर्तः स्त्री, लोके प्राप्नोति निन्द्यताम् । –(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महिलाहरूको महत्त्व

: ६३ :

दिव्य (गुणहरू भएकी) स्त्री घरमा शोभा पाउँछे ।[1]

हिन्दू-धर्मको इतिहासमा देवीहरूको अनेक पवित्र चरित्रहरूको वर्णन आउँदछ । प्रायः सबै प्राचीन ऋषि-महर्षि ग्रन्थकारहरूले स्त्रीहरूको गौरवतामाथि केहीनकेही प्रशंसा अवश्य गरेका छन् । स्त्री प्रधानतया प्रकृतिको शक्ति हो । योविना सृष्टि गर्नु असम्भव छ । यसैले मनुस्मृतिमा लेखिएको छ कि ब्रह्माजीले प्रारम्भमा आफना शरीरलाई दुई टुक्रा पारे; एउटा भागबाट पुरुष र अर्कोबाट स्त्रीको रचना गरे ।

वैदिककाल स्त्रीहरूको लागि स्वर्णयुग थियो । त्यो वेला आजभोलिको जस्तो नैतिकहीनता थिएन, चरित्र भ्रष्टता थिएन र ब्रह्मचर्यको पालन नभएको पनि थिएन । धेरै उदाहरणहरूबाट थाहा पाइन्छ कि स्त्री-जातिको अधिकार ज्यादै न्यायसङ्गत रूपमा थियो । त्यो वेला उनीहरू वैदिक संस्कारहरूको अधिकारिणी थिए । घोषा, सूर्या, विश्वम्वरा, लोपमुद्रा तथा इन्द्राणी आदि कैयौं देवीहरू वैदिक मन्त्रहरूको रचयिता, दर्शिका भए । त्यसको उल्लेख आज पनि यिनै मन्त्रहरूको साथ मिल्दछ । अब योभन्दा ठूलो स्त्रीहरूको उन्नति अरू के हुन सक्दछ ।

अब हामी महिलाहरूको मूल महत्त्व, उपकार तथा सद्गुणहरूका सम्वन्धमा लेखिएका प्रशंसा-वाक्य महाभारत र मानव धर्मशास्त्रबाट उद्धृत गर्दछौं :

पत्नी पुरुषकी अर्धाङ्गिनी हुन्छे । भार्या मनुष्यको सर्वोत्तम मित्र हो । भार्या त्रिवर्ग (धर्म, अर्थ र काम)को कारण छ र भार्या मोक्षको साधन पनि छ ।[2]

स्त्री हुने क्रियावान हुन्छन् । स्त्री हुने गृहस्थ-धर्मी हुन्छन् । भार्या

---

1 स्त्री दिव्या शोभते गृहे । –(चाणक्य नीति)

2 अर्धं भार्या मनुष्यस्य, भार्याश्रेष्ठतमः सखा ।
भार्या मूलं त्रिवर्गस्य, भार्या मूलं तरिष्यतः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुने प्रसन्न रहन्छन् र स्त्री-युक्तनै धनवान हुन्छन् ।[1]

स्त्री एकान्तमा मित्र, धर्म–कार्यमा पिता र दुःखको अवस्थामा आमाले जसरी खुशी, सहायता तथा सेवा गर्दछे ।[2]

स्त्रीको खुशी सबैको खुशी हुन्छ । यदि ऊ घरमा अप्रसन्न छ भने कसैलाई पनि केही पनि राम्रो लाग्दैन ।[3]

जहाँ स्त्रीहरूको आदर हुन्छ, त्यहाँ देबगण निवास गर्दछन् । र जहाँ तिनीहरूको निरादर हुन्छ, त्यहाँ सारा कार्य निष्फल हुन्छ ।[4]

जुन घरहरूमा स्त्रीहरूले कष्ट पाउँदछन् ती चाँडैनै नष्ट हुन्छन् । र जुन कुलमा ती सुख पाउँदछन् ती सदैव उन्नति गर्दछन् ।[5]

जुन कुलमा पत्नीवाट पति सन्तुष्ट रहन्छ र त्यसरी नै पतिवाट पत्नी प्रसन्न रहन्छे त्यो कुलमा कल्याण हुने निश्चित छ ।[6]

जुन घरमा मूर्खहरूको आदर हुँदैन, त्यहाँ अन्न सञ्चित रहन्छ र जहाँ पति पत्नीमा कलह रहँदैन, त्यहाँ लक्ष्मी स्वयं आउँछिन् ।[7]

संसारमा जति तीर्थ छ, सबै सती स्त्रीहरूको चरणमा छन्; सबै देवता र मुनिहरूको तेज पतिव्रताहरूमा रहन्छे । सती स्त्रीहरूको चरणको धुलोले तत्कालै पृथ्वी पवित्र हुन्छ । पतिव्रताहरूलाई वन्दना गरेर मनुष्य पातकबाट छुट्दछ ।[8] □

---

1 भार्यावन्तः क्रियावन्तः, सभार्या क्रियमधिन ।
भार्यावन्तः प्रमोदन्ते, भार्यावन्तः श्रियान्विताः ।।

2 सखायः प्रविविक्तेषु, भवन्त्येता प्रियंवदाः ।
पितरो धर्मकार्येषु, भवन्त्यार्त्तस्य मातरः ।।

3 स्त्रियान्तु रोचमानायां, सर्वतद्रोचते कुलम् ।
तस्यां त्वरोचमानायं, सर्वमेव न रोचते ।।

4 यत्र नार्यस्तु पूज्यन्ते, रमन्ते तत्र देवताः ।
यत्रैतास्तु न पूज्यन्ते, सर्वास्तत्रा फलाः क्रिया ।।

5 शोचन्ति जामयो यत्र, विनश्यत्याशु तत्कुलम् ।
न शोचन्ति तु यत्रैताः, वर्द्धते तद्धि सर्वदा ।।

6 सन्तुष्टो भार्यया भर्त्ता भर्त्रा भार्या तथैवच ।
यस्मिन्नेव कुले नित्यं, कल्याणं तत्र वै ध्रुवम् ।।

7 मूर्खा यत्र न पूज्यन्ते, धान्यं यत्र सुसञ्चितम् ।
दाम्पत्य कलहो नास्ति, तत्र श्रीः स्वयमागता ।। (चाणक्य नीति)

8 पृथिव्या यानि तीर्थानि, सतीपादेषु तान्यपि ।
तेतश्च सर्वदेवानां, मुनीनांच सतीषुच ।।
सतीनां पादरजसा, सद्यः पूता वसुन्धरा ।
पतिव्रतां नमस्कृत्य, मुच्यते पायकान्नरः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आदर्श माता

: ६४ :

आमा जस्तो बालकको लागि संसारमा अर्को गुरु छैन ।[1]

यो कुरो अति साँचो छ, जस्तो आमा हुन्छन् त्यस्तै उनका सन्तान हुन्छन् । प्रत्येक सन्तान माथि उनको आमाको असल–खराव गुणहरूको अवश्य प्रभाव पर्दछ । हाम्रो यो कुराको समर्थन सुश्रुत र वाग्भट्ट जस्ता ऋषि प्रणीत वैद्यक शास्त्रहरूमा गरिएको छ । धर्माचार्या मनुले आमाका सम्बन्धमा आफ्नो विचार यसरी बताउँछन् :

१० उपाध्यायको बराबर १ आचार्य, १०० आचार्यको बराबर १ पिता र १००० पिताको बराबर आमा गौरवमा ठूली हुन्छिन् ।[2]

बालक–बालिकाहरूमाथि उपाध्याय, आचार्य र पिताको त्यति प्रभाव पर्दैन, जति कि आमाको प्रभाव पर्दछ । एउटा खुशिक्षित आमाले आफ्नो सन्तानलाई केही दिनमै सबै गुणहरूले सम्पन्न तुल्याउँदछिन् ।

आमाको पद वास्तवमा ज्यादै महत्त्वको र उत्तरदायित्वको छ । यदि आमा अयोग्य भइन् भने सन्तान कुनै कामका पनि हुँदैनन् । सन्तानको विकासको लागि आमामा योग्यता हुनु परम आवश्यकता पर्दछ ।

हिजोआजको सामाजिक दशा तथा अवस्था वडो विचित्रको देखिन्छ । सामाजिक जीवन शैलीमा परिवर्तन आएकोले यस्तो सामाजिक अवनति हुन थालेको हो । यस्तो दुःखद तथा शोचनीय अवस्थामा प्रायः जुन अयोग्य वालिकाहरू आमाको पद सम्हाल्न पुग्दछन्, उनीहरूलाई आफ्नो सन्तानलाई उचित रीतिवाट लालन–पालन गर्नु पर्ने तथा शिक्षा–दीक्षा दिएर योग्य वनाउनु पर्ने ज्ञान र अनुभव केही पनि हुँदैन । आफ्ना श्रीमानसँग गर्नु पर्ने व्यवहार तथा संयम पनि उनीहरूलाई कसैले सिकाउँदैन । यस्तो अवस्थामा

---

1 नास्ति मातृसमो गुरुः ।

2 उपाध्यायानन्दशाचार्य, आचार्याणां शतं पिता ।
सहस्त्रन्तु पितृन्माता, गौरवेणाति रिच्यते ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुणहीन, कुरूप, निर्बल र निस्तेज सन्तान उत्पन्न गर्ने एउटा मेशीन जस्तो भएर कति महिलाहरूले आफ्नो स्वास्थ्य मात्रै चौपट पारेका छैनन् कि पूरै घरलाई आगो सल्काई दिएका छन्, यसमा आश्चर्य नै के छ र ?

महाभारतमा युधिष्ठिर र मार्कण्डेयको संवाद छ। त्यहाँ युधिष्ठिरले सोधेपछि मार्कण्डेयले यसरी आमाको महत्त्व वताएका छन् :

कसैको मतमा आमा ठूली छन् र कसैको मतमा पिता ठूला छन् तर म भन्दछु कि आमा ठूलो छन्। किनकि उनले सन्तानलाई पालन पोषण गरेर ठूलो बनाउने ज्यादै गाह्रो कार्य गर्दछिन्।[1]

आजसम्म जति शूरवीर, विद्वान्, कीर्तिमान, तेजस्वी र प्रतापी पुरुष भएका छन्, ती सबै आफ्ना सदाचारिणी, पतिव्रता तथा सुयोग्य आमाद्वारा भएका छन्।

आमा ब्रह्मचारिणी हुनुपर्दछ। ब्रह्मचारिणीका सन्तान ज्यादै राम्रा हुन्छन्। व्यभिचारिणी भएपछि सन्तान पनि त्यस्तै जन्मिन्छन्। आमाको आचारणको गर्भस्थ बालकमाथि ज्यादै प्रभाव पर्दछ। शुकदेव तथा अभिमन्यु जस्ता परम ज्ञानी एवं अद्वितीय वीर बालकहरूले आमाको गर्भमा नै आत्मज्ञान एवं शस्त्र-सञ्चालनको शिक्षा पाएका थिए। गर्भ धारण गर्नासाथ आमाले ब्रह्मचर्य सम्बन्धी सबै नियमहरूलाई पालन गर्नुपर्दछ। ब्रह्मचारिणी, सुशीला एवं विदुषी स्त्रीहरूको सन्तान पनि त्यसै गरी सबै गुणहरूबाट दक्ष बन्छन्।

□

---

[1] मातृस्तु गौरवादन्ये, पितृनन्ये तु मेनिरे।
दुष्करं कुरुते माता, विवर्धयति या प्रजाः ॥

□

द्वे कर्मणी नरः कुर्वन् अस्मिल्लोके विरोचते।
अब्रुवन् पुरुषं किंचद् असतोऽनर्चयंस्तथा ॥

दुइटा काम गर्ने पुरुषहरूले यो संसारमा ज्यादै ठूलो प्रतिष्ठा पाउँछन्। जसले कहिले पनि बिर्सेर कठोर या अप्रिय वचन बोल्दैन र नदुष्ट-लाई पूजा या सत्कार गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्ययुक्त गर्भाधान

: ६५ :

हे परम ऐश्वर्यवान पुरुष ! तिमी आफ्नी पत्नीलाई राम्रा छोराहरू भएकी र सौभाग्यवती बनाऊ ।[1]

गर्भधारण गर्नको लागि स्त्रीहरू र गर्भाधान गर्नको लागि पुरुषहरूको रचना भएको छ ।[2]

प्राय: सबै महर्षिहरूले स्त्रीहरूको उद्देश्य सन्तानोत्पत्ति मानेको छ । यो कार्य वास्तवमा ज्यादै महत्त्व र दायित्वको छ । यसै कारणले गर्भाधानको गणना षोडश संस्कारहरूमा गरिएको छ । शास्त्रकारहरूको मत छ कि गर्भाधान ब्रह्मचर्ययुक्त हुनुपर्छ तर हिजोआज यसतर्फ त्यति ध्यान दिने गरिदैन । यसैले राम्रा छोराछोरीको अभाव हुँदै छ । अयोग्य आमा बाबुको सन्तान कसरी राम्रो हुन सक्दछ ? जुन अवस्थामा यो कार्यको विधान छ, यसको कुनै चिन्ताको कुरै गरिदैन ।

गर्भाधानका लागि अवस्था तोकिएको छ । १६ वर्षभन्दा पहिले स्त्रीलाई गर्भधारण गराउँनु हुँदैन, र २५ वर्षभन्दा पहिले पुरुषलाई गर्भाधान गराउन मनाही छ । यो नियम विपरीत चलनाले जुन–जुन हानिहरू हुन्छन्, त्यो यसरी वैद्यक ग्रन्थमा लेखिएको छ :

यदि १६ वर्षभन्दा कम आयु भएकी स्त्रीलाई २५ वर्षभन्दा कम उमेरका पुरुषले गर्भाधान गरेको खण्डमा त्यो गर्भ उदरमानै विपत्ति ल्याउँदछ ।[3]

यदि त्यो गर्भबाट सन्तान उत्पन्न भएको खण्डमा पनि त्यो बाँच्दैन; यदि बाँचेको खण्डमा पनि त्यो अत्यन्त दुर्बल अङ्गहरू भएको हुन्छ ।

---

1 इमां त्वमिन्द्र मीढव: सुपुत्रां सुभगां कृणु । –(ऋग्वेद)

2 प्रजानार्थं स्त्रिय: सृष्टा: सन्तानार्थंच मानवम् । –(मनुस्मृति)

3 ऊनषोडश वर्षायाम्, प्राप्त: पंचविंशतिम् ।
यद्याधेत्त पुमान् गर्भं, कुक्षिस्थ: सविपद्यते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसैकारण कम आयु भएकी स्त्रीलाई कहिले पनि गर्भाधान गराउनु हुँदैन। [1]

पूर्ण युवती स्त्रीले मासिक धर्मबाट शुद्ध भएर आफ्नो स्वस्थ्य तथा युवक पतिबाट समागम गरोस् र गर्भ लक्षण थाहा पाएपछि जहिलेसम्म बालक जन्मिएर दूध खान नछोड्ञ्जेल पुरुषसँग सम्बन्ध राख्नु हुँदैन । अर्थात् ३, ४ वर्ष पछि पुनः गर्भाधानको समय आउँदछ र यसरी ज्यादा भन्दा ज्यादा तीन वटा छोराछोरीहरूलाई जन्माएर पुनः ब्रह्मचर्यलाई पालन गरेर सय वर्षसम्म बाँच्नुपर्दछ । यो आज्ञा हाम्रो धर्म–प्रधान ग्रन्थ वेदमा पनि लेखिएको छ । यो वैदिक नियमलाई पालन गर्ने स्त्री-पुरुष सधैं निरोगी रहन्छ । त्यसको आयुर्वल कहिले क्षणि हुँदैन र तिनीहरू एकै पटकको सम्भोगबाट गर्भाधान गर्न सक्दछन् । यो कुरोको उदाहरण हाम्रा पूर्वज ऋषिहरूको इतिहास छ ।

प्रत्येक स्त्रीले पृथ्वीका गुणहरूको अनुकरण गर्नुपर्दछ । तत्त्वको धारण, उत्पादन र पोषण गर्ने शक्ति जुन पृथ्वीमा छ, त्यो स्त्रीमा पनि छ । जसरी संयममा रहेर वीज धारण गर्दछ र त्यसलाई अंकुरका रूपमा प्रकट गर्दछ, त्यसरी नै स्त्रीले पनि ब्रह्मचर्यलाई पालन गरेर गर्भधारण गर्दा त्यसबाट सन्तान उत्पन्न गर्नुपर्दछ । जसरी त्यो अंकुरलाई पोषण गरेर त्यसलाई योग्य बनाउँदछ, त्यसरीनै यसलाई पनि आफ्नो सन्तानलाई पालेर योग्य बनाउनुपर्दछ !

प्रत्येक पुरुषले मेघका गुणहरूको अनुकरण गर्नुपर्दछ । उत्पादन शक्ति जुन तिनीहरूमा छ, त्यो यसमा पनि छ । जसरी मेघले उचित समयमा पृथ्वीलाई जलले सिंच्दछ त्यसरी पुरुषले पनि नियमसँग गर्भाधान गर्नुपर्दछ । □

---

[1] जातो वा न चिरञ्जीवेज्जीवेद्वा दुर्वलेन्द्रियः ।
तस्मादत्यन्त वालायां, गर्भाधानं न कारयेत् ॥

□

न ऋते श्रान्तस्य सख्याय देवा·

–(ऋग्वेद, ४।३३।११)

जसले श्रम गर्दैन, देवता त्योसँग मित्रता गर्दैनन् । परिश्रमी र उद्योगीलाई नै ईश्वरले सहायता गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्ड ब्रह्मचारिणी सरस्वती

: ६६ :

सरस्वती विद्याकी महती देवी हुन्, यिनका महिमा अपार छ ।[1] त्यो परमात्मस्वरूपा, ऐश्वर्यवती तथा बुद्धिदायिनी शारदालाई हामी (श्रद्धा-सहित) नमस्कार गर्दछौं ।[2]

सरस्वतीको नाम संसारमा ज्यादै विख्यात छ । यिनी विद्याकी देवी भएकीले आज पनि असंख्य मानिसहरू यिनलाई पूजा गर्दछन् । विद्वान् तथा ज्ञानवान बन्ने अभिलाषा राख्ने मानिसहरू प्रायः यिनै ठूलो शक्तिलाई मन, वचन र कर्मले आराधना गर्दछन् । यिनलाई सबै देवीहरू मध्ये यति ठूलो प्रतिष्ठा र महानता किन मिल्यो ? यो कुरो धेरैलाई थाह छैन, यसैले यहाँ केही उल्लेख गर्नु प्रासंगिक देखिन्छ ।

सरस्वती देवी नै विद्याकी प्रधान प्रेरिका र विद्याकी अवतार छिन् । यो अधिकार यिनले ब्रह्मचर्य व्रतको पालनाले र वेदाध्ययनले पाएकी हुन् । यसरी पुराणहरूको मतबाट यिनी ब्रह्माजीकी छोरी हुन्। यिनले कहिले पनि विवाह गरीनन् । यिनलाई ज्ञान र विज्ञान मा यति ज्यादा प्रेम भयो कि यिनीले जीवन पर्यन्त अखण्ड ब्रह्मचर्य पालन गरेर रहिन् । कैयौं पटक यिनको परीक्षा गर्दा पनि यिनी तिलभर पनि आफ्नो व्रतबाट डगिनन् । यिनले आफू सुहाउँदो एउटा पनि वर नदेखेकोले विवाह नगरी बसिन् । ब्रह्मचर्य र विद्याभ्यासबाट खुशी भएर सबै देवताहरूले यिनलाई आमा सम्झन थाले । यिनका पिता ब्रह्माले यिनलाई वेदको अधिष्ठात्री बनाए । यसैले यिनी त्यतिबेलादेखि आजसम्म पूजित भइरहेकी छन् । यिनी ब्रह्मचर्य र विद्याभ्यासबाट खुशी हुन्छिन् । ब्रह्मचर्य र विद्याभ्यासमा लाग्नेहरूले यिनलाई खुशी पारेर आफ्नो इच्छित वरदान पाउन सक्दछन् ।

□

---

[1] सरस्वती वाङ् महती महीयताम् ।

[2] वन्देतां परमेश्वरीं भगवतीं, बुद्धिप्रदां शारदाम् - (स्तोत्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसैकारण कम आयु भएकी स्त्रीलाई कहिले पनि गर्भाधान गराउनु हुँदैन। [1]

पूर्ण युवती स्त्रीले मासिक धर्मबाट शुद्ध भएर आफ्नो स्वस्थ्य तथा युवक पतिबाट समागम गरोस् र गर्भ लक्षण थाहा पाएपछि जहिलेसम्म बालक जन्मिएर दूध खान नछोडुन्जेल पुरुषसँग सम्बन्ध राख्नु हुँदैन। अर्थात् ३, ४ वर्ष पछि पुनः गर्भाधानको समय आउँदछ र यसरी ज्यादा भन्दा ज्यादा तीन वटा छोराछोरीहरूलाई जन्माएर पुनः ब्रह्मचर्यलाई पालन गरेर सय वर्षसम्म बाँच्नुपर्दछ। यो आज्ञा हाम्रो धर्म–प्रधान ग्रन्थ वेदमा पनि लेखिएको छ। यो वैदिक नियमलाई पालन गर्ने स्त्री-पुरुष सधैं निरोगी रहन्छ। त्यसको आयुर्बल कहिले क्षणि हुँदैन र तिनीहरू एकै पटकको सम्भोगबाट गर्भाधान गर्न सक्दछन्। यो कुरोको उदाहरण हाम्रा पूर्वज ऋषिहरूको इतिहास छ।

प्रत्येक स्त्रीले पृथ्वीका गुणहरूको अनुकरण गर्नुपर्दछ। तत्त्वको धारण, उत्पादन र पोषण गर्ने शक्ति जुन पृथ्वीमा छ, त्यो स्त्रीमा पनि छ। जसरी संयममा रहेर बीज धारण गर्दछ र त्यसलाई अंकुरका रूपमा प्रकट गर्दछ, त्यसरी नै स्त्रीले पनि ब्रह्मचर्यलाई पालन गरेर गर्भधारण गर्दा त्यसबाट सन्तान उत्पन्न गर्नुपर्दछ। जसरी त्यो अंकुरलाई पोषण गरेर त्यसलाई योग्य बनाउँदछ, त्यसरीनै यसलाई पनि आफ्नो सन्तानलाई पालेर योग्य बनाउनुपर्दछ।

प्रत्येक पुरुषले मेघका गुणहरूको अनुकरण गर्नुपर्दछ। उत्पादन शक्ति जुन तिनीहरूमा छ, त्यो यसमा पनि छ। जसरी मेघले उचित समयमा पृथ्वीलाई जलले सिंचदछ त्यसरी पुरुषले पनि नियमसँग गर्भाधान गर्नुपर्दछ। □

---

[1] जातो वा न चिरञ्जीवेज्जीवेद्वा दुर्बलेन्द्रियः।
तस्मादत्यन्त बालायां, गर्भाधानं न कारयेत् ॥

□

न ऋते श्रान्तस्य सख्याय देवाः

–(ऋग्वेद, ४।३३।११)

जसले श्रम गर्दैन, देवता त्यो सँग मित्रता गर्दैनन्। परिश्रमी र उद्योगीलाई नै ईश्वरले सहायता गर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अखण्ड ब्रह्मचारिणी सरस्वती

: ६६ :

सरस्वती विद्याकी महती देवी हुन्, यिनका महिमा अपार छ ।[1]

त्यो परमात्मस्वरूपा, ऐश्वर्यवती तथा बुद्धिदायिनी शारदालाई हामी (श्रद्धा-सहित) नमस्कार गर्दछौं ।[2]

सरस्वतीको नाम संसारमा ज्यादै विख्यात छ । यिनी विद्याकी देवी भएकीले आज पनि असंख्य मानिसहरू यिनलाई पूजा गर्दछन् । विद्वान् तथा ज्ञानवान बन्ने अभिलाषा राख्ने मानिसहरू प्रायः यिनै ठूलो शक्तिलाई मन, वचन र कर्मले आराधना गर्दछन् । यिनलाई सबै देवीहरू मध्ये यति ठूलो प्रतिष्ठा र महानता किन मिल्यो ? यो कुरो धेरैलाई थाह छैन, यसैले यहाँ केही उल्लेख गर्नु प्रासंगिक देखिन्छ ।

सरस्वती देवी नै विद्याकी प्रधान प्रेरिका र विद्याकी अवतार छिन् । यो अधिकार यिनले ब्रह्मचर्य व्रतको पालनाले र वेदाध्ययनले पाएकी हुन् । यसरी पुराणहरूको मतबाट यिनी ब्रह्माजीकी छोरी हुन् । यिनले कहिले पनि विवाह गरीनन् । यिनलाई ज्ञान र विज्ञान मा यति ज्यादा प्रेम भयो कि यिनीले जीवन पर्यन्त अखण्ड ब्रह्मचर्य पालन गरेर रहिन् । कैयौं पटक यिनको परीक्षा गर्दा पनि यिनी तिलभर पनि आफ्नो व्रतबाट डगिनन् । यिनले आफू सुहाउँदो एउटा पनि वर नदेखेकोले विवाह नगरी बसिन् । ब्रह्मचर्य र विद्याभ्यासबाट खुशी भएर सबै देवताहरूले यिनलाई आमा सम्झन थाले । यिनका पिता ब्रह्माले यिनलाई वेदको अधिष्ठात्री बनाए । यसैले यिनी त्यतिवेलादेखि आजसम्म पूजित भइरहेकी छन् । यिनी ब्रह्मचर्य र विद्याभ्यासबाट खुशी हुन्छिन् । ब्रह्मचर्य र विद्याभ्यासमा लाग्नेहरूले यिनलाई खुशी पारेर आफ्नो इच्छित वरदान पाउन सक्दछन् ।

☐

---

1 सरस्वती वाङ महती महीयताम् ।

2 वन्देतां परमेश्वरीं भगवतीं, बुद्धिप्रदां शारदाम् - (स्तोत्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदवतीको अपूर्व ब्रह्मचर्य

: ६७ :

ब्रह्मचर्य–तपकी तपस्विनी लक्ष्मी–रूपिणी स्त्रीलाई संसारमा केही पनि दुर्लभ छैन ।[1]

प्राचीनकालमा ब्रह्मचर्यलाई पालन गर्ने पुरुष मात्र भएनन्, कति स्त्रीहरूले पनि ब्रह्मचर्य पालन गरेर आफ्नो अमूल्य जीवन त्यसैमा बिताए । पुरुष हुन् वा स्त्री जसले ब्रह्मचर्य पालन गरेर ब्रह्मचर्य रूपी फल चाख्न पाएका छन्, उनीहरूको जीवन सार्थक भएको छ । यसै कुरोलाई एउटा पौराणिक आख्यायिकाद्वारा देखाउन चाहन्छु :

वेदवती नाउँ गरिएकी एउटी अत्यन्त सुशील र सुन्दरी ऋषिकन्या थिइन् । यिनी पूर्ण युवती भएपछि विवाह नहुँदै एउटा वनको पर्णकुटीमा रहेर तपस्या गर्दथिन् । यसैले उनको मन ब्रह्मचर्य पालनले अत्यन्तै दृढ तथा शुद्ध भएको थियो ।

एकदिनको कुरो हो, राक्षसहरूको राजा रावण त्यही बाटो हिंड्दा उसले वेदवतीलाई देख्यो । उ तिनलाई देख्नासाथ मोहित भयो । उसले नाना प्रकारको प्रलोभनहरू देखाएर फसाउन खोज्यो तर ब्रह्मचारिणीको मन सिन्को प्रमाण पनि डगेन । रामचरित मानसमा ज्यादै सत्य लेखिएको छ- जसरी शम्भुको आसन डग्दैन, त्यस्तै कामीको वचनले सतीको मन तर्दैन ।[2]

अन्त्यमा रावणले हार मानेर उनलाई जर्वजस्ती भ्रष्ट गर्न खोज्यो । त्यसले उनका लामा काला केशहरूलाई पक्रेर तान्न थाल्यो । यसो गर्दा ती परम तेजस्विनी महिलाले रावणलाई यस्तो झटका दिइन्कि त्यो हात फुस्केर लड्न पुग्यो । फेरि वेदवतीले भनिन्–"हे दुष्ट पापात्मा ! तैंले मेरो केशहरू-

---

1 किन्नाप्नोति रमारूपा, ब्रह्मचर्य- तपस्विनी ।

2 डगै न शम्भु शरासन कैसे ।
कामी- वचन सती-मन जैसे ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई छोएर तानिस्, यसैले पर पुरुषले छोएपछि मेरो ब्रह्मचर्य-व्रत खण्डित भयो । अब म आफ्नो कलुषित कलेवर कुनै प्रकारले राख्न चाहन्न । यी हेर, म अहिले यसको प्रायश्चित गर्दछु !"

यति भनेर उनले दन्किरहेको अग्निकुण्डमा फाल हालिन् र साक्षात् ब्रह्मलोकमा पुगिन् । अन्यायी रावण टोल्हाएर हेरिरह्यो ।

धन्य छ सती शिरोमणि ! निश्चय तिमीले अपूर्व ब्रह्मचर्यको परिचय दियौं । तिम्रो पवित्र चरित्र तथा अदम्य आत्म-बलको कथा इतिहासमा स्वर्ण अक्षरले लेखिएकोछ । ब्रह्मचारिणीको आदर्श चरित्र तथा मनोबलबाट शिक्षा लिनुपर्दछ ।

□

उपायेत पदं मूर्ध्नि न्यस्यते महत्तहस्तिन ।
न किंचित्क्वचिदस्ती वस्त्व साध्यं विपाश्चिताम् ।।

उपायले गर्दा माहुतेले मात्तिएको हात्तीका टाउको माथि खुट्टा राखेर बस्दछ ! बुद्धिमानका लागि यो संसामा जहाँ पनि केही यस्तो पदार्थ छैन जसलाई कुनै उपायद्वारा गर्न नसकियोस् ।

❀

विश्वदार्नी सुमनस: स्याम । पश्येय तु सूर्य मुच्चरन्तम् ।

(ऋ. ६।५२।५)

हामी प्रफुल्लताकासाथ निस्किरहेका सूर्यलाई हेरौं । प्रयोजन यही छ कि जीवनको प्रत्येक दिन उल्लासपूर्वक बिताऔं ।

❀

अहमिन्द्रो न पराजिग्ये

(ऋ. १०।४८।५)

म शक्ति: पुञ्ज इन्द्र हूँ । मेरो पराभव हुन सक्दैन । यसै आत्मविश्वासकासाथ दृढतापूर्वक काम हातमा लेऊ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोच्च ब्रह्मचारिणी सीता

: ६८ :

सीता सर्वं गुणहरूले भूषित र श्रेष्ठ पति (राम) को सेवा गर्दथिइन् ।[1]

श्रीराम एक पत्नी-व्रत गृहस्थ ब्रह्मचारी थिए भने सीता पनि पति परायणा आदर्श पतिव्रता नारी थिइन् । रामायणमा सीताको चरित्रको कैयौं प्रसंग आउँदछ, जसबाट यिनको मानसिक ब्रह्मचर्य, अद्वितीय पतिप्रेम, सत्यनिष्ठा र धर्मपालन आदि अनेक गुणहरू प्रकट हुन्छन् । सीताको उदाहरणले नै धर्ममा अटल रहने पतिव्रताको चरित्रलाई प्रष्ट देखाउँदछ, जसलाई पढेर आफ्नो जीवन सुधार्नु देखि अरु कुरै के रहन्छ र !

अयोध्यामा श्रीराम वन गमनको वेला उनीले पतिकासाथै हिंड्ने प्रबल अनुरोध गरिन्, जुन वर्णन थोरै शब्दमा गर्न सकिन्न । श्रीरामले साथमा नलैजान र अयोध्यामै बस्न धेरै उपदेश दिए तर प्रतिप्राणा सीताले ज्यादै नम्रताकासाथ अस्वीकार गरिन् ।

सीता पृथ्वीमाथि वेहोश भइन् सीताको यस्तो दशा देखेर रामले विचार गरे कि यदि मैले जानकीलाई यहाँ छोडेर गएँ भने यिनी अवश्य बाँच्ने छैनन्, अतः उनले आफ्नो साथमा हिंड्ने आज्ञा दिए ।

रावणले हरेर लगेपछि लंकाको अशोक वाटिकामा तपस्विनीका भेषमा सीताजी कैयौं वर्षसम्म आफ्ना पतिका ध्यानमा मग्न रहिन् । अन्य पुरुषलाई हेर्नु पनि यिनी पाप सम्झन्थिन् ।

राक्षसहरूको संहार भएपछि विभीषणले सीता ल्याएर उपस्थित गरे । रामले भनेपछि उनले अग्नि-परीक्षा गरिन्, त्यतिवेला उनले अग्निमा हाम फालिन् । र उनी सर्वका सम्मुख निष्पापा र सच्चरित्रा सिद्ध भइन् । श्री अग्नि देवताले उनलाई काखमा राखेर श्री रामलाई दिन आए । श्री रामले सीतालाई लिएर अयोध्या फर्के ।

---

1 सीता सर्वगुणो पेता, चार्या पति परायणा । —(सूक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जब श्री रामले उनलाई गर्भवती अवस्थामा वनमा छोड्न पठाए, उनी महर्षि वाल्मीकिको आश्रममा पुगेर बसिन् । त्यहीं उनका दुइटा छोराहरू जन्मे लव र कुश । अन्त्यमा श्री रामका सम्मुख पुनः जानकीजीको परीक्षाको वेला आयो । महर्षिले पूर्णरूपबाट उनको निष्पापता र पतिनिष्ठाको परिचय दिए । त्यो वेला सीताको मुखारविन्दबाट जुन वाक्य निस्क्यो, त्यो वास्तवमा मनन गर्न योग्य छ । उनले भनिन्—

"हे पृथिवीदेवी ! यदि मैले श्री रामको अतिरिक्त कसैको पनि ध्यान मनमा पनि गरेको भए तिमीले मलाई आफ्नो विशाल वक्षस्थलमा ठाउँ देऊ ।"[1] जानकीजीले यसो भन्नासाथ पृथिवी चिरिएर प्रकट भइन् र उनी पृथ्वीदेवीकासाथ लीन भइन् ।

नेपाल जनकनन्दिनी सीताको देश भएकोले सीताको आदर्श र ब्रह्मचर्यको पालन बारेमा ज्यादा लेख्नुपर्ने जरूरत छैन । सीताजी कति विदुषी नारी थिइन् । उनमा आत्मा–शक्ति, निर्भीकता, सत्यप्रियता थियो, उनी कति साहसी र पतिप्रेममा रहन्थिन् ! यस्तो सुन्दर पावन सीताजीको चरित्र पढेर त्यस्तै पतिव्रता बन्ने दिव्य संकल्प महिला समुदायले गर्नुपर्दछ ।

□

---

1 यथाऽहं राघवादन्ये, मनसापि न चिन्तये ।
तथा मे माधवी देवी, विवरं दातुमर्हति ॥

*

न च विद्यासमो बन्धुर्न च व्याधिसमो रिपुः ।
न चापत्यसमः स्नेही न च धर्मो दयापरः ॥

विद्या बराबर कुनै दाजुभाइ अथवा हितैषी हुँदैन । रोगभन्दा ठूलो कुनै शत्रु हुँदैन । सन्तान भन्दा ज्यादा प्यारो कोही हुँदैन र दया भन्दा ठूलो कुनै धर्म हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहस्थ ब्रह्मचारिणी देवहुती

: ६९ :

स्त्री धर्म, अर्थ र कामको मूल हुन् । यिनी मोक्षका पनि साधन हुन् ।[1]

जुन स्त्री केवल आफ्नो पतिसँग अनुराग राख्दछे, त्यही सर्वदा ब्रह्मचारिणी कहलाउँदछे ।[2]

केही मानिसहरू भन्छन्, जुन स्त्रीको विवाह हुन्छ त्यो ब्रह्मचारिणी हुन्न । तर यो कुरो भ्रममूलक छ । गृहस्थाश्रममा रहेर पनि स्त्री–पुरुष दुवैले ब्रह्मचर्यको पालन गर्न सक्दछन् । धर्माचार्य मनु आदि कैयौं विद्वान्ले भनेका छन्, नियमित समयमा सन्तानका लागि सहवास गर्नु नै ब्रह्मचर्य हो । फेरि यस्तो अवस्थामा एउटा तोकिएको समयसम्म गृहस्थीले धर्मयुक्त वीर्यको संरक्षण गर्दछ भने त्यसलाई ब्रह्मचर्य नभनेर के भन्ने ? जुन स्त्रीहरू केवल आफ्नो पतिसंग उचित समयमा संसारको हितको इच्छाले सहवास गरी गर्भ धारण गर्दछन् भने ती पनि ब्रह्मचारिणी हुन् । यस्ता स्त्रीहरूको सन्तान सदैव सद्गुणहरूले विभूषित हुन्छन् ।

पुराणहरूमा एउटा कथा महासती देवहुतीको आउँदछ । यिनी प्रसिद्ध राजा स्वायंभुव मनुकी छोरी थिइन् । यिनको विवाह कर्दभ ऋषिसँग भएको थियो । ऋषि पनि ज्ञान, विद्या, बुद्धि र धर्ममा ज्यादै आदर्श पुरुष थिए । देवहुती पनि अत्यन्त सुशीला, परम विदुषी, धर्मपरायण, सदाचारिणी एवं पतिव्रता स्त्री थिइन् । यिनकै लालन–पालन, संस्कार तथा शिक्षा–दीक्षाले यिनका तीनवटा सन्तान नामूद भए । अरुन्धती र अनुसूया नामका दुइटी छोरीहरू थिए, जसको पहिलो विवाह महर्षि वशिष्ट र अर्को महामुनि अत्रिसँग भएको थियो । यिनको छोराको नाम कपिलमुनि थियो, जो अद्वितीय तत्त्वज्ञान र साख्य–शास्त्रका आचार्य थिए ।

---

1 भार्यामूलं त्रिवर्गस्य, भार्यामूलं तरिष्यत : । – (महाभारत)

2 या नारी पतिभक्ता स्यात्सा सदा ब्रह्मचारिणी । (सूक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै समयसम्म गृहस्थाश्रमको सुखहरूको उपभोग गरेपछि एकदिन कर्दभ ऋषिले तपस्या गर्नका लागि देवहुतिसँग आज्ञा मागे। त्यो बेला देवहुतीले पनि आफ्नो प्यारो पतिलाई जान आज्ञा दिइन्। त्यसपछि स्वयं ब्रह्मचर्य पालन र ब्रह्मज्ञानको चिन्तनमा आफ्नो समय बिताउन लागिन्। उनी आफ्नो छोरोसँग आध्यात्मिक विचारहरू प्रश्नद्वारा प्रकट गरेर तिनको शङ्का समाधान गर्दथिन्। यस्तो आदर्श ब्रह्मचारिणी आमा नभएमा त्यस्ता महान तत्त्ववेत्ता छोरा कसरी तयार हुन सक्दथे।

यसैले जितेन्द्रिया, सत्यशीला, शुभ गुण-युक्ता, पतिप्रेमा, रोगरहिता, दयावती, क्षमावती, सन्तानवत्सला, सदाचारिणी, अध्ययनशीला, गृह-कर्म-कुशला एवं सर्वगुणसम्पन्ना स्त्री नै आदर्श आमा हुन सक्दछन्। यस्ता आमाबाट देश, समाज, धर्म र जातिको यथेष्ट उपकार हुन सक्दछ। □

तस्करेभ्यो नियुक्तेभ्यः शत्रुभ्यो नृपवल्लभात्।
नृपतिर्निजलोभाच्च प्रजा रक्षेत्पितेव हि॥

राजा या शासकले चोरहरू, भ्रष्टाचारी अधिकारीहरू, शत्रुहरू, मन्त्रीहरू आदि नजीककाहरूलाई र आफूलाई लोभबाट प्रजाको रक्षा बाबुले जसरी गर्नुपर्दछ।

❋

यत्र विद्वज्जनो नास्ति श्लाघ्यस्तत्राल्प धीरपि।
निरस्तपाददेशे एरंडोपि द्रुमायते॥

-(हितोदेश)

जहाँ विद्वान् हुँदैन, त्यहाँ अलि-अलि पढेकोलाई पनि प्रशंसा गरिन्छ। जुन देशमा रूख हुँदैन त्यहाँ एरंडको विरुवा पनि रूखमा गनिन्छ।

❋

वज्रादपि कठोराणि मृदूनि कुसुमादपि।
लोकोत्तराणां चेतांसि को नु विज्ञातुमर्हति॥

-(उत्तररामचरित)

लोकोत्तर (विशेषगुण सम्पन्न) व्यक्तिहरूको वज्रभन्दा पनि कठोर र फूलभन्दा पनि कमलो चित्तलाई जान्नको लागि को समर्थ छ ? अर्थात् कोही छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्री जातिको पतन

: ७० :

साधारणभन्दा साधारण दोषहरूबाट पनि स्त्रीहरूको रक्षा विशेष रूपबाट गर्नु पर्दछ ।[1]

कुनै पनि समाजको उत्थान र पतनको कारण विशेष गरेर त्यो देशको स्त्री समाजमाथि निर्भर गर्दछ । समाजको अत्यन्त आवश्यक तथा सहायक अंग स्त्री समुदाय मानिन्छ । यदि त्यो कुनै अंगस्नेहीन तथा बुद्धि पस्नु पर्ने ठाउँमा बतास पसेको खण्डमा त्यो सम्पूर्ण स्त्रीसमाजको दुर्गति तथा अध:पतन निश्चित छ ।

हाम्रो राष्ट्र वीरहरूले भरिएकोले रणसंग्रामका वेला गोर्खालीले छप्काएको खुकुरी तथा शत्रुसेनाले वर्साएको गोलीको पर्वाह नगरी दुश्मनको शक्तिलाई नष्टभ्रष्ट पार्न गरिएको प्रयत्नलाई देखेर बुझेर जर्मन राष्ट्रपति कैजरले प्रशंसात्मक विचार पोखे । यस्ता वीरहरू कसरी भए ? हिन्दू जातिमा बल तथा त्यस्तो उच्च अवस्था कसरी प्राप्त भयो ? यो प्रश्नको उत्तरमा यही भन्न सकिन्छ ती आदर्श पतिव्रता एवं गुणवती स्त्रीहरूको कारण नै हो । पुरुषले कहिले पनि राम्रो कार्यहरू गर्न सक्दैनन्, जबसम्म तिनका घरमा सती साध्वी पत्नी हुँदैनन् । यस सम्बन्धमा नीति शास्त्रको एउटा श्लोक यस्तो छ– जसको स्त्री पढे-लेखेकी, सुशिक्षिता, गृहकार्य तथा अन्य व्यवहारहरूमा सुयोग्या हुन्छे, त्यो पुरुष चिन्तारहित प्रसन्न मन भएर आफ्नो धर्म तथा धनलाई उपार्जन गर्न सक्दछ ।[2]

कालको प्रभावले गर्दा अब स्त्रीहरूको प्राचीन मर्यादा तथा धर्म लोप

---

1 सूक्ष्मेभ्योऽ पि प्रसगेभ्य:, स्त्रियो रक्षया विशेषत: ।

2 यस्यास्ति भार्या पठिता सुशिक्षिता,
गृहक्रिया–कर्म - सुसाधने क्षमा ।।
स्वजीविकां धर्म–धनार्जनं पुन:,
करोति निश्चिन्तमथो हि मानव : ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएर जाँदैछ। हिन्दू जातिका स्त्रीहरू शास्त्रोक्त विधिअनुसार संयम, ब्रह्मचर्यमा नरहेर आधुनिक फेशन तथा विधिहरूलाई विश्वास गरेर बिग्रिंदै गएका छन्। यसरी योग्य स्त्रीहरूलाई गृहस्थीको गुरुतर भार सुम्पिनाले चरित्र वान नारीहरूलाई देशको प्रशासनिक उच्च ओहदामा राख्नाले र त्याग तपस्या र वलिदान गरेका स्त्रीहरू समाजसेवी भएर राख्नाले नै यो देश प्रगति र विकासतिर जाँनेछ।

एउटा काल त्यो पनि थियो, जुनवेला स्त्री जातिले पृथ्वी नारायण शाह. त्रिभुवन, महेन्द्र, माथवरसिंह थापा, भक्ति थापा, दामोदर पाण्डे, अभिमान सिंह वस्न्यात आदि जस्ता राष्ट्रप्रेमी, वीर तथा शक्तिशाली: भानुभक्त, मोतीराम, लक्ष्मी प्रसाद देवकोटा, लेखनाथ, वालकृष्ण सम जस्ता कवि; शङ्कराचार्य, ईश्वरानन्द योगी, नरहरि नाथ, खेमराज केशवशरण जस्ता धर्मज्ञ वेदान्ती जन्माएका थिए; तर आज ती महान् जीवित तथा विभूति-हरूको आदर्शलाई पछ्याउने र देशको माटोप्रति अनन्त प्रेम भएका सन्तान जन्माउने आमाको जरूरत देशलाई परिरहेको छ। आजसम्म जति सत्पुरुष जन्मिएका छन् ती सवै सदाचारिणी आमाहरूको गर्भवाट जन्मिएका छन्। स्त्रीहरू धर्मको बाटोमा नलागुञ्जेलसम्म देशको स्वाभिमान, स्वतन्त्रता, विवेकशीलता र जातीय गौरवको वृद्धि हुन सक्दैन। जुन जाति उन्नत हुन चाहन्छ, त्यसले स्त्रीहरूमा सद्‌गुणहरूको विकास गरी पहिले प्रचार गर्नु-पर्दछ।

□

श्रूयतां धर्म सर्वस्वं श्रुत्वा चैवावधार्यताम्।
आत्मनः प्रतिकूलानि परेषांन समाचरेत्॥

धर्मको सर्वस्व यही कुरो हो, यसलाई सुनेर मनमा उतार्नुपर्दछ कि जुन कुरोबाट आफूलाई कष्ट या क्लेश हुन्छ त्यो अरूलाई गर्नु हुँदैन।

○

न कूपखननं युक्तं प्रदीप्ते वन्हिना गृहे।
चिन्तनीया हि विपदां आदावेव प्रतिक्रिया॥

आगो लागेर जलिरहेको घरलाई हेरेर कुवा खन्न थाल्नु बुद्धिमानी कुरो होइन। आउने विपत्तिलाई पहिले नै समाधान गर्न उपाय सोच्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्य: शरीरको सार

: ७१ :

वीर्यको अधीनमा मनुष्यको शारीरिक बल रहन्छ।[1]

संसारका सबै पदार्थहरूमा एउटा सारतत्त्व रहन्छ। त्यसैको बलबाटै त्यो सुरक्षित र मान्य हुन्छ। सारतत्त्व विना कुनै वस्तु कहिले पनि रहन सक्दैन। ठूला-ठूला वैज्ञानिकहरूको सिद्धान्तले यही भन्दछ, एउटा पनि पदार्थ सत्ताबाट हीन छैन। उसको अस्तित्व रहुन्जेल उसको विशेष शक्ति हराउँदैन।

मनुष्यको शरीरमा पनि एउटा सारतत्त्व छ। त्यसलाई राखनाले नै त्यसले आफ्नो जीवन धारण गर्न सक्दछ। त्योविना उसको शारीरिक अवस्था एक क्षण पनि चल्न सक्दैन। मानिसहरू त्यो सारतत्त्वलाई 'वीर्य' भन्दछन्। वीर्यको महत्त्व चिन्हेर यत्नपूर्वक त्यसलाई सुरक्षित राखी 'अनुपम रत्न' सम्झिनेहरू बुद्धिमान मानिसहरू हुन्।

केही तत्त्वज्ञानीहरूको भनाइ छ, शरीरमा वीर्य रहुन्जेलको स्थितिमा मनुष्य मर्न सक्दैन। वीर्यको नाशनै जीवनको नाश हो। मृतक भएपछिको अवस्थामा वीर्यको पूर्ण रूपबाट क्षय भइसकेको हुन्छ। यो मतको यही अभिप्राय हो, वीर्य शरीरको त्यो अस्तित्व हो, जसको बलमाथि त्यो आफ्नो कार्य सम्पादित गर्न सक्दछ।

आज आधुनिक सभ्यता तथा संस्कृतिले हाम्रो सदाचारपूर्ण जीवनको ठाउँ विलास तथा आमोद प्रमोदले लिएको छ। यसको प्रत्यक्ष प्रमाण आजका नवयुवकहरूको दुब्लो, कमजोर रोगी निस्तेज पुरुषार्थहीन शरीरलाई हामी राम्ररी देख्न सक्छौं। हाम्रो देशका मानिसहरूको औसत आयु दिनानुदिन घट्दै गइराखेको छ। अल्पायुको प्रधान कारण विलासिताको आगोमा आफ्नो जीवन होमेर आफ्नो शरीरको शक्तिलाई समयभन्दा पहिलेनै अपव्यय गर्नमा सारा मानिसहरू लागिरहेका छन्। काम विलासद्वारा हामी

1 शुक्रायत्तं बलं पुंसः। -(वैद्यक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो शरीरको प्रधानशक्ति वीर्यलाई नष्ट गरेर पौरुषताको ह्रास गर्दछौं। आयुर्वेदमा भनिएको छ—

"आहारको परमधाम शुक्र (वीर्य) हो। अतः आफ्नो वीर्यको रक्षा गर्नुपर्दछ, किनभने, त्यसको अभावमा देहधारीहरूको समस्त शक्तिहरूको अभाव हुन्छ।"

रसदेखि लिएर शुक्रसम्मको धातुहरूको जुन परम तेज छ, त्यसैलाई ओज तथा बल (पौरुष)को संज्ञा दिने आयुर्वेदको सिद्धान्त छ। यो ओज अंगहरूमा व्याप्त रहन्छ तथा त्यसको अभावले प्राणीहरूको शरीर नष्ट हुन्छ।[1]

आदर्श नेपाली संस्कृतिलाई छोडेर विदेशी सभ्यता र विज्ञानका देनहरूलाई आत्मसात गर्दै हामी अन्धो भएर दुगुरिरहेका छौं। सिनेमा, भिडियो हेर्नु, रेडियोमा नचाहिंदो उत्ताउला गीतहरू सुन्नु, शृङ्गार रसले परिपूर्ण भएका उपन्यास, कथा तथा पत्र-पत्रिका पढ्नु, रक्सी र नृत्यको अन्धानुकरण गर्नु, विदेशीहरूसँग बढी बसउठ गरी त्यस्तै भएर आफ्नो संस्कृति तथा धर्म बिर्सनु हाम्रो आजको स्वभाव तथा व्यवहारको एक अंग हुँदै गइराखेको छ। समयले र अवस्थाले गर्दा हाम्रो काम भावनाहरू पहिलेभन्दा धेरै बढेर जागृत हुँदै गइराखेको छ, जसलाई स्वीकार नगरी सुखै छैन। आज यौन–उत्तेजना र वासनापूर्ण कुराकानीले जहाँको महफिल पनि गरमागरम छ। विज्ञानको यो विकासलाई हामी उन्नतिको देन सम्झन्छौं तर वास्तवमा यो हाम्रो भ्रामक र गलत विचार छ।

मनुष्य यो संसारमा आएर चारवटै पुरुषार्थ–धर्म, अर्थ, काम र मोक्ष पाउन प्रयत्नशील हुन्छ। तर यी चारवटा पुरुषार्थ दीर्घजीवन विना सम्भव छैन। यसैले मनुष्य जतिवेला यो संसारमा आउँदछ, त्यतिवेला सर्वप्रथम

---

[1] आहारस्य परंधाम शुक्रं तद्रक्ष्यमात्मनः।
तदभावे हि भावानां सर्वाभावः शरीरिणाम्॥
तत्र रसादीनां शुक्रान्तानां धातूनां यत्परं तेजस्त स्तत्खल्वोजस्तदेव
बलमित्युच्यते स्वशास्त्र सिद्धान्तात्।

–(सुश्रुत सूत्र अ० १५–२४)

देह सावयवस्तेन व्याप्तो भवति देहिनः।
तत्भावाच्च शीर्यन्ते शरीराणि शरीरिणाम्॥

–(सु॰सू०अ० १५ श्लो २४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उसलाई बाँच्ने इच्छा अर्थात् 'प्राणैषणा' हुन्छ । किनभने, प्राण (जीवन)को अभावमा सबै कुराको अभाव हुन्छ । भनिएको पनि छ--'प्राण परित्यागे हि सर्वं त्यागः' (च. सू. ११) ।

अरू सबै कार्यहरूलाई छोडेर मानिसले आफ्नो शरीरको रक्षा गर्नुपर्दछ । किनकि शरीरको अभाव (नष्ट) भएपछि शरीरधारीहरूका लागि संसारमा केही पनि रहँदैन । जसरी नगरको मालिक नगरको रक्षामा तथा रथको मालिक रथको रक्षामा प्रयत्नशील रहन्छ, त्यसरी मेधावी पुरुष आफ्नो कृत्यहरूमा अर्थात् स्वस्थवृत्तको पालनामा सदा सावधान रहनुपर्दछ ।

डाक्टर तथा वैद्य बुद्धैले यो वीर्य रक्षाको विषयमा गम्भीरतासँग विचार गरी यसलाई एक सार पदार्थ मानेका छन् । प्रायः सबैले यसको रक्षाको लागि लाभप्रद उपदेश पनि दिएका छन् ।

वीर्यको रक्षागर्ने व्यक्तिको शरीर सुदृढ, आत्मा सन्तुष्ट तथा मन प्रसन्न रहन्छ । वीर्यवान् पुरुष नै यो संसारमा स्वस्थ्य शरीर र निर्मल-चित्त रहन सक्दछन् । अतः मनुष्य-जातिको यही कर्तव्य छ, शरीररक्षा र सद्उद्देश्य सिद्धिको लागि यो अमृतरूपी वीर्यको शरीरमा सञ्चय गरून् ।

मनुष्यको भोजनको सबभन्दा उत्कृष्ट अंशबाट वीर्य बन्दछ । यसैले यत्नपूर्वक त्यसको रक्षा गर्नुपर्दछ । किनभने, वीर्यको क्षय हुँदा अनेक प्रकारको रोग उत्पन्न हुन्छ र यसको अन्तिम परिणाम मरण पनि छ ।[1]

विद्वान् श्री मनु भन्नुहुन्छ–"भोजनलाई सदा पूजा गर्नुपर्दछ । निन्दा नगरी त्यसलाई ग्रहण गर्नुपर्दछ । त्यसलाई देखेर सबै भावहरू हर्षित तथा आनन्दित हुनुपर्छ ।[2]

□

1 आहारस्य परं धाम, शुक्रं तद्रक्ष्यमात्मनः ।
क्षयोह्यस्य बहून् रोगान् मरणं वा नियच्छति ।।

–(चरक-संहिता)

2 पूजयेदशनं नित्यमद्याच्चैतदकुत्सयन् ।
दृष्ट्वा हृष्येत्प्रसीदेच्च प्रतिनन्देच्च सर्वशः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यको उत्पत्ति

: ७२ :

मनुष्य-शरीरमा रहने सार पदार्थहरूको यति नामहरू छन्- शुक्र, तेज, रेतस्, वीज, वीर्य र इन्द्रिय ।[1]

वीर्य सबै प्रकारका अर्थहरूको साधन केन्द्र हो ।[2]

वीर्यको उत्पत्ति वीर्यबाटै हुन्छ । विना वीजको वीज हुन सक्दैन । तपाईं सोध्नु होला, आदिवीज अर्थात् जुन सबभन्दा पहिलेको वीज कसरी उत्पन्न भयो ? यो प्रश्नको उत्तर यही छ, आदि वीजको उत्पत्ति छैन, त्यो त अनादि छ । वीजलाई खाद र पानी अनुकूल कालमा मिल्छन्, त्यसमा अंकुर उत्पन्न हुन्छ, अंकुर बढेर वृक्ष हुन्छ, त्यसमा फल लाग्दछ, फलमा धेरै वीजहरू हुन्छन्, ती सबै वीजहरूमा आफू जस्तै धेरै वीज उत्पन्न गर्ने शक्ति हुन्छ । वीज भनौं वा वीर्य, यस्तै एउटै कुरो हो ।

आमाको रज, खाद र जलको समान छ । आमाको गर्भाशय क्षेत्र या भूमि जस्तै छ, जब त्यहाँ पिताले वीर्यद्वारा आघात गर्दछन् त गर्भाशयरूपी भूमिमा अंकुर उत्पन्न हुन्छ । त्यहाँ वीर्य र रजको संयोगले देहको रूप धारण गर्दछ । भूमिमा वीज रोपेपछि सबभन्दा पहिले भूमिमै अंकुर उत्पन्न हुन्छ, अंकुर जब ठूलो हुन्छ त्यहाँ वीजको सबै शक्ति अंकुरमा आइसक्दछ । उदाहरणको रूपमा तपाईं चनालाई रोप्नुहोस् । जब त्यसको रूख बन्दछ, भूमि खनेर हेर्नु होस् त्यहाँ सडेको खोस्टा बोक्रा मात्र देखिन्छ । यथार्थमा त्यहाँ चनाको जुन सिंगो पोटिलो दाना थियो त्यो देखिंदैन, भेटिंदैन; हो, त्यही दानाले त त्यो रूख बन्यो । अंकुर जतिबेला भूमि फोरेर बाहिर निस्कन्छ, उसले आफ्ना जराहरूदेखि रस लिन्छ र त्यही रसले त्यो बोट बढ्दछ । त्यही रसले परिपाक बनेपछि वीज बन्ने क्षमता त्यो बोटले पाउँदछ । यस्तै गरेर आमाको उदरमा रजवीर्यको संयोगले एउटा देहको निर्माण हुन्छ । देह पूर्ण

1 शुक्रतेजो रेतसीच, वीज–वीर्येन्द्रियाणि च । – (अमर–कोष)
2 वीर्य सर्वार्थ–साधकम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएपछि त्यो स्वतः आमाको उदरबाट बाहिर निस्कन्छ । वृक्षले तल जराबाट आफ्नो भोजन लिन्छ । मनुष्यले माथि मुखबाट आफ्नो आहार लिन्छ । हामी जे खान्छौं त्यो पक्वाशयमा गएर पाक्दछ । त्यहाँ जुन सारभाग छ, त्यसको रगत बन्दछ, रगत जब पाकेर गाढा हुन्छ त्यसैलाई मासु भनिन्छ । मासुबाट मेदा, मेदाबाट हाड, हाडबाट मज्जा र मज्जाबाट वीर्य बन्दछ । वीर्यबाट ओज बन्दछ । आयुर्वेद शास्त्रमा भनिएको छ, प्रत्येक धातु अर्को धातुमा परिवर्तित हुनका लागि पाँच दिन पाँच रात तथा डेढ दंड लाग्दछ । यसरी हामीले जुन वस्तु खान्छौं त्यो ३५ दिन ४ घण्टामा वीर्य बन्दछ र ५ दिनमा ओज बन्छ । त्यो वीर्य जब पाकेर आमाको उदरमा पुग्दछ, फेरि देह बनाउँछ, त्यसबाट फेरि वीर्य बन्दछ । यसैको नाम हो संसार–चक्र, जसले सन्तान बनाउँदछ, सन्तान बन्नै पर्दछ, जुन आमाको उदरमा वीर्य स्थापित गरेर जीव प्रवेश हुन्छ, उसलाई स्वतः पनि आमाको गर्भमा प्रवेश गर्नु पर्दछ । जो व्यक्ति यो कुरोदेखि विरक्त हुन्छ, ऊ संसार चक्रदेखि मुक्त हुन्छ । जब बीज भूमि, खाद तथा जलको आश्रयबाट अंकुरित हुँदैन, उसले आफ्नो कारण-भूत मूल बीजमा मिल्दछ, यसैको नाम हो मोक्ष या मुक्ति ।

मनुष्य जे जस्तो भोजन गर्दछ, त्यो पहिले पाकस्थलीमा पुग्दछ । आहार पचेपछि रसादि सात धातुहरू क्रमैसँग बन्दछन् । आहारको अन्तिम र सर्वोत्तम परिणाम वीर्य नै हो । त्यो अत्यन्त उपयोगी र जीवन तत्त्ववाला छ । शरीरको लागि सातवटा धातुहरू चाहिन्छ । वैद्यकशास्त्र अनुसार त्यसको केही वर्णन यसरी गरिन्छ— "भोजन पचेपछि रस, रसबाट रगत, रगतबाट मासु, मासुबाट मेदा, मेदाबाट अस्थि, अस्थिबाट मज्जा र मज्जा-बाट वीर्य उत्पन्न हुन्छ ।"[1]

यसबाट प्रष्ट छ, सातौं धातु वीर्य हो । यो मज्जाबाट उत्पन्न हुन्छ । यही शरीरको जीवनको आधार छ ।

□

---

[1] रसादक्तं ततो मांसं, मासान्मेद : प्रजायते ।
मेदस्यास्थिस्ततो मज्जा, मज्जाया : शुक्रसम्भव : ।।
– (सुश्रुताचार्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ओज र वीर्य

: ७३ :

हे परमेश्वर ! तिमी जीवनतत्त्व हौ। अत: तिमी हामीलाई त्यो प्रदान गर ![1]

मनुष्य शरीर जुन मूल शक्तिको कारणले सजीव रहन्छ, त्यसलाई वैद्यकशास्त्र ज्ञाताहरूले 'ओज' भनेका छन्। यही ओज देहको सम्पूर्ण धातुहरूको सार र मानवी जीवन-शक्तिको आधार छ। यो बढ्दा आयुर्बलको वृद्धि र घट्दा क्षीणता आउँदछ। यस सम्बन्धमा आर्ष वचन मनन गर्नु पर्दछ—

"ओज रसदेखि लिएर वीर्य पर्यन्त धातुहरूको तेज छ, जुन नष्ट भएपछि कोही पनि बाँच्न सक्दैन। यो रहँदा नै जीवन धारण गर्न सकिन्छ।"[2]

ओजको जीवनसँग गहिरो सम्बन्ध छ। तर त्यो ओज कहाँ रहन्छ, त्यस विषयमा वैद्यक मत यो छ–

"त्यो ओज मुख्यरूपमा हृदयमा रहन्छ। त्यहींबाट सबै अङ्गहरूमा पुगेर त्यसको रक्षा गर्दछ।"[3]

वैद्यक-शास्त्रमा 'वीर्य'लाई उपधातुको 'ओज' मानिएको छ। केही आचार्यहरूको मतबाट यो सात धातुहरुभन्दा पृथक् मानिन्छ। हाम्रो मतमा पनि यो स्वतन्त्र र सर्वश्रेष्ठ तत्त्व छ, जो वीर्यको शक्तिको रूपमा सम्पूर्ण शरीरमा विद्यमान रहन्छ। यहाँ पनि विशेष वर्णन गरिन्छ—

"ओजको निवास सबै शरीरभरि छ। यो चिल्लो, शीतल, स्थिर,

---

1 ओजोऽस्योजो मयि धेहि। –(यजुर्वेद)

2 ओजस्तु तेजो धातूनां, शुक्रान्तानां परंस्मृतं।
यन्नाशे नियतं नाशो, यस्मिंस्तिष्ठति जीवनम्॥
–(वृद्ध वाग्भट)

3 हृदयस्थमपि व्यापि, देहस्थिति निबन्धनम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उज्ज्वल हुन्छ। यसबाट शरीरभरि तेज फैलिन्छ र बल–पुष्टि वृद्धि हुन्छ।"[1]

साँच्चै, वास्तवमा ओजनै जीवन तत्त्व हो। यो वीर्य ज्यादा भएपछि बढ्दछ र घटी भएपछि घट्दछ। यसैको अधीनमा शारीरिक र मानसिक समस्त शक्तिहरू मर्यादित हुन्छन्। ब्रह्मचर्यलाई पालन गरेर ओजको नाश हुँदैन। ब्रह्मचारीहरूको शरीर ओजले परिपूर्ण रहन्छ। उनीहरू हट्टाकट्टा, सुन्दर, सहिष्णु, विद्वान्, विनम्र, दयालु देखिन्छन्। उनीहरू सय वर्षभन्दा बढी नै बाँच्छन्। व्यभिचारी पुरुष क्षणिक सुखमा परेर आफ्नो वीर्य नाश गर्दछन्। त्यस्ता व्यभिचारी पुरुषको बढ्दो संख्याले राष्ट्रमा अनेक संकटको सूत्रपात हुन लागिरहेको छ। जति बढी नागरिक वीर्यवान तथा ब्रह्मचर्य पालन गर्ने हुन्छन्, उति देशको अस्तित्व सुरक्षित हुन्छ, यो कुरो कदापि नभुलौं। □

1 ओजः सर्व शरीरस्थं, स्निग्धं शीतं स्थिरं सितम्।
सोमात्मकं शरीरस्य, बल पुष्टि करं मतम्॥
–(योग चिन्तामणि)

□

न तादृग्जायते सौख्यमपि स्वर्गे शरीरिणाम्।
दारिद्र्येऽपि हि यादृक स्वदेशे स्वपुरे गृहे॥

शरीरधारीहरूलाई स्वर्गमा पनि यस्तो सुख मिल्दैन जस्तो कि दरिद्रावस्थामा रहँदै पनि आफ्नो देश, आफ्नो नगर या आफ्नो घरमा मिल्छ।

❀

महत्त्वमेतन्महतां नयालंकार धारिणाम्।
न मुञ्चन्ति यदारब्धंकृच्छ्रेऽपि व्यसनोदये॥

नीतिरूपी आभूषण धारण गर्ने महान् पुरुषहरूको यही महत्त्व हुन्छ की उनीहरू आरम्भ गरेको कुनै योजनालाई विपत्तिहरू पर्दा पनि छोड्दैनन्। त्यसलाई पूरा गरेरै सास फेर्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैज्ञानिकको कसीमा वीर्य

: ७४ :

अन्नबाटै वीर्य र वीर्यबाटै पुरुष उत्पन्न हुन्छ ।[1]

मानिसको जीवन उसको वीर्यको अधीनमा छ ।[2]

पाश्चात्य विदेशी वैज्ञानिकहरू यो वेला नानाथरी आविष्कार गर्नमा, हातहतियार बनाउनमा, कृत्रिम गर्भाधान गर्नमा, एउटा मानिसको मुटु अर्को मानिसमा फेर्ने समेतमा दत्तचित्त भइरहेका छन् । विश्व आज यस्तो जटिल स्थितिमा अडेको छ, कुनै पनि वेला विश्व युद्ध शुरू हुन सक्छ, त्यतिवेला करोडौं करोड मानिसहरूको मृत्यु हुन सक्छ । अर्कोतिर विश्वमा जनसंख्याको समस्या एउटा भयानक विस्फोटको रूपमा खडा छ । भोका, रुग्ण, अपांग मानिसहरूको बढिरहेको संख्या पनि कम डरलाग्दो छैन । वैज्ञानिकहरू विज्ञानको चमत्कारपूर्ण प्रदर्शन गर्नको लागि तल्लीन छन् । मानवको भलाई हुने जे जति कार्यहरू वैज्ञानिकले गरी रहेका छन्, त्योभन्दा धेरै ठूलो भलाई हुने कार्य हाम्रा पहिलेका ऋषि मुनिहरूले गरेका थिए, जसलाई बिर्सेर हामी अन्धो, बहिरो र लाटो हुन पुगेका छौं । हाम्रा ऋषिहरूले पत्तो लगाएका थिए, मानव-शरीरभित्र असंख्य जीवहरू छन् । वीर्य, रक्त, मलमूत्र, थूक आदिमा अगाणित जीवाणुहरू हुन्छन् । यिनै जीवाणुहरूबाट शक्तिबाट शक्ति वृद्धताबाट वृद्धता र मृत्युबाट मृत्यु हुन्छ । एक थोपा वीर्यमा कोटी-कोटी जीवाणुहरू हुन्छन् । वीर्यपातबाट शरीरको जीवाणुहरूको नाश हुन्छ, जसबाट मनुष्य चाँडै मर्छ । यो हाम्रा ऋषि मुनिले आफूले प्रयोग गरेर सिद्ध भएको विचारलाई कतिपय वैज्ञानिकहरूले समर्थन जनाई सकेका छन् । यदि ब्रह्मचर्यलाई पालना गरेर वीर्यको रक्षा गरिएको खण्डमा ती शरीरभित्र रहने जीवाणुहरूले शरीरलाई बलवान, कान्तिमान र दीर्घायु बनाउँदछन् । वैज्ञानिकहरूले पनि ब्रह्मचर्यलाई महत्त्व दिएका छन् । पूर्वी र पश्चिमी देशका

---

1 अन्नाद्रेतः रेतसः पुरुषः । – (तैत्तिरीयोपनिषत्)

2 शुक्रायतञ्च जीवितत् । - (अ. गो.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिसहरूले या महत्त्वपूर्ण विद्याको सुईंको पाएर यो महाव्रतको पालना गरिराखेका छन् तर त्यो विद्याको जन्मस्थल मानिएको हिन्दूराज्यमा यसको लोप भएको छ तथा प्रचार वन्द छ । ब्रह्मचर्यको पालनको अभावले गर्दा सामाजिक उत्थान हुन सकेको छैन, राष्ट्रोत्थानमा जनता निरोगी, विवेकी र ज्ञानी बनेर लाग्न सकिराखेका छैनन् । वल–वीर्ययुक्त स्वस्थ्य पुरुषका शरीरमा यक्ष्मा-रोगका कीटाणुहरू भित्र पसे भने पनि शारीरिक जीवनीय शक्ति (Energy)ले त्यसलाई नष्ट पारिदिन्छन् । आजभन्दा पचास वर्षअघि यक्ष्मा (T. B.) को रोगको प्रकोप त्यति फैलिएर गएको थिएन, त्यो वेलामा क्यान्सरको त नाउँ नै सुनिएको थिएन तर आज यी रोगहरू यति ज्यादा वढेको छ कि त्यसवाट स्वास्थ्यको रक्षा गर्नमा कठिनाई परिरहेको छ । यक्ष्मा (T. B)को प्रतिरोध वी. सी. जी. का खोपहरू र स्ट्रेप्टोमाइसिनको प्रयोगले मात्र गर्न सकिँदैन । त्यसको प्रतिरोध त शिक्षाप्रणालीमा नेपाली धर्म तथा संस्कृतिलाई ठाउँ दिएर सदाचार र संयमप्रधान शिक्षालाई प्रोत्साहन दिएर मात्र गर्न सकिन्छ । स्वस्थ्य र सवल राष्ट्र निर्माणका लागि ब्रह्मचर्यको पालन गरिनु आवश्यक छ ।

हाम्रो मतवाट पनि वैज्ञानिकहरूको यो सिद्धान्तमा यो साँचो कुरो पनि छ, वीर्यमा कोटी-कोटी जीवाणुहरू छन् । तिनै जीवाणुहरू मध्येको एउटा जीवाणुवाट गर्भधारण हुन्छ । अरू गर्भधारण हुन नसक्ने जीवाणुहरू त्यसै खेर जान्छन् । गर्भधारण गर्न एउटा जीवाणु पर्याप्त छ । यिनै जीवाणुहरूको वलमाथि जीवन स्थिर छ । यी नष्ट भएपछि हत–वीर्य र नपुंसक होइन्छ । यो वीर्य कति महत्त्वपूर्ण छ भने यसैवाट सन्तानोत्पत्ति हुन्छ ।

यी जीवहरू शरीरमा सवै स्थानहरूमा रहन्छन् । तर वीर्य, रक्त र मलहरूमा विशेष रूपवाट रहन्छ, वीर्य नष्ट भएपछि क्षणभरमा नै मनुष्यको नाश हुन्छ ।[1]

□

1 जीवो वसति सर्वस्मिन्देहे तत्र विशेषत : ।
वीर्ये रक्ते मले यस्मिन् क्षीणेयाति क्षयं क्षणात् ।। (वैद्यक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्य तयार रहने काल

: ७५ :

वीर्य एउटा अन्तिम धातु हो । रसदेखि लिएर मज्जासम्म प्रत्येक धातु पाँच रात पाँच दिनमा र डेढ दंडीसम्म आफ्नो अवस्थामा रहन्छ, त्यसपछि वीर्य बन्छ । वीर्यको उत्पत्ति हुन ३० दिन ३० रात र ९ घडी लाग्छ ।[1]

सबै चिकित्सकहरूको विचार छ, एक महीनापछि पुरुषको शरीरमा वीर्य र स्त्रीको शरीरमा रज उत्पन्न हुन्छ । योभन्दा पहिले कसैको मतबाट पनि वीर्य बन्ने कुरो सिद्ध हुँदैन । मानिसको शरीरमा वीर्यको भण्डार छैन । हाम्रा प्राचीन आयुर्वेदाचार्य सुश्रुतको मतबाट पनि वीर्य एक महीनापछि मात्र बन्छ ।

यसरी एक महीनामा (सात धातुहरूलाई पुष्ट गर्दै) यो रस पुरुषको शरीरमा वीर्य र स्त्रीको शरीरमा रज बन्छ ।[2] तीस दिनपछि चालीस अगाडि अन्तिम धातु वीर्य बन्छ । यो सर्वसम्मत कुरो छ ।

अब यहाँनेर यो प्रश्न पनि उठ्दछ, एक महीना नपुगिकन वीर्य बन्दैन भने त्योभन्दा पहिले सम्भोग गर्दा यो कसरी बाहिर आउँछ ? जतिपटक सम्भोग गर्दा पनि वीर्य निस्किरहने भएकोले यो एक महीनामा वीर्य बन्दछ भन्ने कुरो के झुटो होइन ?

यसको उत्तर यही छ, शरीरमा वीर्यको कहिले पनि अभाव हुँदैन । जुन दिन अभाव हुन्छ, त्यो दिन मनुष्य पनि बाँच्नै सक्दैन ।

प्रत्येक मनुष्यले आफ्नो हैसियत तथा क्षमताअनुसार भोजन गर्दछ । खाएको कुराको रसादि सातवटा धातुहरू क्रमैसंग बन्छ । सातवटा धातुहरूको

---

1 धातौ रसदौ मज्जान्तें, प्रत्येकं क्रमतो रस : ।
अहो रात्रात्स्वयं पंच, सार्ध दण्डंच तिष्ठति ।।

(महामान्य भोज)

2 एवं मासेन रसः शुक्रो भवति पुंसां स्त्राणां चार्तव मिति

(सुश्रुत– संहिता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सात प्रकारका क्रियाहरू निरन्तर हुन्छन् । यसै नियमबाट सदा वीर्य बन्छ, यसैले के माथि लेखिएको विचार झूटो हो त ? होइन । यसको अभिप्राय यही हो, निरन्तर बनिरहने धातु परिपक्व हुँदैन । जुन धातु अविराम काम गर्दै रहन्छ, त्यो एक महीनापछि राम्ररी पाक्दछ । एक महीनापछि मनुष्यको वीर्य र स्त्रीको रज पनि सर्वाङ्गलाई पुष्ट गर्दै उचित अवस्थामा पुग्दछ ।

एक महीना पहिले सहवास निषेध किन गरिएको हो ? त्यो यसै कारणले हो, त्योभन्दा पहिले वीर्य निस्केपछि सबै धातुहरूमा क्षीणता आउँछ । धातुहरूमा क्षीणता आएपछि शरीरका सबै अवयव निर्बल हुन्छन् र रोगहरूको उत्पत्ति हुन्छ ।

विद्वान्हरूको विचार छ, एक महीनापछि वीर्य पाक्नु स्वाभाविक छ । यसको प्रमाण यही हो, स्त्रीहरूको ऋतुकाल पनि एक महीनापछि आउँछ । यदि यो कुरो प्राकृतिक नहुँदो होत, यस्तो कसरी हुन्थ्यो ! परमात्माले स्त्रीलाई गर्भ-धारण गर्नका लागि तथा पुरुषलाई गर्भाधानका लागि नै बनाएका हुन् । मुख्य सहवासको यही कुरो हो ।

वीर्य पाकेर तयार रहन एक महीना लाग्छ । मानिसले गर्ने भोजन, पौष्टिक पदार्थ, शारीरिक बल आदिले पनि वीर्य केही चाँडै पाकेर तयार हुन्छ । तर दुर्बल, गरीब, रोगीको शरीरमा भने वीर्य पाक्न बढी समय लाग्छ । यही कुरो स्त्रीको शरीरमा रजका सम्बन्धमा पनि लागू हुन्छ ।

एक महीनापछि उत्पन्न हुने वीर्य र रजका सम्बन्धमा केही शिक्षा तल लेखिएको छ—

(१) एक महिना पछि जुन वीर्य र रज उत्पन्न हुन्छ, त्यो अत्यन्त जीवनी–शक्तिले भरिएको हुन्छ ।

(२) यस्तो वीर्य र रजलाई गर्भाधानको अतिरिक्त त्यसै व्यर्थ सम्भोगमा खर्च गर्नु हुँदैन ।

(३) यस्तो वीर्य रजबाट कान्ति, आयु, शक्ति, बुद्धि, क्षमा, सहिष्णुता, प्रीति, तेजस्विता तथा विनय–शीलता आदि बढेर जान्छ ।

(४) एक वर्षसम्म ब्रह्मचर्य पालन गर्नाले शरीरमा अपरिमित वीर्य रहन्छ, जसबाट मनुष्यले जे केही पनि गर्न सक्दछ ।

(५) शरीरमा वीर्यको कमी भएको बेला पाचन–शक्ति क्षीण हुन्छ; जे भोजन गरिन्छ त्यसबाट रस बन्दैन, सबै मलमात्र बन्छ, जसबाट अरू धातुहरू पुष्ट हुन पाउँदैनन् र स्वास्थ्य राम्रो नभएर केही समय पछि कालको मुखमा पुगिन्छ । □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यको स्थान र परिमाण

: ७६ :

शुक्र (वीर्य) ले जीवनीशक्तिलाई बढाउँछ, सेतो रंगको चिप्लो हुन्छ तथा पुष्टिकारक हुन्छ । यो गर्भको बीज, शरीरको सार रूप तथा जीवको प्रधान आश्रय मानिन्छ ।[1]

वीर्य शरीरमा कुन ठाउँमा रहन्छ, कति रहन्छ भन्ने जिज्ञासा मानिसहरूको मनमा उठिरहन्छ ? हाम्रा महर्षिहरूले यस प्रसंगमा भनेका छन्– जसरी दूधमा घीउ र उखुमा रस गोप्य रूपमा (नदेखिने गरी) रहन्छ, त्यसरी नै शरीरभरि वीर्य रहन्छ ।[2]

साँच्चै, मनुष्य शरीरमा वीर्यको लागि कुनै नियत (तोकिएको) ठाउँ छैन । यो सर्वाङ्ग व्याप्त छ । जुन अन्नबाट वीर्यको सत्ता रहँदैन, त्यो शून्य हुन्छ । यदि वीर्य एउटै ठाउँमा रहने पदार्थ भएको भए यो भरिदा र रित्तो हुँदा राम्रो वा नराम्रो प्रभाव सबै अङ्गहरूमा नपरी रहँदैनथ्यो ?

ओज, मस्तिष्क र वीर्यको मान पुरुषको आफ्नो एक पसर (मूठी) बराबर हुन्छ र स्त्रीहरूको दूधको परिमाण दुई अञ्जुली तथा रजको चार अञ्जुली हुन्छ ।[3]

माथि लेखिएको वीर्य र रजको परिमाण स्वस्थ्य पुरुष र स्त्रीको भनेर सम्झनुपर्छ । अस्वस्थ्य पुरुष तथा स्त्रीको वीर्य वा रजको परिमाण यति ज्यादा हुँदैन ।

केही मानिसहरूको मत छ, ४० पटकको आहारबाट एक थोपा रक्त

---

1 शुक्रं सोम्यं सितं स्निग्धं, बल पुष्टिकरं स्मृतम् ।
गर्भबीजं वपुः सारो, जीवास्याश्रय मुक्तमम् ॥ –(वैद्यक-शास्त्र)

2 यथा पयसि सर्पिस्तु गुडश्चेक्षौ रसो यथा ।
एवं हि सकले काये, शुक्रं तिष्ठति देहिनम् ॥ –(वैद्यक)

3 पृथक् स्वप्रसृतं प्रोक्तमोजोमस्तिष्करेतसाम् ।
द्वावञ्जली तु स्तन्यस्य चत्वारो रजसस्त्रिया ॥ –(वृद्ध वाग्भट्ट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र ४० थोपा रक्तले १ थोपा वीर्य बन्छ ।

केही वैज्ञानिकहरूको भनाइ छ, १ तोला वीर्यका लागि १ सेर रक्त र १ सेर रक्तको लागि १ मन आहारको जरूरत पर्छ ।

केही मानिसहरू भन्छन्, वीर्य अण्डकोषमा बनेर त्यहीं रहन्छ, तर यो कुरो झूटो र भ्रमपूर्ण छ । सम्पूर्ण शरीरका हाडहरूमा रहने मज्जा हुन्छ, त्यसैको सार वीर्य हो । निर्दोष वीर्य घीउ जस्तो, स्वच्छ–पिच्छिल र कठिन द्रवययुक्त हुन्छ ।

जुन मानिसहरू काम-शक्ति बढाउन तथा विषय सुखमा लाग्न पौष्टिक पदार्थ, औषधिहरू, राजसी, तामसी भोजन तथा तीक्ष्ण सुरा आदि सेवन गर्दछन्, त्यसबाट जुन वीर्य कामवर्द्धक उत्तेजक हुन्छ, त्यो अप्राकृत वीर्यबाट सुसन्तानको जन्म हुनै सक्दैन । अन्त्यमा त्यसको परिणाम भयंकर रोग तथा दु:ख हुन्छ । त्यसबाट यो लोक पनि परलोक पनि दुवै बिग्रन्छ ।

वीर्य सम्पूर्ण शरीरमा व्याप्त भएकोले त्यसको सम्बन्ध सोंझै मन, प्राण र मस्तिष्कसँग रहन्छ । मन, प्राण र वीर्य तीनवटैको एउटै गति छ । यदि वीर्यको संयम भयो भने प्राण र मनको चञ्चलता रोकिन्छ, संयमित हुन्छ । संयमशील व्यक्तिबाट नयाँ समाज खडा हुन्छ । आजकाल ९० प्रतिशत मानिसहरू भोग विलासजनित रोगहरूले ग्रसित छन् । यदि यस्तै अवस्था रहिरह्यो भने समाजको अवनति अझ बढी हुँदै जानेछ ।

□

उद्योगे नास्ति दारिद्र्यं जपतो नास्ति पातकम् ।
मौनिन: कलहो नास्ति न भयंचास्ति जाग्रत: ।।

उद्योग गर्दै रहेपछि गरिबी नजीक आउँदैन । जप गर्दै रहेपछि पाप नष्ट हुन्छ । मौन रहँदा झगडाबाट टाढा रहन सकिन्छ, जागरूक र सावधान रहँदा डरबाट मुक्त हुन सकिन्छ ।

□

"यानि कानि च मित्राणि कर्तव्यानि शतानि च ।"
मनुष्य तथा राष्ट्रले सयौं साथीहरू बनाउनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्भोगबाट वीर्य स्खलन

: ७७ :

पुरुषको समस्त शरीरमा रहने वीर्य स्त्रीसँग सहवास हुँदा कामोत्तेजना तथा आनन्दातिरेकका क्षण प्रवृत्त हुन्छ । शरीरका इन्द्रियहरू उत्तेजित तथा उत्थित हुँदा वीर्यपात हुन्छ । यही कुरो स्त्रीहरूका सम्बन्धमा पनि हुन्छ, पुरुषसँग शारीरिक सम्बन्ध भएपछि उनीहरूको धातुपात हुन्छ । [1]

वैद्यक-शास्त्रमा लेखिएको छ, कामदेवको वेगबाट पुरुष र स्त्रीको सम्भोगको कारण सारा शरीरमा रहने वीर्य, भित्रको आगो र वायुको प्रेरणाबाट जम्मा हुन्छ र त्यो चरमोत्कर्ष आनन्दको क्षणमा बाहिर निस्कन्छ । जसरी दही मथ्दा घीउका कणहरू जम्मा हुन्छन् र नौनीका डल्ला बनेर बाहिर आउँछन् त्यसरी नै पुरुष र स्त्रीको संघर्षणको शारीरिक आवश्यकताको कारणले सबै अङ्गहरूमा रहने वीर्य जम्मा भएर निस्कन्छ । चरम सुखको अनुभूतिमा वीर्यपात हुन्छ । सम्भोग-सुख दुइटा तत्त्वहरू माथि रहन्छ-एउटा पर्याप्त यौनेक्षा, अर्को सहधर्मिणीले सहयोग दिनु । यो एक कामशास्त्र तथा मनोवैज्ञानिक विषय हो, जसलाई आधुनिक मानस चिकित्सा विधिबाट पनि चिन्तन मनन गर्नुपर्दछ । हाम्रा वैद्यक शास्त्रहरूमा यी आज हुने कुरो तथा कैयौं आधुनिक कुराहरू पनि लेखिएका छन् । हाम्रा पूर्वज आचार्यहरूले मनुष्यले आफ्नो गृहस्थ जीवनमा ब्रह्मचर्यको पालन गर्न मानव धर्म सम्झनुपर्ने कुरो लेखेका छन् । मनुले 'आफ्नो विवाहिता स्त्रीसँग केवल ऋतुकालमा मात्र सन्तानोत्पत्तिका लागि सहवास गर्नु त्यो पनि ब्रह्मचर्यको पालन मानिन्छ' भनेका छन् । यो गृहस्थ जीवनको ब्रह्मचर्य हो । डाक्टरी विद्यामा ऋतुचर्याको विशेष विवरण लेखिएको छैन तर आयुर्वेदमा छ प्रकारका ऋतुहरू र आहार-विहारको छुट्टा-छुट्टै उपदेश लेखिएको छ । स्त्री

1 कृत्स्न देहस्थितं शुक्रं, प्रसन्न मनसस्तथा ।
स्त्रीषुव्यायच्छतश्चापि, हर्षात्तत्सम्प्रवर्तते ॥
(वैद्यक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नातिका ऋतु मासिकधर्म पूरा गर्दा मानिन्छ । यो काल मात्र सहवासका लागि उत्तम मानिएको छ । यो बेला मात्र सम्भोग गर्ने व्यक्ति ब्रह्मचारी तथा ब्रह्मचारिणी मानिएको छ । हाम्रो शास्त्र भन्छ –'जुन गृहस्थीले आफ्नै धर्मपत्नीसँग केवल सन्तान जन्माउनका लागि ऋतुकालमा मात्र सहवास गर्दछ भने त्यो गृहस्थाश्रममा रहने ब्रह्मचारी छ ।[1]

विद्या पढेर वा कसैले शिक्षा दिएर जान्न सुन्न नपर्ने ज्ञान हो सन्तानोत्पत्ति शिक्षा । हिजोआज त कलिलै उमेरका केटा वा केटीलाई यो सबै ज्ञान स्वतः फुरेको छ । समय, वातावरण, सिनेमा, संगत र शिक्षा आदिले पुरुष र नारी बीचको यौन सम्पर्कको जानकारी गराएको छ । कामुकता, विलास, मनोरञ्जनका रूपमा बढी फैलिएको, फेशनका रूपमा, कलाका रूपमा स्थान पाएको यो कुरो अनाचार, दुर्विचार तथा अनैतिक प्रसंग बन्न गएको छ । आज सामाजिक विकास जुन तीव्र गतिमा भइरहेछ, त्यति नै द्रुतगतिमा काम विचार तथा भावना फैलिएर जाँदो छ । यसबाट सामाजिक विकासले विनाशकारी मोड लिएको प्रष्ट संकेत मिलेको छ ।

पुरुष र स्त्रीको सम्भोग वास्तविक वीर्य-स्खलनकै कारणले हुन्छ । सम्भोगमा वीर्य-स्खलन नभई छोड्दैन । अरू उपाय वा विधिबाट वीर्य बाहिर जाँदा अस्वाभाविक र हानिकारक हुन्छ । उचित समयमा सम्भोग गर्ने नियम छ ।

आफ्नी विवाहित धर्मपत्नीसँग मात्र सम्भोग गर्ने तथा अरूवेला वीर्य-पात हुनसक्ने कारणहरूबाट बच्ने प्रयत्न गर्नुपर्छ । सन्तानोत्पत्तिका लागि मात्र सम्भोग गर्ने, नत्र अनमोल वीर्यलाई शरीरमै रक्षा गरी राख्नुपर्छ । वीर्यले पनि शरीरको रक्षा गर्दछ ।

एकजना विद्वान्लाई उनका शिष्यले सोधे– 'जीवनमा कतिचोटि स्त्रीसँग सम्भोग गर्नुपर्छ '?

'एक पटक'-गुरुले भने ।

-'एकपटकले मात्र पुगेन भने कति पटक ?'

'दुई पटक' ।

'दुई पटकले पुगेन भने ?'

'वर्षको एकपटक ।'

---

1 ऋतौ ऋतौ स्वदारेषु संगतिर्या विधानत : ।
ब्रह्मचर्यंतदेवोक्तं गृहस्थाश्रम वासिनाम् ।। –(याज्ञवल्क्य स्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'वर्षको एकपटकले पुगेन भने ?'

'महिनाको एक पटक ।'

'महिनाको एक पटकले पुगेन भने ?'

'त्यस्ता मानिसले नजिकै चिता पनि तयार गराई राख्नुपर्छ । दिन दिनै वा दिनमा पनि कैयौं पटक जो स्त्रीसँग सम्भोगरत रहन्छन्, तिनीहरूको मृत्यु अवश्यंम्भावी छ ।'

आहारको परम उत्कृष्ठ धाम (घर) शुक्र हो । त्यसको रक्षा गर्नुपर्छ । शुक्र (वीर्य) नाश भएपछि शरीरमा धेरै रोगहरू लाग्दछन् र मृत्युसम्म पनि हुन सक्छ ।[1]

ब्रह्मचर्य पालन गर्ने, भोगहरूमा आसक्त नरहने र सदा सन्तुष्ट भएर रहने पुरुषलाई वेलामा निद्रा नआई छाड्दैन ।[2]

जसरी घर आधारभूत स्तम्भहरूबाट स्थिर रहन्छ, त्यसरी नै आहार निद्रा र ब्रह्मचर्यलाई युक्तिपूर्वक प्रयोग गरेर शरीर धारण गर्न सकिन्छ ।[3] □

---

1 आहारस्य परंधाम शुक्रं तद्रक्ष्यमात्मनः।
क्षयोह्यस्य वहून् रोगान् मरणं वा नियच्छति ॥

2 ब्रह्मचर्यरतेग्राम्यसुख निस्पृह चेतसः ।
निद्रा सन्तोषतृप्तस्य स्वं कालं नातिवर्तते ॥

3 आहार शयन ब्रह्मचर्यैर्युक्त्या प्रयोजितैः ।
शरीरं धार्यते नित्यमागारमिवधारणैः ॥

❀

प्रथम नार्जिता विद्या द्वितीये नार्जितं धनम् ।
तृतीये न तपस्तप्तं चतुर्थे किं करिष्यति ॥

जसले बालककालमा विद्या पढेको छैन, जवानीमा धनोपार्जन गरेको छैन, प्रौढावस्थामा तप गरेको छैन, यस्तो व्यक्ति बूढो भएपछि के गर्न सक्दछ ! जीवनलाई चार भागमा बाँडेर यथेष्ट उपयोग गर्न उचित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यको कार्य

: ७८ :

वीर्यको काम सन्तान उत्पत्ति गर्नु हो । वीर्य बालककालमा पनि बन्छ तर त्यो कच्चा हुन्छ । त्यो आफै जस्तो शरीर बनाउन सक्ने योग्य हुँदैन । २३-२४ वर्षको अवस्थामा वा त्यसपछि त्यसमा पूरा शक्ति आउँछ । सानै उमेरदेखि ब्रह्मचर्य व्रतको पालन गरी २५ वर्षसम्ममा पूर्ण संयमी बन्नु पर्दछ । सानै (कलिलै) उमेरमा विवाह गरी दिने समाजको प्रचलनले ब्रह्मचर्य-व्रतको पालना नहुने स्थिति छ भने कलिलै उमेरमा स्त्री प्रसंग गरेर वीर्यको नाश गरी स्वास्थ्य रक्षाको नियम पनि पालन नहुने प्रष्ट छ । ऐन कानूनले वर्जित गर्दा गर्दै पनि कम उमेरमा विवाह गर्ने परिपाटी रोकिन सकेको छैन । सानै उमेर खर्च भएको वीर्य परिपक्व नहुनाले सन्तानको उत्पत्ति त भयो, तर ख्याउटे, मरनच्यासे, अपांग तथा रोगी शिशुहरूको जन्मदर बढ्यो । ती ख्याउटे, मरनच्यासे, अपांग, रोगीहरू पनि कलिलै उमेरमा कामी, भोगी, तथा विषय लम्पटी बने । स्त्रीसँग सहवास गर्दा जस्तो कामना राख्यो, त्यस्तै अभिलाषाबाट प्रेरित सन्तान हुने कुरो सत्य छ । एउटा व्यक्तिको गल्तीले गर्दा सन्तान दर सन्तान संसार चक्रको फेरमा पऱ्यो । यो कुरो अलि राम्ररी बुझ्नुपर्छ ।

वीर्य शुद्ध पवित्र वस्तु हो । जसरी सुनलाई सहस्र पटक आगोभित्र तताउँदा त्यसमा फोहोर लाग्दैन, त्यसरी रसलाई कति चोटि पकाउँदै रहेपछि जब त्यो वीर्य बन्छ, त्यहा कुनै मल रहँदैन । अर्थात्, वीर्य पछि कुनै शेष क्रिया रहँदैन ।[1]

अघिल्ला अध्यायहरूमा लेखिसकेको छु, शरीरको सार वीर्य हो । शरीरको आधार वीर्य हो । यसैले शास्त्रहरू उल्लिखित आधार तल लेखेको छु–

---

[1] यथा सहस्र ध्माते तु, न मलं किल कांचने ।
तथा रसे मुहुः पक्वे, न मलं शुक्रतां गते ।। –(वैद्यक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१) वीर्यले हृदयलाई पुष्ट तथा कर्तव्यशील बनाउँछ। (२) वीर्यबाटै सर्वाङ्गमा जीवन-शक्ति सञ्चालित हुन्छ। (३) वीर्यबाटै मस्तिष्क शान्त र विचार-शक्ति सम्पन्न हुन्छ। (४) वीर्यबाटै दृष्टि तथा श्रवण-शक्ति स्थिर रहन्छ। (५) वीर्यबाटै उत्साह, साहस, तथा पराक्रम आदि गुणहरू बढ्दछ। (६) वीर्यबाटै आलस्य, रोग, निर्बलता, कलुषता, दम्भ, अज्ञानता तथा अविनय आदि दुर्गुणहरू हटाउन सकिन्छ। (७) वीर्यविना सबै कार्य असिद्ध हुन्छ। (८) वीर्य नै सन्तानोत्पत्तिको मूल हो। (९) वीर्य मनुष्यको सुन्दरता, सभ्यता, पवित्रता, धैर्य, पुण्य तथा सद्व्यवहारको कारण छ। (१०) वीर्य देवता हो। शरीरको सम्पूर्ण कार्य वीर्यबाटै हुन्छ। यसलाई शरीरभित्रै राखी रक्षा गर्नु पर्छ। यसको दुरूपयोग वा अनियमित नोक्सानीबाट शरीर मात्र होइन, आत्मामा पनि दाग लाग्छ।

□

विषाद्विषं किं ? विषयास्समस्ता ।
दुःखी सदा को ? विषयानुरागी ।
धन्योऽस्ति को ? यस्तु परोपकारी ।
कः पूजनीय ? शिवतत्व निष्ठः ॥

सबभन्दा ठूलो विषय के हो ? सबै विषय। सदा दुःखी को छ ? विषयानुरागी। धन्य को छ ? जो। परोपकारी छ। पूजनीय को छ ? जो शिवतत्वनिष्ट छ।

शंकराचार्य्य कृत
प्रश्नोत्तरमाला बाट।

□

कार्लसन लेख्छन्- मनुष्य एउटा दृष्टिगोचर रहस्य छ जुन दुइटा अनन्तहरू र दुइटा अपरिमितिहरूको बीच घुम्छ। (Man is a visible mystery walking between two eternities and two infinities.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरा र मृत्यु

: ७९ :

हे जीव ! तिमी बूढो हुनुभन्दा अगाडि नमर ।[1]

वृद्ध अवस्था आएपछि आयुर्बलको नाश हुन्छ ।[2]

मानिसको मर्ने अवस्था वृद्धावस्था मानिएको छ । जुन मानिस वृद्धताभन्दा पहिले आफ्नो ऐहिक लीला समाप्त गर्दछन्, तिनका लागि मानिसहरू शोक गर्दछन्, तर यो कुरोमाथि रत्तिभर ध्यान दिंदैनन् कि किन उनीहरूको अकाल मृत्यु भयो । प्राचीन कालमा वृद्धताभन्दा पहिले मानिसहरू मर्दैनथे । जुन राज्यमा कुनै बालक या युवक मर्दथ्यो, त्यो राजा अधर्मी मानिन्थ्यो । श्रीरामको राज्यकालमा एउटा ब्राह्मणको युवा छोरो मर्‍यो, त्यो ब्राह्मणलाई ज्यादै आश्चर्य लाग्यो । त्यो वेलाको र आजको परिस्थितिमा आकाश र पातालको अन्तर भएको छ । सय जनामा दश जनाले आफ्नो वृद्धता प्राप्त गर्न सक्दछन् । नब्बे जना मानिसहरूले त बाल्य र युवावस्थामै यो संसारबाट बिदा लिन्छन् । मानिसको असामयिक मृत्यु वा अल्पायुको कारण के हो भनेर विचारगर्दा सबैभन्दा ठूलो कारण ब्रह्मचर्यको अभाव, त्यसमाथि विश्वास तथा श्रद्धाको कमी हो । हिन्दू राष्ट्रमा ब्रह्मचर्यको महत्व जनता बुझ्दैन, प्रचार हुंदैन भने धर्मको रक्षा कसरी सम्भव हुन्छ ? कसरी असामयिक मृत्युलाई रोक्न सकिन्छ ? कसरी मानिसको औसत आयु फेरि बढेर जान सक्छ ?

मानिसको तीन अवस्थाहरू मानिएको छ— बाल्यकाल, यौबनाकाल र वृद्धाकाल हुन् । योभन्दा पहिले मर्नु पापको कारण सम्झिनुपर्छ । ब्रह्मचर्य-व्रत पालन गर्ने मानिस त्यो भन्दा पहिले मर्दै मर्दैन । यो भनाइलाई हामीले शिलापत्रमा लेखिएको दिव्यवाणी सम्झनुपर्छ ।

जीवनलाई आठ प्रकारका मैथुनबाट (स्मरणं कीर्तनं केलि प्रेक्षणम्

---

[1] मा पुरा जरसो मृथाः । —(अथर्ववेद)

[2] वृद्धत्वे जीवन क्षयम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुह्यभाषणम् । सङ्कल्पाऽ ध्यवसायश्च क्रियानिर्वृतिरेवच ।।) बचाएको खण्डमा कुनै वालक र युवकको असामयिक मृत्यु त हुँदैन–हुँदैन, वृद्ध व्यक्तिले पनि वृद्ध अवस्था ननाघी मनु' पर्ने हुँदैन । हाम्रो देशमा बुढा-बुढी भएपछि आफ्ना सन्तानले पनि तिरस्कार, हेला, उपेक्षा गर्छन् । यसैले होला बुढा बुढी भन्ने पनि गर्छन् - 'बाह्र छोरा तेह्र नाति बुढाको धोक्रो काँधै माथि' । कतिपय बुढाबुढी आमा-बाबुलाई आफ्ना सन्तानले दुःख कष्ट दिएको, विरामी पर्दा उपचार नगराई दिएको, चाँडै मारेर सम्पत्ति खान खोजेको नदेखिएको होइन । यसरी दुःख-कष्ट भोगिरहेका बुढा-बुढी मृत्युको कामना पनि गर्छन् । आफ्ना सन्तानलाई श्राप पनि दिन्छन् ।

मनुष्यको सम्पूर्ण शक्तिको श्रोत स्वास्थ्य हो, शारीरिक गठन हो, निरोगिहा हो । आयुर्विज्ञानको प्राचीन आचार्यहरूले यो सम्वन्धमा खोजी गरेर के फेला पारेका छन् भने वीर्य नाश हुँदा नै मानिसको मृत्यु हुन सक्छ । आर्युवेदको सूत्रले भन्छ–

ब्रह्मचर्यरतः ग्राम्य सुख निस्पृह चेतसः ।
निन्द्रा सन्तोपतृप्तस्य स्वं कालं नातिवर्तते ।।

जुन मानिस ईश्वर परायण छ, विषय भोग देखि टाढा छ, जसको मनमा कुनै तृष्णा छैन, त्यो मानिसलाई निद्रा नआई रहदैन ।

यो सत्य कुरो कहिले झुटो हुन सक्दैन । यदि हामी मानव-जातिको उत्थान गर्न चाहान्छौं भने, आयुर्बलमा वृद्धि गर्न चाहान्छौं भने र सानो-सुखी परिवार बनाउन चाहान्छौं भने ब्रह्मचर्यव्रतको पालन विधिवत गनु' पर्छ । ब्रह्मचर्यको विकल्प छैन ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्य क्षयको स्वास्थ्य पक्ष

: ८० :

वीर्य के हो ?– यौन उत्तेजनाको वेलामा लिङ्गवाट स्खलन हुने तरल पदार्थ वीर्य हो, तर यसको मुख्य सार यसमा हुने शुक्रकीटहरू हुन् । अण्डकोष भित्र गँडेउला जस्ता वटारिएर बसेका सयौं नलीहरू जसलाई शुक्रनली (Seminiferous tubules) भन्दछन् । ती नलीहरूमा शुक्रकीटको उत्पत्ति हुन्छ । जसरी मानव–शरीर वाल्यावस्था, यौवन र प्रौढावस्थामा समय-समयमा प्रवेश गर्छ, त्यसरी जीवनको अणु यी शुक्रकीटहरूले पनि पक्वताको विभिन्न रूप लिन्छन् । १२ वर्षदेखि १५ वर्षको उमेरको पुरुषमा शुक्रकीट त रहन्छ तर त्यो शुक्रकीट पुष्ट, चंचल र पूर्णरूपले सवल भएर रहँदैन । छिप्पिएको एक शुक्रकीट हेर्दाखेरि एउटा चेपागाँडा जस्तै देखिन्छ । यसको डल्लो परेको टाउको हुन्छ, वीचको सानो एक भाग हुन्छ र एउटा लामो पुच्छर हुन्छ जो विचित्ररूपले छिटो–छिटो गरी हल्ली रहेको हुन्छ । वीर्यको अरू तरल र चिप्लो भागमा करोडौं यी शुक्रकीटहरू माछाका भुराहरू जस्ता तीव्र वेगले पौडी खेलिरहेका हुन्छन् र अण्डकोषमा पैदा भएर, अण्डकोषमाथि जोडिएर वसेको एक अंकुशाकार भाग (एपिडिडिमिस)मा यी जम्मा भएर वस्छन् । स्खलनको समयमा शुक्रकीट र अरू ग्रन्थिहरूका सार मिसिएर वेगले यी स्त्री–योनिको गहिरो भागमा गर्भाशयको छिद्रनिर जम्मा हुन पुग्छन् । अरू ग्रन्थिहरूका सारले वीर्यलाई एक निश्चित आयतन दिनुको साथै स्त्री–योनिको अम्लतावाट शुक्रकीटहरूको रक्षा हुन्छ । साधारणतः एक पटक स्खलन हुँदा करीव १/१० औंस वीर्य निचिन्छ, जसमा २० देखि ३० करोडसम्म शुक्रकीट हुन्छ । गर्भाधानको निमित्त जति शुक्रकीट वढी भयो उति राम्रो हुन्छ, हुनत एकचोटिको गर्भाधानको निति एक शुक्रकीट मात्र पर्याप्त छ तर ६ करोड शुक्रकीटभन्दा कम स्खलित भएमा गर्भ रहने सम्भावना रहँदैन । साथै शुक्रकीटहरू स्वस्थ, पुष्ट र सक्रिय हुनुपर्दछ । शुक्रकीट बनाउने काम वाहेक अण्डकोषको अर्को एक अति प्रमुख काम पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ, त्यो हो एक सारतत्त्व (हर्मोन) बनाउनु जसलाई टेस्टोस्टेरोन (Testosterone) भनिन्छ। यही सारतत्त्वको फलस्वरूप हामीमा पुरुषरूपी चिह्नहरू छन्, यदि यो सारतत्त्व बनेन भने पुरुषमा स्त्रीरूप र स्त्रीगुण पैदा हुन्छ। धेरै जसो हिजडाहरू (Eunuch)मा यो सारतत्त्व हुँदैन।

वीर्य स्खलन कसरी हुन्छ ?– कुनै कारणवश यदि पुरुषमा यौन उत्तेजना बढ्दै गयो भने एउटा यस्तो चरम-विन्दुमा पुग्छ जब स्नायु संचारको असरले शुक्रनलीहरू जोडले खुम्चिन्छन्, यसो हुँदा जसरी पानी भरिएको बेलुनलाई जोडले थिच्दा पानी वेगले हुत्तिन्छ त्यसरी नै वीर्य पनि वेगले निकै परसम्म पुग्ने गरी लिङ्गको छिद्रबाट पात हुन्छ। वीर्य स्खलनको अवस्थामा पुरुष उत्तेजनाको चरम-सीमामा पुगेको हुन्छ– उसको अनुहार रातो हुन्छ, जीऊ गरमाएर आएको हुन्छ, स्वास चढ्छ, नाडीको गति तीव्र हुन्छ, रक्तचाप पढ्छ, मुटुको धडकन बढ्छ, मांस पेशीहरू फरफराउँछन्, आँखा टवाल्ल पर्छन्, सर्वाङ्ग एकछिन कक्रक्क पर्छ र पलभरको निति होंश हराए जस्तै हुन्छ, अर्थात् अत्यन्त परिश्रम गरेर जीउ तोडिएको जस्तो वा विक्षिप्तावस्था जस्तो हुन्छ। तुरुन्त पछि सर्वाङ्ग शिथिल र चीसो हुन्छ र एक अनौठो कमजोरीको अनुभूति हुन्छ। यौन उत्तेजनादेखि स्खलनसम्म केही मिनेट लागेता पनि यसपछि पुरुष दिनभरि जोतिएर लस्त–व्यस्त भएको जस्तो हुन्छ।

वीर्य स्खलन हुने तरीकाहरू:– वीर्य स्खलनका मुख्य तरीकाहरू हुन्- स्वप्नदोष, हस्त-मैथुन, स्त्री संभोग, अरू यौन विकृतिहरू र शुक्रजन्य वा वीर्यजन्य रोगहरू। यहाँ यी बारे छोटकरीमा केही विवेचना गरौं–

(क) स्वप्नदोष:– निद्रावस्थामा संयम नगर्न सक्ने रूपमा वीर्य स्खलन हुनलाई स्वप्नदोष भनिन्छ। यौवनावस्थामा प्रवेश गर्दा यो अक्सर धेरै पुरुषहरूमा पाइन्छ। सीमितरूपमा यो विशेष रोग होइन। वीर्य लगातार अण्डकोषमा पैदा भै रहन्छ, र यदि प्राकृतिक तरीकाबाट यो स्खलन हुन नसके निद्रावस्थामा यो निस्किन्छ, प्रायश: पुरुषले सपनामा कुनै स्त्रीसँग संभोग गरेको देख्दछ र उसलाई आनन्द प्राप्तिको भान हुन्छ। जब वीर्य स्खलन हुन्छ त उसको निद्रा खुल्छ र आफ्नो अवस्था देखेर उसलाई ठूलो ग्लानि र पश्चात्ताप हुन्छ। स्वप्नदोषपछि आलस्य र कमजोरीको अनुभव हुन्छ, कसै-कसैलाई विहान उठ्दासम्म कपाल दुखेको, जीउ लूलो भएको र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन खिन्न भएको हुन्छ। यस्तो हुनु वीर्यको ह्रासकोभन्दा मानसिक भय र आशंकाले हो। यदा-कदा स्वप्नदोष हुनु त्यति भयानक कुरो होइन, तर यदि यो निरन्तर र छिटो–छिटो हुन थालेमा केही उपाय अपनाउनुपर्ने हुन्छ। धेरै जसो स्वप्नदोष चंचल प्रकृतिका व्यक्तिमा देखिन्छ।

सुत्ने वेलामा उत्तेजनात्मक पत्र–पत्रिका, पुस्तक पढ्ने वा नग्न स्त्रीहरूको तस्वीर हेर्ने र तत्सम्बन्धी क्रियाकलाप बारे चिन्तन गर्ने गरेमा स्वप्नदोष हुन सक्छ। स्वप्नदोष एक रोग नै नभएपनि, एक विकार हो र अप्रत्याशित रुपले वीर्य स्खलन हुँदा लगाएको लुगा र बिछौना खराब हुँदा सामाजिक दृष्टिबाट पनि यसले अपठ्यारो गराउन सक्छ। स्वप्नदोष ठीक गर्न पुरुषको मनमा यसप्रति डर र शंका पैदा गराएर हुँदैन अपितु यसप्रति केही सक्रिय उपाय अपनाएर मात्र हुन्छ। मानसिक र शारीरिक संयम यसको निमित्त जरूरी छ। गहिरो निद्रामा सपना नदेखिने हुनाले स्वप्नदोष हुने मौका कम हुन्छ, त्यसकारण नियमित समयमा सुत्ने गर्नु, आलस्य त्याग्नु, जसले गर्दा सुत्न जाँदा जीउ केही थाकेको होस्। सुत्ने अगाडि गरिष्ट खाना र पेय जस्तै ज्यादै पीरो, अमिलो, बासीकुरा, धेरै मसला हालेको पदार्थ रक्सी, कफी, चिया, चुरोट इत्यादि नखानु। बिछौनामा बसेर उत्तेजनात्मक नपढ्नु साहित्य यसको सट्टा धार्मिक ग्रन्थको अध्ययन गर्नु। सुत्नुभन्दाअघि पिसाब फेर्नु पर्छ। यी सब उपायद्वारा स्वप्नदोष या त निर्मूल पार्न सकिन्छ या यो यदाकदा मात्र हुनेगर्छ।

(ख) हस्त–मैथुनः– यौवनावस्थाको चंचलताले गर्दा स्वप्रयासद्वारा वीर्य स्खलन गराई क्षणिक आनन्दको अनुभव गर्नुलाई हस्तमैथुन भनिन्छ र जीवनकालमा यदाकदा यो धेरैजसोले गरेका हुन्छन्। तर, यदि यो नियमित र दीर्घकालीन भयो भने यसबाट शारीरिक, मानसिक, बौद्धिक र सामाजिक खराबीहरू हुन सक्छन् र कसैकसैमा हस्त-मैथुनको आनन्दले प्राकृतिक स्त्री-सम्भोगको आनन्दलाई साटो फेर्‍यो भने त यसलाई भयङ्कर रोगकै उपमा दिए पनि हुन्छ। स्त्री-संभोग भन्दा हस्त-मैथुन यसकारणले बढता कमजोरी गराउने हुन्छ कि पहिलोमा दुई व्यक्तिको सहयोगको आवश्यकता हुनाले त्यो जुन वेला पनि उपलब्ध हुन सक्तैन तर हस्त मैथुन कुनै वेला र जति पटक पनि गर्न सकिन्छ र यो लत लागेका व्यक्ति मूर्खताले गर्दा हर हमेशा यसमा रत भएर एकोहोरो, एकान्तवासी, असामाजिक र दुर्बल हुन्छन्। बढी आनन्दको खोजीमा लिङ्गलाई अनेकौं वस्तुमा घर्षण गराउँदा त्यसमा आघात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेर रक्तस्राव हुँदै कति युवकहरू अस्पताल पुग्ने पनि गर्दछन् । साथै, हस्त-मैथुन एक फोहोरी काम पनि हो । यस्तो लत लागेको व्यक्ति चंचल प्रकृतिको, कातर, दुब्लो, अजीर्णको रोगी, अध्यापनमा कमजोर र अभद्र व्यवहारको हुन सक्छ । धेरै हस्त-मैथुन गर्नाले लिङ्गको बान्की बिग्रेर बाङ्गो टिङ्गो पनि हुन सक्छ । यौन उत्तेजनाको लागि प्रशस्त घर्षण पुऱ्याउनु पर्दा विवाह-पछि स्त्री-स्पर्शबाट मात्र उत्तेजना नपुग्ने हुन सक्छ र संभोग गर्न नसक्नाले नपुसंक हुन पनि सक्छ ।

हस्त–मैथुन यौवनको उच्छृङ्खलतामा धेरैजसो स्त्री-पुरुषले जानेर वा नजानेर गरेकै हुन्छ । यदाकदा यसरी हस्त-मैथुन गर्नाले न त कुनै भीषण रोग नै लाग्छ, न त यस्ता व्यक्तिलाई अपहेलना गर्नु नै उचित हुन्छ । शुरूको आदत दीर्घकालीन आदतको रूपमा परिणत भई यो रहन गए मात्र यसबाट विकार र रोगहरू पैदा हुन सक्छन्; त्यस अवस्थामा पनि यो निको पार्न सकिन्छ । पहिलो काम त यौन–उत्तेजना घटाउनु हो, यसको निमित्त मानसिक संयम बडो आवश्यक छ, स्वच्छ र सात्त्विक आहार, नियमित व्यायाम, सदाचारी पुरुषहरूसँग संसर्ग, उत्तेजनात्मक साहित्य नपढ्ने बानी, हस्त-मैथुनको व्यग्रता भएमा चिसोपानीले स्नानगर्ने र राम्रो विवाह-सम्बन्ध-बाट पनि हस्त-मैथुनको आदत स्वतः हराएर जान्छ ।

(ग) स्त्री–संभोग र यौन–रोगः– स्त्री–संभोग वीर्य क्षयको प्रमुख र प्राकृतिक उपाय हो, प्राकृतिक तबसम्म कि संभोग आफ्नी वैवाहिक पत्नीसँग उचित समयमा गरिन्छ । तर, ब्रह्मचर्यहीन कामलोलुप व्यक्ति यस्तो सम्बन्धबाट मात्र सन्तुष्ट नभएर यदि ऊ बलात्कार गर्नेतर्फ परस्त्री गमन तर्फ, वेश्यासँग संभोग गर्नतर्फ लाग्छ भने ऊ घृणित व्यक्ति हुन जान्छ र सामाजिक समस्याहरूमा जेलिनुको साथै अपरिचित स्त्रीसँग संभोग गर्नाले जघन्य यौन रोगको शिकार हुनुपर्दछ । मुख्य यौन रोग हुन्– भिरिङ्गी (सिफीलिस) र गनोरिया । अरू सासाना तर अत्यन्त पीडादायी यौन रोगहरू पनि छन् । यी दुवै रोगपीडित स्त्री वा पुरुषसँग यौन–संसर्ग गर्नाले जननेन्द्रियबाट सर्छ । सिफीलिसमा पहिले लिङ्ग वा योनिमा खटिरा जस्तो नदुख्ने, सारो खालको घाउ निस्कन्छ र पछि यसले शरीर भरि रोग फैलाई कुँजो र पागल सम्म पनि गराई दिन्छ । सिफीलिस भएका आमाका सन्तान कि त गर्भमै मर्छन्, कि त्यही रोग लिएरै पैदा हुन्छन् । गनोरियामा पिशाबमा जलन हुने, पीप आउने र पिशाबको नली बन्द हुने हुन्छ र यसले भयङ्कर पीड़ा दिन्छ । स्त्रीको डिम्ब–नली बेकम्मा भएर सन्तान जन्माउन नसक्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हुन्छ । वीर्यपात हुँदाको क्षणिक चरम सुखको प्राप्तिका लागि यस्तो भीषण रोगको चंगुलमा फस्नु घोर मूर्खता हो । यो यौन-रोगले शरीरका रगतहरूलाई दूषित बनाउँछ । रगत खराब भएपछि त्यो व्यक्तिको शरीर रोगी हुन्छ भने त्यसका शाखा सन्तानको शरीरमा पनि शुद्ध रगतको अभाव परिरहन्छ । अपर्झट कसैलाई रगत दान दिन पर्दा पनि रगत दूषित हुने व्यक्तिको रगत मिल्दैन भनेर डाक्टरहरूले रगत जाँचेर जवाफ दिन्छन् । रगत दूषित हुने स्त्री-पुरुषहरूको संख्या बढेकोले राष्ट्रकै लागि एउटा चिन्ता यो पनि नभएको होला भन्न सकिन्न । यौन रोगका विशेषज्ञहरूले के संकेत गरिरहेका छन् भने नेपाल देशमा पनि यी रोगहरू प्रशस्त बढ्दैछन् । यसको प्रमुख कारण हो—मनुष्यमा संयम, मर्यादा, नैतिकता घट्नु र चर्कंदो महँगी तथा बेकारीले गर्दा द्रव्य लोलुपता बढ्नु । दुःखको कुरो छ- बढ्दो यौन रोगले स्त्री तथा पुरुषको जीवनमा खग्रास ग्रहण लागिरहँदा बचाउने उपाय-हरू नगन्य छ ।

(घ) **अरू यौन विकृतिहरू**– असंयमी पुरुषले शारीरिक आनन्दको निंति वीर्य क्षयका अनेकौं अरू अप्राकृतिक उपायहरू पनि अपनाउँछन्, जो नैतिकता मात्र हैन, कानूनको दृष्टिबाट पनि गलत पअराधपूर्ण छन् । समलैङ्गिक मैथुन (Homo sexuality), गुदा–मैथुन (Sodomy), पशु–मैथुन (Bestiality), सामूहिक रति (Group–sex) इत्यादि आजकाल पाश्चात्य सभ्यतामा दिनानुदिन प्रचलित हुँदैछन् । रबर र प्लाष्टिकका लिङ्ग र योनिको प्रयोग पनि बढ्दैछ र ठूला–ठूला शहरहरूमा यौन सम्बन्धी सर सामान पाइने विशाल यौन-पसलहरू (Sex-Shop) खुल्दैछन् । चलचित्रमा बालीगहरूका लागि चित्र (Adult Movies) र क्लबहरूमा खुलेआम प्राकृतिक र अप्राकृतिक यौन क्रीडा देखाएर मनुष्यको नैतिक बल र संयमको ह्रास गराइन्छ । त्यस्तो नग्न कामभावना जगाउने चलचित्रहरू नेपालमा पनि ठूला बडाका घरहरूमा, नामूद व्यापारीका कोठा चोटामा देखाइने गरेको सबैलाई थाहा छ । यसैले गर्दा संयम तथा सदाचार पालन हुन सकेको छैन । यस्तो व्यभिचार तथा कामको आगो नदन्काउन सम्बन्धित पक्षले यो पुस्तक पढेर सदुपदेश ग्रहण गर्ने आशा लिन सकिन्छ ।

(ङ) **प्रमेह**– यो एक रोग हो र यसका कतिपय कारणहरू छन् । आयुर्वेदशास्त्रमा यसका अनेकौं प्रकारहरू, कारणहरू उल्लेख गर्नुका साथै यसको इलाजको उपाय पनि बताइएको छ । एलोप्याथीले पनि स्परमेटोरिया (Spermatorrhea) भनेर नाम दिएको रोग यही हो । यसमा पिशाब-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सँगै मिसिएर वा पछि पातलो वीर्य वा सेतो पदार्थ जान्छ । सबै सेतो पिशाब प्रमेह नै हो भनेर डाक्टरहरू मान्दैनन् । फस्फेट भन्ने एक पदार्थले पनि पिशाब चामल भिजाएको चौलानी जस्ता सेतो र बाक्लो गराउँछ, यो अहानिकारक हुन्छ र इलाजबाट सफा पनि हुन्छ । पिशाबबाट रगत जाने, पीप जाने, हावा जाने इत्यादि सबैलाई प्रमेह भनेता पनि जाँच गरियो भने प्रत्येकको मूल कारण पत्ता लाग्छ– जस्तै रगत जाने भए पत्थरी वा क्यान्सर हुन सक्छ इत्यादि । प्रमेहका रोगीले तुरुन्त डाक्टरी जाँच गराई रोगको निदान गराएर यथाशीघ्र इलाज गराउनुपर्दछ । हो, प्रमेह कतिपय कडा रोगहरूको लक्षण हुनाले इलाज नगरेमा रोगी क्षीण र दुर्वल हुन गइ असामयिक मृत्युको शिकार पनि हुन सक्छ ।

(च) **बाँझोपन–** बाँझोपन स्त्रीको मात्र दोष हुँन, पुरुषको वीर्यको खराबीबाट पनि बाँझोपन हुन सक्छ । यदि स्खलित वीर्यमा प्रचुर मात्रामा शुक्रकीट भएन भने, वा शुक्रकीट टुक्रिएका वा रोगी खालका भए भने यस्तो वीर्यबाट गर्भाधान हुन सक्तैन । यस्ता वीर्यजन्य रोग कैयौं किसिमका छन् र दम्पतिको सन्तान भएन भनेर स्त्रीलाई मात्र दोष दिई अर्को विवाह गर्नु-भन्दा पहिले पुरुषले आफ्नो वीर्यको जाँच गराउनुपर्छ । निरन्तर यौन पिपासा शान्त गर्न वीर्य क्षय गराई रहने व्यक्तिको वीर्य पातलो र घटिया खालको हुन सक्छ । संयम र ब्रह्मचर्य पालन गर्ने, स्वच्छ आहार–विहार गर्ने पुरुषको वीर्य गहकिलो र पुष्ट हुन सक्छ र यसबाट असल सच्चरित्र सन्तान पनि पैदा हुन सक्छ ।

(छ) **नपुंसकता**· स्त्री-संभोग गर्ने इच्छा नहुनु वा गर्न नसक्नुलाई पनि नपुंसकता भनिन्छ । यो लिङ्गको खराबीले पनि हुन सक्छ तर धेरैजसो यो मनोवैज्ञानिक हुन्छ । सानो उमेरदेखि कुलतमा लागेका, अप्राकृतिक सहवास गर्ने व्यक्तिहरू, व्यभिचारी पुरुष, ज्यादा रक्सीपान गर्ने वा लागु पदार्थ सेवन गर्ने व्यक्ति, घरमा सँधै झैझगडा र कलह गर्ने व्यक्ति, परस्त्री गमनको चासो लागेका व्यक्तिहरू नपुंसक भएका समेत देखिएका छन् । यसले वैवाहिक जीवन वरबाद गरिदिन्छ । आफ्नो नपुंसकता दबाउन त्यस्तो पुरुष व्यवहारमा क्रोधी, लोभी, अविश्वसनीय र घमण्डी हुन्छ । आफ्नो कमजोरीको बारे पश्चात्ताप गर्दा गर्दै उ कि त मानसिक रोगी हुन्छ, कि त अल्पायु हुन्छ । यौन–बल बढाउन बजारमा विज्ञापन गरिने कतिपय औषधिहरू सेवन गर्नाले पनि नपुंसकता हुन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ज) शीघ्र स्खलन– कुनै पुरुष उत्तेजित अवस्थामा वीर्य रोक्न सक्दैन र संभोग शुरू हुनासाथै स्खलित भई जान्छ । यसले पुरुषमा हीनताको भावना, कमजोरीपन र नैराश्य पैदा गर्छ । स्त्रीलाई उत्तेजित गराएर उसको इच्छा पूरा गर्न नसक्नाले ऊ स्त्रीको क्रोध र अपहेलनाको पात्र हुन सक्छ, यो कुरोको जानकारी स्वयं उसलाई हुन्छ, यस्तो अवस्थामा केही पुरुषले ग्लानि भएर आत्महत्या पनि गरेको उदाहरणहरू पाइन्छन् ।

(झ) क्षयरोग (टी. बी.)– यो अति डरलाग्दो सरुवा रोग हो । नेपालमा यो रोगको प्रकोप ज्यादै फैलिएको छ । यो रोगको लागि मात्र औषधि उपचार हुने आफ्नै अस्पताल, धेरै विशेषज्ञ, डाक्टरहरू र धेरै आधुनिक उपकरणहरूले चिकित्साको क्षेत्र ढाके पनि यो रोग नियन्त्रणदेखि बाहिरको बनिरहेको छ । नेपालमा ६०% प्रतिशत मानिसहरूलाई यो रोग लागेको चर्चा एक अमेरिकन डाक्टर रबर्ट पिथलले चारवटा जिल्लाको सर्भेक्षण गरी प्रकाशित गरेका छन् । यो रोग लागेको बिरामीको निमित्त यौन-रुचि एउटा घातक मृत्यु नै ठहरिन्छ । क्षय रोगीको लागि सहवास एक अति वर्जित क्रिया हो ।

क्षयरोगीलाई यौन कार्यमा लाग्दा थूक तथा जूठो मिलेर छातीमा बढी परिश्रम परी शरीर चाँडो गल्दछ वा रोग बढ्दछ र स्त्री भए पुरुषलाई पनि रोग सर्ने यो बेला हुन्छ भनी विशेषज्ञ विद्वान् डाक्टरहरूले लेखेका छन् । क्षयरोगीलाई डाक्टरद्वारा जँचाई नियमित औषधि उपचार गराएमा र परहेजमा राखेमा यो रोग निको नहोला भन्नै पर्दैन ।

सर्वप्रथम जर्मन वैज्ञानिक डाक्टर रबर्ट कफ्ले १८८२ मा क्षयरोगका कीटाणुहरू पत्ता लगाएको १०० वर्ष हालै पूरा भएको छ । क्षयरोग फोक्सोमा, मृगौला र शरीरका अन्य भागहरूमा पनि हुन्छ । क्षयरोग हुनुको कारण धूम्रपान वा मद्यपान होइन, धूम्रपान वा मद्यपान गर्ने व्यक्तिका शरीरमा चाँडो क्षयरोगका कीटाणुहरू पस्न र रहन सक्छन् । स्त्रीसँग सहवास हुँदा श्वास–प्रश्वासको र थूकको शीघ्र आदान प्रदान हुने अवस्थाले रोगका कीटाणुहरू एकै क्षणमा एक अर्काका शरीरमा सर्न सक्छन् । यसैले क्षयरोगीका लागि सहवास मृत्युतुल्य हुन्छ भनी भनिएको हो ।

अन्त्यमा ह्राम्रो धर्म शास्त्रअनुसार पनि जीवनमा वीर्यको ठूलो महत्त्व छ । शास्त्रमा लेखिएको छ– वीर्यको अभावमा अनेक रोगहरू उत्पन्न हुन्छन् ।[1] □

---

1 नष्टे शुक्रे सर्वे रोगा भवन्ति । –(सूक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यको रक्षाबाट हुने लाभहरू

: ८१ :

आठ प्रकारका मैथुनहरूबाट टाढा रहनु जुन ब्रह्मचर्य छ, त्यसको सदा रक्षा गर्नुपर्छ ।[1]

ब्रह्मचर्यको अभिप्राय नै वीर्यको रक्षा गर्नु हो । वीर्य नै जीवन र शरीरको राजा हो । यसलाई सञ्चित गर्नु र रक्षा ठूलो महत्त्वको कुरो छ । हाम्रा आर्य ऋषिहरूको महत्त्व र उच्च ज्ञान-तपोनिष्ठाको प्रधान कारण यही ब्रह्मचर्य थियो । नेपाली ठूला-ठूला विद्वान्, ज्ञानी, शूर-वीर, यशस्वी तथा तेजस्वी हुने यही एउटा मूल कारण हो । वीर्य रक्षाबाट हुने लाभहरू शास्त्रमा लेखिए अनुसार यहाँ उल्लेख गर्दछु :

(१) ब्रह्मचर्यको शक्तिबाट असाध्यभन्दा पनि असाध्य कर्म पूरा गर्न सकिन्छ । यसैकारणले कार्यको सिद्धिसम्म मानिसहरू ब्रह्मचर्य पालन गर्दछन् ।

(२) ब्रह्मचर्यको शक्तिबाट शान्ति र आत्मज्ञान प्राप्त गर्न सकिन्छ । यो कुरो हामीलाई ऋषिहरूको उपदेशबाट थाह हुन्छ ।

(३) देश, धर्म र जातिको सेवा गर्न र रक्षा गर्न चाहनेले ब्रह्मचर्यको पालन गर्नुपर्छ ।

(४) अन्तःकरणलाई पवित्र र शान्त राख्नको लागि ब्रह्मचर्य नै परमौषधी हो ।

(५) सदा प्रसन्न र सुखी रहने उपाय अक्षुण्ण ब्रह्मचर्य हो ।

(६) जीवनको सफलता, सुन्दरता, स्वास्थ्य, हृष्टपुष्ट अंग, उद्योग, श्रम गर्ने शक्ति र अनुशासनको लागि ब्रह्मचर्य अमृत-रूप छ ।

(७) सदुद्देश्य, सदाचार, स्वाधीन-विचार र राजभक्ति यी सबै गुणहरू ब्रह्मचर्यको पालनाबाट मात्र आउँदछन् ।

---

1 ब्रह्मचर्यं सदा रक्षेदष्टधा मैथुनं पृथक् ।
–(दक्ष-संहिता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(८) सुसन्तान, स्त्री-सुख, समाज सेवा तथा सद्व्यवहार आदि ब्रह्मचर्यको पालनबाटै हुन्छ ।

(९) ब्रह्मचर्यरूपी अमृतलाई धारण गरेर वासनारूपी रोगहरूलाई नाश गर्न सकिन्छ ।

(१०) ब्रह्मचर्यबाटै दिव्य ज्ञान, साँचो अनुभव पाइन्छ । दुष्कर्महरू र दुर्भावनाहरू स्वतः हटेर जान्छन् ।

ब्रह्मचर्यको पालनबाट अलभ्य लाभ हुन्छ । ब्रह्मचर्यको पालन गरेर यो लोक र परलोक सपारौं ।

□

अनित्यानि शरीरनणि विभषो नैव शाश्वतः ।
नित्यं सन्निहितो मृत्युः कर्तव्यो धर्मसंग्रहः ।।

शरीर अनित्य छ, एश्वर्य अनित्य छ, र मृत्ययु सदैव नजिक छ, यसैले धर्म गर्नु पर्छ ।

□

चलालक्ष्मीश्चलाः प्राणश्चले जीवितमन्दिरे ।
चलाचले च संसारे धर्म एकोही निश्चला ।।

यो चराचर जगतमा धन प्राण सबै चलायमात्र छ, केवल धर्म नै निश्चल छ ।

□

जति ज्यादा हामीले पढे, त्यति ज्यादा हामीले सिके, जति ज्यादा हामीले चिन्तन गरे त्यति नै हाम्रो दृढ निश्चय भयो कि हामी त केही पनि जान्दनौं ।

—वाल्टेयर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अमोघवीर्य र ऊर्ध्वरेता

: ८२ :

ब्रह्मचारीलाई कहिले कुनै प्रकारको कष्ट हुँदैन ।[1]

ब्रह्मचारीले तेजस्वी वीर्यको संग्रह गर्छ । यसैकारण त्यसमा समस्त देवगणहरू वास गर्दछन् ।[2]

वीर्य–भेदवाट अमोघवीर्य र ऊर्ध्वरेता नाउँका दुइ प्रकारका ब्रह्मचारी हुन्छन् । यी दुवै प्रकारका ब्रह्मचारीहरूवाट संसारको सेवा हुन्छ । यी दुवै सर्वश्रेष्ठ गनिन्छन् ।

'अमोघवीर्य'को अर्थ हो– अपरिमित वीर्य भएको, 'ऊर्ध्वरेता'को अर्थ हो - वीर्यलाई धारण गर्ने । अमोघवीर्यको भएको मानिसबाट एकै पटकमा गर्भाधान हुन्छ र उर्ध्वरेताको वीर्य सपनामा पनि वगेर जाँदैन, वीर्य उसको वशभित्र रहन्छ । यी दुवै ब्रह्मचारी हुन् ।

पहिला धेरै आर्य राजाहरूले ब्रह्मचर्यको पालनवाट सिद्धिहरू पाएका थिए, सगर, धृतराष्ट्र, महर्षिहरूमा वशिष्ठ, पराशर र यमदग्निइरू अमोघवीर्यका र देवव्रत भीष्म र महावीर हनुमान् ऊर्ध्वरेताका उदाहरण हुन् ।

अमोघवीर्यभन्दा ऊर्ध्वरेता वन्न गाह्रो छ । अमोघवीर्य आफ्नो सिद्धिले इच्छा गरिएको जति मात्र सन्तान उत्पन्न गर्न सक्छ, तर ऊर्ध्वरेताका लागि यस्तो आदेश छैन । उसले आफूसँग रहेको महावीर्यताबाट संसारको सेवा गर्ने मात्र अधिकार छ । अमोघवीर्य वन्नका लागि नियमित ब्रह्मचर्य पालन गर्नुपर्छ तर ऊर्ध्वरेताका लागि ब्रह्मचर्यका साथ साथै योगको पनि पालन गर्नुपर्छ । यो वेला हाम्रो देश, धर्म र समाजको लागि यी दुवै प्रकारका ब्रह्मचारीहरूको ज्यादै आवश्यकता परेको छ । □

---

1 ब्रह्मचारी न काञ्चन आर्तिमाच्छति ।
–(शत० ब्रा०)

2 ब्रह्मचारी ब्रह्म भ्राजद्बिभर्ति ।
तस्मिन्देवा अधिविश्वे समोता ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यनाशका मुख्य कारणहरू

: ८३ :

हामी आर्य जातिको धर्म र स्वास्थ्य बिग्रँदै जाँदो छ। हाम्रो प्राचीन गौरवलाई आजको आधुनिक परिस्थिति तथा अवस्थासँग दाँजेर हेर्दा धेरै ठूलो अन्तर देखिन्छ। हुनत समय सदा एकैनासले नरहने भएकोले समयले पारेको यो खाल्डो भन्नेहरू पनि धेरै छन्, तर धर्मको पालना हुन छाडेकोले बिग्रँदै गएको अवस्था शोचनीय छ। त्यो तर्फ कोही संकेत गर्दैनन्। विषय-वासनाहरूको जालोले आजको संसारलाई ढाकेको छ। व्यभिचार तथा कामोत्तेजनाबाट विभिन्न अपराध कार्यहरू भइरहेका छन्। समाज तथा परिवारको विघटन भइरहेछ। धर्म तथा ब्रह्मचर्यको पालनमा अवरोधहरू–सिनेमा, होटेल, बार, भट्टी आदि जहाँ तहीं खुलिरहेका छन्। गौचरनहरूको नाश, मन्दिरहरूबाट मूर्तिहरूको चोरी, अनैतिक तथा भ्रष्ट व्यापार समाजमा भइरहेछ। जुवा, क्यासिनो, डिस्को पनि चलिरहेछ। गुरुलाई सिक्री, चक्कुले हिर्काउने, क्याम्पसमा गोली हान्ने, भित्तामा नारा र राजनीतिक गालीगलौज लेख्ने विद्यार्थीहरूको समूहबाट देशले विकासमा के आशा लिने ? शिक्षाले सदाचार, मानव धर्म, नैतिकता पालन गराउँछ भने हाम्रो शिक्षा किन त्यस्तो भयो ? वैदिक आर्य सनातनधर्म प्रणालीबाट शिक्षा तयार नभएकोले कुसंस्कार, खराब व्यसनहरू, आचरण भ्रष्टता फैलिए। विद्यार्थीहरू वा शिक्षित समूहबाट संयममा, सच्चरित्रता, सद्भावना देखाइनु पर्नेमा यसको विपरीत अचरण देखिन्छ। शिक्षा- प्रणालीमा सुधार गर्न शाही उच्च शिक्षा आयोगको प्रतिवेदन प्रकाशित भएको छ। धर्म तथा ईश्वर प्रति श्रद्धा-भक्ति रहने शिक्षाको आवश्यकता परेको छ। विवेकी तथा विनयी बनाउने शिक्षा चाहियो र मर्यादा कर्तव्यनिष्ठा, राजभक्ति दर्शाउने शिक्षा चाहियो। मनुष्य जीवनको अनमोल पदार्थ वीर्य भएकोले वीर्यको रक्षा गर्ने शिक्षा चाहियो। वीर्य नाश हुने कारणहरू यी हुन्। ऐन कानूनले रोकेर मात्र हुँदैन, प्रत्येक व्यक्तिले रोक्नु पर्दछ। नैतिक नियमलाई पालन गर्नुपर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाल-विवाहः– एउटी निर्बोध कम उमेरकी बालिकाको विवाह एउटा अबोध कम उमेरकै केटासँग गरिन्छ । दुवै अज्ञानतावश विषयमा लागेर केही दिनमै हतवीर्य बन्छन् । कानूनले रोके पनि बाल-विवाह रोकिन सकेको छैन । बाल-विवाहबाट देश र जातिको ठूलो हानि हुन्छ । बालककालमा अवश्य ब्रह्मचर्यको पालना गर्नुपर्छ, यस दिशामा आमा-बाबु, अभिभावक तथा शिक्षित व्यक्तिले राम्ररी सोच्नुपर्छ । कानूनको परिपालन गर्ने जिम्मेदारी राम्ररी पालन भएमा बाल-विवाह रोकिन्छ ।

वृद्ध-विवाहः– धनको लोभले गर्दा एउटा वृद्ध पुरुषले एउटी कोमल अबोध बालिकासँग विवाह गर्दछ, त्यो पुरुषका एउटा-दुइटा अगाडि पनि स्त्रीहरू हुन्छन्, त्यो बालिका तरुणी हुँदा त्यो बूढो मरि सक्छ । त्यो तरुणी केटीलाई पापकर्म गर्न परिवार वा समाजले बाध्य पारिदिन्छ । वृद्धावस्थामा आफ्नै स्त्रीसँग पनि सहवास गर्नु हुँदैन । हाम्रो शास्त्र भन्छ– 'वृद्ध पुरुषका लागि तरुणी विष समान हुन्छ ।'[1] वृद्ध-विवाहले विधवाहरूको संख्या बढ्छ । वृद्ध अवस्थामा ब्रह्मचर्यको पालन बाहेक अर्को उपाय छैन ।

वेश्यागमन :– मानिसलाई यौवनको नशाले छोएपछि परिणाम विचारै नगरी डुगुर्छन् । त्यो मानिस पशुतुल्य बन्छ । यस्तै वेश्यागमन गर्ने पुरुष पनि पशु जस्तै कामेच्छामा डुगुरेका हुन्छ । धनप्राप्तिका लागि बजारमा यौवनको व्यापार गर्ने स्त्रीलाई हामी वेश्या, रण्डी भन्ने गर्छौं । यस्तो वेश्याहरूको संगतमा परेर कति महिलाको जीवन स्वाहा भएको छ भने कति पुरुषहरू डरलाग्दा सरुवा रोगले स्वास्थ्य चौपट भएर मरेका पनि देखिन्छ । वेश्यासँग संसर्गको लत बसेपछि त्यो जीवनपर्यन्त छुट्दैन । हाम्रो समाज गोनोरिया, सिफलीस, राजयक्ष्मा (टी० बी०) जस्ता प्राणघातक डरलाग्दा रोगहरू बोकेर अल्पायु बनेर धेरै मानिसहरू मर्छन् । वेश्यावृत्तिलाई दर्ता गर्ने तथा वेश्याहरूको स्वास्थ्य जांच गराउने सभ्य विकसित देशको व्यवहार एकातिर छैन भने, वेश्यावृत्तिलाई मान्यता पनि दिइएको छैन । अर्कोतर्फ खुलारूप जस्तैमा होटेल, लज, टोल–टोलमा वेश्यावृत्ति चलिरहँदा नियन्त्रण गर्ने दिशातर्फ कुनै प्रभावकारी कदम उठेको देखिएको छैन । यसरी स्वास्थ्य र जीवनसँग नराम्रो खेलबाड भइरहेछ । ठूलाघरका छोरा–छोरीहरू पनि यो लाइनमा लागेका छन् । वेश्यागामी पुरुषले हत्या वा आत्महत्या पनि गर्छन । वेश्या–गमनबाट पुरुष महा पातकी बन्छ ।

पर-स्त्री-गमनः– महर्षि मनुले लेखेका छन्– 'यो संसारमा पुरुषको

1 वृद्धस्य तरुणी विषम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आयुर्वल क्षीण गर्ने कुनै यस्तो कार्य छैन, जस्तो कि पराइ स्त्रीकासाथ रमण गर्नु ।'[1]

अति सहवास:- आफ्नै स्त्रीसँग पनि अति सहवास गर्नु एक प्रकारको व्यभिचार हो । असमयमा वीर्यपात गर्दा ब्रह्म-हत्याको पाप लाग्छ । वैद्यक-शास्त्रमा अति मैथुन निषेध गरिएको छ 'अति मैथुन (स्त्री-प्रसङ्ग) बाट शूल, खोकी, जरो, श्वास, दुर्वलता, प्रमेह, क्षय (टी० बी०) वात आदि रोग उत्पन्न हुन्छ ।[2]

मनुष्यको सबै अनुष्ठान गरिएका कार्य ब्रह्मचर्यको नाशबाट नष्ट हुन्छ ।[3]

ब्रह्मचर्यको पालन त्यागेपछि अनेकौं उपद्रवहरू निर्मूल हुन्छन् । यसको दुष्परिणामहरूको कुनै संख्या लेख्न सकिन्न तैपनि ब्रह्मचर्यको पालन नगर्नाले हुने हानिहरू यहाँ लेख्दछु—

(१) ब्रह्मचर्यको नाशबाट अन्तःकरण अपवित्र र दुर्वल हुन्छ । (२) वीर्य-क्षयबाट मन मलिन, शरीर शक्तिहीन र आत्मा अनुत्साही बन्छ । (३) ब्रह्मचर्य नाश गर्ने पुरुष विना तेलको बत्ती जस्तै जीवन-लीला चाँडै समाप्त गर्छ । (४) वीर्य-नाशले गर्दा पाइला-पाइलामा विपत्तिहरू आइरहन्छन्, जसलाई रोक्न सकिन्न । (५) ठूला-ठूला पुरुष पनि ब्रह्मचर्यबाट पतित हुनासाथ संसारमा श्रीहत हुन पुगेका छन् (६) वीर्य-क्षयबाट धातु रोग, रक्त विकार, शिरोरोग, दृष्टिहीनता, अजीर्ण, कोष्ठबद्धता, ग्रन्थि वात, पक्षाघात, मन्दाग्नि, हृदयहीनता, आलस्य, उन्माद, मृगी, श्वास, भय आदि अनेक शारीरिक र मानसिक रोग उत्पन्न हुन्छ । (७) वीर्य-क्षयबाट आनन्द, साहस, धैर्य, वीरत्व, तेज, शान्ति, ज्ञान र सदाचार आदि नष्ट हुन्छ । (८) वीर्य-नाशभन्दा ठूलो अर्को महापातक छैन । (९) वीर्य-क्षयबाट धर्म र धनको क्षय हुन्छ । (१०) एक थोपा वीर्य नाशबाट असंख्य जीवहरूको हत्या हुन्छ ।

यी माथि लेखिएका विकारहरू तथा खराब कार्यमा अग्रसर हुँदा जीवनको अनमोल वीर्य नाश हुने कारणलाई जानेर त्यस्तो कारण हुन नदिन प्रयत्न गर्नुपर्छ । □

---

1 नहीदृशमनायुष्यं, लोके किञ्चन दृश्यते ।
यादृशं पुरुषस्येह, परदारोपसेवनम् ।। —(मनु-स्मृति)

2 शूल कास ज्वर श्वास, कार्श्य पाड्वामयक्षयाः ।
अति व्यवाज्जायन्ते, रोगाश्चाक्षेपकादयः ।। —(वैद्यक-शास्त्र)

3 सर्वस्वानुष्ठितं कार्यं, हन्यतेऽब्रह्मचर्यया । —(सूक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्य–नाश हुने सामग्रीहरू

: ८४ :

भोजन:– आहार जस्तो गऱ्यो, उस्तै बुद्धि उत्पन्न हुन्छ। मानिसले गर्ने भोजन तीन थरीको मानिएको छ। सात्त्विक भोजनगर्ने मानिसको सात्त्विक वृत्ति हुन्छ, धर्म तथा ब्रह्मचर्यको पालन गर्दछ। राजसी भोजन गर्ने मानिसको राजसी वृत्ति हुन्छ। तामसी भोजनगर्ने मानिसको तामसी वृत्ति हुन्छ।

जुन आहारले आयु, ओज, बल, आरोग्य, सुख र प्रीति बढाउँछ र जो सरस, चिल्लो, लघु तथा रुचिवर्द्धक होस्, त्यो सात्त्विक मानिसहरूलाई प्यारो हुन्छ।[1]

खराब भोजनबाट दुःख प्राप्त हुन्छ, यसैकारण अयोग्य छ।[2] खराब कर्महरूमा लाग्ने मानिसले तामसी भोजन गर्छन्, यसबाट वीर्य–रक्षा हुन सक्दैन।[3] राजसी भोजन गर्नेहरूबाट पनि वीर्य-संरक्षण हुँदैन।[4] स्वादे जिब्रोको लोभमा दा शक्तिको स्रोत ठानेर मानिसहरू तामसी र राजसी भोजन गर्छन् तर ब्रह्मचर्यको पालन नगराउने यही भोजनले जीवनको नाश गराउँछ। सात्त्विक भोजनले ब्रह्मचर्य पालन गर्न बल दिन्छ र आयु बढाउँछ।

धूम्रपान:– धूम्रपान गर्ने मानिसले ब्रह्मचर्यको पालन गर्दैन। जुन वस्तुले मनुष्यको बुद्धि नष्ट हुन्छ, त्यस्तो नशालुलाई मादक भन्छन्।[5]

---

1 आयु. सत्वबलारोग्यं, सुखप्रीतिविवर्द्धनाः।
रस्याः स्निग्धास्थिरा हृद्या आहाराः सात्त्विक प्रियाः॥ –(भगवद्गीता)

2 कुभोजनं दुःखकरणं न योग्यम्। —(सूक्ति)

3 यातयामं गतरसं पूति पर्युषितञ्च यत्।
उच्छिष्टमपिचामेध्यं, भोजनं तामसप्रियम्॥

4 कट्वम्ल लवणात्युष्ण, तीक्ष्ण रूक्ष विदाहिनः।
आहारा राजसस्येष्टा, दुःखशोकाभयप्रदाः॥ –(गीतोपनिषत्)

5 बुद्धिं लुम्पति यद्द्रव्यं, मदकारि तदुच्यते। –(वैद्यक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धूम्रपान अपवित्र वस्तु हो । धूम्रपानबाट वीर्य नाश हुन्छ । वीर्य नाशका लागि धूम्रपानले उत्तेजना दिन्छ, बुद्धि विभ्रम पारिदिन्छ । धूम्रपान सेवन गर्ने व्यक्ति स्वतन्त्र र स्वच्छ हुनै सक्दैन । हिन्दू धर्मको पालन धूम्रपानको सेवन गरेर गर्न सकिन्न ।

रक्सी वा मादक पदार्थ:– विषय भोगी तथा कामी पुरुष वा स्त्रीहरूले रक्सी वा मादक पदार्थ सेवन गरी उत्तेजना प्राप्त गर्दछन् । धेरै दुराचारी पुरुष वा स्त्रीलाई पनि यो चौबीसैं घण्टा नभई हुँदैन, यसलाई उसले अमृत भनेर पान गर्दै रोग, पीडा र अशान्ति भोग्दै मर्छन् । यही जन्ममै नरकमा पुऱ्याउने रक्सी हो । सत्पुरुषलाई कहिले यसको चाहना हुँदैन । यसैले उनीहरू मुक्ति र शान्ति भेट्दछन् । उनीहरूको मन विषय वासनातर्फ नजाने भएकोले ब्रह्मचर्यव्रत पालन गर्न सक्दछन् । धर्माचार्य मनुले भनेका छन्— 'दुराचारी मनुष्य संसारमा निन्दाको पात्र, सदा दुःखी, रोगग्रस्त र अल्पायु हुन्छ ।'[1]

सिनेमा:– हिजोआजको जीवनमा मनोरञ्जनका रूपमा सिनेमाको महत्त्वपूर्ण भूमिका तथा प्रभाव धेरैलाई थाह छ वा धेरैलाई थाह छैन । सिनेमाले राम्रो शिक्षा, संस्कार तथा मनोरञ्जन पनि दिन्छ, तर त्यस्तो सिनेमाको निर्माण थोरै हुन्छ, हाम्रो देशमा पनि थोरै यदाकदा मात्र त्यस्तो सिनेमा आउँछ । नत्र धेरैजसो सिनेमा (फिल्म) राम्रो शिक्षा नदिने, कामोत्तेजना तथा वासनामूलक र अपराध–कथामा आधारित हुन्छन्, जसले समाजमा सदाचारको बदला दुराचार फैलाउँछ । ब्रह्मचारीले सिनेमा हेर्नु हुँदैन । सिनेमा हेरेर वीर्य–रक्षा हुन सक्दैन । बढ्दो उच्छृङ्खलता, यौन अभिलाषा तथा राजनीतिक विचारको स्रोत पनि आज सिनेमा छ, जुन नियन्त्रण गर्ने विषयतर्फ राम्रोरी ध्यान दिनु परेको छ । □

---

1 दुराचारो हि पुरुषो, लोके भवति निन्दितः ।
दुःख–भागी च सततं, व्याधितोऽल्पायुरेवचः ।।
–(मनु०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक नारी सदा ब्रह्मचारी

: ८५ :

नेपाली समाजमा 'एक नारी सदा ब्रह्मचारी' भन्ने कहावत नयाँ होइन। यो एक प्रचलित लोकोक्ति हो। गृहस्थाश्रममा प्रवेश गर्ने प्रत्येक पुरुषले एउटै मात्र पत्नी राख्ने नियमको परिपालन गरी दिएको खण्डमा त्यो पनि ब्रह्मचर्यको पालन हुने हुनाले यसो भन्ने गरिएको हो। गृहस्थीले पनि ब्रह्मचर्य पालन गर्न एउटै नारीसँग मात्र सहवासमा रमेर रहने गर्दा त्यो बहु भोगी वा बहुकामी नठहऱ्याउने शास्त्रको आदेश छ।

ब्रह्मचर्यको सोझो अर्थ हो- ब्रह्ममा घुम्नु। हाम्रो मनलाई ब्रह्ममा घुम्न दिएर ब्रह्म-स्थिति रहिरहोस्, इन्द्रियहरू सधिएका वा बाँधिएका घोडाहरू जसरी संयमशील बनेर लागून्, यसैलाई 'ब्रह्मचर्य' भनिन्छ। अरु वास्तवमा ब्रह्मचर्यको अर्थ इन्द्रियहरू मात्र होइन, मन, वचन र कर्म तीनै रूपबाट सधैं, हरेक स्थितिमा सबै प्रकारको सहवास त्याग्छ भने त्यही हो ब्रह्मचर्य।[1]

हाम्रो हिन्दू समाजमा पैसा भएका वा बल शक्ति भएका व्यक्तिले एउटी पत्नी हुँदा हुँदै अर्को पत्नी ल्याउने चलन बहुभोगी वा कामेच्छाबाट गरिने नराम्रो परिपाटी हो भन्न करै लाग्छ। यसरी वृद्ध वा रोगीले पनि बढी पत्नीहरू राखेको नदेखिएको होइन। बहुभोगी र बहुकामी व्यक्तिको परिवार जतिसुकै धन धान्यसम्पन्न भएपनि कलह र अशान्तिको त्यो थलो हुन्छ भने त्यसका सन्तान रोगी वा अपाङ्ग, मूर्ख वा पागल भएको देखिन्छ। विवाह गर्नुको उद्देश्य स्त्रीसँग सहवास गर्नु मात्र ठान्नु हुँदैन, सन्तान जन्माउन शास्त्र अनुसार सहवास गर्नुपर्छ।[2] जुनसुकै बेला न कुबेला स्त्रीसँग सहवास गर्नु एक प्रकारको बलात्कार वा स्वास्थ्य क्षय सिवाय केही होइन। यसरी त्यो

---

1 कायेन मनसा, वाचा, सर्वावस्थासु, सर्वदा।
सर्वत्र मैथुन--त्यागो ब्रह्मचर्य प्रचक्षते ॥

2 सन्तानार्थेव मैथुनम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिले आफ्नो मृत्यु पनि आफ्नै इच्छाबाट गरी राखेको हुन्छ । हाम्रो शास्त्रले 'स्त्री एकान्तमा साथी, धर्मकार्यमा पिता र दुःखमा आमा हो' भनेको छ ।[1] शास्त्रले कहाँसम्म भनेको छ भने 'स्त्रीलाई मनुष्यको मुक्तिको, संसार सागरबाट तार्ने मूल वा निमित्त मानिएको छ ।[2]

'एक नारी सदा ब्रह्मचारी' भनाइभित्र जुन नारी विवाह नगरी बस्दछे त्यसले ब्रह्मचर्य पालन गरेको हुन्छ । विवाहको इच्छासम्म मात्र पनि नराखी संयमपूर्वक बस्ने नारी ब्रह्मचारिणी देवीका रूपमा पूजिन्छे । समाज वा परिवारभित्रबाट जतिसुकै तीक्ष्ण वचनका वाणहरू हृदयमा रोपिए पनि विवाह नगरी समाज वा परिवारको सेवामा समर्पित नारीको स्थान उच्च हुने कुरो निर्विवाद छ । नारी आफूलाई एक्लै ठानेपनि शक्तिको मुहान हो; अवला होइन सबला हो । जब नारी एक्लै हुन्छे, त्यसवेला सम्पूर्ण शक्ति संचय हुन्छ, शक्तिरूपी देवीसंग उसको सम्वन्ध जोडिन्छ । त्यही शक्तिबाट उसले शक्ति पाउँदछे । हाम्रो हिन्दू धर्मशास्त्रमा नारीको शक्ति वृद्धि हुनाको कारण ब्रह्मचर्यको दृढ पालन हो भनिएको छ । कठिनभन्दा पनि कठिन कार्यको दायित्व निर्वाह गरेर नारीले आफूलाई पुरुषभन्दा पछि नपारेको असंख्य उदाहरण हाम्रो सामुन्ने छ ।

यो अध्यायको अन्त्यमा यही भन्न सकिन्छ– पुरुषले एक नारी मात्र पत्नीका रूपमा साथमा राख्ने गरोस्, नारीले विवाह नगरी ब्रह्मचर्यको पालन गरोस् । यसो भएमा धर्मको पालन हुन सक्क ।

□

---

1 सखाय प्रविक्क्तेषु भवन्त्यितः प्रियंवदाः
पितरो धर्म कार्येषु भवन्त्येताः मातरः ।

2 अर्ध भार्या मनुष्यस्य भार्या श्रेष्ठतमः सखाः
भार्या मूलं त्रिवर्गस्य भार्या मूलं तरिष्यतः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाराज विद्वान् भर्तृहरिको अमूल्य उपदेश

: ८६ :

उज्जयन नगरमा विद्वान् नीतिकुशल, न्यायप्रिय, प्रजावत्सल सर्व गुणहरूले सम्पन्न राजा थिए भार्तृहरि । राजा भार्तृहरिका भाइको नाम थियो विक्रम । यिनै विक्रम पछि विक्रमादित्यका नामले प्रसिद्ध भएका थिए । महाराजा भार्तृहरिले दुइटा विवाह गरेर पनि सन्तोष नलागेर अत्यन्त रूपवती इन्द्रको अप्सरा जस्तै एउटी राजकुमारीसँग विवाह गरे । ती राजकुमारीको नाम थियो पिंगला । महाराज चौबीसै घण्टा नयाँ महारानीसँग मोजमज्जा गरेर यिनीसँगै समय बिताउन थाले । महारानी पनि महाराजलाई छोड्न एक पल पनि चाहन्न थिइन् । स्त्रीको दास भएपछि वा वासनाको दास भएपछि पुरुषको प्रतिभा रहँदैन । स्त्रीसँग अति प्रसंगमा लाग्नु हुँदैन; अति आसक्त कामुक भएपछि पुरुष भुत्ला झिकिएको काग जस्तो हुन्छ । हरेक आदेश स्त्रीको मान्ने पुरुषको दुर्गति चाँडै देखिन्छ । महारानी पिंगला घोडा तबेलाको नाइकेसँग भित्रभित्रै प्रेम गर्थिन् । यो कलंकको कथा धेरै दिन दबेर रह्यो । मानिसले मानिसको आँखा छल्न सक्दछ, पापी देवता बन्न सक्दछ, तर एकदिन वास्तविकता प्रकट भइहाल्छ । परमात्मासँग केही लुकाउन सकिन्न । महारानी पिंगला तथा भाउजूको पापको कथा विक्रमले थाहा पाए । महाराजको पवित्र सत्य प्रेम देखेर भन्ने साहस गर्न सकेनन् । तैपनि एकदिन विक्रमले सबैकुरो भने तर महाराज भार्तृहरिले त्यो कुरो पत्याएनन् । महारानी झन् बाठी भएर हाउभाउ करकटाक्ष प्रेमले भार्तृहरिलाई वश गर्न छोडिनन् । महारानीले पनि देवरको झुटो कुरो सुनाएर महाराजको विश्वासबाट गिराइन् । राज्यबाट निकाल्न लगाइन् । त्यही राज्यमा एउटा ब्राह्मणले ब्रह्मचर्यमा रहेर तपस्या गर्‍यो र भगवान्ले त्यसलाई 'अमर' फल दिए । त्यो 'अमर फल' आफूले नखाएर राजालाई दिएर केही धन माग्न त्यो गयो । राजा भर्तृहरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई त्यो फल दियो र उनले पनि त्यसलाई धन दिएर पठाए । राजा भार्तृहरिले त्यो फल महारानी पिंगलालाई दिए । महारानीले त्यो फल घोडा तवेलाको नाइकेलाई दिइन् । त्यो नाइकेले त्यो फल एउटी नाच्ने रण्डीलाई दियो । त्यो रण्डीले राजा भार्तृहरिका करकमलमा चढाउन गई । राजाले अनुसन्धान गरेर सबै कुरा थाहा पाए । उनलाई सांसारिक विषयभोग देखि घृणा उत्पन्न भयो । उनले कामदेवलाई पनि धिक्कारे, जसले यो सबै काण्ड रच्छ । स्त्रीहरूलाई भोग्दा रोगको डर हुन्छ, तर वैराग्यमा कुनै डर छैन । राजा भार्तृहरिले राजपाट सबै छोडेर जंगलमा गएर शेष दिन बिताए । यिनै भर्तृहरिले 'नीति शतक', 'श्रृंगार शतक' र 'वैराग्य शतक' नामका तीनवटा महान् ग्रन्थ लेखेका छन् । उनी अमर बनेका छन् । यसबाट पनि शिक्षा लिने गरौं ।

□

भोगे रोगभयं कुले च्युतिभयं वित्ते नृपालाद्भयम् ।
मौने दैन्यभयं वलं रिपुभयं रूपे जराया भयम् ।।
शास्त्रे वादभयं गुणे खलभयं काये कृतान्ताद्भयम् ।
सर्वं वस्तु भयान्वितं भुवि नृणां वैराग्यमेवाभयम् ।।

श्री भर्तृहरिले लेखेका छन्—'स्त्रीहरू भोग्दा रोगहरूको डर हुन्छ, कुलमा दोष लाग्ला भन्ने डर हुन्छ, राजालाई धनको डर हुन्छ, चूप लाग्दा दीनताको डर हुन्छ, शत्रुहरूलाई बलको डर हुन्छ, दुष्टहरूलाई गुण देखि डर हुन्छ, शरीरलाई मृत्युको डर हुन्छ, संसारका सबै चीजहरूमा मनुष्यलाई डर रहन्छ तर 'वैराग्य'मा कुनै प्रकारको डर हुँदैन ।

□

यादृशैः सन्निविशते यादृशांश्चोपसेवते ।
तादृगिच्छेच्च भवितुं तादृग्भवति पूरुषः ।।

महाभारतमा लेखिएको छ-'मनुष्यले जस्तो मनुष्यहरूको संगतमा रह्यो, जस्तो मनुष्यहरूको सेवा गरेको छ तथा जस्तो बन्न चाहन्छ, त्यस्तै बन्छ ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्त कवि तुलसीदासको जीवनीबाट सन्देश

: ८७ :

तुलसीकृत रामायणका रचयिता सन्तमहाकवि श्री तुलसीदासको स्थान उच्च छ । तुलसीदासजीले भगवान श्री रामचन्द्रको दर्शन पनि पाउनु भएको चर्चा उहाँले लेख्नु भएको छ । काशीमा रहँदा उहाँले भगवानको दर्शन पाउनु भएको थियो । श्री रामको भक्तिमा अत्यन्तै लीन हुनु भएका सन्तले चारैतिर बस्दा, उठ्दा, खाँदा, सुत्दा जताततै श्री रामैराम देख्नु हुन्थ्यो । तुलसीदासजीले लेख्नु भएको तुलसीकृत रामायणको भाषा जनजिब्रोको सबैले बुझ्ने र पढ्न सक्ने भाषा भएकोले सर्वाधिक हिन्दूहरूले तुलसीकृत रामायण पढेका छन् भनेमा अत्युक्ति परोइन । त्यस्ता अद्वितीय सन्त महाकविको कसरी प्रतिभा प्रस्फुटित भयो त ? कसले प्रेरणा दिएकोले उनी सन्त र महाकवि भए ? हाम्रा नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यका प्रेरणाका स्रोत घाँसीले भनेको वचन थियो भन्ने कुरो सबैलाई थाहा छ । तर तुलसी दासजीको प्रेरणा को थियो, धेरैलाई थाह छैन । सन्त तुलसीदासको प्रेरणाको स्रोत उनकै श्रीमतीको तीखो धारिलो वचन थियो । सन्तले आफ्नी श्रीमती-लाई जीवनभरि त्यागे । त्यस्तो के विषालु वचन बोलिन् उनकी श्रीमतीले, थाहा नपाउने सबैलाई जिज्ञासा उठ्न सक्दछ । वास्तवमा कुरो यो छ—

जवानीको वेलामा तुलसीदासले आफ्नी श्रीमतीलाई अत्यन्तै माया गर्दथे । श्रीमतीलाई एकक्षण पनि एक्लै छोड्दैनथे । असाध्यै जोइटिङ्ग्रे थिए उनी । चौबीसै घण्टा श्रीमतीसँगै रहन्थे । तुलसीदासका ससुराली खलक वा तुलसीदासकी श्रीमतीका माइती खलकले कति चोटि छोरीलाई लिन पठाए, तर तुलसीदासले आफ्नी श्रीमती पठाएनन् । तुलसीदासका जेठान सालाले पनि आफ्नी दिदी बहिनी घर लैजान जोड गरे तर तुलसीदासले पठाएनन् । एकदिन उनी बाहिर गएको मौकामा श्रीमती आफ्नो भाइसँग माइत सुटुक्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गइन् । तुलसीदास घरमा आउँदा तीन छक परे श्रीमती नपाएर । श्रीमती खोज्दै राति-राति पुगें ससुराली । आधाराति कसैले ढोका नखोल्दा झ्यालमा लहरा समात्दै माथि तलामा पुगेर चिच्याए । श्रीमती ब्यूँझिएर झ्याल खोल्दा त आफ्नो श्रीमान देखेर ताज्जुबमा परिन् । अझ बढी त उनी यो कुराबाट भइन् । तुलसीदासले भने– 'तिमीले म आउँछु भनेर झ्यालबाट डोरी झुण्डाएर राखी दिएकी रहिछयौ' । श्रीमती झ्यालबाट यसो हेर्छिन् त जङ्गीसर्प तुलंङ्ग झ्यालमा कुण्डिरहेको । उनको श्रीमान्ले त्यही सर्प पक्रेर पो झ्यालमाथि चढेका रहेछन् । तुलसीदासकी श्रीमतीले तुलसीदासलाई भनिन्– 'तपाईं मलाई केका लागि मायाँ गर्नुहुन्छ, तपाईं यही मेरो हाड छाला मासुको यो डुङडुङ्ति गह्नाउने भित्र नरकै नरक भएको शरीरलाई मायाँ गर्नु हुन्छ ? एकछिन खेल्न मसँग मायाँ गर्नु हुन्छ । मलाई गरे जति माया तपाईंले ईश्वरलाई गर्नुं भएमा तपाईंले ईश्वर भेट्नु हुन्थ्यो । तपाईंलाई यस्तो राति यस्तो बाटो यसरी सर्प चढेर आउन पनि डर लागेन । मसँग के छ र ? मैले एकदिन बाबु आमाकहाँ आउन पनि नहुने ?' आदि । यो कुरो सुनेर उनी केही जवाफ नदिएर फरक्क राति फर्के । तुलसीदासका साला जेठान तथा परिवारले खूबै खोजे, उनलाई भेट्न सकेनन् । तुलसीदासले श्री रामलाई खोज्न थाले । अहोरात्र खोज्दै गरेपछि प्रभुको दर्शन पाए । प्रभुलाई खोज्न प्रेरणा दिने उनकै श्रीमती थिइन् । तुलसीदासले जीवनभरि ब्रह्मचारी सन्त भएर जीवन बिताए । कामवासनाबाट पूर्ण विरक्त भएर रहेकोले उनले जीवनमा असाधारण सफलता पाएका हुन् । सन्त तुलसीदासको जीवनीबाट पनि शिक्षा ग्रहण गरौं । □

अश्वः शस्त्रं च शास्त्रं च वीणा वाणी नरश्च नारी च ।
पुरुषविशेषं प्राप्ता भवन्ति योग्या अयोग्याश्च ॥

घोडा, शस्त्र, वीणा, वाणी, पुरुष, स्त्री जुन प्रकारको व्यक्तिको हातमा पर्दछ, त्यस्तै योग्य वा अयोग्य, असल वा खराब बन्छ ।

□

Wisdom is only found in truth.

—(गेटे)

गेटेले भनेका छन्— विवेक केवल सत्यमा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम विकाररूपी कीचक बध गरौं

: ८८ :

पाण्डवहरू चौध वर्षको वनवासपछि फेरि एक वर्षको गुप्तवास वस्नुपर्ने नियम पालन गर्न एक वर्ष गुप्तवासका लागि विराटनगरमा विराटराजाकहाँ गएर वसे। सर्वभन्दा पहिले महाराज युधिष्ठिर एक ब्राह्मणको भेष गरी महाराज विराटसँग अनुरोध गरे–"म महाराजा युधिष्ठिरको पासा खेल्ने साथी थिएँ।" महाराज विराट पनि पासा खेलनमा अति इच्छुक थिए, त्यसकारणले युधिष्ठिर पासा खेल्ने साथी भएर वसे।

दोस्रोमा भीमसेन त्यहीं नै भान्छे भइवसे। अर्जुन विराट राजाकी छोरी उत्तरालाई नृत्य सिकाउने शिखण्डी स्वास्नी मानिसको भेषमा बसेका थिए। नकुल र सहध्देव तवेला र गोठमा काम गर्ने सयस गोठाला भएर बसेका थिए र अन्त्यमा द्रौपदी विराटराजाकी महारानीको माथ वाट्ने तर पाउ नछुने भनी कबुल गरी बसेकी थिइन्।

विराटराजाको प्रधान सेनापति तथा महारानीका सहोदार भाइ कीचक पनि त्यहीं दरवारमा रहन्थ्यो। महारानी द्रौपदी ज्यादै सुन्दरी थिइन्। त्यही सुन्दरतामा मोहित भइ कीचकले द्रौपदीलाई विवाह गर्न ज्यादै लोभ लालचा देखाई जिद गऱ्यो। द्रौपदी ज्यादै डराई राति भीमसेनलाई सबै कुरा भनिदिइन् र भीमसेन पनि ज्यादै रिसाए र अन्त्यमा द्रौपदीलाई अह्राए कि कीचकलाई आज राति नाचघरपछाडि भेट गर्नु भन्नु भनी र भीम त्यसै राति नाचघर पछाडि गई स्वास्नी मानिसको भेष गरी वसे। कीचक द्रौपदी भेट गर्न राति जानुपर्ने हुँदा त्यस दिन ज्यादै लामो भयो, सांझ कहिले परेन भनी कीचक मनमनै छट्पटिन थाल्यो। कीचकले नाचधरमा द्रौपदीलाई भेट गर्न ज्यादै दंगदास परेर गयो तर त्यहाँ भीमसँग कुस्ता कुस्ती परेर अन्त्यमा भीमले कीचकलाई मारेर भकुण्डो जस्तो उचालेर चोकमा फालिदिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतमा कीचक वधको रोचक वर्णन छ। पराइ नारीलाई कुदृष्टि दिई काम वासनाको शिकार गर्न खोज्ने कीचकहरू आजको समाजमा पनि धेरै छन्। आज हज्जारौं द्रौपदीमाथि कीचकहरूको दृष्टि पर्दछ। आज भीमसेन जस्ता लौह पुरुषको पनि उत्तिकै खाँचो छ। ती कीचकहरूले विवेकको ख्याल नराखी काम भावनाले प्रेरित भई धर्म छोडी जोसुकै नारीमाथि पनि सहवासकै इच्छा लिन्छन्। जुन कुरावाट उनीहरूको जीवन नरकतुल्य वन्छ। शुरूमा त्यो ज्ञान नहुनाले त्यो अधर्म प्रवृत्तितर्फ उनीहरूको पाइला रोकिंदैन। एकपटक पाइला बढेपछि वा एक पटक स्वाद लिएपछि मानिस त्यो पाइलावाट फर्किन वा त्यो स्वाद छोड्न तयार हुँदैन। यही कुरो मृत्युको कारण वन्छ।

□

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥

त्यो ब्रह्म पूर्ण छ, यो जगत पनि पूर्ण छ। त्यो पूर्णवाटै यो पूर्ण उत्पन्न भएको छ। त्यो पूर्ण ब्रह्मवाट पूर्ण निकाले पछि पनि पूर्ण नै वच्छ।

❀

विश्वकवि श्री रवीन्द्रनाथ ठाकुरले एक ठाउँमा भनेका छन्–'मनुष्य जतिवेला पशु-तुल्य आचरण गर्दछ, त्यो वेला पशुहरूभन्दा पनि तल खस्दछ।'

❀

अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत्।
–(गीता)

भगवान् श्री कृष्णले साँचो कुरो भन्नु भएको छ—'जसले आफूले आफैलाई चिन्न सक्दैन, त्यो स्वयं आफैसँग शत्रुको व्यवहार गर्छ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यभिचारिणीको दुर्दशा

: ८९ :

वृथा वीर्य नाश गर्नाले ब्रह्महत्याको पाप लाग्दछ ।[1]

रजोदर्शन नगरून्जेलसम्म स्त्रीसँग सम्भोग गर्नु निषेध छ ।[2]

पुरुष जातिमा व्यभिचार बढेको छ वा व्यभिचारी पुरुष हो भन्ने प्रचार पनि भइरहेको छ । केवल स्त्री समुदाय मात्र दोषी नभएर त्यो दोषको प्रमुख भागीदार पुरुष हो भन्ने आवाज गुञ्जिरहेको छ । वास्तविकतालाई नकेलाई हेर्ने हो भने दोष जसलाई जति दिएपनि हुन्छ ।

शास्त्रहरूको के मत छ भने आफ्नो पतिसँग पनि अनियमित सहवास गर्नु एक प्रकारको व्यभिचार हो र यसबाट पाप लाग्दछ । सती स्त्रीहरूले तोकिएको समयमा सन्तानको इच्छाले आफ्नो पतिसँग सहवास गर्दथे । असमयमा सम्भोगरत हुनाले पुरुषको वीर्य र स्त्रीको रजको नाश हुन्छ । वीर्य र रजको अधीनमा जीवन छ । यसैकारण दुवैको नाशबाट जीवहत्याको पातक होइन्छ ।

बाल्यावस्थादेखि नै विषय वासनामा लाग्ने स्त्रीहरूले जीवनभर सुख शान्ति पाउँदैनन् । ती त बत्तीका उज्यालोमा घुमिरहेका पुतली जस्ता हुन् ।

स्त्रीहरू दुराचारिणी हुनाले कुल, धर्म, जाति र देशको अधःपतन हुन्छ । जुन देशका नारी–समाज पतित हुन्छ, त्यहाँका पुरुष समाज पनि घृणित तथा विलासी हुन्छ । यो निःसन्देह हो, स्त्रीहरूलाई दूषित पार्ने लाञ्छना पुरुषहरूमाथि नै लगाइन्छ तर अज्ञानता तथा अनभिज्ञताको कारणले स्त्रीहरू आफ्नो नाशको कारण आफै बन्दछन् ।

यो देखिएकै कुरो छ, सधवा स्त्रीहरूभन्दा विधवाहरू ज्यादा स्वस्थ र नीरोगी रहन्छन् । उनीहरूको आयु पनि केही लामो र बढी परिश्रम पनि गर्न सक्ने हुन्छ । यसको प्रमुख कारण यही हो, उनीहरूले ब्रह्मचर्यव्रत

---

1 व्यर्थीकारेण शुक्रस्य, ब्रह्महत्यामवाप्नुयात् । –(निर्णय–सिन्धु)

2 रजोदर्शनतः पूर्वं, न स्त्री–संसर्गं माचरेत् । –(भविष्य पुराण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालन गर्ने धेरै अवसर पाउँदछन् । पति नरहेपछि उनको जीवन संयमित र व्यभिचाररहित हुन्छ । यस्तो पनि देखिन्छ जुन स्त्रीहरू आफ्नो पतिको जीवनकालमा ज्यादै अस्वस्थ तथा रोगी रहन्थे, पतिको मृत्युपछि नीरोगी र हृष्टपुष्ट हुन्छन् । यसै गरी कतिपय पतिहरू पनि पत्नीको मृत्युपछि नीरोगी तथा स्वस्थ्य भएको देखिन्छ । यसो हुनु पनि पतिले ब्रह्मचर्यको पालना गरेको हुनाले नै हो । सन्तानको इच्छा गर्दा मात्र सम्भोग गर्ने र अरू वेला संयम तथा ब्रह्मचर्यमा रहने पुरुष वा स्त्री दुवैको स्वास्थ्य राम्रो हुने तथ्य स्पष्ट छँदै छ ।

अब हामी स्त्रीहरूको त्यो दुःखद अवस्थालाई यहाँ उल्लेख गर्दछौं, जुन अति सम्भोगको पापाचरणबाट उत्पन्न हुन्छ :

१. व्यभिचारबाट स्त्रीहरूको सौन्दर्य नष्ट हुन्छ । २. युवाकालमा नै सबै अङ्गहरू शिथिल हुन्छन् । ३. बुद्धिवल र गुणहरूको ह्रास हुन्छ । ४. गर्भधारण गर्ने शक्ति नष्ट हुन्छ । ५. धेरै स्त्रीहरूको छोरो पाउँदैनन्, अपाङ्ग सन्तान जन्मिन्छन् । लुला कमजोर सन्तान हुन्छन् । ६. राजयक्ष्मा, प्रदर, रक्तवात–विकार, संग्रहणी, शूल तथा अन्य प्राणनाशक रोग उत्पन्न हुन्छन् । ७. हृदयमा दुर्वलता, भोजनमा अरुचि, भोगमा आसक्ति, चित्तमा अशान्ति तथा सुत्दा निद्रा पर्दैन । ८. क्रोध, अनुत्साह, अधैर्य, अविचार, अकार्य र लोभ नै स्वभावको एउटा अंग बन्दछ । ९. जीवन भाररूप र दुःखमय बन्दछ । १०. रोगमाथि रोग लागिरहन्छ र त्यसैबाट असामयिक मृत्यु हुन्छ ।

हिजोआज प्रायः स्त्रीहरू यिनै दुर्दशाहरू भोगिरहेका छन् । यदि स्त्रीहरूले आफूलाई बचाउन चाहन्छन् भने आफ्नो पतिलाई सदाचारी बनाउनुपर्दछ, ब्रह्मचर्य पालन गर्ने व्यक्ति बनाउनुपर्दछ । स्त्रीहरू पनि सदाचारी बन्नुपर्दछ, सदा सदाचारिणी बन्ने उद्योग गर्नुपर्दछ । यदि स्त्रीहरूले मन, वचन र कर्मले चाहेको खण्डमा यो पालन गर्न कुनै गाह्रो कुरो छैन । विस्तारै–विस्तारै अभ्यास गरेपछि आफ्ना दोषहरूलाई निश्चयपूर्वक हटाउन सकिन्छ । □

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्य पालनका केही उपदेशहरू

: ६० :

(१) ब्रह्मचर्यको पालनबाट मानिसको यो लोक र परलोक सप्रिन्छ।

(२) शास्त्रार्थमा र युद्धमा जित्नका लागि ब्रह्मचर्य पालन गर्नैपर्छ।

(३) दीर्घ-जीवन, राम्रो स्वास्थ्य, सुसन्तान, सुसंस्कार, अनुशासनका लागि ब्रह्मचर्य नै परम साधनका रूपमा छ।

(४) एउटा ब्रह्मचारी पुरुष सयवटा यज्ञ गर्नेहरू भन्दा श्रेष्ठ र प्रशंसित हुन्छ।

(५) वीर्य शरीरको मालिक हो। यो क्षीण भएपछि सबै शारीरिक शक्तिहरू दुर्बल र निस्तेज हुन्छन्।

(६) वीर्यका एक-एक थोपामा जीवनी शक्ति भरिएको हुन्छ। जसले यसलाई रक्षा गर्छ त्यसको आयु बढ्छ।

(७) काम-विकारहरूलाई दबाउनु इन्द्रिय दमन हो। जसको मन शुद्ध र संयमी छ, त्यसैले वीर्यको रक्षा गर्न सक्छ।

(८) जुन मानिसहरूले वीर्य नष्ट गर्दछन् वा नष्ट हुने साधन तथा सामग्रीहरूमा लाग्छन्, तिनीहरूको शारीरिक र मानसिक शक्ति नष्ट हुन्छ।

(९) वेदमा पुरुषहरूले जसरी स्त्रीहरूले पनि ब्रह्मचर्य-व्रतको पालन गर्नु हुन्छ भन्ने लेखिएको छ। वेदको आदेशलाई पालन गर्नु पर्छ।

(१०) ब्रह्मचर्यकै बलबाट राजा पृथुले समस्त पृथिवीमाथि अधिकार जमाएका थिए। ब्रह्मचर्यकै पालनाबाट परशुरामजीले एक्काईस पटक भूमण्डलका क्षत्रियहरूलाई नाश गरेका थिए। ब्रह्मचर्यकै संरक्षणबाट भगवान् शिवले कामदेवलाई भस्म गरी दिएका थिए। ब्रह्मचर्यकै प्रतिष्ठाबाट मार्कण्डेय ऋषि अमर बने। ब्रह्मचर्यकै शक्तिबाट नचिकेता नाउँका बाल-ब्रह्मचारी यमराज कहाँबाट फर्के। ब्रह्मचर्यबाटै पितामह भीष्म महाभारतमा अद्वितीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुष वने । ब्रह्मचर्यवाटै हनुमानजीको नाम महावीर भयो र जीवनभर श्रीरामचन्द्रको प्यारो सेवक तथा सीताजीको दयापात्र वने । ब्रह्मचर्यकै प्रतापवाट लक्ष्मणले महाबली मेघनादलाई मारे । ब्रह्मचर्यकै वलवाट श्रीरामले जनकपुरमा शिवजीको प्रख्यात पिनाकधनुलाई टुक्रा-टुक्रा पारे । ब्रह्मचर्यकै महिमावाट शुकदेवजीलाई ८८ सहस्र ठूला-ठूला ऋषिहरूमा ठूलो आसन मिल्यो । ब्रह्मचर्यको व्रतवाटै शङ्कराचार्यले पुनः वैदिक धर्मको प्रचार गरे । ब्रह्मचर्यको पालनवाट स्वामी दयानन्दले पाखण्डहरूको खण्डन गरेर सत्य धर्मलाई पुनः जागृत पारे ।

नेपालमा वावा गोरखनाथवाट ब्रह्मचर्यको पालन भएको थियो । वडामहाराजाधिराज पृथ्वीनारायण शाह, काजी दामोदर पाण्डे, सरदार भक्ति थापा, काजी अभिमानसिंह वस्न्यात आदिले फूलवारीको संरचना गर्दा ब्रह्मचर्यको पालन गरेको यो अर्थवाट पनि प्रष्ट देखिन्छ कि त्यसवेला रण क्षेत्रको कौशलता, वहादुरी, पराक्रम, शारीरिक तथा मानसिक शक्ति आर्जन गर्ने योभन्दा अर्को उपाय नै थिएन । एकतन्त्रीय जहानिया शासनको अधःपतन राणाहरूले बहुपत्नी राख्ने, भोगी र ब्रह्मचर्यको पालन नगर्नाले हो । सन्तान धेरै हुनाले आफू-आफूमा काटामार भित्री दाउपेच, तथा षड्यन्त्रको शिकार भए ।

□

जीर्य्यन्ते जीर्य्यतः केशा दन्ता जीर्य्यान्तिजीर्य्यतः ।
जीर्य्यतश्चक्षुषी क्षोत्रे तृष्णैका तरूणायति ।।
इच्छति शती सहस्र सहस्त्री लक्ष्मीहते ।
लक्षाधिपस्तथा राज्य राज्यस्थः स्वर्गमहीते ।।

–(नीति–शतक)

मानिस बूढो हुन्छ तर तृष्णा कहिले बूढो हुँदैन । वृद्धावस्थामा यो अरू कन् बढ्दछ र मृत्यु पर्यन्तसम्म मनुष्यलाई आफ्नो जालोमा फसाएर राखि त्यसको सर्वनाश गर्दछ । जीर्ण भएपछि कपाल जीर्ण हुन्छ, जीर्ण भएपछि दाँत जीर्ण हुन्छ, जीर्ण भएपछि आँखा र कान पनि जीर्ण हुन्छ तर एउटा तृष्णा तरूणो भएर रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काम–शमन गर्ने उपदेश

: ९१ :

'शूरहरूमा पनि महशूर को छ, जो पुरुष कामदेवको वाणले व्यथित भएको छैन ?'[1]

वास्तवमा कामदेवको तीखो वाण सहनु गाह्रो काम छ। त्यस्ता वाणहरू रोपिएर मर्माहत नवनी उठ्न सक्नु ठूलो शुऱ्याइँ, हिक्मत र वहादुरीको कुरो भन्नुपर्दछ। युद्धमा ठूलो सेनाको सामना गर्ने वीर योद्धाले एउटी वैंसे ठिटीले मुसुक्क हाँसेर आफ्ना चञ्चले जवानीको सेनाले घेर्दा आत्म समर्पण गर्न पुग्छ। राजा भर्तृहरि लेख्छन्- 'मत्ता हात्तीको टाउको फोर्न सक्ने वीरहरू संसारमा धेरै छन्, क्रोधित सिंहलाई मार्न सक्ने निपुण पनि कोही छन्, तर म ठूला ठूला मानिसहरूको सामुन्ने चुनौती दिएर भन्न सक्दछु, कामदेवको घमण्ड धूलो पार्न सक्ने विरलै पुरुष हुन्छन्।[2]

यो कुरो साँचो छ, काम विकारहरूलाई नाश गर्न सक्ने पुरुष वा स्त्रीहरूको संखया कम छ। कामवासनाहरूको जालोले यो संसार ढाकिएको छ, यसबाट उम्कनु, बँच्नु वा टाढा रहुनु वडो गाऱ्हो प्रतीत भइरहेछ। धर्मशास्त्रका सबैजसो सद्ग्रन्थहरू पढ्ने–सुन्ने; ईश्वरप्रति भक्ति-भावना दर्शाउने, चित्तलाई पवित्र बनाउनु नै काम शमन गर्ने सजिलो विधि हो।

□

---

1 शूरान्महाशूरतमोस्ति कोऽवा।
मनोजवाणैर्व्यथितो न यस्तु ॥ –(शंकराचार्य)

2 मत्तेभकुम्भदलने भुवि सान्ति शूराः।
केचित् प्रमत्त मृगराज- वधेऽपिदक्षाः ॥
किन्तु ब्रवीमि वलिनां पुरतः प्रसह्य।
कन्दर्प दर्प-दलने विरला मनुष्याः ॥ –(भर्तृहरि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मा गाँधीको शान्तिपूर्ण शिक्षा

: ६२ :

धर्मप्राण श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट २०३९ फागुन २४ गते सातौं शिखर सम्मेलनलाई दिल्लीमा सम्बोधन गरिबक्सँदा महात्मा गांधीको आदर्शबाट प्रेरणा लिने मुलक भएकाले नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने "हाम्रो इच्छाबाट ती आदर्शहरूको प्राप्तिमा योगदान मिल्ने" विश्वास व्यक्त गरि बक्सेको थियो।–"केही दशक अघि मात्रको कुरो हो भारतबाट महात्मा गांधीले सत्यका लागि अडिग रहने कुरा विश्वलाई सिकाउनु भएको थियो। जत्तोसुकै दुःख कठिनाइ खप्नु परेपनि सत्याग्रह उहांको मूलमन्त्र थियो। महात्मा गांधीको उक्त विचारलाई भारतको सर्वोच्च ज्ञानको आवाज होइन भनेर कसैले भन्न सक्छ ? उहांले हिंसा र मानवताको विरुद्ध गरिने अमानवीयताको विरुद्ध पनि संघर्ष गर्नु भयो। तर सबभन्दा महत्वपूर्ण कुरा उहांले शक्तिको प्रयोगको कडा विरोध गर्नु भएको थियो। उहांको उच्चतम आदर्शबाट प्रेरणा लिने मुलुक भएकोले पनि नेपाललाई 'शान्ति क्षेत्र' घोषित गर्ने हाम्रो इच्छाबाट ती आदर्शहरूको प्राप्तिमा अवश्यमेव योगदान मिल्ने छ। जीवनमा आखिरमा गएर सत्यकै विजय हुन्छ र मानिसमा ईश्वरीय गुण हुन्छ भन्ने कुरामा विश्वास राख्ने संस्कृतिका उत्तराधिकारी भएकोले नेपाल आपसी समझदारी, विश्वास र सहिष्णुतामा आधारित विश्व समाजको आकांक्षा राख्दछ।"

महात्मा गांधीजीले ब्रह्मचर्य व्रतलाई पनि नयाँ जीवनको खोजीमा नयाँ मूल्य र मान्यता दिएर प्रयोग गरी प्रचार गरेको कुरो बिर्सन सकिन्न। उहांका धेरै विचारहरू मध्ये केही विचारहरू यहां छ।—

"हाम्रो व्रतहरूमा पहिलो ब्रह्मचर्य हो। सत्य र अहिंसाको व्रतलाई पूरा पालन गर्दा यो पहिलो व्रत पूरा नगरून्जेल कुनै व्रत पूरा हुँन सक्दैन। ब्रह्मचर्यको पालनाबाट शारीरिकलाभ, वीर्यलाभ आदि हुन्छ। भोग विलासमा लागेर वीर्य गुमाउनु शरीर निचोर्नु जस्तै मूर्खता हो। वीर्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रक्षावाट शारीरिक र मानसिक शक्ति वढ्छ । यसको दुरूपयोगको कारणवाट रोगहरू जन्मिन्छन् ।''

यस्तो ब्रह्मचर्यको पालन मन, वचन र कर्म तीनवटैबाट गर्नुपर्छ

ब्रह्मचर्यलाई संकुचित अर्थमा लिनु हुँदैन, ब्रह्मचर्यको पालन विषय मात्रको निरोध नै ब्रह्मचर्य हो। इन्द्रियहरू तथा विकारहरूलाई एकैसाथ शशमा गर्ने अभ्यास गर्‍यौं भने हामी सफल हुन्छौं ।

ब्रह्मचर्यको मूल अर्थलाई याद गरौं। ब्रह्मचर्य अर्थात् ब्रह्मको, सत्यको शोधमा चर्या, अर्थात् तत्सम्वन्धी आचार । यसै मूल अर्थबाट सर्वेन्द्रिय संयम रूपी विशेष अर्थ निस्कन्छ ।

–(गाँधी साहित्य–'धर्म–नीति' ५ औं खण्ड)

"अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकारः पुण्याय पापाय परपीडनम् ॥"

अर्थात् अठार पुराण लेखेर श्री व्यासले सिर्फ दुइवटै मूल कुरा भन्नु भएको छ – अरूको उपकार गर्नु, सेवा गर्नु, पुण्य गर्नु हो । अरूलाइ पीडा दिनु, दुःख दिनु पाप गर्नु हो ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु, मा कश्चिद् दुःख भाग्जनः ॥

सवै सुखी होउन, सवै आपदवाट मुक्त होउन्, सवैले भला कुराहरू मात्र सोचुन् र हेरून्, कसैलाई पनि दुःख पर्न नआओस् ।

"सहनाववतु, सहनौं भुनक्तु, सहवीर्य करवामहे ।"

हामी सवै मिलेर वाँचौं, (सवै भौतिक पदार्थहरूको) मिलेर भोग गरौं र हामी सवै मिलेर ठूल·ठूला पुरुषार्थका कार्यहरू सम्पन्न गरौं । –वेदोद्धरण

शौजन्यः– मृगेन्द चिकित्सा गुठी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुराचारी प्रवृत्ति

: ९३ :

एकजनाले लड्डु वा खावा दूधमा विष मिलाएर एकजना धनी व्यक्तिलाई खान दिए । एउटी कलिलै उमेरकी केटीलाई फकाएर वा जवर्जस्ती यौनेच्छा पूरा गर्न केही व्यक्तिहरू लागेछन् । यी दुइटै कुराको परिणाम केही क्षणपछि देखिन्छ । दूधमा वा लड्डुमा विष मिलाएर खान दिनु र एउटी अबोध बालिकासँग जवर्जस्ती यौनेच्छा पूरा गर्न खोज्नु यी दुइटै कुरो दुराचारी प्रवृत्तिको द्योतक हो । आचारहीन हुनु दुराचारी बन्नु हो । दुष्कर्ममा लाग्ने मानिसहरूको संख्या बढेर गइरहेछ । उन्मत्त भएर विवेकशक्ति गुमाएर दुराचारीले गरेको पाप बढेर पृथ्वीलाई धर्महीन तुल्याउँछ ।

धर्माचार्य मनु भन्छन्–'दुराचारी मनुष्य संसारमा निन्दाको पात्र, सदा दु:खी, रोगी र अल्पायु हुन्छ ।[1]

द्वापरयुगमा श्रीकृष्णका शिक्षाहरूलाई बिर्सेर यदुवंशीहरू दुराचारी बने । भनिन्छ, त्यतिवेला उनीहरूको संख्या ५६ कोटी थियो । रक्सी, मासु र यौनेच्छाको मार्गमा दौडेकोले आपसमा लडाइँ झगडा गरेर उनीहरू सखाप भए ।

दुराचारी पुरुष वा स्त्रीले आफ्नो कुकर्मको फल भोग्नै पर्छ । प्रायः सबै सद्ग्रन्थहरूमा दुराचारको निन्दा गरिएको छ । जो मानिसहरू आत्म-कल्याण चाहन्छन्, उनीहरूले दुराचारी प्रवृत्ति छोड्नू ।

□

---

1 दुराचारो हि पुरुषो, लोके भवति निन्दितः ।
दु:ख–भागी च सततं, व्याधितोल्पायुरेवच ॥ - (मनु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोगको तृष्णा

: ६४ :

प्राचीन कालमा ययाति नाउँका एकजना राजा थिए। उनी आफ्ना ससुरा शुक्राचार्यले दिएको श्रापले तरुणावस्थामै बूढो भएका थिए। शुक्राचार्यले पछि दया गरेर ययातिलाई आफ्नो वृद्धावस्थासंग जवानी साट्न सकिने विकल्प गरिदिएकाले अझै भोगको तृष्णाले छटपटिएर आफ्ना छोराहरूसँग जवानी मागे। कान्छो छोरो पुरु बाहेक कुनै छोराहरूले यौवनावस्था दिएनन्। ययातिले वृद्धावस्था दिएर छोराको जवानी लिएर धेरै दिन भोगको तृष्णामा रमेर बसे। अन्तमा यस्तो उद्‌गार व्यक्त गरे– 'काम वासनाहरूलाई भोगेर कहिले शान्ति पाइँदैन, बरु बढ्दछ। आगोमा घीउ हालिरहँदा ज्वाला बढ्दछ। त्यो कहिले घट्दैन।'[1]

विद्वान् भर्तृहरिले भनेका छन्– 'हामी भोगहरूलाई भोग्न सक्दैनौं, बरु भोगहरूले हामीलाई नष्ट गरिदिन्छन्।'[2]

यो विशाल सुन्दर संसारमा मनुष्य बडो विचित्र जीव छ। ज्ञानी भएर पनि अज्ञानी जसरी भोगको नदीमा डुबेर जीवन सेलाउँछ। मानिसको भोग्ने मनोवृत्ति कहिल्यै पूर्णतया शान्त हुँदैन। अंगहरू गलेर लत्रक्क पर्छन्, टाउको हल्लिन थाल्छ, मुखमा दाँत रहँदैन, हातमा लट्ठी लिएर हिंड्नुपर्छ। यस्ता पुरुषमा पनि भोगको आशा रहिरहन्छ।[3] वृद्धकालमा पनि भोगको तृष्णा हट्दैन। यो तृष्णाबाट सुख र शान्ति पाइँदैन।

---

1 न जातु कामः कामानामुप भोगेन शाम्यति।
हविषा कृष्ण वर्त्मेव, भूय एवाभिवर्धते॥

2 भोगा न भुक्ता वयमेव भुक्ताः।– (भर्तृहरि–शतक)

3 अङ्गं गलितं पलितं मुण्डम्।
दन्तविहीनं जातं तुण्डम्॥
कर धृत कम्पित शोभित दण्डम्।
तदपि न मुञ्चत्याशा–भण्डम्॥ –(शङ्कराचार्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यको महत्त्वको यांभन्दा ठूलो प्रमाण के हुन्छ, जब कि त्यसबाट जीवनको उत्पत्ति हुन्छ। त्यसमा मनुष्य बनाउने, ब्रह्म र प्राणदायक तत्त्व हुन्छ। यस्तो ब्रह्मशक्ति शरीरमा रहेर निश्चय नै आत्मशक्ति बढाउँछ। वीर्य त्यो वस्तुलाई भनिन्छ जसमा विशेष कार्य गर्ने गुण रहन्छ अर्थात् जुन कुनै वस्तुको प्रधान कार्यकारी गुण हुन्छ।[1] मानव शरीरको प्रधानतत्त्व वीर्य नै हुन्छ। त्यसैले शरीरको पुष्टि गर्छ, रोगको आक्रमणबाट बचाउँछ, मनमा धैर्य, शान्ति, उत्साह तथा सदाचारको भावनाहरू भर्दछ।

ज्यादा भोग विलासमा लागेर रहँदा धेरै वीर्य खर्च भएर शरीर रोगाक्रान्त हुन्छ। मनका वासनाहरूबाट वीर्य–दशा प्रभावित हुन्छ। मनमा वासना उठेपछि कामोत्तेजना हुन्छ। वासनाहरूको नदीमा बगेपछि शारीरिक शक्ति ह्रास हुन्छ। यसैकारणले ब्रह्मचर्य–रक्षाको लागि मानसिक संयम आवश्यक छ। शरीरमा रक्त दूषित भएपछि या कम भएपछि वीर्य पनि दूषित हुन्छ। व्यभिचार आदिबाट पनि रक्त दूषित हुन्छ र वीर्य दूषित बन्छ। आहार अशुद्ध भएपछि वीर्य अशुद्ध बन्छ। अन्नबाटै वीर्य बन्छ।[2]

शरीरमा वीर्यलाई सुरक्षित राख्दा स्वास्थ्य राम्रो हुन्छ। समुद्रबाट पनि थोपा–थोपा पानी निरन्तर झिकिरहने हो भने एकदिन समुद्र पनि सुक्छ। मनुष्य–जीवनबाट पनि वीर्य खर्च गरिरहने हो भने शरीर सुक्छ वा मृत्यु हुन्छ। यसैले शरीरको रक्षाको लागि भगवान् शिवको मन्त्रको पालन गरौं।

□

---

[1] प्रभूतकार्यकारिणि गुणे वीर्यम्। –(सुश्रुत)
[2] अन्नाद्रेतः संभवति। –(सुश्रुत)

□

विवेकिममनुप्राप्ता गुणा यन्ति मनोज्ञताम्।
सुतरां रत्नमाभाति चामीकरनियोजितम्॥

–(चाणक्य)

विवेकी मनुष्यलाई पाएर गुणले सुन्दरता पाउँछ, सुनमा जडेको रत्न अत्यन्त सुशोभित हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान्हरूको विचार

: ९५ :

म जीवन-पर्यन्त ब्रह्मचारी भएर भूमण्डलमा वेदहरूको प्रचार गरूँला । मेरो समस्त शक्ति अवैदिकता (पाखण्ड)को खण्डनमा लाग्ने छ । मलाई विश्वास छ, ब्रह्मचर्यकै सहायताबाट मनुष्यले सबै कुरो पाउँछ ।

प्रिय शिष्यहरू, आत्म-विजय नै ब्रह्मबोधको मूल हो । ब्रह्मचर्यकै अखण्डताबाट परमात्मालाई सजिलोसँग पाइन्छ । —भगवान् शङ्कराचार्य

इन्द्रियहरूको विषय (भोग-विलास)मा सुख नखोज । हे इन्द्रिय-हरूका दास ! आफ्नो यो सुखलाई निष्फल र बाहिरी खोजी छोडी देऊ ! अमरत्वको महासागर तिमीभित्र छ । स्वर्गको राज्य तिमीभित्र छ । त्यो सबै ब्रह्मचर्यबाटै पूरा हुन सक्छ ।

जसरी बत्तीमा तेल, बत्तीद्वारा माथि चढ्दै गरेको उज्यालोमा बदलिन्छ, त्यसरी नै त्यो शक्ति (वीर्य) जुन तलतिर बग्छ, यदि माथितिर जान थालोस्. अर्थात् ऊर्ध्वरेतस (ब्रह्मचारी) बनोस्, त्यो आकर्षणपूर्ण शक्ति, पूर्ण तेज तथा परमानन्दमा बदलिन सक्छ ।

हनुमान्को नाम लिंदा र ध्यान गर्दा मानिसहरूमा शूरता-वीरता कसरी आउँछ ? उनीलाई महावीर कसले बनायो ? त्यही ब्रह्मचर्यले ।

—स्वामी रामतीर्थ

वीर्य नै साधुता हो । दुर्बलता पाप हो । बलवान् र वीर्यवान् बन्ने चेष्टा गर । उपनिषद्हरूको बलप्रद, आलोकप्रद र दिव्य दर्शन-शास्त्रहरू अवलम्बन गर । अरू दुर्बलता बढाउने विषयहरूलाई छोड ।

हामीलाई यस्तो ब्रह्मचारी मनुष्य चाहिएको छ, जसको शरीरका नसाहरू फलामको जस्तो र स्नायु इस्पातको जस्तो दृढ होस् ! यसको शरीरमा इन्द्रको वज्र जस्तो मन होस् । हामीलाई चाहिन्छ पराक्रम, मनुष्यत्व, क्षात्रवीर्य र ब्रह्मतेज ।

—स्वामी विवेकानन्द

अध्यात्मविद्याबाटै सच्चा स्वाधीनता पाइन्छ । मानसिक दुर्बलताहरू त्याग्नुपर्छ । जुन जातिले संस्कृति छोड्दैन, त्यो कहिले पतित हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मचर्य र योग नै सुखको मार्ग हो। तपोव्रतबाट उत्थान हुन्छ। ऋषिहरूको गूढ रहस्यलाई विचार गर। उपनिषद्का उपदेशहरूलाई पालन गरेर मुक्ति भेट्न सकिन्छ। —योगी अरविन्द

यो संसार मातृमय छ! कुभावनाको लागि ठाउँ कहाँ! यो विचारले ब्रह्मचर्यको पालनमा गाह्रो के छ? आमाले स्वयं आफ्ना छोराहरूको रक्षा गर्छिन्। —परमहंस रामकृष्ण

परमात्माको राज्यमा प्यारो बन्नको लागि अविवाहित जीवन बिताउनु धर्म हो। संयम र पवित्रतासँग ब्रह्मचर्य पालन गर्ने स्वर्गीय आदेश छ। —महात्मा ईसा मसीह

म स्वपत्नी (वा स्वपति)सित सन्तुष्ट रही ब्रह्मचर्यको साधना गर्नेछु। यो संकल्प गरौं। —अनुशास्ता आचार्य तुलसी

जीवनका लागि ब्रह्मचर्य त्यतिकै आवश्यक छ, जति सूर्यको प्रकाश। ब्रह्मचर्यको पालनले इन्द्रियहरू गलत बाटोमा लाग्न पाउँदैनन् र एकाग्रताका-साथ ईश्वर-भक्ति गर्न सकिन्छ। —महामण्डलेश्वर ईश्वरानन्द

वीर्य मनुष्य-शरीरको जीवन हो। यो विग्रेपछि रक्त–नाश हुन्छ र अन्त्यमा रोग निको पार्न सकिन्न। इन्द्रियहरूको सुखमा लाग्ने पुरुष वा स्त्रीलाई डरलाग्दो रोग लाग्छ। —डा० पी० टी० हार्न

मानसिक रोगहरू बढेर गएको छ। रोग बढ्नुको मुख्य कारण यौन विषय प्रति धेरै मानिसहरूको चाख बढेकोले हो। कलिला उमेरका केटा-केटीहरू पनि यौन विषयमा रुचि राखी रोगी बन्दछन्। यो गति बढेर गयो भने देशको आशा र विश्वासका केन्द्रविन्दु युवा पिँढीको अवस्था अझ शोचनीय हुन सक्छ। —मानसिक रोग विशेषज्ञ

मनुष्य रक्त खराव तथा कम मात्रामा रहन थालेको छ। डरलाग्दो सरुवा रोग सिफलीस, गोनोरिया फैलिएर गएको छ। टी० बी०, प्रदर, प्रमेह आदि रोगले पुरुष-स्त्रीहरूको स्वास्थ्य विग्रेर जाँदो छ। सरकारले मात्र यी रोगहरूबाट जनतालाई जोगाउन सक्दैन। सामाजिक संगठनहरूले कार्यक्रम बनाई यौन–रोगबाट वचाउन प्रयत्नहरू गर्नुपर्छ। नैतिक शिक्षाको जरूरत छ। —डा० शर्मा

जननेन्द्रिय, मस्तिष्क र पाकस्थली–यी तीनवटाको अति घनिष्ठ सम्बन्ध छ। मानौं यी तीनवटा एउटै धागोमा उनिएका फूलहरू हुन्। एउटा-लाई रोग लागेपछि परू दुइटा पनि रोगबाट बच्न सक्दैनन्। —डा० पाण्डे

❀ समाप्त ❀

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०५ रु ३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकि विद्यापीठ-पुस्तकालय

रु. ५०।—

वाल्मीकि विद्यापीठ-पुस्तकालय

१०३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस पुस्तक बारे

श्री जितेन्द्र बस्न्यातज्यूले 'हाम्रो ब्रह्मचर्य: एक चिन्तन' नामक पुस्तक लेख्नु भएर समाजको ठूलो उपकार गर्नु भएको ठान्दछु। हिन्दू सनातन वैदिक धर्म ब्रह्मचर्यको जगमा उभिएको छ।...... यो प्रयासले सर्वसाधारण जनताको आँखा अवश्य खोल्नेछ।

☐ –प्रा. श्री जुननाथ पण्डित (ब. गु.)

श्री जितेन्द्र बस्न्यातले हाम्रो ब्रह्मचर्य बारे मौलिक ग्रन्थ लेखेर आजको समाजमा ठूलो सेवा गर्नु भएको छ।.................. यस्तो ग्रन्थबाट समाजमा सदाचार, सच्चरित्रता र सद्ज्ञानको विकास हुनेछ। लेखकलाई बधाइ!

☐ –स. र. श्री भूपालमान सिंह कार्की
सभापति-राजसभा स्थायी समिति

श्री जितेन्द्र बस्न्यातले ठूलो परिश्रमसाथ लेख्नु भएको 'हाम्रो ब्रह्मचर्य: एक चिन्तन' पुस्तकले आध्यात्मिक र नैतिक चेतना जगाउन तथा मानव चरित्र निर्माण गर्ने दिशातर्फ ठूलो सहयोग प्रदान गर्नेछ। मेरो हार्दिक बधाइ!

☐ –श्री लैनसिंह वाङ्देल
कुलपति ने. रा. प्र. प्र.

मुद्रक : रोजन प्रिण्टर्स, थँहिटी, काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu